संग्रह-२५

क्रम संख्या-३५

बुद्धकालीन राजपरिवार

[भाग-२]

आचार्य

भिक्षु अमृतानन्द

ने.रु. १६/-

संग्रह–२५

क्रम संख्या–३५

बुद्धकालीन राजपरिवार

[भाग-२]

आचार्य

भिक्षु अमृतानन्द

नेरु. १६/-

प्रकाशक–

"आनन्दकुटी विहारगुठी"

(सं. द. नं. १/०३१ प्र. जि. अ. का. का.)

आनन्दकुटी विहार, स्वयम्भू,

काठमाडौं, नेपाल ।

फो. नं. २१४४२०

बुद्धाब्द: २५२८

वि. सं. २०४१

ने. सं. ११०४

ई. सं. १९८४

प्रथमावृत्ति १०००

मुद्रक–

नेपाल प्रेस

शुक्रपथ, काठमाडौं

फोन– २११०३२

Collection No. 25

Buddhakalina Raja Parivara

(PART II)

Dr. Bhikkhu Amritananda

Published by
ANANDA KUTI VIHARA TRUST
Ananda Kuti, Kathmandu
NEPAL
1984

यसमा—

श्री ५ महाराजाधिराजका
प्रमुख निजी सचिवालय

राज दरबार
नेपाल

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट

बक्सेको सन्देश

बौद्ध पाली वाङ्‌मयका उत्कृष्ट ग्रन्थ मानिएको त्रिपिटकमा यत्रतत्र छरिएका बुद्धकालीन विभिन्न उल्लेखनीय पात्रहरू क्रमबद्ध रूपले संकलित र वर्गीकृत गरी तयार पारिएको यो पुस्तकले बौद्ध इतिहास र दर्शनको अतिरिक्त बुद्धकालीन सामाजिक चित्रण पनि प्रस्तुत गरेको प्रयास राम्रो देखिन्छ । यस्तो प्रकाशनबाट नेपालमा धार्मिक सहिष्णुतामात्र होइन नेपालीले संसारका अन्य धर्मप्रति पनि गहिरो श्रद्धा राख्दछन् भन्ने कुरा पनि देखाउनु बढीया हुनेछ । नेपाली साहित्यको ज्ञानराशीमा नेपालमा जन्मेका विश्व शान्तिका अग्रदूत सिद्धार्थ गौतम बुद्ध सम्बन्धी यस किसिमको उपयोगी ग्रन्थ थपिनु निश्चय पनि प्रशंसनीय योगदान भएको मान्नुपर्छ ।

यस किसिमका ग्रन्थ निर्माणमा अथक परिश्रम गरी खोजपूर्ण कार्य सम्पादन गर्ने भिक्षु श्री अमृतानन्द महास्थविर धन्यवादका पात्र हुन् ।

प्रकाशकीय

आनन्दकुटी विहार गुठीको तरफबाट ३५ सौं प्रकाशनको रूपमा यो "बुद्धकालीन राजपरिवार" भाग-२ प्रस्तुत गर्न पाउँदा हामीलाई औधि खुशी लागेको छ। यो पुस्तकमा बुद्धकालका विभिन्न सातजना राजा रजौटाहरूका कुराहरू छन्।

गुठीका संस्थापक आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूले पालि त्रिपिटकमा यत्रतत्र छरिएका कुराहरू संग्रहित गरी यस पुस्तकमा लेख्नु भएको छ। प्रस्तुत पुस्तक प्रकाशनार्थ गुठीलाई दिनुभएकोमा हामी वहांप्रति ऋणि छौं।

आशा एवं विश्वास छ कि यस ग्रन्थबाट धेरै पाठकवृन्दहरू लाभान्वित हुनेछ।

भिक्षु मैत्री

सदस्य-सचिव

मिति श्रावण ७, २०४१ — आनन्दकुटी विहार गुठी

फोन : २१४४२० — स्वयम्भू, काठमाडौं

Homage to the Buddha, the Supreme Enlightened One.

PREFACE

The present volume is the second part of "The Kings of the Buddha's time". The first part was published in 1972 A. D. (2029 B. S.). If, in the first part, the accounts of the Kings of the Buddha's time, were compiled, then the second part consists of the accounts of seven major and minor Kings whose names have been arranged in alphabetical order as given below :—

1. Ajatasatru, 2. Abhaya Rajakumara, 3. Abhaya Licchavi, 4. Ugga Raja Mahamatya, 5. The Sakyas of Kapilavastu, 6. Kalakhemaka Sakya and 7. Godha Sakya.

In the first part seventy six discourses were translated and in this second part twenty have been translated and they are as given below :—

1. Four from Cullavaggapali,
2. Six from Samyuttanikayapali,
3. Three from Dighanikayapali,
4. Three from Anguttaranikayapali,
5. Three from Majjhimanikayapali and
6. One from Mahavaggapali. They are altogether 20 in number.

Introductory notes have been prepared from research according to my ability from Atthakatha and other discourses. The following table shows the source-Suttas of each character. These are the relevant Suttas I was able to identify :—

1. AJATASATRU

1. Cu. p.[1] 283: Devadattavatthu, Sanghabhedakkhandhakam R.[2] p. 184
2. S. II. p. 201: Pancarathasuttam, Labhasakkara Samyuttam R. p. II. 242

---

1. References given here are to the pages of the Pali Text, Nagari Edition of Nalanda, India.
2. R. refers to the pages of the Pali Text Society, Roman Editions, London.

3. Cu. p. 290: Ajatasattukumaravatthu,
Sanghabhedakkhandhakam
R. p. 191

4. Cu. p. 291: Abhimarapesanam,
Sanghabhedakkhandhakam
R. p. 191

5. S. I. p. 82: Pathamasangamasuttam,
Kosalasamyuttam R. I. p. 82

6. S. I. p. 83: Dutiyasangamasuttam,
Kosalasamyuttam R. I. p. 84

7. D. I. p. 41: Samannaphalasuttam R. I. p. 47

8. A–7, p. 164: Vassakarasuttam,
Vajjisattakavaggo R. IV. p. 17

9. D. II. p. 126: Sariradhatuvibhajanam,
Mahaparinibbanasuttam
R. I. p. 164

10. D. II. p. 128: Dhatuthupapuja,
Mahaparinibbanasuttam
R. I. p. 166

11. Cu. p. 409: Dhammasangayanam,
Pancasatikakkhandhakam
R. p. 287

12. M. III. p. 68: Gopakamoggallanasuttam
R. III. p. 7

2. ABHAYA RAJAKUMARA

1. Mh. p. 186: Jivakavatthu, Civarakkhandhakam R. p. 268
2. M. II. p. 67: Abhayarajakumarasuttam R. I. p. 392
3. S. IV. p. 111: Abhayasuttam, Bojjhangasamyuttam R. V. p. 126

3. ABHAYA LICCHAVI

1. A–3, p. 204: Niganthasuttam, Anandavaggo R. I. p. 220

4. UGGARAJA MAHAMATYA

1. A–7, p. 155: Uggasuttam, Dhanavaggo R. IV. p. 6

5. THE SAKYAS OF KAPILAVASTU

1. S IV. p. 347: Vassanvutthasuttam, Sotapattisamyuttam R. V. p. 355

6. KALA KHEMAKA SAKYA

1. M. III. p. 174: Mahasunnatasuttam R. III. p. 109

7. GODHA SAKYA

1. S. IV. p. 317: Godhasakkasuttam, Sotapattisamyuttam R. V. p. 371

The volume should have been published much earlier but was delayed due to my departure to the Peoples Republic of China as a member of the Nepalese Buddhist Goodwill Mission, consisting of Bhikkhu Sumangala, Devendraraj Upadhyaya and Prof. Asha Ram Sakya. The mission had been invited by the Buddhist Association of China. Unfortunately I was indisposed on the second day of my arrival in China and I had to be hospitalised for nineteen days in China. Even after I came back to Nepal, I could not work because of hypertension.

I have offered my hearty thanks to lecturer Vatukrishna Bhusan who has been so kindly correcting language and reading the proofs right from the begining of the publication of these volumes on Buddha's time. Thanks are due also to Bhikkhu Maitri and Kumara Kasyapa whose co-operation in writing the index can never be forgotten. Mr. Khadga Bahadur Upasaka also deserves thanks for his co-oparation in bringing proofs from the press. Finally I would like to express my thanks to Prof. Asha Ram Shakya for translating the preface into English and to Bhikkhu Maitri, the member-Secretary of the Ananda Kuti Vihara Trust and other members for their kindness in publishing this volume.

The present volume is the thirtyfifth publication of Ananda Kuti Vihara Trust. The third part of these volumes of Kings of Buddha's time will be published in the near future.

"Long live the Dhamma."

Bhikkhu Amritananda
July 18, 1984

Ananda Kuti Vihara
Swayambhu,
Kathmandu, Nepal.
Phone : 2-14420

समालोचनाका दुई कुरा

समालोचक—

अयोध्या प्रसाद प्रधान

[१]

यस पुस्तकको प्राक्कथनमा नै यसको संक्षिप्त सूची विवरण-सहित ग्रन्थकर्ताज्यूले दिनु भई पाठकवर्गको उत्सुकता संभालिसक्नु भएको छ। इच्छित व्यक्तिको परिचय पाउनालाई, पादटिप्पणीहरू छाडी विषय-वस्तु मात्र पढेर पाठकवर्गले सजिलै परिचय पाउन सक्नु हुनेछ। यसमा पादटिप्पणीहरू सुत्त सन्दर्भ-संकेत नै धेरै छन्, जुन सम्बन्धित पालिअंशको अनुबाद ग्रन्थकर्ताज्यूले दिनु नै भएको छ। पाठकलाई मूलस्रोत हेर्ने झंझटपट्टि लाग्नु पर्ने छैन।

धार्मिक, दार्शनिक, अथवा मौलिक एवं पारिभाषिक शब्द, वाक्य र विवेचनको हकमा मूलस्रोत नै हेर्नु पर्ने खण्ड परिआउँद छ। तर त्यसतर्फ ग्रन्थकर्ताज्यू अगाडि नै सचेत हुनुहुन्छ। मूल-पालिको संस्कृतिकरण गरी नया शब्द प्रस्तुत गर्ने प्रणाली, विशेष गरी स्व. राहुल सांस्कृत्यायनजीले "बुद्ध चर्या" मा सर्वप्रथम चलाउनु भएको प्रणाली नै ग्रन्थकर्ताज्यूले अंगाल्नु भएको छ।

यस्तो प्रणाली संस्कृत, पाली, अथवा प्राकृत मूलका भाषाहरूमा सजिलै अनुकरण गर्न सकिन्छ। तर अवौद्ध संस्कृति मूलका भाषा भाषी पाठकहरूलाई भने यस प्रणालीले चाहिंदो लाभ पुऱ्याउन सक्तैन। उदाहरणको रूपमा सर्वप्रथम "अजातशत्रु" को परिचयबाट "श्रामण्य-फल" खण्ड (पृ. ९०–१७२) लिऊँ। यसका मुख्यांशहरू दुई तीन पटक पढ्दा पनि, यी अपरिचित नवागन्तुक नै लाग्ने छन्। दोष, अनुवादकको नभई विषयगत अनौठोपनको मान्नु पर्ला।

अतः खास परिचय चाहिं, पादटिप्पणी छाडी विषय-वस्तु पढ्नाले नै पाठकवर्गले पाउनु हुनेछ। त्यसको संक्षिप्त सूची ग्रन्थकर्ता-ज्यूकै प्राक्कथनबाट प्राप्त नै गरिसकेको छ। बाकीरह्यो त केवल पाठकवर्गको उत्सुकता बढाई, ग्रन्थको अध्ययनतिर पाठकहरूलाई प्रेरित गर्नु। यस निमित्त यस ग्रन्थमाथि समालोचनात्मक मन्तव्य प्रकट गर्नु बाहेक अरू उपाय देखिंन। त्यसैले 'कर्त्तुम्-अकर्त्तुम्-अन्यथा-कर्त्तुम्' को दृष्टिकोणबाट होइन कि एक अकिञ्चन अन्वेषकको दृष्टिकोणबाट यसमा पाठकवर्ग तथा विद्वद्वर्ग एवं बौद्ध जिज्ञासुहरूका समक्ष "दुई कुरा" प्रस्तुत गर्ने धृष्टता गरेको छु।

पूर्वकालीन बौद्ध इतिवृत्तका लागि राजा अजातशत्रुको परिचय त्यत्तिकै आवश्यक छ। जति त्यसपछिका इतिवृत्तका लागि सम्राट अशोक, राजा मिलिन्द, राजा कनिष्क, राजा श्रीहर्ष वा हर्षवर्द्धन, एवं नेपालका समकालीन राजाहरूको क्रियाकलापको जानकारी आवश्यक छ। अतएव प्रस्तुत ग्रन्थमा प्रधानरूपले यिनै राजा अजातशत्रुसित

सम्बन्धित सुत्रहरूको संग्रह गरी ग्रन्थ वा संग्रहकर्ताज्यूले नेपाली पाठकवर्गको हित अनायास सिद्ध गर्नु भएको छ। यस संग्रह क्रममा दीघनिकायको द्वितीय "सामञ्ञफलसुत्त", जसको नेपाली अनुवाद "श्रामण्यफल" (पृष्ठ ९०-१७२) मा भएको छ, बौद्ध धर्मको सन्दर्भमा आएको हो, राजा अजातशत्रुको परिचयमा आएको होइन। प्रस्तुत पुस्तकका लेखक महोदयज्यूले सम्भवतः यस प्रख्यात सुत्तको संग्रह यसमा गर्ने प्रलोभन रोक्न नसक्नाले नै यत्रो लामो प्रवचनको समावेश यस परिचयात्मक खण्डमा गर्नुभयो। नत्र प्रारम्भिक वार्ता र अन्तिम उपासकत्वको उदानबाट नै राजाको परिचयांशमाथि काफी प्रकाश पर्ने नै थियो।

[२]

पाली सुत्तहरूलाई घटनाक्रमले सजाउन खोज्ने महानुभावहरू प्रायः असफल भएका देखिन्छन्। स्वयं "महापरिनिब्बानसुत्त" भगवान्को अन्तिमवर्षको घटनाक्रमबद्ध यात्रा गर्निन्छ, तर कैयौं पटक संगायन भइसकेर पनि त्यसका पूरक बिवरणहरू सुत्तपिटकमा नै र अट्ठकथाहरूमा समावेश गरिएका पाइन्छन्। उदाहरणकोरूपमा—महासुदस्सनसुत्त, सारिपुत्त परिनिब्बानकथा इत्यादि। यस अफलीभूत प्रयासका कतिपय कारण छन्—एक त प्रायः धेरैजसो सुत्तहरूमा घटनाक्रमलाई चाहिंदा कुराहरू पाइँदैनन्; वर्ष काल महिना दिनको त प्रायः उल्लेख नै भएको हुँदैन, "एकं समयं" को सामान्य वाक्यबाट नै

सबै कुरा ठान्नु र मान्नु पर्ने हुन्छ; भौगोलिक वर्णन निश्चितरूपमा पाइँदैनन्; कुनै सुत्त संक्षिप्त र कुनै अतिविशद हुन्छन् ।

विद्वान् महानुभावहरू आफ्नो ग्रन्थमा घटनाक्रम सजाउँदा सजाउँदै, आवश्यक खण्ड बाहेक अरू अंशहरू पनि छाड्न नचाही, समाविष्ट गर्दै जान्छन् । यो प्रवृत्ति प्रस्तुत पुस्तकमा पनि निकै पाइन्छ । त्यसकारण यो राजा "अजातशत्रु" को परिचय मात्र नभई राजा अजातशत्रुसित थोरै वा धेरै किसिमबाट सम्बन्धित सुत्त र अट्ठकथाहरूको संग्रह वा संकलन नै हुनपुगेको छ । त्यसैले यस पुस्तकमा पनि घटनाक्रम सरसरूपले नआई विभिन्न सुत्तहरूको संग्रह रूपले आएको छ । उदाहरणकोरूपमा "धातुपूजा र स्तूप निर्माण" (पृष्ठ ५६–६२) एवं "धर्मसंगायनमा मद्दत" (पृष्ठ ६३–६६)..."अजातशत्रुको परिचय यति नै हो...अजातशत्रुले बुद्ध परिनिर्वाण पछि २४ वर्षसम्म राज्य गरे ।" भन्ने कुराहरू ।

अनि पृष्ठ ६७ देखि, "देवदत्तसँगको भेट...राजहत्याको प्रयत्न...प्रसेनजित् कोशल राजासँग युद्ध...प्रसेनजित् राजासँग दोश्रो युद्ध...श्रामण्यफल (पृष्ठ ९०-१७२)...वृजी माथि हमला गर्ने विचार (भगवान् बुद्धको सल्लाह याचना)...शरीरधातृ माग्न पठाए.. इत्यादि प्रसंग (पृष्ठ ६७–८९ र १७३–१७७) घटनाक्रमको दृष्टिले हेर्दा यिनमा सरसता आएन । न त देवदत्तको नै परिचय भयो, जो "देवदत्तसँगको भेट" (पृष्ठ ६७) देखि "देवदत्तलाई सहयोग" (पृष्ठ ८२) तकको वर्णनले इंगित गर्दछ; न राजा अजातशत्रुकै कुनै नया परिचयात्मक विवरण नै यसमा देखियो ।

साँच्चै भन्ने हो भने, देवदत्तको परिचय जातकबाट समेत संकलन गरेर घटनाक्रमले सजाउन सकिन्छ। तर त्यो कार्य अति गाहारो होला, असम्भव नै त होइन।

आधुनिक विद्वान्हरूले "महावस्तु–अवदान" को अव्यवस्थित क्रममाथि आलोचना गर्ने गरेको पनि यस्तै कारणले हो। हुन त हो; ललितविस्तर, बुद्ध चरित इत्यादि ग्रन्थको जस्तो सुबद्धता, त्रिपिटकका सुत्तहरूलाई संग्राहात्मक रूपले समावेश गरेर मात्र ल्याउन सकिँदैन। यस दिशामा प्रयास फलीभूत हुन, कतिपय कठिन साधनहरू देखा पर्ने छन्। प्रथमतः त्रिपिटकको समग्र ज्ञान सामु जाग्रत हुनु पर्दछ। "पी. टी. एस्. को पालीकोश" र मललसेकरको "डिक्सनरी आफ पालि प्रापर नेम्स" को संकेत सूची जस्तै धेरै सूचीको निर्माण गर्नु पर्ला। त्यसपछि पूर्वापर सम्बन्धको मिलान। अनि बल्ल अट्ठकथाको प्रसंग आउँछ। शुरुमा नै अट्ठकथाको भर पर्नु हुँदैन। त्यसैले बौद्धकालीन महानुभावहरूको परिचय दिंदा, यी दुवै स्रोत, मूल र अट्ठकथालाई स्पष्टरूपले उल्लेख गर्नु पर्दछ भन्ने मलाई लाग्दछ। यस पछि अब क्रमशः समालोचनात्मक मन्तव्य प्रगट गर्दछु।

[३]

राजा अजातशत्रु-परिचय

यिनी मगध नरेश बिम्बिसार (श्रेणिय) र कोसलदेवी, महा-कोसल राजाकी राजपुत्रीका छोरा थिए। कोसलदेवीले दाइजोमा काशी

प्रदेश पाएकी थिइन् । मगध र कोसलको बीचमा त्यसताक बखत–बखत युद्ध हुने गरेको मूलकारण पनि यही आर्थिक स्रोत माथिको दृष्टि थियो ।

यी राजाको अतीत जन्मको इतिवृत्ति भने भेट्टिदैन । योनक (ग्रीक) हुँदै पनि राजा मिलिन्दको सूत्र, पूर्ववर्त्ती भगवान् काश्यपको शासनमा प्रव्रजित दृढप्रतिज्ञ श्रामणेरसित जोडिएको पाइन्छ । तर राजा अजातशत्रु को भने कुनै सूत्र अतीतमा भेटिंदैन ।

यिनी गर्भमा हुँदा यिनका मातालाई आफ्ना पतिको दक्षिण-बाहुको रक्त पिउने दौहृद उठ्यो । ज्योतिषहरूले यसका लागि गर्भस्थ बालकलाई राजपिताको शत्रु र बधक हुने ठह-याए । फलतः राजमाता व्याकुल हुन थालिन् । तर बौद्ध धर्म र शीलमा अभ्यस्त राजाको धार्मिकताले गर्दा बालकको प्राण बच्यो ।

कोसल र मगध परस्पर लडिरहन्थे । कोसल राजपुत्रीलाई मगधराजको रक्तपिपासात्मक मानस ग्रन्थि हुनु कुनै अस्वाभाविक थिएन । आफ्नो शत्रु पछि आफ्नै छोरा भएर जन्मेको दृष्टान्त विरल पनि छैन । तर भगवान्लाई भने राजालाई पुत्रबाट भविष्यत् बिपत्तिको ज्ञान हुँदो हो । त्यसैले अनेक जातक कथाद्वारा भगवान्ले "बालक राजकुमार ठूलो नहुँदासम्म वेग्लै राख्ने" संकेत दिंदै गर्नुभयो ।

नजन्मंदै राजपिताको शत्रु हुने भनी 'अजातशत्रु' भन्ने राज-कुमारको नाम पनि रह्यो । तर सोको सरल अर्थ त हुन्थ्यो 'जसको शत्रु नै जन्मेको छैन' अर्थात् विश्व नै मित्र विश्वामित्र । यस्तो अनेक

आशंकाले जनश्रुति सुन्दा सुन्दा होला, यी राजकुमार त्रस्त रहन लागे हुन्—जसबाट देवदत्त जस्तो प्रत्यक्ष योगसिद्ध ऋद्धिमान्ले राजकुमारलाई सजिलै आफ्नो पक्षमा पारे ।

राजकुमारको शक्ति लोलुप मनोवृत्ति जनतामा प्रकट थियो । आफ्नो देशका अति धनाढ्य जोतीय सेठ प्रतिको यी राजकुमारको धन लोलुपता राजामा पनि ज्ञात थियो ।

आफ्नो चंचल स्वभाव र सदाचारमाथि ध्यान नदिने आजीवक गुरुहरूको सिद्धान्त अथवा उपदेशले यी राजकुमारलाई सजिलै निरंकुशतातिर ताने । देवदत्त जस्ता कुलीन राजनीति कुशल बौद्ध भिक्षुको मन्त्रणा यिनलाई जरूर नै ब्रह्मवाक्य लाग्यो हो । फलतः यिनले गुप्त शस्त्र सहित राजाको शयनागारमा प्रवेश गरे ।

राजाका राजपुत्र एउटा मात्र हुँदैनथे । राजपुत्र जुनैसुकैलाई पनि राजाको शेषपछि आफूले नै राज्य पाउने निश्चय हुँदैनथ्यो । धेरै कारण समूह हुन्थ्यो, जुनमध्ये मुख्य मुख्य कारण बताउन देवदत्तलाई केही गाह्रो भएन । त्यसै कारण राजाबाट क्षमादान र राज्य पाएर पनि देवदत्तले सुझाएको ज्वलन्त सम्भावनादेखि अजातशत्रुले आफ्नो धार्मिक पितालाई नजरबन्दीमा राखे नै ।

राजनीतिमा अवश्य नै सामान्य सम्बन्धको सदाचार नीति चल्दैन । भिक्षुसंघले धार्मिक राजा विम्बिसारको नैतिक समर्थन गर्दै हिंडेका होलान् । देवदत्तको सांघिक विद्रोह पनि कुनै आकस्मिक

घटना थिएन । अजातशत्रुको भय र त्रास पनि बेबुनियादी थिएन । तैपनि राजकुमारमाथि जस्तो जघन्य आरोप अट्ठकथाकारले लगाएको छ, त्यो अतिरंजित प्रतीत हुन्छ । किनभने देवदत्तको अन्तिम सल्लाह थियो—'अनशन गर्न राजालाई प्रेरणा गर्ने'—जो जैन धर्मानुसार धर्मानुकूल र देवदत्त जस्तो कठोर तपस्वीका लागि कठिन थिएन ।

जसरी होस् नजरबन्दीमा नै राजा बिम्बिसारको स्वर्गवास भयो । साथै अजातशत्रुका शिशु राजकुमार पनि सोही दिन जन्मे । दुई खबरमध्ये राजासमक्ष कुन अघि र कुन पछि दिने भन्ने प्रश्नमाथि राजाका भारदारहरूको विवाद र निर्धारित युक्तिबाट पनि अनुमान गर्न सकिन्छ, कि धार्मिक राजाको सोझै हत्या भएको होइन । तैपनि अजातशत्रु जरूर आफूलाई पिताको असामयिक निधनमा पूर्णत: दोषी मान्दथे । प्रजाजन पनि त्यस्तै गन्दथे ।

कोसल राजपुत्री अर्थात् राजमाताको निधन पछि कोसलबाट दाइजोमा दिइएको काशी प्रदेश फिर्ता माग्नु, त्यस समयको नियम हुँदो हो । तर अजातशत्रुले काशी छाडेनन् । फलतः युद्ध भयो । अन्त्यमा कोसल राजाकी पुत्री र दाइजोको रूपमा काशी प्रदेश पनि अजातशत्रुलाई दिएर प्रसेनजित् राजाले आपसको वैरत्व बौद्ध ढंगले शमन गरे ।

[४]

अजातशत्रुले देवदत्तलाई दिइएको अनेक प्रकारको सहायतामध्ये

भगवान्को जीवन विरुद्ध पनि थियो भन्ने अट्ठकथाकारको भनाइमा पूरा पत्यार नलाग्ने कारण छ ।

देवदत्तको ठूलो अपराध थियो भगवान्को पटशिष्य भएर संघलाई फुटालेर बेग्लै र एउटै सीमाभित्र संघकर्म गर्नु । यस संघभेदले भगवान्को मनमा निकै ठूलो चोट परे जस्तो देखिन्छ । तर भगवान्लाई जस्तो अट्ठकथामा भनिएको छ, मर्मान्तक चोट पुर्‍याएर आफू सम्पूर्ण भिक्षुसंघको नेता बन्ने भन्ने देवदत्तमाथि दोषारोपणको कुरा स्वतः हास्यास्पद छ । सम्भवतः नालागिरि हात्तीलाई छाडिदिने कुरासम्म केही हदसम्म साँचो हुन सक्तछ । देवदत्त नै स्वयं ऋद्धिमान् थिए, भगवान्मा ऋद्धि नहुने कुरा त उनी सोच्न पनि सक्तैनथे । नालागिरि हात्तीलाई कुनै पनि महाश्रावक योग ऋद्धि वा मैत्रि भावनाले दमन वा शमन गर्न समर्थ थिए ।

महाधनी सेठ जोतीय दैवीसम्पत्ति सम्पन्न थिए । उनको धन कसैले, उनीले नै नचाही हात पार्न सक्तैनथे । तर राजा अजातशत्रुसित डराई उनले प्रव्रज्या लिए, साथै विशेष श्रामण्यफल पनि पाए । पारमार्थिक नियम अनुसार पूर्णतः सन्यस्त हुँदैमा जोतीय भिक्षुको गृहस्थी समय र अवस्थाका दैवीसम्पत्ति तुरन्त विलुप्त र अदृश्य भएर गयो । यो दैवीसम्पत्ति सम्पन्न जोतिय सेठको कुरा चमत्कारिक छ र त्यसो हुनाले यस कथाको सम्बन्ध अतीत ठूलो पुण्यकर्म र त्यसको वर्तमान विपाकसँग छ; सामान्य जनजीवनसँग छैन । कथा साँचो भए, त्यत्रो धन जफत गरी लिन नपाएकोमा राजा अजातशत्रुलाई ठूलो

हतोत्साह नै भयो हो। र त्यसमा उनीसँग हाम्रो कुनै रुचि र सहानुभूति पनि छैन।

त्यस्तै एक कंजूस सेठ प्रेत भएर विचल्ली परेको अजातशत्रुले अचानक देखी, उनीसँग सोधपुछ गरे। दानको महिमा प्रत्यक्ष देखेर राजा खुशी भए। तर यसबाट उनको क्रियाकलापमा पनि केही प्रभाव परेकै होला। तर राजाको मनमा कस्तो प्रभाव पर्‍यो—त्यसको उल्लेख भने सम्बन्धित "पेतवत्थु" (प्रेत वस्तु) मा भएको छैन।

त्यस समयमा राजाका भाइ हुनु र साथै हुर्कनु अन्त्यमा विपत्तिलाई डाक्नु हुन्थ्यो। कोसल र मगधका राजाका भाइहरू प्रव्रजित भएर मात्र आफूलाई सुरक्षित भएको सम्झन्थे र पाउँथे पनि। त्यसैले राजा अजातशत्रुका "शीलव" भन्ने भाइ भिक्षु भई विशेष श्रामण्यफल प्राप्त गरेर पनि सुरक्षित हुन पाएनन्। अतः श्रावस्ती गई बसे; तैपनि राजाका शंकास्पद व्यक्ति बनी नै रहे। मृत्युको सामना गर्दै रहे। एक आर्का भाइ अभय राजकुमारको परिचय बेग्लै विशेषरूपले यस पुस्तकमा आएकै छ। यिनी पनि बौद्धसंघमा प्रव्रजित भई भिक्षु भए। यी भित्री राजनीति ऐतिहासिक तथ्य हुन्।

[५]

बौद्धसंघमा देवदत्तको अन्तिम हारको प्रभाव राजा अजातशत्रुको राजनीतिमाथि पनि पर्‍यो। यिनी अन्त्यमा भगवान् बुद्धलाई आफ्नो पक्षमा अनुकूल पार्ने प्रयत्नतिर लागे। त्यस युगमा यस भूभागमा कुनै

पनि राज्य वा राजा सबै धर्म गुरुहरुप्रति आस्थावान् रहन्थे। धर्मको छानबीन गर्ने शक्ति उनीमा थिएन; धर्म गुरुहरूलाई मान्नु नै उनका अनुयायी शिष्यदलहरू अनुकूल पार्ने उपाय थियो। यो नीति प्रायः सबै सानु ठूला राज्यमा प्रचलित थियो। असम्भिन्न बौद्ध संघ जस्तो बलियो ठूलो र विस्तीर्ण संघलाई आफ्नो अनुकूल नपारी अजातशत्रु जस्तो शंकावहुल राजा धेरै दिन रहन सक्तैनथे। तर राजसम्मान रक्षार्थ तुरन्तै विना कारण आत्म समर्पण गर्न पनि सक्तैनथे।

त्यस युगका सुप्रसिद्ध वैद्य जीवक कौमारभृत्य दीर्घकालदेखि भगवान् बुद्ध र बौद्धसंघको सेवा गर्दै आएका थिए। यिनी वैद्यराज मगधराजका विश्वासप्राप्त र प्रतिष्ठित भारदार पनि थिए। अतः यिनीद्वारा नै राजा अजातशत्रु भगवान् बुद्ध र बौद्धसंघको विश्वासप्राप्त गर्न चाहन्थे। तर यी वैद्यराज उचित समय र अनुकूल वातावरण नहुँदै राजालाई भगवान्को सामु लैजान पनि चाहँदैनथे। त्यसै पनि बौद्धसंघ विरोधीहरू यिनलाई बौद्धसंघका पक्षपाती भनी मान्दथे नै। देवदत्तको निधन पछि त्यस्तो वातावरण आयो हो। अब समय पर्खनु पर्‍यो हो। भगवान् बुद्धको वर्षावास श्रावस्तीमा हुने गर्दथ्यो, जो कोसल राज्यको राजधानी थियो। राजगृह मगधको राजधानीलाई वर्षावास निम्ति भगवान् बुद्धले धेरै वर्ष अगिदेखि नछान्ने गर्दै आउनु भएको थियो। वर्षा पछिको चारिका भ्रमण गर्ने सिलसिलामा राजगृह नजीक केही दिनका निम्ति भगवान्ले ससंघ विश्राम लिदा मात्र त्यस्तो समय मिल्थ्यो।

यसकारण राजा बिम्बिसारको दुःखद अन्त्य देवदत्तको श्रावस्ती गमन र तथाकथित भूगर्भ-प्रवेश एवं भगवान् बुद्धको ससंघ चारिका श्रमणको प्रतीक्षा इत्यादि पछि मात्र यस्तो सुअवसर प्राप्त भयो। यस भेटको वर्णन दीघनिकायको द्वितीय 'सामञ्ञ (श्रामण्य) फल सुत्त' र सम्बन्धित अट्ठकथामा भएको छ। तर यसका प्रारम्भिक विवरण र अन्तिम उदान नै राजा अजातशत्रुको परिचय निम्ति प्रशस्त थियो। सम्पूर्ण सुत्त नै आवश्यक थिएन। यस लामु सुत्तले परिचयात्मक विवरण नै अनावश्यक रूपमा छोपिन गए जस्तै भएको छ।

यस सुत्तमा वर्णित राजोचित यात्रा नै उल्लेखनीय छ। यत्रो परिश्राट्को मुख्य उद्देश्य थियो भगवान् बुद्धलाई प्रसन्न गर्नु र बौद्ध-संघलाई अनुकूल रूपले प्रभावित पार्नु। हुन पनि यसपछिको इतिवृत्तले बताए अनुसार बौद्धसंघलाई राजसंरक्षणबाट ठूलो लाभ भयो। प्रथम बौद्ध संगायन जस्तो महत्वपूर्ण सम्मेलन अन्यत्र नभई राजगृहमा नै चालियो र निर्बिघ्न सम्पन्न पनि भयो। राज संरक्षणको यो सिलसिला नेपाल, भारत, लंका, बर्मा, थाईलयाण्ड, कम्पुछिया, लाओस, भिएट्नाम, जापान, कोरिया, चीन, मंगोलिया, तिब्बत, उत्तरकुरु-भाग इत्यादिसम्म बौद्धसंघले पाउँदै गर्‍यो। राज संरक्षणको यस संघले सदा नै स्वागत गर्दै रह्यो। यस संघको मैत्रि भावले राज संस्थाको दृढीकरण र लोकप्रियतामा पनि ठूलो टेवा मिल्दै रह्यो।

[६]

राजा अजातशत्रु र कोसलराजा प्रसेनजितको काशीप्रदेशमाथि

लडाइँ आपसी झगडा थियो। तर मगधको वज्जिदेशका लिच्छवीहरू-सितको लडाइँ संगातटस्थित सानु क्षेत्रलाई मात्र लिएर थिएन। सबै वज्जि मुलुकमाथि नै मगधको गृद्ध-दृष्टि थियो। यसका लागि भगवान् बुद्धको मन्तव्य प्रतिकूल थियो। अतएव राजा अजातशत्रुले कूटनीति अपनाए जसका निम्ति ब्राह्मण सल्लाहकार नै उपयुक्त सम्झिन्थे। त्यसप्रकारको कूटनीतिद्वारा लिच्छवीहरू बीच फूट ल्याई वैशाली गणतन्त्रको अन्त्य पनि भयो।

भगवान्को महापरिनिर्वाणको घटनालाई लिएर राजा अजातशत्रुको परितापको चित्रण सम्बन्धित सुत्त र अट्ठकथामा जसरी भएको छ। त्यो सेट् (पेय्याल) बर्णन हो र दसरथ जातकमा पनि त्यस्तै रामले आफ्ना भाइ बहिनीलाई त्यसरी नै तिनको परिताप शमन गरेका थिए। "शरीरधातु माग्न पठाए" भन्ने कुराको वर्णन पनि स्वाभाविक नै छ। सेट् (पेय्याल) वर्णन भए पनि त्यसमा अत्युक्ति र अतिरंजित-पनाको प्रायः अभाव नै छ। तर "धातुपूजा र स्तूप-निर्माण" (पृष्ठ ५६–६२) को वर्णन अवश्य नै ऐतिहासिक र वास्तविक तथ्य सहितको हुन सक्छ। "धर्म संगायनमा मद्दत" (पृष्ठ ६३–६६) एउटा महत्वपूर्ण अंग हो। यसमा राजा अजातशत्रुको मद्दतले महान् भूमिका खेलेको हुन सक्छ। यो धर्म संगायन कुन र कस्तो भाषामा भयो भन्ने कुरा भनी निर्धारित रूपमा विद्वानहरूले अझै भन्न सकेका छैनन्।

यस महान् व्यक्तिको परिचयको अन्त्य धेरै पछि मात्र भयो। बत्तीस वर्षसम्म राज्य गरी राजा अजातशत्रुको मरण आफ्नै छोराको

क्रियाकलापद्वारा भयो भन्ने उल्लेख भएको छ। मगधमा कहिले वज्जि, मल्लीय, कोसल तथा शाक्य देशहरू समावेश गरिए भन्ने स्पष्ट वर्णन भने, यिनी राजाको पालामा हुँदै पनि स्पष्ट किटान भएको छैन। जेहोस् भारतको एकीकरणमा यिनी प्रतापी राजाको ठूलो हात देखिन्छ। र यसमा बौद्ध धर्म र संघको ठूलो सांस्कृतिक देन रहनुमा कुनै सन्देह छैन। बौद्ध भिक्षुहरू र भिक्षुणीहरूको ठूलो संख्यातिर हेर्दा तिनीद्वारा ल्याइएका र बनाइएका उपासक उपासिकाहरूको संख्या अवश्य नै जनसंख्यासँग दाँजिन पुगेको होला। सनातनधर्मी समाजमा बौद्ध उपासकहरूको नैतिक र ध्यानिक तथा बौद्धिकस्तर अवश्य नै उच्चस्तरको थियो हो।

अभय राजकुमार परिचय

[७]

उज्जैनवासी एउटी गणिका पद्मावतीको कोखबाट राजा बिम्बिसारको पुत्र भई अभय जन्मे। राजकुमार झैं नै यिनको पालन-पोषण भयो। यी जैन धर्मावलम्बी थिए। तर पछि बौद्ध धर्ममा आए। यिनले पनि राजगृहकी गणिका शालवतीसँगको सम्पर्कबाट जीवक भन्ने बच्चा जन्माए। र गणिकाले युक्तिपूर्वक संयोग पारी जसको पुत्र हो, उनी राजकुमार नै दृष्टिपथमा बच्चा छाडिदिन लगाइन्। त्यस बच्चालाई अभय राजपुत्रले धर्मपुत्रको रूपमा लिए। पछि यही बच्चा तक्षशिलामा शिक्षित भई प्रसिद्ध वैद्य जीवक र साथै राजकुमारको

भृत्य हुनाले कौमारभृत्य पनि कहलिए। यिनी जीवकको देन बौद्ध-संघको सेवामा मात्र नभई विनयवस्तुको उचित निर्धारणमा पनि देखिन्छ। यिनीहरूको वर्णन (पृष्ठ १८५–२१४) माथि स्थान स्थानमा आई पनि सकेका छन्।

अन्य परिचयहरू

[८]

अभय नामधारी एक लिच्छवी राजाका नाम दिइएको छ, जो जैन धर्मावलम्बी थिए। 'अभय' भन्ने नाम पालिमा सामान्यरूपमा प्रचलित हुनाले ग्रन्थकर्ताले (पृष्ठ २१७–२२०) सम्भव असम्भव (सबै किसिमका) सन्दर्भमा उन्निस जति नाम दिनु भएको छ। यस सूचीबाट पाठकहरूले सजिलै बुझ्ने छन् कि कुन सन्दर्भमा यो 'अभय' शब्द प्रयोग भएको छ।

त्यस्तै उग्गराज कोसल महामात्यमा आएका 'उग्ग' (उग्र) शब्दको सूची (पृष्ठ २२४–२२९) मा बाह्र सन्दर्भहरू दिइएका छन्। साधारण पाठकहरूलाई यसको विशेषता प्रगट हुने छैन। तर उत्सुक पाठकहरूले यस्तो सूचीबाट पालि साहित्यप्रति रुचि बढाउन सक्नेछन्। तर यस्तो सूचीलाई छाडेर नै साधारण अध्ययन गर्दा मूल परिचय मात्र पढ्नु उपयुक्त होला।

कपिलवस्तुका शाक्यहरूको परिचय

[९]

यस परिचयमा मोटामोटी कुराको मात्र वर्णन गरिएको छ। वास्तवमा शाक्यहरूको सविस्तर वर्णन गर्ने नै हो भने ठूलो अध्यायकै आवश्यकता हुने थियो। यसमा मुख्यतया रोहिणी नदीको पानी बाँड्नेबारे कोलिय र शाक्यहरूमा रक्तपात हुने सम्भावना थियो। भगवान्को सामयिक उपदेश र प्रवचनबाट त्यो झगडा साम्य भयो। आर्को कुरा हो शाक्यहरूको भगवान् र बौद्धसंघप्रतिको प्रेम एवं औत्सुक्य। श्रावस्तीमा वर्षावास बीताई फर्केको कुनै भिक्षुसँग शाक्य-हरूको वार्तालापबाट भगवान्को धर्म र धर्ममा सफलता पाएकाहरूको प्रगति महत्वपूर्ण छ। त्यस वार्ताबाट थाहा हुन्छ कि सर्वाधिक संख्या स्रोतापन्नहरूको थियो। तर परिचय दिंदा यी सबै धार्मिक कुराको भने त्यति आवश्यक थिएन।

अन्य शाक्यहरूको परिचय

[१०]

कालखेमक शाक्यको "परिचय" (पृष्ठ २३७–२५२) मा अरू धेरै कुरा आएता पनि स्वयं कालखेमकको कुनै इतिबृत्त छैन। यिनले बनाएको विहारमा बिछ्याइएका धेरै आसन देखेर भगवान्ले भिक्षुहरू-

लाई यसरी एउटै ठाउँमा संगणिकाराम भई बस्नुको विरुद्ध प्रवचन गर्नुभयो । ध्यानी अथवा भिक्षुहरूलाई विहार अथवा मन्दिरमा हुलका हुल बसेर गफसफ गरेर समय खेर फाल्नु अति नै अशोभनीय छ । तर यस्तो उपदेश वा प्रवचन भगवान्ले 'घटाय शाक्यको विहारमा' गर्नुभएको थियो, कालखेमक शाक्यको विहारमा होइन । प्रवचनको विषय भने कालखेमक शाक्यको विहारमा विछ्याइराखेका धेरै ओछ्यानहरू नै थियो । यस प्रसंगमा पनि "महाशून्यता" सुत्तको वर्णन (पृष्ठ २३९–२५२) त्यति प्रासंगिक देखिदैन । कालखेमकको परिचय-सँग 'महाशून्यता' प्रवचनको कुनै सन्दर्भ मिलेको देखिदैन । शायद् ग्रन्थकर्ताज्यूको उद्देश्य, येन केन प्रकारेण, भगवान्को महत्वपूर्ण प्रवचनलाई पाठक समक्ष ल्याउनु नै थियो । किनभने यो पालिसुत्त थेरवादी शून्यता बुझ्न बडो उपयुक्त छ ।

गोध शाक्यको परिचयमा पनि माथि लेखिए जस्तै वास्तविक परिचय कुनै शाक्यको छैन । तर दुईजना बीच भयको स्रोतापत्तिवारेको वादविवाद बहुतै सारगर्भित छ । गोध शाक्यको विचारमा बुद्ध, धर्म र संघप्रति अटल श्रद्धा नै स्रोतापत्तिको लक्षण हो । तर महानाम शाक्यको मन्तव्य केही विलक्षण छ । महानामको मुख्य कुरा के हो भने, 'भगवान् बुद्ध एकापट्टि हुनुहुन्छ, अरू सबै संघका सदस्य देव मनुष्य आर्कापट्टि छन्' । महानामलाई प्रथम पट्टिका कुरा नै सर्वमान्य छ—अर्थात् बुद्ध भक्तिको थेरवादी रूप । यस मनोवृत्तिलाई भगवान्ले अस्वीकृत गर्नु भएन । गोध शाक्य चमत्कृत भए । भगवान्को छोटकरी प्रश्नलाई गोधले अनौठो उत्तर दिएर आफ्नो पनि स्वीकृति जनाए ।

अन्त्यमा म यस पुस्तकका संग्राहक तथा सम्बन्धित सुत्तहरूका सरल नेपाली अनुवादक भदन्त महास्थविर भिक्षु अमृतानन्द समक्ष आफ्नो विनीत श्रद्धा प्रगट गर्दछु कि भदन्तले यत्रो मेहनत गरी बौद्धकालीन महा राजपुरुषहरूको परिचयको मिष (प्रौटेक्ष्ट) ले भगवान्का सारगर्भित कतिपय सुत्तहरूको सरल नेपालीकरण नेपाली जनसमक्ष प्रस्तुत गर्नुभयो। भदन्तको जस्तै मेरो पनि सहमति छ कि "यो सारो सो ठस्सति—जो सार हो सो रहने छ" (पृष्ठ २५२)।

इति।

रामशाहपथ, ख २–३१६

असार २०४१ काठमाडौं–२

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

प्राक्कथन

प्रस्तुत पुस्तक "बुद्धकालीन राजपरिवार" को दोस्रो भाग हो । यसको पहिलो भाग वि. सं. २०२९ मा प्रकाशित भएको थियो । सो पहिलो भागमा बुद्धको समयका दशजना प्रमुख राजाहरूको संग्रह गरेको थिएँ भने प्रस्तुत पुस्तकमा चाहिं सातजना बुद्धकालका राजा रजौटाहरूको संग्रह गरेको छु । यी सातजनाका नामहरू अकारादि क्रमले राखिदिएको छु । जस्तै—

(१) अजातशत्रु, (२) अभय राजकुमार, (३) अभय लिच्छवी, (४) उग्ग राजमहामात्य, (५) कपिलवस्तुका शाक्यहरू, (६) कालखेमक शाक्य र (७) गोध शाक्य ।

पहिलो भागमा जम्मा ७६ वटा सूत्रहरूको अनुवाद भएको छ भने यसमा केवल २० वटा सूत्रहरूको अनुवाद भएको छ ।

यी हुन्—(१) चुल्लवग्गपालिबाट ४ वटा, (२) संयुत्तनिकायपालिबाट ६ वटा, (३) दीघनिकायपालिबाट ३ वटा, (४) अङ्गुत्तर-

निकायपालिबाट ३ वटा, (५) मज्झिमनिकायपालिबाट ३ वटा र (६) महावग्गपालिबाट १ वटा गरी जम्मा २० वटा ।

भयंकथाहरू र अन्य सूत्रहरूमा उल्लेख भएका कारणहरूलाई समेत खोजगरी प्रत्येक पात्रको परिचय लेखिदिएको छु । कुन पात्रको सम्बन्धमा कति सूत्रहरू संग्रहित भएका छन् भन्ने कुरा तल दिएको तालिकाबाट प्रष्ट भएको छ । तालिकामा उल्लेख गरेकोभन्दा बढता सूत्रहरू मैले पाउन सकेको छैन ।

१. अजातशत्रुको सम्बन्धमा

१. चुल्ल. व. पा. पृ. २८३:[1] देवदत्तवत्थु,
सङ्घभेदक्खन्धकं; पृ. ६७[2]

२. सं. नि. II. पृ. २०१: पञ्चरथसुत्तं,
लाभसक्कारसंयुत्तं; पृ. ७१

३. चुल्ल. व. पा. पृ. २९०: अजातसत्तुकुमारवत्थु,
सङ्घभेदक्खन्धकं; पृ. ७३

४. चुल्ल. व. पा. पृ. २९१: अभिमारपेसनं,
सङ्घभेदक्खन्धकं; पृ. ७७

५. सं. नि. I. पृ. ८२: पठमसंगामसुत्तं,
कोसलसंयुत्तं; पृ. ८२

---

१. यहाँ दिएको पृष्ट नालन्दापालि प्रकाशनको हो ।

२. यहाँ दिएको पृष्ट यसै पुस्तकको हो ।

६. सं. नि. I. पृ. ८३: दुतियसंगामसुत्तं,
कोसलसंयुत्तं; पृ. ८६

७. दी. नि. I. पृ. ४१: सामञ्ञफलसुत्तं; पृ. ९०

८. अं. नि–७, पृ. १६४: वस्सकारसुत्तं,
वज्जिसत्तकवग्गो; पृ. १७३

९. दी. नि. II. पृ. १२६: सरीरधातु विभाजनं,
महापरिनिब्बानसुत्तं; पृ. १७५

१०. दी. नि. II. पृ. १२८: धातुथूपपूजा,
महापरिनिब्बानसुत्तं; पृ. १७८

११. चुल्ल. व. पा. पृ. ४०६: धम्मसङ्गायना,
पञ्चसतिकक्खन्धकं; पृ. १७९

१२. म. नि. III. पृ. ६८: गोपकमोग्गल्लानसुत्तं; पृ. १८१

२. अभय राजकुमारको सम्बन्धमा

१. महा. व. पा. पृ. २८६: जीवकवत्थु, चीवरक्खन्धकं; पृ. १९४

२. म. नि. III. पृ. ६७: अभयराजकुमारसुत्तं; पृ. २००

३. सं. नि. IV. पृ. ५११: अभयसुत्तं, बोज्झङ्गसंयुत्तं; पृ. २०९

३. अभय लिच्छवीको सम्बन्धमा

१. अं. नि–३, पृ. २०४: निगण्ठसुत्तं, आनन्दवग्गो; पृ. २२१

४. उग्ग राजमहामात्यको सम्बन्धमा

१. अं. नि–७, पृ. १५५: उग्गसुत्तं, धनवग्गो; पृ. २२८

५. कपिलवस्तुका शाक्यहरूको सम्बन्धमा

१. सं. नि. IV. पृ. ३४७: वस्संवुत्थसुत्तं,
सोतापत्तिसंयुत्तं; पृ. २३४

६. कालखेमक शाक्यको सम्बन्धमा

१. म. नि. III. पृ. १७४: महासुञ्ञतासुत्तं; पृ. २३९

७. गोध शाक्यको सम्बन्धमा

१. सं. नि. IV. पृ. ३१७: गोधसक्कसुत्तं,
सोतापत्तिसंयुत्तं; पृ. २५६

प्रस्तुत पुस्तक योभन्दा अगाडि नै प्रकाशित भइसक्ने थियो। किन्तु सन् १९८४ को अप्रेल महीनामा चीनको बुद्धिष्ट एशोसिएशनको निम्तोमा एक सद्भावमण्डल चीन जान परेको थियो। सो सद्भाव-मण्डलमा भिक्षु सुमङ्गल स्थविर, श्री देवेन्द्रराज उपाध्याय, प्रा. श्री आशाराम शाक्य र म थिएँ। अभाग्यवश चीन पुगेको भोलिपल्टदेखि नै मलाई सञ्चो भएन र करीब १९ दिनसम्म म अस्पतालमा बस्नुपरेको थियो। अस्पतालबाट निस्केर काठमाडौं आइपुगेपछि रक्तचाप बढेको हुनाले मैले केही काम गर्न सकिन।

एक दशक अघि बुद्धकालीन ग्रन्थहरू लेख्ने काम शुरु गरेदेखि भाषा संशोधनका साथ प्रूफ समेत हेर्दै सहायता गर्दै आउनु भएका प्रा. श्री बटुकृष्ण "भूषण" लाई प्रस्तुत प्राक्कथनलाई अंग्रेजीमा रूपान्तर गरिदिनु हुने प्रा. श्री आशाराम शाक्य र विद्वतापूर्वक 'समालोचनाका दुई कुरा' लेखिदिनु भएका श्री अयोध्या प्रसाद प्रधान-लाई पुस्तकको नामावली आदिको प्रारम्भिक लेखाइको काम गरिदिनुहुने भिक्षु मैत्री र भिक्षु कुमार काश्यपलाई तथा दिनहुँ जसो प्रेसबाट प्रूफ ल्याई मद्दत गरिदिनुहुने श्री खड्गबहादुर उपासकलाई समेत कृतज्ञतापूर्वक हार्दिक धन्यवाद दिएको छु। प्रस्तुत पुस्तक प्रकाशित गरिदिनुहुने आनन्दकुटी विहार गुठीका सदस्य-सचिव भिक्षु मैत्री र गुठीका सबै सदस्यहरूलाई पनि कृतज्ञतापूर्वक हार्दिक धन्यवाद ज्ञापन गरेको छु।

प्रस्तुत पुस्तक आनन्दकुटी विहार गुठीको ३५ औं प्रकाशन हो। यसपछि बुद्धकालीन राजपरिवारको तेस्रो भाग प्रकाशित गरिने छ।

"चिरं तिट्ठतु सद्धम्मो"

— भिक्षु अमृतानन्द

आनन्दकुटी विहार, स्वयम्भू,
काठमाडौं, नेपाल।
श्रावण ३, २०४१
फोन नं. २–१४४२०

मूल ग्रन्थहरू—

१. अङ्गुत्तरनिकायपालि ।

२. चुल्लवग्गपालि ।

३. दीघनिकायपालि ।

४. मज्झिमनिकायपालि ।

५. महावग्गपालि ।

६. संयुत्तनिकायपालि ।

सहायक ग्रन्थहरू—

अङ्गुत्तरनिकायट्ठकथा ।

अपदानपालि ।

अपदानट्ठकथा ।

इतिवुत्तकट्ठकथा ।

जातकट्ठकथा ।

थेरगाथापालि ।

थेरगाथट्ठकथा ।

थेरीगाथापालि ।

थेरीगाथा ।

दीघनिकायट्ठकथा ।

धम्मपदट्ठकथा ।

पेतवत्थुअट्ठकथा ।

बुद्धवंसपालि ।

बुद्धकालीन ब्राह्मण ।

बुद्धकालीन गृहस्थीहरू ।

बुद्धकालीन राजपरिवार ।

बुद्धकालीन परिव्राजकहरू ।

बुद्धकालीन श्रावक चरित ।

महानिद्देस ।

मज्झिमनिकायट्ठकथा ।

विमानवत्थुअट्ठकथा ।

संयुत्तनिकायट्ठकथा ।

समन्तपासादिका ।

Dictionary of Pali Proper Names,

संकेत-शब्दको अर्थ—

अ. क. = अट्ठकथा ।

अं. नि. = अङ्गुत्तरनिकाय ।

अं. नि. अ. क. = अङ्गुत्तरनिकायट्ठकथा ।

अप. दा. पा. = अपदानपालि ।

अप. दा. अ. क. = अपदानट्ठकथा ।

इति. वु. अ. क. = इतिवुत्तकट्ठकथा ।

चुल्ल. व. पा. = चुल्लवग्गपालि ।

जा. अ. क. = जातकट्ठकथा ।

जा. सं. = जातकसंग्रह ।

थेर. गा. पा. = थेरगाथापालि ।

थेर. गा. अ. क. = थेरगाथट्ठकथा ।

थेरी. गा. पा. = थेरीगाथापालि ।

दी. नि. = दीघनिकाय ।

दी. नि. अ. क. = दीघनिकायट्ठकथा ।

धम्म. प. पा. = धम्मपदपालि ।

धम्म. प. अ. क. = धम्मपदट्ठकथा ।

पपं. सू. = पपञ्चसूदनी ।

पेत. व. अ. क. = पेतवत्थुअट्ठकथा ।

बु. गृ. = बुद्धकालीन गृहस्थीहरू ।

बु. प. = बुद्धकालीन परिव्राजकहरू ।

बु. प्रे. = बुद्धकालीन प्रेतकथा ।

बु. ब्रा. = बुद्धकालीन ब्राह्मण ।

बु. वं. = बुद्धवंसपालि ।

बु. म. = बुद्धकालीन महिलाहरू ।

बु. रा. = बुद्धकालीन राजपरिवार ।

बु. श्रा. च. = बुद्धकालीन श्रावक चरित ।

म. नि. = मज्झिमनिकाय ।

म. नि. अ. क. = मज्झिमनिकाय अट्ठकथा ।

महा. नि. = महानिद्देस ।

महा. व. पा. = महावग्गपालि ।

सुमं. वि. = सुमङ्गलविलासिनी ।

सं. नि. = संयुत्तनिकाय ।

सं. नि. अ. क. = संयुत्तनिकायट्ठकथा ।

D. P. P. = Dictionary of Pali Proper Names.

त्रि-पिटक-सूची

सुत्तपिटक :	विनयपिटक :		अभिधम्मपिटक।
१–दीघनिकाय	१–पाराजिकपालि	सुत्तविभङ्ग	१–धम्मसङ्गणि
२–मज्झिमनिकाय	२–पाचित्तियपालि		२–विभङ्ग
३–संयुत्तनिकाय	३–महावग्गपालि	खन्धक	३–धातुकथा
४–अङ्गुत्तरनिकाय	४–चुल्लवग्गपालि		४–पुग्गलपञ्ञत्ति
५–खुद्दकनिकाय	५–परिवारपालि		५–कथावत्थु
			६–यमक
			७–पट्ठान

(१) खुद्दकपाठ
(२) धम्मपद
(३) उदान
(४) इतिवुत्तक
(५) सुत्तनिपात
(६) विमानवत्थु
(७) पेतवत्थु
(८) थेरगाथा
(९) थेरीगाथा
(१०) जातक
(११) निद्देस { १–महानिद्देस, २–चुल्लनिद्देस }
(१२) पटिसम्भिदामग्ग
(१३) अपदान
(१४) बुद्धवंश
(१५) चरियापिटक

विषय-सूची

बुद्धकालीन राजपरिवार

[भाग–२]

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।

१. अजातशत्रु

परिचय

नामकरण

कोशल राज्यका महाकोशल राजाकी छोरी प्रसेनजित् कोशलकी बहिनी कोशलदेवीसँग[१] अङ्ग-मगध देशका राजा बिम्बिसारको विवाह भएको थियो। आफ्नी छोरी कोशलदेवीको निमित्त महाकोशल राजाले दुइ राज्यको बीचमा पर्ने एकलाख आम्दानी हुने 'काशी' भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए[२]। यिनीहरूकै छोरा अजातशत्रु हुन्।

---

१. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकीसूकरजातकं, नं. २८३.

२. सं. नि. अ. क. I. पृ. १२०: पठम सङ्गामसुत्तं, कोसलसंयुत्त-वण्णना; जा. अ. क. I–II. पृ. ५३८: हरितमातु जातकं, नं. २३९.

किन यिनलाई अजातशत्रु भनिएको हो भने —

कोशलदेवी गर्भिणी हुँदा उनको मनमा आफ्ना पति बिम्बिसार राजाको दाहिने हातको रगत पिउने सारै इच्छा भएको थियो। यस्तो इच्छाको कुरा कसैलाई बताउन सकिन्न भन्ने विचारले यो इच्छा मनमै राखी बसिरहँदा उनी क्रमशः दुब्लाउँदै गइन्[१]। एकदिन परिचारिकाहरूले दुब्लाउँदै गएको बारेमा सोध्दा देवीले आफूमा पैदा भइरहेको इच्छा सुनाइन्[१]। राजाले पनि "भद्रे! तिम्रो रूपवर्ण अघि जस्तो देखिन्न के कारण हो?" भनी सोध्दा देवीले "महाराज! यो कुरा म भन्न सक्दिन" भनी भनिन्। "भद्रे! यदि आफ्नो मनको कुरा मलाई भन्न सक्दिनौ भने कसलाई भन्छ्यौ त?" भनी कर गरी बताउन लगाए। यो सुनी राजाले "मूर्ख! यसमा तिम्रो के बिग्रिन्छ र[३]! भनी राजाले जोतिषीहरूलाई बोलाउन पठाई "देवीको यस्तो इच्छा भएको छ। यसको के अर्थ हो?" भनी सोध्दा जोतिषीहरूले "देवीको गर्भमा बसेको बालक राजाको शत्रु हुनेछ र तपाईंको हत्यागरी राज्य लिनेछ" भनी भने[४]। अनि राजाले "यदि मेरो छोराले मलाई मारेर राज्य लियो भने यसमा के दोष छ त!"

---

१. दी. नि. अ. क. I. पृ. १५३: सामञ्ञफलसुत्तवण्णना।

२. जा. अ. क. III. पृ. ८४: थुसजातक, नं. ३३८.

३. दी. नि. अ. क. I. पृ. १५४: सामञ्ञफलसुत्तवण्णना।

४. जा. अ. क. III. पृ. ८४: थुसजातक, नं. ३१८; दी. नि. अ. क. I. पृ. १५४: सामञ्ञफलसुत्तवण्णना।

भनी एकजना वैदयलाई बोलाई सुनको छुराद्वारा आफ्नो बाहु चिराई सुनको भाँडामा रगत राखी त्यसमा पानी मिसाई देवीको इच्छा पूरा हुने गरी पिलाए[१]। जोतिषीहरूको भविष्यवाणी सुनी देवीले यस्तो सोचिन्—"यदि मेरो गर्भबाट जन्मिने बालकले आफ्नो बाबुलाई मार्नेछ भने यस्तो बालक जन्माएर के गर्नु र !" यति सोचेर देवीले गर्भपात गर्ने विचार गरी दिनदिनै पेट थिच्न लगाउन थालिन्। तर गर्भपतन गराउन सकिनन्। यो कुरा बुझी राजाले "देवी ! तिम्रो गर्भमा छोरा वा छोरी छ भन्ने कुरा तिमीलाई थाहाछैन। आफूले जन्माउने बालकलाई यसरी पतनगर्‍यौ भने सारा जम्बुद्वीपमा हल्ला भई कुकीर्ति फैलिने छ। अतः तिमीले यस्तो नगर। मेरो पुत्रले मलाई मारेर राज्य लिन्छ भने लिन देऊ। म अजरामरण होइन। मलाई मेरो पुत्रको मुख हेर्न देऊ। अब उप्रान्त यस्तो काम नगर" भनी पालो राख्न लगाए। तर देवीको मनमा सारै चिन्ता लागेको थियो। कत्ति पनि मनमा सन्तोष थिएन। त्यसैले पुनः दिनदिनै गर्भपतन गर्नको निम्ति उदयानमा गई देवीले पेट थिच्न लगाउँथिन्। दिनदिनै देवी उदयानमा गइरहेको देखेर यसको खोजतलास गराउँदा उदयानमा गई गर्भपतन गर्ने प्रयत्न गरिरहेको कुरा थाहापाई त्यसपछि राजाले देवीलाई उदयानमा जान रोक लगाइदिए। यसपछि देवीले "बालक जन्माउने बित्तिकै मार्नेछु" भन्ने विचार लिइन्। यस्तो सोच्दा सोच्दै उनले बालक जन्माइन्। त्यसबखत पालो बस्नेहरूले बालकलाई एकातिर लगिदिए। नामकरणको दिनमा "जन्मिनुभन्दा अगाडिदेखि नै बाबुको

१. दी. नि. अ. क. I. पृ. १५४.

शत्रु भएको र जन्मिसकेपछि पनि बाबुको शत्रु हुनेछ'' भन्ने जोतिषीहरूको कुराको आधारमा 'अजातशत्रु' भन्ने नामकरण गरे[1]। क्रमशः कुमार ठूलो हुँदै गयो र छोराको मुख देखेपछि स्नेह उत्पन्न भएको कारणले देवीले छोरालाई मार्न सकिनन्[2]।

जुन उदयानमा यी कोशलदेवीले आफ्नो गर्भपतन गराउन प्रयास गरेकी थिइन् त्यसै उदयानको नाम नै 'मद्दकुच्छि' भन्ने रहन गयो भनी संयुत्तनिकायको सकलिक सूत्रवर्णनामा उल्लेख भएको पाइन्छ[3]।

× × ×

१. जा. अ. क. III. पृ. ८५; नं. ३३८; दी. नि. अ. क. I. पृ. १५४.
२. दी. नि. अ. क. I. पृ. १५४.
३. सं. नि. अ. क. I. पृ. ६१: सतुल्लपकायिकवग्गो, देवतासंयुत्तं ।

वाल्य अवस्था

छोराको मुख हेर्न पाएर बिम्बिसार राजा यति खुशी भएका थिए कि बुद्धको उपदेश सुन्न समेत मन जादैन थियो ।

एकदिन पाँचशय भिक्षुहरूका साथ भगवान् राजदरवारमा जानुभई बिच्छचाइराखेको आसनमा बस्नुभयो । भगवान् सहित भिक्षुसङ्घलाई राजाले आफ्नै हातले प्रणीत खादच-भोज्य अर्पित गरे । अनि भोजन गराउने काम सिद्धिएपछि राजा एक छेउमा बसे । त्यसबखत प्रतिमण्डित वालक राजकुमार ल्याई राजालाई दिए । अनि पुत्र स्नेहमा मुग्ध भएका राजाले वालकलाई काखमा राखी खेलाएर बसे । धर्मोपदेश सुन्नमा उतिसारो चासो दिएनन् । यो देखेर भगवान्ले "अघि अघिका राजाहरूले आफ्ना पुत्रमाथि आशंका गरी गोप्य ठाउँमा राखी हामी मरेपछि यिनलाई राज्यमा प्रतिष्ठित गर भनी भनेका थिए" भन्नुहुँदै थुसजातकका[१] कुरा बताउनुभयो ।

अर्को एकदिन यस्तै अवस्थामा राजाले कहिले वालकलाई खेलाउने र कहिले धर्मोपदेश सुन्ने गरे । "यस वालकबाट राजालाई भय उत्पन्न हुनेछ" भन्ने कुरा बुझ्नुभई भगवान्ले "महाराज ! अघिका राजाले आशंका गर्नुपर्ने ठाउँमा आशंका गरी हामी मरेपछि राज्यमा राख्नू भनी वालकलाई अन्यत्र राख्न लगाएका थिए" भन्नुहुँदै मूषिक जातकका[२] कुरा सुनाउनु भएको थियो ।

---

१. जा. अ. क. III. पृ. ८५, नं. ३३८.

२. जा. अ. क. III. पृ. १५०, नं. ३७३.

छोरा प्रति राजा बिम्बिसारको कति गहिरो प्रेम थियो भने—एकदिन वालक अजातशत्रुको औंलामा खटिरा आयो। खटिरा दुखेकोले उनी सारै रोएका थिए। कसैले पनि फकाउन नसकेपछि रोइरहेको वालकलाई विनिश्चय आसनमा बसिरहेका राजाकहाँ लगिदिए। राजाले उनलाई फकाउन थाले। यत्तिकैमा वालकले आफ्नो औंला राजाको मुखभित्र राखे। खटिरा राजाको मुखभित्रै फुट्यो। औंला झिक्दा वालक फेरि रोलान् भनी फुटेको खटिराको पीप सहितको रगत राजाले निलिदिए[1]। यस्तो थियो राजाको पुत्र-स्नेह।

राजगृह नगरमा अति धनाढ्य जोतीय भन्ने एक सेठ थिए। उनको श्रीसम्पत्तिको बयान सुनी बिम्बिसार राजा एकदिन उनीकहाँ हेर्न गएका थिए। त्यसबखत अजातशत्रु राजकुमार पनि वावुको औंला समाती साथमा गएका थिए। ती जोतीय सेठको जुवाहारात युक्त साततले प्रासाद देखेर वालक राजकुमारको मनमा यस्तो लागेको थियो—"अहो! मेरा पिता काठका घरमा बस्छन्। जहाँ कि यी जोतीय सेठ यस्तो सप्तरत्न युक्त प्रासादमा बस्छन्। म राजा भएपछि यिनलाई यो प्रासादमा बस्नदिने छैन[2]।"

---

१. दी. नि. अ. क. I. पृ. १५७-५८: सामञ्ञफलसुत्तवण्णना।

२. धम्म. प. अ. क. पृ. ८३८: जोतियसेट्ठिवत्थु, ब्राह्मणवग्ग।

यी राजकुमार सानो उमेरमा आफ्ना बाबुसँग बुद्धकहाँ जान्थे भन्ने कुरा सुमङ्गलविलासिनीले[१] उल्लेख गरेको छ। पछि उमेर बढ्दै गएपछि बिम्बिसार राजाले आफ्नो छोरालाई समयमै उपराजाको पदले पनि विभूषित गरेका थिए[२]।

× × ×

१. I. पृ. १७२: सामञ्ञफलसुत्तवण्णना।

२. दी. नि. अ. क. I. पृ. १५४.

देवदत्तसँगको भेटघाट

भगवान् बुद्ध कौशम्बीमा बसिरहनुभएको बेलामा श्रावक सहित बुद्धको निक्कै लाभसत्कार भएको थियो। त्यस समय हातमा माला आदि अनेक वस्तुहरू लिई मानिसहरू विहारमा गई "सारिपुत्र स्थविर कहाँ छन्, महामौद्गल्यायन स्थविर कहाँ छन्, महाकाश्यप स्थविर कहाँ छन्, भद्रीय स्थविर कहाँ छन्, अनुरुद्ध स्थविर कहाँ छन्, आनन्द स्थविर कहाँ छन्, भगु स्थविर कहाँ छन् र किम्बिल स्थविर कहाँ छन्?" भन्दै असीतिमहाश्रावकहरू[1] बसेका ठाउँहरू खोज्दै मानिसहरू हिंड्दथे। तर देवदत्त स्थविर कहाँ छन्? भन्ने कुरा चाहिं कसैले पनि सोध्दैनथ्यो। यही कारणलेगर्दा देवदत्तको मनमा यस्तो लाग्यो—"म पनि यिनीहरूसँगै प्रव्रजित भएको हुँ। यिनीहरू जस्तै म पनि क्षत्री कुलबाट आएको हुँ। हातमा उपहार लिई मानिसहरू यिनीहरूको मात्र खोजि गर्छन्। कसैले पनि मेरो नाम मात्र पनि लिदैनन्। लाभसत्कार प्राप्तिको निमित्त अब मैले के गर्नुपर्ला र कसलाई खुशी पार्नुपर्ला?" अनि उनले यस्तो सोचे—"यी बिम्बिसार राजा भगवान्सँगको पहिलो भेटमा एघार लाख मानिसहरूसँग स्रोतापत्तिफल प्राप्त गरेका हुन्। यिनीसँग मेलमिलाप हुन सक्नेछैन। कोशल राजासँग पनि मेलमिलाप हुन सक्नेछैन। यी राजाका छोरा अजातशत्रु अहिले तरुण छन्। यिनलाई कसैको गुणागुणको कुरा थाहा छैन।

---

१. असीतिमहाश्रावक भनेका को को हुन् भन्ने कुरा लेखकको बु. म. भा-१, पृ. ८९ को पादटिप्पणीमा उल्लेख भएको छ।

यिनैसँग एकसाथ हुनुपर्‍यो ।" यति सोचेर उनी कौशम्बीबाट राजगृह गई अजातशत्रु बसेको ठाउँमा ऋद्धिबलद्वारा आफ्नो शरीरमा अनेक सर्पहरूको आभूषण लगाई गए। यो देखेर अजातशत्रु राजकुमार डराएपछि उनले आफ्नो भिक्षुभाव देखाई आफू देवदत्त हुँ भनी चिनाए। यसबाट अजातशत्रु अत्यन्त प्रभावित भएका थिए[१]। यसैको फल स्वरूप अजातशत्रु राजकुमार त्यहाँदेखि दिनको दुइपटक पाँचशय रथहरू लिई देवदत्तको उपस्थानको निमित्त जानथाले। यति मात्र होइन ५०० थाली पक्वान्न भोजनहरू पनि दिनदिनै पठाउन थाले[२]। जुन कुरा तल उल्लिखित "देवदत्तसँगको भेट र पाँचशय रथहरू" भन्ने शीर्षकका मूल पालिले पनि उल्लेख गरेका छन्।

यति मात्र होइन देवदत्तको सत्कारको निमित्त अनेक धन खर्च गरी अजातशत्रुले गया गाउँको नजिकको गयाशीर्ष पर्वतमा विहार पनि बनाइदिएका थिए[३]। यो गया गाउँको आसपासमा एक पोखरी र एक नदी पनि थियो। यो गयाशीर्ष पर्वतमा हात्तीको टाउको जस्तै ढुंगाको एक चट्टान पनि थियो भनी संयुत्तनिकाय अर्थकथाले[४] उल्लेख गरेको छ।

× × ×

---

१. धम्म. प. अ. क. पृ. ८६–८७: देवदत्तवत्थु, यमकवर्ग; दी. नि. अ. क. I. पृ. १५४–५५.

२. स. नि. II. पृ. २०१: पञ्चरथसुत्तं, लाभसक्कारसंयुत्तं।

३. जा. अ. क. I–II. पृ. ३७७: संजीवजातक, नं. १५०.

४. III. पृ. ४: आदित्तसुत्तवण्णना, अनिच्चवग्गो।

पितृ हत्या

जब देवदत्तको मनमा उनले भनेका कुरा अजातशत्रुले मान्ने छन् भन्ने पूर्ण विश्वास भयो तब एकदिन उनले अजातशत्रुलाई यस्तो कुरा सुनाए—

"हे कुमार ! आजकल मानिसहरूको आयु कम छ । कसलाई थाहा छ कि तपाइँ राजकुमार छँदै मर्नुहुनेछ । अतः तपाइँले आफ्ना पितालाई हत्या गरी राजा हुनुहोस् । म बुद्धलाई हत्या गरी बुद्ध हुनेछु ।"

यो सुनेर अजातशत्रुको मनमा यस्तो लाग्यो—"देवदत्त बडो प्रभावशाली तथा ऋद्धिसम्पन्न व्यक्ति हुनुहुन्छ । वहाँले नजानेको कुरा केही छैन । अवश्य पनि वहाँले मेरो बारेमा केही कुरा जान्नुभयो होला[१] ।"

यति सोचेर देवदत्तको कुमन्त्रणबाट आफू प्रभावित भई अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजालाई हत्या गर्ने निश्चय गरे । अनि दिउँसै तिघ्रामा शस्त्र लुकाई राजाको खोपीमा गए । जुन कुरा तल 'राजहत्याको प्रयत्न' भन्ने शीर्षकमा उल्लिखित मूल पालिले पनि उल्लेख गरेको छ । जब राजकुमार हडबडाई दिनको समयमा राजाको खोपीभित्र गए तब उनलाई अंगरक्षकहरूले समाते । यस घटनापछि राजाले अजातशत्रुलाई नै राज्य सुम्पिदिए[१] । अनि उनले

---

१. दी. नि. अ. क. I. पृ. १५५.

"मेरो मनोरथ पूरा भयो" भनी देवदत्तलाई सुनाए। यो सुनेर देवदत्तले "तपाइँ मुसालाई दुगाभित्र राखी खूब गरें भनी भन्नुहुन्छ। केहीदिन पछि तपाइँका पिताले आफूलाई गरेको अपमानलाई सम्झेर फेरि स्वयं राजा हुनसक्ने छन्" भनी भने।

"भन्ते ! त्यसोभए कसो गर्न पर्ला त ?"

"जरो उखेले जस्तै गरी हत्या गर।"

"भन्ते ! मेरा पितालाई शस्त्रले हत्या गर्न सकिन्न।"

"त्यसोभए भोकैराखी मार।"

यति सुनी अजातशत्रु राजाले बिम्बिसार राजालाई आगो बाल्ने घरभित्र राखे। "मेरी आमा एकजनालाई बाहेक अरू कसैलाई पनि भित्र आउन नदेऊ" भनी पाले राखे। देवी सुनको बट्टामा भात राखी पटुकामा बाँधी राजाकहाँ जान्थिन्। राजाले सो भात खाई जीविका गर्दथे। "मेरा पिता कसरी जीविका गर्दछन् ?" भनी सोध्दा आमाको खबर सुनेपछि "मेरी आमालाई पेटमा केही राखी आउन नदेऊ" भनी आज्ञा दिए। त्यसपछि देवीले मुकुटभित्र लुकाई भात लैजान थालिन्। यो सुनेर "मुकुट लगाएर पनि जान नदिनू" भनी भने। त्यसपछि जुत्ताभित्र खाना लुकाई जान थालिन्। राजा यसबाट जीविका गर्दथे। फेरि "कसरी मेरा पिता जीविका गर्दछन् ?" भनी सोध्दा यो कुरा पनि थाहापाई "जुत्ता लगाएर पनि जान नदिनू" भनी आज्ञा दिए। यसपछि सुगन्धित पानीमा नुहाई आफ्नो शरीरमा चतुमधु लेपन गरी पछ्यौरा ओढी देवी गइन्। राजाले उनको शरीर चाटी

जीविका गर्न थाले। यो कुरा पनि सुनी पछि "अब उप्रान्त मेरी आमालाई पनि जान नदेऊ" भनी भने। अनि देवी दैलोमा उभिई "स्वामी बिम्बिसार! बालक कालमै यसलाई मार्न दिनु भएन। आफ्नो शत्रुलाई आफैंले पाल्नुभयो। अब यो मेरो अन्तिम दर्शन हुनेछ। अबदेखि मैले तपाईंलाई देख्न पाउने छैन। हे देव! यदि मेरो कुनै दोष छ भने मलाई क्षमा गर्नुहोस्!" भनी रुँदै फर्किन्।

त्यसदिनदेखि राजा भोकै भए। मार्गफलको सुखानुभव गरी चंक्रमण गरी जीवन यापन गर्न थाले। राजाको रूपशरीर अत्यन्त चम्किनथाल्यो। अनि अजातशत्रु राजाले "भणे! मेरा पिता कसरी जीविका गर्दैछन्?" भनी सोध्दा "चंक्रमण गरी जीविका गर्दैछन्। वहाँको रूपशरीर अघिभन्दा चम्किलो छ" भनी भने। यो सुनेर "अब चंक्रमण गर्न रोक्नुपऱ्यो" भन्ने सोचे। यति सोची उनले "मेरा पिताका पैंतालामा छुराले चिरी नून तेल लगाई छाला डढने गरी गोलको आगोमा पोलिदेऊ" भनी नाऊहरूलाई पठाए। नाऊहरू आएको देखी राजाले सोच्नथाले--"मेरो छोरालाई कसैले सम्झाए होलान्। यी नाऊहरू मेरो दाह्री जुंगा खौरन आएका होलान्।" उनीहरू गएर राजालाई ढोगी उभिइरहे।

"किन आएका हौ?" भनी सोधेपछि उनीहरूले राजाले पठाएको कुरा सुनाए। अनि "तिम्रा राजाको इच्छानुसार गर" भनी भनेपछि "देव! त्यसोभए बस्नुहोस्" भनी राजालाई ढोगी "देव! हामी राजाको आज्ञा बमोजिम काम गर्नेछौं। हामीमाथि नरिसाउनु

होला । तपाइँ जस्ता धार्मिक राजाको निमित्त यो काम उचित छैन ।" यति बिन्ति गरी देब्रे हातले गोलीगाँठामा समाती दाहिने हातले छुरा समाती पैतालामा चिरी नून तेल लगाई गोलको आगोमा पोलिदिए । राजालाई असह्य वेदना भयो । अनि "अहो बुद्ध ! अहो धर्म ! अहो सङ्घ !" भन्दै बुद्धानुस्मरण गर्दै चैत्यमा राखेको फूलमाला जस्तै ओइलाई चातुर्महाराजिक देवलोकको वैश्रवण राजाको परिचारकको रूपमा जनवसभ भन्ने यक्ष (= देवता) भई उत्पन्न भए[१] ।

त्यसैदिन अजातशत्रुको पुत्र जन्म्यो । पुत्र जन्मेको र पिता मरेको दुवै खबर एकै पटक आइपुगे । अनि अमात्यहरूले पहिले पुत्र जन्मेको समाचार सुनाउनेछौं भनी पुत्र जन्मेको पत्र राजाको हातमा राखिदिए । राजालाई गहिरो पुत्र-स्नेह उत्पन्न भयो । त्यसबखत राजाले पितृस्नेहलाई महसूस गरे । म जन्मिदा पनि मेरा पिताको मनमा यस्तै स्नेह उत्पन्न भएको होला । यति सोची राजाले "हे भणे ! मेरा पितालाई छाडिदेओ !" भनी भन्दा "महाराज ! के छाड्नु हुन्छ र ! तपाइँका पिता मरिसके" भन्दै अर्को पत्र हातमा राखिदिए ।

यो समाचार सुनी रुँदै रुँदै आफ्नी आमाकहाँ गई "आमा ! म जन्मिदा मेरा बाबुको मनमा पनि ममाथि यस्तो स्नेह उत्पन्न भएको थियो कि ?" भनी सोध्दा "मूर्ख पुत्र ! के भन्छस् ! तँ सानो छँदा

---

१. दी. नि. अ. क. I. पृ. १५५–५७: सामञ्ञफलसुत्तवण्णना । यी जनवसभ यक्षको बारेमा लेखकको बु. रा. भा–१, पृ. १०० मा हेर्नुँ बेश हुनेछ ।

तेरो औंलामा खटिरा आएको थियो। तँलाई कसैले पनि फकाउन नसक्दा विनिश्चय आसनमा बसिरहेका तेरा पिताकहाँ लगे। तेरा पिताले तँलाई फकाउन काखमा लिए। त्यसबखत तैंले आफ्नो औंला बाबुको मुखभित्र हालिस्। त्यतिञ्जेल तेरो औंलाको खटिरा बाबुको मुखभित्रै फुट्यो। औंला छिक्दा तँ रोलास भन्ने डरले तेरा बाबुले रगत र पीप त्यसै निलेका थिए। यस्तो थियो तेरा पिताको तँमाथिको स्नेह!" भनो देवीले भनिन्। यो सुनेर अजातशत्रु खूबसँग रोए र रुँदै रुँदै पिताको अन्तेष्ठिक्रिया गरे[1]।

× × ×

1. दी. नि. अ. क. I. पृ. १५७–५८: सामञ्ञफलसुत्तवण्णना।

कोशल राजासँग युद्ध

माथि उल्लेख गरेझैं कोशल राज्यका महाकोशल राजाले आफ्नी छोरी कोशलदेवीलाई अङ्ग-मगधका राजा बिम्बिसारलाई विवाह गरिदिंदा छोरीको निमित्त काशी भन्ने गाउँ दाइजोको रूपमा दिएका थिए। जब अजातशत्रु राजाले आफ्ना पिता बिम्बिसारलाई निर्मम हत्या गरे तब यसै शोकले गर्दा कोशलदेवीको पनि मृत्यु भएको थियो भनी जातकट्ठकथाले[१] उल्लेख गरेको छ। त्यसपछि प्रसेनजित् कोशल राजाले "अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई मारे। त्यसैको शोकले गर्दा मेरी बहिनी कोशलदेवी पनि मरिन्। यस्ता पितृघातक चोरलाई यो काशी गाउँ दिने छैन" भन्ने सोचेर अजातशत्रुलाई सो गाउँ दिएनन्। यसैको कारणले गर्दा दुइ राज्यको बीचमा समय समयमा युद्ध भएको थियो। अजातशत्रु चाहिं तन्नेरी मात्र होइनन् समर्थवान् पनि थिए। त्यसैले वृद्ध प्रसेनजित् कोशल राजा अजातशत्रुद्वारा बार बार पराजित हुनुपरेको थियो[२]। यसै सन्दर्भमा धम्मपदट्ठकथा[३] यस्तो उल्लेख गर्छ —

"काशी गाउँको कारणमा भाञ्जा अजातशत्रुसँगको युद्धमा

---

१. I–II. पृ. ६४५: वड्ढकी सूकरजातक, नं. २८३.

२. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकी सूकरजातक, नं. २८३.

३. पृ. ५८४: कोसलरञ्ञो पराजयवत्थु, सुखवर्ग।

तीन[1] तीन पटकसम्म पराजित भएपछि प्रसेनजित् कोशल राजाले 'दूध खाने जस्ता केटासँग पनि पराजित हुनपऱ्यो' भन्ने शोक गरी खाना पनि खाएनन् ।" यो कुरा सुनेर भगवान्ले—

'जयं वेरं पसवति, दुक्खं सेति पराजितो ।

उपसन्तो सुखं सेति, हित्वा जय पराजयं ।' भन्ने गाथा भिक्षुहरूलाई सुनाउनु भएको थियो ।

एकदिन राजाले अजातशत्रुलाई पराजित गर्नको निमित्त के गर्नुपर्ला भनी अमात्यहरूसँग सोध्दा उनीहरूले "देव ! आर्यहरू भनेका मन्त्रकुशल हुन्छन् । अतःएव जेतवन विहारमा गई भिक्षुहरूको कुरा सुन्नुपर्छ" भनी भनेको कुरा सुनी राजाले जेतवनमा चरपुरुषहरू पठाए ।

एकदिन त्यहाँ उत्तर भन्ने र धनुग्गह[2] भन्ने स्थविरहरूको बीचमा कुरा भइरहेको कुरा सुने । उनीहरूले युद्धमा पद्मव्यूह, चक्रव्यूह र सकटव्यूह भन्ने हुन्छन् । अजातशत्रुलाई समात्न चाहनेले अमुक पहाडहरूको बीचमा सेना राखी यसो यसो गरी सकटव्यूह बनाई समात्न सकिन्छ भन्ने युद्ध सम्बन्धी कुरा गरिरहेको सुने । त्यसपछि उनीहरूले राजालाई यो कुरा सुनाए । राजाले सोही

---

१. जा. अ. क. V. पृ. ५०: तच्छसूकर जातकमा भने तीनपटकसम्म पराजित भएको कुरा उल्लेख भएको छैन । यो जातकको अनुवाद लेखकको जा. सं. भा–३, पृ. २३० मा उल्लेख भएको छ ।

२. सं. नि. अ. क. I. पृ. १२१: दुतिय संगामसुत्तवण्णना, कोसलसंयुत्तमा चाहिं बुद्धरक्खित र धम्मरक्खित भनी उल्लेख भएको छ ।

बमोजिम तयार गरी फेरि अजातशत्रुसँग युद्ध गरे। यसपटक राजाले अजातशत्रुलाई जिउँदै घेरामा पारी सेनासहित समाते। अनि पछि प्रसेनजित् राजाले अजातशत्रुलाई सम्झाई बुझाई आफ्नो छोरी वजिर[1] कुमारीलाई दिए[2]। यसको साथसाथै काशी गाउँ पनि फर्काई आफ्नो छोरीको निमित्त दाइजोको रूपमा दिएका थिए भनी जातकट्ठ-कथाले उल्लेख गरेको छ[3]।

कोशल राजासँग समय समयमा युद्ध भएका कुराहरू तल उल्लिखित 'प्रसेनजित् कोशलराजासँग युद्ध' भन्ने शीर्षकका मूल सूत्रहरू-बाट प्रष्ट भएको छ।

यहाँदेखि अजातशत्रु र प्रसेनजित राजाहरूको बीचमा सुमधुर सम्बन्ध रहेको कुरा मज्झिमनिकाय भाग-२ को बाहित सूत्रमा उल्लिखित सोह्रहात लामो र आठ हात चौडाइ भएको गलैंचा अजातशत्रुले प्रसेनजित राजालाई पठाएको उपहारबाट हामी बुझ्न सक्छौं[4]।

---

१. म. नि. II. पृ. ३५६: पियजातिसुत्तमा 'वजिरी'; जा. अ. क. I–II. पृ. ६४६, नं. २८३ मा र जा. अ. क. V. पृ. ५१, नं. ४९२ मा चाहिं 'वजिर' भनी उल्लेख भएको छ।

२. जा. अ. क. I–II. पृ. ६४५: वड्ढकी सूकर जातक, नं. २८३ र जा. अ. क. V. पृ. ५०: तच्छसूकर जातक नं. ४९२.

३. जा. अ. क. I–II. पृ. ६४६, नं. २८३.

४. यो उपहारको कुरा लेखकको बु. रा. भा–१, पृ. ३२० मा अनुदित उक्त सूत्रमा उल्लेख भएको पाइन्छ।

जब दीर्घकारायणले धोका दिई विडूडभ राजकुमारलाई सिंहासनमा राखे तब प्रसेनजित् कोशल राजाको मनमा सारै दुःख लागेको थियो। अनि उनी अजातशत्रुलाई साथमा लिएर फेरि आफ्नो राज्य आफ्नै हातमा लिनेछु भन्ने विचार गरी राजगृहतिर लागे। अभाग्यवश उनी राजगृह पुग्दानपुग्दै नगरद्वार बन्द भएको हुँदा नगर बाहिरै एक धर्मशालामा वास बसे। उनको मृत्यु उहीं भयो। जब अजातशत्रु राजाले प्रसेनजित् कोशल राजा मृत्यु भएको खबर सुने तब महान सत्कारपूर्वक उनको अन्त्येष्ठिक्रिया गरे। पछि विडूडभमाथि हमला गर्ने विचारले सेना एकत्रित गराए। त्यसबखत राजालाई अमात्यहरूले "महाराज! यदि प्रसेनजित् कोशल राजा बाँचेका भए तपाइँ जानु योग्य थियो। अब उनी छैनन्। विडूडभ पनि तपाइँको कृपाले छत्र धारण गर्न योग्य छन्" भनी सम्झाएपछि राजा शान्त भए[1]। यो पनि अजातशत्रुको मित्रताको चिन्ह हो।

अजातशत्रु राजाका छोरा उदयभद्र[2] कुमार प्रसेनजित् राजाकी छोरी वजिर कुमारीको तरफबाट भएका हुन् भनी डा. मलल-सेकरले आफ्नो D. P. P. I. पृ. ३१ मा उल्लेख गरेका छन्।

---

१. पपं. सू. III. पृ. २४४: धम्मचेतिय सुत्तवण्णना; धम्म. प. अ. क. पृ. २१८: विडूडभवत्थु, पुप्फवग्गो।

२. दी. नि. I, पृ. ४४: सामञ्ञफलसुत्तं।

उदयभद्र राजकुमार अजातशत्रुका छोरा हुन् भन्ने कुरा चाहिं दीघनिकाय भाग–१, पृ. ४४ को सामञ्ञफलसुत्तबाट पनि प्रष्ट हुन्छ ।

× × ×

पितृहत्यापछिको कार्यकलाप

"विम्बिसार सुतो 'जातसत्तु तं घातयामति ।
रज्जं द्वत्तिसवस्सानि महामित्तद्दु कारयि ।।
अजातसत्तुनो वस्से अट्ठमे मुनि निब्बुतो ।
पच्छा सो कारयीरज्जं वस्सानि चतुवीसति ।।"

महावंस टीका द्वितिय परिच्छेद पृ. १०५ को गाथा संख्या ३१, ३२ अनुसार बिम्बिसारका छोरा अजातशत्रुले आफ्ना पिताको हत्या गरी ३२ वर्षसम्म राज्य गरे । अजातशत्रुले राज्य चलाएको आठौं वर्षमा बुद्धको परिनिर्वाण भएको थियो । बुद्धपरिनिर्वाणपछि उनले २४ वर्षसम्म राज्य गरे[1] ।

देवदत्तको कुमन्त्रणद्वारा आफ्ना पिताको हत्या गरिसकेपछि बुद्धपरिनिर्दाणभन्दा आठ वर्ष अघि राजा भएपछि सर्वप्रथम अजातशत्रुले राजगृहका जोतीय सेठको प्रासाद लिनुपर्‍यो भनी सेनासँग उनी त्यहाँ गए । तर जोतीय सेठको प्रासादको मणिमय भित्तामा आफ्ना सेनाको छाया देखी "गृहपति मसँग लडनको निमित्त सेना सहित निस्कँदैछन्" भन्ने ठानी अगाडि बढन सकेनन् । त्यसदिन बिहान सवेरै जोतीय सेठ उपोसथिक भई बिहानको खानाखाई विहारमा गई भगवान्को धर्मोपदेश सुन्दै थिए । सेठको पहिलो ढोकामा पालो बसिरहेका यमकमोळी यक्षले देखेर राजासहित सेनालाई लखेट्न

---

१. सम. पा I. पृ. ६३: बाहिरनिदानकथा ।

थाले । कहाँ जाऊँ कहाँ जाऊँ भई राजा विहारमा गए । अनि त्यहाँ राजालाई देखेर आसनबाट उठी सेठले राजालाई सम्बोधन गरे । अनि राजाले उनलाई यसो भने—

"गृहपति ! आफ्ना मानिसहरूलाई मसँग लड भनी तिमीचाहिं यहाँ आई उपदेश सुनेको जस्तो गरी बसेकाछौ ।"

"देव ! तपाइँ मेरो घर लिन जानुभएको थियो ?"

"हो, गएको थिएँ ।"

"देव ! मेरो इच्छाविना हजारौं राजाहरू आए पनि मेरो घर लिन सक्ने छैनन् ।"

यो सुनेर रिसाउँदै राजाले "के त तिमी राजा हुनेछौ त ?" भनी भने ।

"देव ! म राजा होइन । मकहाँ भएका वस्तुहरूमध्ये मेरो इच्छाविना एक टुक्रो पनि कसैले केही लिन सक्दैन ।"

"अँ, त्यसोभए तिम्रो इच्छानुसार मैले लिनपर्‍यो त !"

"देव ! त्यसोभए म मेरा यी दश औंलामा भएका बीसवटा औंठीहरू तपाइँलाई दिन चाहन्न । यदि सक्नुहुन्छ भने लिनुहोस् ।"

अनि राजा टुक्रुक्क भुइमा बसी सेठको हातबाट औंठी झिक्न निकै कोशिस गरे । पसिना आउञ्जेलसम्म कोशिस गर्दा पनि औंठी झिक्न सकेनन् ।

अनि सेठले "देव ! त्यसोभए कपडा बछ्याउनुहोस्" भनी कपडा बछ्याउन लगाई औंला सीधापारी राखिदिए । औंठीहरू

औंलाबाट खुत्रुक्क खसे। अनि सेठले "देव ! यसरी मकहाँ भएको कुनै पनि वस्तु मेरो इच्छाविना कसैले लिन सक्दैन" भनी भने। राजाको यस कार्यकलापबाट सेठ विरक्तिई "हे देव ! मलाई प्रव्रजित हुने आज्ञा दिनुहोस्" भनी निवेदन गरे। "यी सेठ प्रव्रजित भएमा यिनको प्रासाद मैले सजिलैसँग लिन सक्नेछु" भन्ने मनमा राखी राजाले एकै वचनमा "हुन्छ प्रव्रजित होऊ" भनी आज्ञादिए। उनी शास्ताकहाँ गई प्रव्रजित भए। प्रव्रजित भएको केही समयमै उनी अरहन्त पनि भए। अनि उनको नाम जोतीय स्थविर भन्ने रहनगयो। उनी अरहन्त हुनेबित्तिकै उनका सारा सम्पत्तिहरू लोप भए[1]।

थेरगाथा अट्ठकथा[2] अनुसार बिम्बिसार राजाका शीलव भन्ने एक अर्का छोरा थिए। यिनी ठूला भएपछि यिनलाई मार्ने इच्छा गरी अजातशत्रु राजाले अनेक उपाय गरेर पनि मार्न सकेनन्। पछि उनी महामौद्गल्यायन स्थविरको सहायताद्वारा भगवान्कहाँ भिक्षु भई अरहन्त भए। त्यसपछि उनी श्रावस्तीमा बस्नथाले। अजातशत्रु राजाले उनलाई श्रावस्तीसम्म पनि मानिसहरू पठाई मार्न पठाएका थिए। किन्तु मार्न गएका मानिसहरू सबै उनको धर्मोपदेश सुनी भिक्षु भएका थिए।

× × ×

१. धम्म. प. अ. क. पृ. ८४५: जोतियत्थेरवत्थु, ब्राह्मणवर्ग।
२. I. पृ. ५३६: सीलवत्थेरगाथा अट्ठकथा।

देवदत्तलाई सहयोग

अजातशत्रुले पितृहत्या गरिसकेपछि एकदिन देवदत्त अजातशत्रुकहाँ गई "महाराज ! तपाइँको मनोरथ पूरा भइसक्यो अब मेरो मनोरथ पूरा गर्न बाँकी छ" भनी भन्दा अजातशत्रुले "भन्ते ! त्यसोभए भन्नुहोस् मैले के गर्नुपर्‍यो" भनी भन्दा देवदत्तले "महाराज ! अब बुद्धलाई हत्या गरी म पनि बुद्ध हुनेछु । अतःएव तपाइँले त्यसको लागि मानिसहरूलाई मैले अह्राए बमोजिम गर भन्ने आज्ञा दिनुहोस्" भनी भने[1] ।

अनि अजातशत्रुले "देवदत्तले जसो भन्नुहुन्छ त्यसो गर" भनी मानिसहरूलाई खटाइदिए । यसरी अजातशत्रुले बुद्धको हत्या गर्नको निमित्त पनि सहायता गरे । जुन कुरा तल उल्लिखित 'देवदत्तलाई सहयोग' भन्ने शीर्षकको मूल सूत्रको कुराबाट प्रष्ट भएको छ ।

अजातशत्रुले पठाएका मानिसहरू लगाई बुद्धको हत्या गर्न नसकेपछि अजातशत्रुकै सहायता लिई गृद्धकूट पर्वतबाट ढुंगा खसाली देवदत्तले बुद्धको हत्या गर्ने प्रयत्न गरेका थिए । यसबाट बुद्धलाई चोट लागेको थियो । यस कार्यबाट पनि बुद्धलाई मार्न नसकेपछि देवदत्तले अजातशत्रुको नालागिरि वा धनपाल भन्ने प्रचण्ड हात्ती पठाई मार्ने कुनियत गरे ।

---

१. जा. अ. क. VII. पृ. १११: खण्डहाल जातक, नं. ५४२.

अजातशत्रुले पनि "देवदत्तले भन्नुभए बमोजिम नालागिरि हात्तीलाई पठाउनू" भन्ने आज्ञा दिए[1] ।

जब देवदत्तले नालागिरि हात्ती मागे तब अजातशत्रु राजाले माहुतेलाई बोलाई यसो भने—

"सौम्य ! भोलि बिहान सबेरै नालागिरि हात्तीलाई रक्सी पिलाई मत्तपारी मत्याई श्रमण गौतम भिक्षाटन्को निमित्त आउने बाटोमा छोडिदेओ[2] ।"

यतिञ्जेलसम्म अजातशत्रुले देवदत्तलाई मद्दत दिइरहेको कुरा कसैलाई थाहा थिएन गोप्य नै थियो । जब बुद्ध भगवान् भिक्षाटन् गइरहेको राजगृहको बाटामा नालागिरि हात्तीलाई छाडिदिए तब अजातशत्रुले देवदत्तलाई मद्दत गरिरहेको कुरा प्रकट भयो ।

अनि मानिसहरू अजातशत्रु राजाको निन्दा गर्दै कराउन थाले—देवदत्तको कुरा सुनी आफ्नो पिताको पनि हत्या गरे । बुद्धलाई मार्नको निमित्त मानिसहरू पनि पठाए । गृद्धकूटबाट ढुंगा खसाल्न पनि मद्दत गरे । अहिलेचाहिं यो प्रचण्ड नालागिरि हात्तीलाई पनि छाडिदिए । यस्ता शासनको काँढा समान चोर देवदत्तको मद्दत गर्दछन् !"

---

१. धम्म. प. अ. क. पृ. ८७–८८: देवदत्तवत्थु, यमकवर्ग; उहीं पृ. ३६६: जीवकवत्थु, अरहन्तवर्ग; दी. नि. अ. क. I. पृ. १७२–७५: सामञ्ञफलसुत्तवण्णना ।

२. जा. अ. क. VI. पृ. १८५: चुल्लहंम जातक, नं. ५३३.

"राजा जस्ता भएर पनि देवदत्त जस्ता चोर शासनको काँढालाई अंगालि हिंडदैछन्" भन्ने होहल्ला सारा नगरमा बेसरी फैलिएको कुरा सुनेपछि त्यहाँदेखि अजातशत्रु राजाले देवदत्तलाई पठाइरहेका पाँचशय थाली पक्वान्न भात पठाउन छाडिदिए। उनको उपस्थानमा पनि गएनन्। देवदत्तको सत्संगत गर्न पनि छाडिदिए[1]।

देवदत्तसँग सत्संगत गर्नुभन्दा अगाडि अजातशत्रु आफ्ना पिता बिम्बिसार राजासँग बुद्धकहाँ जाने कुरा माथि पनि चर्चा गरिसकेको छु। तर देवदत्तको सत्संगतपछि आफ्ना पिताको हत्या गरे। अनि उनी बुद्धकहाँ जान सकेनन्[2]।

× × ×

---

१. सम. पा. II. पृ. ८३०–३१: वात्तिसतिमपाचित्तियं; धम्म. प. अ. क. पृ. ८८: देवदत्तवत्थु, यमकवर्ग; इति. वु. अ. क. पृ. ८४: संघभेदसुत्तवण्णना।

२. दी. नि. अ. क. I. पृ. १७२: सामञ्ञफलसुत्तवण्णना।

पितृहत्यापछि मानसिक अशान्ति

स्रोतापन्न भएका परम बुद्ध उपस्थाक धार्मिक धर्मराजा भएका आफ्ना पिताको हत्या गरिसकेपछि अजातशत्रुको मनमा कत्ति पनि शान्ति भएन। कुनै प्रकारको चैन थिएन। उनले राज्यसुखानुभव पनि गर्न सकेका थिएनन्। दिन वा रातमा सुत्छु भनी आँखा चिम्लिने बित्तिकै आँखामा तीरले घोचे जस्तो लागी आँखामा खुर्सानी हालेको जस्तो लागी तुरन्तै विछ्यानबाट उठ्दथे। किन के भयो भनी सोध्दा केही भएको छैन भनी भन्दथे। त्यसैले उनको नीद अप्रिय तथा अमनाप थियो[1]।

वनारसमा एक कंजूस तथा अश्रद्धालु सेठ थिए। उनकी छोरीको राजगृह नजिकको अन्धकविन्द भन्ने गाउँमा विवाह भएको थियो। यी गृहपति मरेपछि एक प्रेत भए। उता अन्धकविन्दमा बस्ने उनकी छोरी बाबुको नाममा ब्राह्मणहरूलाई दानदिने तयारी गरिरहेकी थिई। अनि सो प्रेतले यो कुरा थाहापाई छोरीको घरमा जान्छु भनी गइरहेको वेलामा राजगृहमा पुगेका थिए।

यसैबेला निदाउन नसकी डरलाग्दो स्वप्न देखी उठेका अजातशत्रु राजा प्रासादको माथिल्लो तलामा गई डुलिरहेका थिए। त्यसबेला यी प्रेतलाई देखेर कुनै श्रमण होलान् भन्ने विचारले राजाले यसो भने—

---

१. दी. नि. अ. क. I. पृ. १६०: सामञ्ञफलसुत्तवण्णना।

"नग्गो किसो पब्बज्जितोसि भन्ते,
रत्ति कुहिं गच्छसि किस्सहेतु ।
आचिक्ख मे तं अपि सक्कुनेमु,
सब्बेन वित्तं पटिपादये तुवन्ति ॥"

अर्थ —

"भन्ते ! तिमी नाङ्गा र दुब्ला प्रव्रजित छौ । यस्तो रातको समयमा तिमी के कामले कहाँ जाँदैछौ ? तिमी के चाहन्छौ भन । म तिम्रो इच्छा पूरा गरिदिने छु ।"

यो सुनेर सो प्रेतले आफू प्रेत भएको र आफ्नी छोरीले दिनलागेको दानको फल पाउने आशाले जान लागेको कुरा सुनाए । यो पनि राजालाई भने कि अघि उनी दानको फललाई विश्वास गर्दैनथे । अब विश्वास हुन थाल्यो । यति सुनेर अजातशत्रु राजाले "त्यसोभए दानको फल पाए नपाएको कुरा मलाई सुनाउन आऊ । म तिम्रो कुरा सुन्नेछु" भनी भने ।

सो प्रेत गएर अदक्षिणेयहरूलाई दान दिइरहेको देखेर फर्केर पुनः राजाकहाँ आए । अनि राजाले "यदि मैले गर्नुपर्ने केही छ भने भन म गर्नेछु" भनी भन्दा उनले "त्यसोभए बुद्ध र सङ्घलाई अन्नपान वस्त्रादि दानदिएमा म सुखी हुनेछु" भनी भनेको कुरा सुनी उसैदिन विहान अनुपम भएका सङ्घलाई राजाले आफ्नै हातले दानदिई पुण्यानु-

मोदन गराए। सो प्रेत पनि सुखी तथा मुदित भई राजालाई आफ्नो प्रभावशाली रूप देखाएर गए[१]।

उता देवदत्त लाभसत्कारबाट परिहानी भई अभव्य भएर विरामी भएपछि श्रावस्तीमा गई बुद्धको दर्शन गर्नेछु भनी जाँदा जेतवनको बाहिर पृथ्वी फुटेर जमिन भँडखारो परेको कुरा सुनी "उनको कारणले गर्दा मैले पनि मेरा धार्मिक धर्मराजा पिताको हत्या गरें। म पनि पृथ्वीमै भासिएर जानेहुँ कि क्याहो" भन्ने मानसिक भय त्रास लागी कुनै राजसुखको आस्वाद लिन सकेका थिएनन्। निदाउँछु भनी सुत्दा केहीछिनपछि नै नौ योजन बाक्लो फलामे पृथ्वीमा खसाली फलामे भालाले कोसेको जस्तै कुकुरले टोकेर लुछातानि गरेको जस्तै देखेर भयभीत भई चिच्याउँदै तुरन्त उठ्थे[२]।

उज्जैनका चण्ड प्रद्योत राजा बिम्बिसार राजाका अत्यन्त विश्वासी साथी थिए। देवदत्तको कुमन्त्रण सुनी अजातशत्रुले बिम्बिसार राजाको हत्या गरे भन्ने कुरा सुनी प्रद्योत राजाले एकदिन आफ्नो राजपरिषद्लाई "यी अजातशत्रुले मेरा प्रिय मित्र बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउनेछु भन्ने ठान्दछन्।

---

१. पेत. व. अ. क. पृ. ७९–८२: चुल्लसेट्ठिपेतवत्थु। यो कथा लेखकको बु. प्रे. पृ. १५२ मा उल्लेख भएको छ।

२. जा. अ. क. VI. पृ. १२७: सङ्किच्चजातकं, नं. ५३०; जा. अ. क. I–II. पृ. ३७७: संजीवजातकं, नं. १५०.

किन्तु उनलाई मेरा साथीका साथी म भएको कुरा जनाउनेछु" भनी सुनाएका थिए[१] ।

प्रद्योत राजाको यस कुरामा आशंका गरी अजातशत्रु राजाले राजगृह नगरको प्रतिसंस्करण पनि गराएको कुरा[२] मज्झिम-निकाय भाग–३, पृ. ६८ को गोपकमोग्गल्लान सूत्रबाट प्रष्ट हुन्छ ।

× × ×

---

१. पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना ।

२. यो प्रतिसंस्करण गर्ने काम बुद्ध परिनिर्वाण पछि धातुविभाजन गरिसकेपछि भिक्षुहरू संगायना गर्नेको निमित्त राजगृहमा आइसके-पछि गरेका हुन् भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्त-वण्णनाले उल्लेख गरेको छ ।

बुद्धकहाँ जाने इच्छा

आज कार्तिक पूर्णिमाको जुनेली रात थियो। राजगृह नगरमा ठूलो उत्सब थियो। नगरमा जताततै ध्वजा पताकाहरूले सजाएका थिए। पञ्चवर्ण फूलहरू छरिएका थिए। सडकहरू सफा सुग्घर गरिएको थियो। आ-आफ्ना घर अगाडि ढोकाहरू बनाइराखेका थिए। नगरभरी दीपावली मनाइएको थियो। रमाइलो रात थियो। आकाश स्वच्छ तथा निर्मल थियो। शीतल सुन्दर रमाइलो चन्द्रमा आकाशमा चम्किरहेको थियो। अजातशत्रु राजा पनि त्यस जुनेली रातमा प्रासादको माथिल्लो भागमा सजिसजाउ भएको काञ्चन आसनमा अनेक राजअमात्यहरूका साथ बसिरहेका थिए। भगवान् बुद्धका परम भक्त राजदरबारका सुप्रसिद्ध जीवक वैद्य पनि परिषद्को एक छेउमा बसेका थिए[१]।

यद्यपि राजा सबैसँग त्यहाँ बसेका थिए तापनि राजाको मनमा चाहिं आफ्नो पितृहत्याको कारणले गर्दा मनमा कुरा खेलिरहेको थियो। यसबाट यस जीवनमा राजाले कुनै प्रकारको आश्वासन पाउन सकेका थिएनन्। आश्वासन पाउनको निमित्त एउटै मात्र उपाय बुद्धकहाँ जाने भन्ने मनमा लागेको थियो। पितृहत्या मात्र होइन

---

१. जा. अ. क. I–II. पृ. ३७७: संजीवजातक, नं. १५०; जा. अ. क. VI. पृ. १२७: संकिच्चजातक, न. ५३०; दी. नि. अ. क. I. पृ. १६०: सामञ्ञफलसुत्तवण्णना।

बुद्ध प्रति पनि महान अपराध गरेको हुँदा एक्लै बुद्धकहाँ जाने हिम्मत गर्न सकेका थिएनन् । यो कुरा मनमा सम्झेर आउँदा उनलाई डाह हुन्थ्यो र पसिना निस्कन्थ्यो । त्यसैले के गरी कसो गरी बुद्धकहाँ जाने होला भन्ने मनमा लागेको थियो । जीवकको सहायता लिई जानुपर्‍यो भन्ने पनि मनमा लागिरहेको थियो । तर यो कुरा जीवकलाई सोझै भन्न सक्दैनथे । त्यसैले कुनै उपाय निकाली जीवकसँग बुद्धकहाँ जानुपर्‍यो भन्ने मनमा निश्चय गरी त्यस सभाबद्‌मा कुरा निकाल्दै राजाले "अहा ! आज कस्तो रमाइलो जुनेली रात छ ! यस्तो रातमा कुनै श्रमणब्राह्मणका उपासना गर्नपाए कति राम्रो हुने थियो" भन्ने जस्तो कुरा निकाले । त्यसैले तल उल्लिखित 'श्रामाण्यफल' शीर्षकको मूल सूत्रमा "आज कुन श्रमण वा ब्राह्मणको सतसंगत गरूँ जसको सत्संगत गर्दा प्रफुल्लित चित्त हुनसकोस्" भनी भनिएको हो ।

यी सबै कुरा राजाले जीवकलाई नै संकेत गरी सुनाउँदै थिए भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ[२] ।

त्यस परिषद्‌मा बुद्ध बाहेक अन्य छ शास्ताहरूलाई मान्ने मन्त्रीहरू पनि थिए । जब राजाले उक्त कुरा प्रकट गरे तब त्यहाँ भएका ती छ शास्ताका अनुयायी मन्त्रीहरूले "आज राजाले कुनै श्रमण वा ब्राह्मणकहाँ जाने इच्छा प्रकट गर्दैछन् । जसकहाँ गई जसको धर्म सुनी

---

१. दी. नि. अ. क. I. पृ. १६१ः सामञ्ञफलसुत्तवण्णना; जा. अ. क. I–II. पृ. ३७७; जा. अ. क. VI. पृ. १२८.

२. I. पृ. १६१.

राजा खुशी हुने छन् उसको ठूलो लाभ हुनेछ । यसबाट उनका अनुयायी हुनेको पनि महालाभ हुनेछ" भन्ने विचार गरी "मैले राजालाई मेरा शास्ताकहाँ लिएर जानेछु" भन्दै त्यहाँ बसिरहेका छ मन्त्रीहरूले आ-आफ्ना शास्ताको गुणवखान गर्नथाले । राजाले यी छ शास्ताका कुराहरू सुनिसकेका थिए । त्यसैले राजा यिनीहरूका कुरा सुनी चुपलागेर बसे । जुन कुरा तल अनुदित सामञ्ञफलसुत्तले पनि उल्लेख गरेको छ ।

त्यसबखत जीवक चाँहि एक छेउमा चुपलागेर बसिरहेका थिए । अनि राजाले सोच्नथाले—"जसका कुरा म सुन्न चाहन्न उनीहरू नै कुरा गर्दैछन् । जसको कुरा सुन्न चाहन्छु सो भने नागभवनमा बसेको गरुड जस्तै चुपलागेर बसेको छ । जस्तो भगवान् बुद्ध शान्तिप्रेमी हुनुहुन्छ त्यस्तै यी जीवक पनि शान्तिप्रेमी छन् । मैले नसोधेसम्म यिनले कुनै कुरा गर्ने छैनन् ।"

अरूहरू आ-आफ्ना गुरुका बयान सुनाउनमा व्यस्त थिए । जीवक चाँहि उनीहरूको कुरा सुनी चुपचाप बसिरहेका थिए । अनि उनलाई कुरा गराउन राजाले उनलाई हेरी "जीवक ! तिमी चाँहि किन चुपचाप बसेका छौ ? के तिम्रा शास्ता छैनन् ?" भनी भनेपछि जीवकले अरू मन्त्रीहरूले आ-आफ्ना शास्ताको नमस्कार गरी आसनमै बसी राजालाई कुरा सुनाए कैं कुरा नसुनाई आसनबाट उठी जुन दिशातिर भगवान् बुद्ध बसिरहनुभएको छ सो दिशातिर हेरेर पञ्चाङ्ग वन्दना गरी दुइहात जोरी शीरमा राखी यस्तो भने —

"महाराज ! यो नसोच्नुहोस् कि यी जीवक जो पायो त्यो श्रमण वा ब्राह्मणकहाँ जान्छन् । जुन श्रमणकहाँ म जान्छु, जुन श्रमणको म अनुयायी छु सो श्रमण आमाको कोखमा जाँदा, आमाको कोखबाट निस्कँदा, महाभिनिष्क्रमण गर्दा सम्बोधि प्राप्ति गर्दा तथा धर्मचक्र प्रवर्तन गर्दा दशसहस्र लोकधातु कम्पित भएको थियो । यस्तैगरी वहाँले यमकप्रातिहार्य पनि देखाउनु भएको थियो र त्रयस्त्रिंश देवलोक-बाट ओर्लिनु भएको थियो । त्यस्ता श्रमण गौतमको बारेमा म केही भन्दछु । ध्यानदिएर सुन्नुहोस् ।"

यो कुराबाट राजाको ध्यान आकर्षित गरी जीवक अगाडि भन्दछन् ।

"महाराज ! वहाँ भगवान्‌को यस्तो कल्याण कीर्ति शब्द लोकमा फैलिएको छ । वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हुनुहुन्छ । वहाँ भगवान् असल मार्गमा जानु भएको छ । वहाँ भगवान् देवमनुष्य-हरूका शास्ता हुनुहुन्छ .....।"

यसरी नौ प्रकारले बुद्धको गुण वर्णन गरे । यसरी एक एक पदको वर्णन गरिसकेपछि "महाराज ! मेरा शास्ता अरहन्त हुनुहुन्छ, सम्यक्सम्बुद्ध हुनुहुन्छ ....." भन्दै "हे देव ! त्यस्ता भगवान् बुद्धको उपासना गरी सत्संगत गर्नुहोस् । अवश्य पनि त्यस्ता भगवान्‌को सत्संगतद्वारा र उपासनाद्वारा तपाईंलाई शान्ति मिल्नेछ तपाइँको चित्त पनि प्रसन्न हुनेछ । वहाँकहाँ गई जे चाहनुहुन्छ त्यो सोध्नुहोस् । तपाइँ जस्ता शय हजार राजाहरूले प्रश्न सोधे पनि वहाँ सन्तोषजनक तथा

चित्त बुझ्नेगरी उत्तर दिन समर्थ हुनुहुन्छ । महाराज ! विश्वस्त भई तपाईं त्यहाँ गई भगवान्सँग प्रश्न सोध्नुहोस्" भनी भने ।

जीवकको सुमधुर आवाजद्वारा बुद्धको गुण सुन्दासुन्दै राजाको शरीर पञ्चवर्ण प्रीतिले भरियो । अनि उतनाघरीमै बुद्धकहाँ जाने इच्छा गरी "यस्तो बेलामा दशबल[1] बुद्धकहाँ जानको लागि जीवकले बाहेक अरू कसैले यानवाहनादिको व्यवस्था तुरन्त गर्न सक्नेछैन" भन्ने सोचेर "त्यसोभए जीवक ! हस्तीयानहरू तयार गर बुद्धकहाँ जानेछु" भनी आज्ञादिए[2] ।

× ⊠ ⊠

---

१. 'दशबल' भनेको तथागतको विशेषण हो । तथागतमा दशबलको गुण छ । यी दशबलको बारेमा लेखकको बु. श्रा. च. भा–३, पृ. २९६ मा उल्लेख भएको छ ।

२. दी. नि. अ. क. I. पृ. १६१–६७: सामञ्ञफलसुत्तवण्णना ।

बुद्धकहाँ गए

त्यसबखत राजगृहको प्राकार र गृद्धकूट पर्वतको बीचमा पर्ने जीवककै आम्रवनमा भगवान् बुद्ध साँढे बाहशय भिक्षुहरूका साथ शान्तपूर्वक बसिरहनुभएको थियो ।

यानवाहनहरू धेरै प्रकारका छन् । जस्तै— रथहरू, घोडाहरू, पाल्कीहरू तथा हात्तीहरू । घोडा र रथबाट जाँदा आवाज धेरै आउँछ । टाढैबाट पनि आवाज सुनिन्छ । रात्रीको अवस्थामा शान्तपूर्वक बसिरहनुभएका बुद्धकहाँ जाँदा होहल्ला गरी जानु उचित हुने छैन । हात्तीमा जाँदा चाहिं आवाज आउँदैन । अतः हात्ती नै उत्तम छ । उतम पुरुषकहाँ जान उत्तम यानबाट नै जानुपर्छ । हात्तीको पछि पछि लागेर गएता पनि आवाज सुनिंदैन । शान्त हुनु भएका बुद्धकहाँ जान शान्तपूर्वक नै जानुपर्छ भन्ने विचार गरेर राजाले "हात्ती यान तयार पार" भनी भन्नुभएको हो भनी सुमङ्गलविलासिनीले उल्लेख गरेको छ । त्यसैले तल उल्लिखित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रमा "सौम्य जीवक ! त्यसोभए हस्तीयानहरू तयार पार्न लगाऊ" भनी उल्लेख भएको हो ।

अनि जीवकले आफ्नो बुद्धि खेलाई राजाले नभने ता पनि यात्राको लागि भव्यरूपले तयारी गरे ।

---

१. I. पृ. ६७: सामञ्ञफलसुत्तवण्णना; जा. अ. क. I–II. पृ. ३७७–७८, नं. १५०; जा. अ. क VI. पृ. १२७–२८, नं. ५३०.

"राजा चाहिं यस्तो रातमा भगवान्‌कहाँ जाने इच्छा गर्दछन् । राजाहरूका धेरै विरोधी शत्रुहरू हुन्छन् । यदि बीच बाटामा राजालाई केही भएको खण्डमा 'राजाले आफूले भनेको कुरा सुन्दछन् भन्दै जीवक यस्तो असमयमा पनि राजालाई लिएर नगरबाट बाहिर निस्कन्छन्' भन्ने निन्दा मलाई गर्नेछन् । भगवानलाई पनि 'असमयमा आएका राजालाई श्रमण गौतम उपदेश गर्छन्' भन्ने निन्दा गर्न सक्छन् । अतः जसो गर्दा मेरो पनि बुद्धको पनि निन्दा नहुने हो त्यसोगरी आरक्षा सम्पन्न गरी प्रबन्ध गर्नुपर्छ" भनी जीवकले सोचे ।

अनि "स्त्रीहरूको कारणबाट पुरुषहरूलाई भय उत्पन्न हुने छैन" भन्ने ठानी "पाँचशय ढोईहरूमा राजदरबारका पाँचशय स्त्रीहरूलाई पुरुषभेष लिन लगाई ढाल तरबार आदि लिन लगाई राजालाई लैजानु पर्‍यो" भनी पाँचशय स्त्रीहरूलाई तयार पार्न लगाई एक एक हात्तीमा एक एक जना पुरुष भेषका स्त्रीलाई बसाले । जीवकले यस्तो पनि सोचे "यी राजालाई यस जीवनमा कुनै मार्गफल लाभहुने उपनिश्रय छैन । बुद्धहरूले भने कसैको उपनिश्रय हेरेर उपदेश गर्नुहुन्छ । अतः किन मैले महाजनहरूलाई पनि भेला नगराऊँ । यस्तो भएमा शास्ताले कसैको उपनिश्रय देखनुभई धर्मोपदेश गर्नु हुनेछ । महाजनहरूको निमित्त यो लाभदायी हुनेछ ।"

यति सोचेर उनले भेला हुनको निमित्त ठाउँ ठाउँमा तुरन्त खबर पठाए । "आज राती राजा भगवान्‌कहाँ जाँदैछन् । सबैले आ-आफ्नो प्रभाव अनुसार राजाको रक्षा गरून्" भन्ने झोपा पनि लगाइदिए ।

यो सुनेर महाजनहरूले विचार गरे —"राजाचाँहि भगवान्कहाँ जाँदैछन्। त्यहाँ आज कस्तो धर्मोपदेश हुनेछ होला ! यो उत्सवले हामीलाई के गर्छ र ! उहीं जानुपऱ्यो" भन्दै हातमा फूलमाला र सुगन्धित धूपहरू लिई राजाको प्रतीक्षामा मानिसहरू बाटामा उभिइरहे। अनि जीवकले राजालाई यानहरू तयार भए भनी निवेदन गरे। अङ्ग मगध गरी ३०० योजनमा आज्ञा चल्ने राजा कमरमा खड्ग भिरी पाँचशय पुरुष भेषधारी स्त्रीहरूका साथ आफ्नो राजकीय प्रभाव देखाउँदै हातमा मणिमय दण्ड लिई निस्के[1]। त्यसैले तत्व अनुदित "श्रामण्यफल" भन्ने मूल सूत्रमा "अनि प्रत्येक पाँचशय हात्तीहरूमा एक एक स्त्री राखी......प्रस्थान गरे" भनी उल्लेख भएको हो।

त्यो राजकीय यात्रा यसप्रकार थियो—

सोह्रहजार राजकीय नर्तकी स्त्रीहरूले घेरा लगाए। यसको अन्त तिर लंगडा बाहुन्नेहरू थिए। त्यसको आखिरी तिर अन्तपुर पालक विश्वासीहरू थिए। त्यसको आखिरीमा रंगीविरंगी गरी सजाएका साठीहजार महामात्यहरू थिए। त्यसको अन्तमा विविधाकारले अलंकृत तथा नानाप्रकारका आयुधहरू हातमा लिएका नब्बेहजार जति विद्याधर तरुण नागरिकहरू थिए। त्यसको लगत्तै पछि शय मूल्य जाने लुगा लगाई पाँचशय मूल्य जाने पछ्यौरा एकांश पारी मुखमा लेप लगाएका सुनका अनेक किसिमका आभरणहरू लगाएका दशहजार जति

---

१. दी. नि. अ. क. I. पृ. १६७–६९: सामञ्ञफलसुत्तवण्णना।

ब्राह्मणहरू दाहिने हात उठाई जय जयकार गर्दै गएका थिए। त्यसपछि पञ्चांगिक तूर्यहरू र त्यसको अन्तमा धनुषधारीहरूले घेरा लगाएका थिए। त्यसपछि गर्दनले गर्दन जोडेर हिंडेका घोडाहरूको पंक्ति थियो। घोडाको पंक्तिपछि उसले उसलाई छुनेगरी रथपंक्ति थियो। रथपंक्तिको आखिरीमा थपडी बजाइरहेका योद्धाहरू थिए। त्यसपछि आफ्ना आफ्ना आभरणहरूले सुसज्जित अठार पल्टनहरू थिए। जसको छेउमा बसेर कसैले हानेको बाँण राजाकहाँ पुग्न सक्तैनथ्यो।

यसरी संविधान गरी "यदि केही विघ्न भएमा राजाको निमित्त आफूले ज्यान दिने छु" भन्ने विचारलिई जीवक कौमारभृत्य राजाको नजिकबाट हिंडिरहेका थिए। त्यस भिडमा यति शय वा यति हजार चिराकहरू थिए भनी गिन्तिगर्न सकिन्नथ्यो। यस्तो राजकीय लीला गरी राजा जीवकको आम्रवनतिर गए[१]।

राजगृह नगरमा चौसट्ठी (६४) वटा स्याना स्याना द्वारहरू र बत्तीस (३२) वटा ठूला ठूला ढोकाहरू छन्। जीवकको आम्रवन चाहिं नगर प्राकारको र गृद्धकूट पर्वतको बीचमा पर्दथ्यो। अनि पूर्वी ढोकाबाट निस्की पर्वतको छाया भएको ठाउँतिर पुग्न गयो। त्यसबखत पर्वतको टुप्पोले चन्द्रमा छेकिएको थियो। पर्वतको छाया र रुखहरूको छायाले अँध्यारो जस्तो लागेको थियो। त्यसैले मूल सूत्रमा आम्रवनको नगिचमा पुग्दा राजालाई भय र त्रास लागेको थियो भनी उल्लेख भएको हो।

१. दी. नि. अ. क. I. पृ. १६९-७० सामञ्ञफलसुत्तवण्णना।

यस सम्बन्धमा अर्थकथाले[1] यसो लेख्दछ— राजालाई भय र त्रास लागेको अँध्यारो भएकाले हो। यो पनि उल्लेख गरेको छ कि अँध्यारो भएर होइन। किन भने त्यहाँ अँध्यारो भनेको छँदै थिएन। त्यहाँ हजारौं चिराकहरू थिए। खास कुरा के थियो भने निःशब्दता देखेर जीवकमाथि राजाको मनमा आशंका लागेको थियो। जीवकले चाहिं प्रासादमाथि भनेका थिए कि भगवान्‌कहाँ जाँदा निःशब्दताले जानुपर्छ। भगवान् निःशब्दप्रेमी हुनुहुन्छ। त्यसैले राजाले बाजागाजाहरू सबै बन्द गराएका थिए। कुरा गर्दा पनि बिस्तारै कुरा गर्दै गएका थिए। आम्रवनमा बसिरहेका साँढे बाह्रसय भिक्षुहरूको पनि कुनै प्रकारको आवाज सुनिन्नथ्यो। राजाहरू चाहिं होहल्ला जस्ता आवाजहरू रुचाउने हुन्छन्। अतः उनको मनमा यस्तो आशंका लाग्यो—

"यी जीवक मलाई भन्दथे कि आम्रवनमा साँढे बाह्रसय भिक्षुहरू बस्दछन्। यतिका भिक्षुहरू बसेको ठाउँबाट कुनै पनि आवाज आएको सुनिन्दैन। मलाई छकाई जीवकले नगर बाहिर ल्याई अगाडि-तिरबाट सेनाबलहरू ल्याई मलाई समाती आफैंले छत्र धारण गर्ने त होइनन्! यिनमा पाँच हात्तीको बल छ। मेरो नजिकैबाट पनि हिंडदैछन्। मेरो नजिकमा शस्त्र लिएका अरू मानिसहरू पनि कोही छैनन्। अहो! मेरो अनर्थ हुनलाग्यो!"

यस्तो मानसिक भय र त्रास भएपछि भय र त्रास लागेको जस्तो नगरी बस्न नसकेपछि आफूमा भय र त्रास भएको कुरा प्रकाश पार्दै राजाले तल अनुदित मूल सूत्रमा यसो भनेका हुन्—

---

१. दी. नि. अ. क. I. पृ. १७०–७१.

"सौम्य जीवक ! के तिमीले मलाई छकाएका त होइनौ ? सौम्य जीवक ! के तिमीले धोका दिएका त होइनौ ! सौम्य जीवक ! के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ ! त्यत्रो ठूलो साँढे बाह्रशय महान भिक्षुसङ्घको न खकारेको आवाज सुनिन्छ न त खोकेको आवाज नै सुनिन्छ न त कुनै आवाज नै सुनिन्छ ।"

राजाको यो कुरा सुनी जीवकले "यी राजाले मलाई चिनेका छैनन् । जीवकले कुनै प्राणीको हत्या गर्दैन भन्ने पनि यिनलाई थाहा छैन । अतः यदि मैले यिनलाई आश्वासन दिइन भने अनर्थ हुनसक्छ" भन्ने सोचे । अनि दृढतापूर्वक आश्वासन दिंदै "महाराज ! नडराउनुहोस्, नडराउनुहोस्" भनी जोर दिएर भने । अनि अगाडि बढाउँदै लगी "महाराज ! ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ । चोर वा शत्रुहरू भए बत्ती बाली बस्दैनन् । यही बत्तीलाई हेरेर अगाडि बढ्नुहोस् !" भनी जीवकले भने[1] ।

अनि जतिसम्म बाटोमा हात्तीबाट जानसक्ने हो त्यतिसम्म हात्तीमा गई विहारको बहिद्वारमा पुगी हात्तीबाट ओर्ले । हात्तीबाट ओर्लिनेबित्तिकै राजाको शरीरमा भगवान्को तेजले प्रभावित पार्‍यो । अनि त्यतिखेरै राजाको शरीरबाट पसिना निस्कन थाल्यो । कपडाहरू निचोर्नुपर्ने जस्तो भयो । आफूले गरेको अपराधको संस्मरण भई महान भय पनि हुनथाल्यो । अनि राजा सोधा भगवान्कहाँ जान नसकी जीवकको हात समाती आराम चारिका गर्ने जस्तो गरी "सौम्य

१. दी. नि/अ. क. I. पृ. १७१–७२.

जीवक ! तिमीले बडो राम्रो गरेका रहेछौ ! यो तिमीले राम्रो बनायौ !" भन्दै विहारको वर्णन गरी क्रमशः जहाँ मण्डलमालको ढोको हो त्यहाँ गए । त्यहाँ पुगेपछि नजाने नदेखे जस्तो गरी राजाले "भगवान् कहाँ हुनुहुन्छ नि ?" भनी जीवकसँग सोधे । त्यसैले अगाडि अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रमा "सौम्य जीवक ! भगवान् कहाँ हुनुहुन्छ" भनी उल्लेख भएको हो ।

यो सुनेर जीवकलाई यस्तो लाग्यो—"यी राजा पृथ्वीमा बसेर पृथ्वी कहाँछ भन्ने जस्तो गरी आकाशमा हेरेर चन्द्रमा कहाँछ भन्ने जस्तो गरी र सुमेरु मनि बसेर सुमेरु कहाँछ भन्ने जस्तो गरी दशबलको अगाडि बसेर भगवान् कहाँ हुनुहुन्छ भन्छे सोध्दैछन् ।"

अनि जीवकले भगवान्लाई नमस्कार गर्दै देखाइदिए । त्यसैले मूल सूत्रमा "महाराज ! भगवान् यहाँ हुनुहुन्छ । महाराज ! भगवान् यहाँ माझको स्तम्भमा अडेसलिई......बसिरहनु भएकोछ" भनी भनिएको हो ।

जीवकले भगवान्लाई देखाइदिएपछि कसैलाई बाधा नहुने ठाउँको एक छेउमा राजा उभिइरहे । अनि त्यहाँ भेला भएका त्यतिका राजपरिषद र त्यतिका स्त्रीहरू प्रति शान्तस्वभाव भएका कुनै पनि भिक्षुको आँखा नगएको देखेर तथा कुनै पनि भिक्षुको हात खुट्टा चंचल भएको नदेखेर राजा सारै प्रभावित भए । अनि बार बार स्वच्छ तथा निर्मल भई शान्तेन्द्रिय भएका भिक्षुसङ्घमाथि हेरी "अहो मेरो छोरा

उदयभद्र पनि यसरी नै शान्त भइदिए कति हुन्थ्यो" भन्दै उद्‌गार प्रकट गरे।

उद्‌गारको रहस्य चाहिं राजाको मनमा अर्कै थियो। जब उनले शान्त भएका भिक्षुसङ्घ देखे तब उनको मन एकसक्क छोरामाथि पर्नगयो। छोरा पनि यस्तै शान्त भए हुन्थ्यो भनी भनेको मतलब यस्तो थियो—

"मेरो छोरा अहिले वालक नै छ। मलाई तन्नेरी देखेर उसले बाजे छोइ त भनी सोच्न सक्छ। अनि बाजेलाई छोराले मारे भन्ने सुनेर उसको मनमा पनि त्यसो भए मैले पनि मेरा बाबुलाई मारेर राज्य लिनुपर्‍यो भन्ने ठान्न सक्छ। अहो उसको मनमा यस्तो नभइदिए हुन्थ्यो भन्ने कुरामा ध्यान दिई उनले 'अहो मेरो छोरा पनि यस्तै शान्त भए हुन्थ्यो' भनी भनेका हुन्[1]।"

नभन्दै पछि उदयभद्रले आफ्ना बाबु अजातशत्रुलाई मारिहाले। यति मात्र होइन पाँच पुस्तासम्म यिनीहरूका खान्दानमा छोराले बाबुलाई मारेका थिए।

अजातशत्रुले आफ्ना पिता बिम्बिसारलाई मारे। उदय-भद्रले आफ्ना पिता अजातशत्रुलाई मारे। महामुण्डकले आफ्ना पिता उदयभद्रलाई मारे। अनुरुद्रले आफ्ना पिता महामुण्डकलाई

---

१. दी. नि. अ. क. I. पृ. १७२–७४: सामञ्ञफलसुत्तवण्णना।

मारे। नागदासले आफ्ना पिता अनुरुद्धलाई मारे। नागदासलाई चाहिं यो वंशघातक हो भनी नागरिकहरूले मारे[1]।

भिक्षुसङ्घलाई हेरी अजातशत्रु राजा उभिइरहेको बेलामा भगवान्‌ले "मैले कुरा ननिकालेसम्म राजाले मसँग कुरा गर्न सक्ने छैनन्" भन्ने कुरा बुझ्नुभई उनले उद्‌गार प्रकट गरेपछि "राजा ! तपाईंले प्रेम अनुरूप आचरण गर्नुभयो" भनी भगवान्‌ले कुरा निकाल्नु भयो। अनि राजाको मनमा यस्तो लाग्यो—

"अहो आश्चर्य बुद्धगुण ! म जस्तो अपराधी कोही छैन। मैले भगवान्‌का अग्र उपस्थाक राजालाई हत्या गरें। देवदत्तको कुरा सुनी बुद्धलाई मार्नको निमित्त मानिसहरू पठाएं। मेरो सहायता पाई देवदत्तले ढुंगा खसाले। नालागिरि जस्तो प्रचण्ड हात्तीलाई मैले छाडिदिएं। यस्ता अपराधीसँग भगवान् प्रसन्न मुद्राले कुरागर्दै हुनुहुन्छ। अहो ! भगवान् कति अकम्प्य हुनुहुन्छ ! यस्ता शास्तालाई छाडी बाहिरका अरू कुनै पनि शास्ताको उपासना गर्ने छैन" भन्ने मनमा राखी अत्यन्त प्रसन्न भई भगवान्‌लाई अभिवादन गरी भिक्षुसङ्घलाई नमस्कार गरी राजा एक छेउमा बसे[2]।

त्यसपछि केही कुरा सोध्न चाहन्छु भनी राजाले आज्ञा मागे। भगवान्‌ले पनि उनलाई प्रश्न सोध्नमा उत्साहित पार्नुहुँदै "सोध्नुहोस्

---

१. दी. नि. अ. क. I. पृ. १७४.

२. दी. नि. अ. क. I. पृ. १७५.

राजन् ! जे चाहनुहुन्छ त्यो सोध्नुहोस्" भनी भन्नुभयो । त्यसपछि राजाले आफूलाई लागेका कुराहरू सोधे । भगवान्ले उत्तर दिनुभयो । जुन कुरा अगाडि अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रमा वर्णित भएको छ[१] ।

× × ×

१. दी. नि. अ. क. I. पृ. १७६.

उपासकत्व ग्रहण

भगवान्को उपदेश सुनिसकेपछि राजा अत्यन्त प्रसन्नभई "धन्य ! धन्य !" भन्दै लोकोत्तर र लौकिक शरणहरूमध्ये लौकिक शरणलिंदै बुद्ध, धर्म र सङ्घको शरणमा गई राजाले आजीवन उपासकत्व ग्रहण गरे।

यसपछि राजाले भगवान्सँग क्षमा पनि मागे। भविष्यमा संयम गर्ने प्रतिज्ञा पनि गरे। जुन कुरा आर्यविनय अनुसार अभिवृद्धिको चिन्ह हो। भगवान्ले पनि क्षमा गर्नुभयो। अनि राजा "धेरै काम छ" भन्दै भगवान्लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्के।

राजा गइसकेपछि भिक्षुहरूलाई सम्बोधन गर्दै भगवान्ले "भिक्षुहो! यदि राजाले पितृघात नगरेका भए यसै आसनमा उनलाई मार्गफल प्राप्ति हुने थियो। किन्तु उनले आफ्नो खाडल आफैले खने जस्तै पितृघात गरेका हुनाले मार्गफल प्राप्त गर्न सकेनन्" भनी भन्नुभयो[1]। जुन कुरा अगाडि अनुदित "श्रामण्यफल" भन्ने शीर्षकको मूल सूत्रको अन्त्यमा उल्लेख भएको छ।

मज्झिमनिकाय भाग-३, पृ. १२७ बहुधातुक सूत्रले "(१) दृष्टि-सम्पन्न पुरुषले मातृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले मातृहत्या गर्नसक्छ भन्ने कारण हुनसक्छ। (२) दृष्टि-सम्पन्न पुरुषले पितृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु

---

१. दी. नि. अ. क. I. पृ. २६३: सामञ्ञफलसुत्तवण्णना।

पृथक्जनले पितृहत्या गर्नसक्छ भन्ने कारण हुन सक्छ। (३) दृष्टिसम्पन्न पुरुषले अरहन्तको हत्या गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्-जनले अरहन्तको हत्या गर्नसक्छ भन्ने कारण हुन सक्छ। (४) दृष्टि-सम्पन्न पुरुषले द्वेषचित्त लिई तथागतको शरीरबाट रक्तपात गराउन-सक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले तथागतको शरीरबाट रक्तपात गराउनसक्छ भन्ने कारण हुन सक्छ। (५) दृष्टिसम्पन्न पुरुषले संघभेद गर्नसक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले संघभेद गर्नसक्छ भन्ने कारण हुन सक्छ र (६) दृष्टिसम्पन्न पुरुषले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुन सक्दैन। बरु पृथक्जनले अरू शास्तालाई मान्न सक्छ भन्ने कारण हुन सक्छ" भनी जुन कुरा उल्लेख गरेको छ त्यसबाट हामा भन्न सक्छौं कि अजातशत्रु राजा पृथक्जन भएकाले नै उनले पितृघातको अपराध गरेका हुन्। यो कर्म चाहिं पञ्चआनन्तरिय कर्ममध्ये एक हुनगएको छ। जुन कर्म हुँदा यस जीवनमा कुनै मार्गफल प्राप्त गर्न सक्दैन। किनभने मातृघात, पितृघात, अरहन्तघात, बुद्धको शरीरबाट रक्तपात, संघभेद तथा दुष्प्राज्ञताले कुनै हालतमा पनि यस जीवनमा मार्गफल प्राप्त गर्न सक्दैन भनी अङ्गुत्तर-निकाय छक्कनिपातको पृ. १३७ र १४० का वोरोपित र ततिय अभब्बट्ठानसुत्तले उल्लेख गरेका छन्। पञ्चआनन्तरिय कर्मको सम्बन्धमा विश्लेषण भएको कुरा पपञ्चसूदनी IV. पृ. ७५-७८ बहुधातुकसुत्तवर्णनामा उल्लेख भएको पाइन्छ।

यदचपि यो धर्मोपदेश सुनी राजाले कुनै मार्गफल प्राप्त गर्न सकेनन्। तर यसबाट राजाले धेरै आश्वासन पाई धेरै मानसिक शान्ति

पाएका थिए। जहिलेदेखि यी राजाले आफ्ना पिताको हत्या गरे तबदेखि यिनले दिन वा रातमा सुत्दा राम्ररी निदाउन सकेका थिएनन्। शास्ता छेउ आएर मधुर धर्मोपदेश सुनेदेखि यिनले राम्ररी निदाउन पनि सके। यति मात्र होइन त्यहाँदेखि उनले बुद्धशासनको निमित्त ठूलो सत्कार पनि गरे। पृथक्जन श्रद्धा राख्नेहरूमध्येमा यिनी जस्ता ठूला अरू कोही थिएनन् भनी सुमंगलविलासिनीले उल्लेख गरेको छ भने शक्र देवेन्द्रले पनि त्यस्तै भनेको कुरा महापरिनिब्बानसुत्तवण्णनाले उल्लेख गरेको पाइन्छ[२]।

भविष्यमा उनी 'विाजतावी' भन्ने प्रत्येकबुद्ध भई परिनिर्वाण हुने छन् भनी सामञ्ञफल सूत्र वर्णनाले[३] उल्लेख गरेको छ। यी सबै धर्मश्रवणको प्रत्यक्ष फल हो भनी भन्न सकिन्छ।

× × ×

---

१. I. पृ. २६३: सामञ्ञफलसुत्तवण्णना।

२. दी. नि. अ. क. II. पृ. ३२५–२६.

३. I. पृ. २६३.

विविध पक्ष

एकदिन देवदत्तका उपस्थाक उपक मण्डिकापुत्र गृद्धकूटमा बसिरहनु भएका भगवान्‌कहाँ गई देवदत्तको बारेमा बुद्धले के भन्दा रहेछन् भन्ने कुरा जान्नको लागि त्यहाँ गए। त्यसबखत उनले भगवान्‌लाई होच्याएर कुरा गरेका थिए। पछि त्यहाँबाट फर्कर आई उनी अजातशत्रु राजाकहाँ गई भगवान्‌संग यस्तो यस्तो ढंगले कुरा गरी आएँ भनी सुनाउँदा राजा रिसाएर उनलाई निकालि दिए[१]।

× × ×

एकदिन भेला भएका तीर्थियहरूले यस्तो कुरा गर्न थाले—

"आवुसो तिमीलाई थाहाछ के भगवान् बुद्धलाई के कारणले लाभसत्कार भएको हो ?"

"अहँ, थाहा छैन।"

"तिमीलाई थाहा छ त ?"

"मलाई थाहाछ। भगवान् बुद्धका महामौद्गलयायन भन्ने एकजना शिष्य छन्। तिनी देवलोक र नरकलोकमा गई आउँछन्।

१. अं. नि–४, पृ. १९३: उपकसुत्तं, अ. क. II. पृ. ५५४ यी उपक मण्डिका पुत्रका कुरा लेखकको बु. गृ. भा-२, पृ. ५४ मा उल्लेख भएको छ।

अनि मानिसहरूलाई 'यस्तो यस्तो गरेमा देवलोकमा उत्पन्न हुन्छ र यस्तो यस्तो गरेमा नरकलोकमा उत्पन्न हुन्छ' भनी उनी सुनाउँछन् । यो सुनेर मानिसहरू धेरै सत्कार गर्छन् । यदि हामीले उनलाई मार्न सक्यौं भने सो लाभसत्कार हामीले पाउन सक्छौं ।"

त्यसपछि उनीहरू सबैको ऐक्यमत भई एक उपायद्वारा उनलाई मार्नुपर्छ भन्ने कुरामा सहमत भए ।

त्यसपछि आफ्ना एकजना अनुयायीलाई भनी पैसा लिई मानिस मारी हिंडने चोरहरूलाई बोलाउन लगाई "महामौद्गल्यायन कालशिलामा बस्दैछन् । तिमीहरू त्यहाँ गई उनलाई मार" भनी पैसा दिए । वहाँ गई उनीहरूले महामौद्गल्यायनलाई मारे । अनि यो कुरा सारा जम्बुद्वीपमा फैलियो । अजातशत्रु राजाले ती मानिसहरूलाई समात्नको निमित्त चरपुरुषहरू ठाउँठाउँमा पठाए ।

एकदिन ती चोरहरू रक्सी पिई आपसमा झगडा गर्दै "के तिमीले मौद्गल्यायनलाई पहिले हानेको हो र ! मैले हानेको होइन र !" भन्दै कुटाकुट गरिरहेको देखेर तिनीहरू सबैलाई समाती चरपुरुषहरू राजाकहाँ गए । अनि राजाले "तिमीहरूले महामौद्गल्यायनलाई मारेका हौ ?" भनी सोध्दा "हो" भनी भनेपछि "कसले भनेर तिमीहरूले मारेका हौ त ?" भनी सोध्दा "नांगा साधुहरूले भनेर" भनी भनेपछि राजाले पाँचशय जति नांगा साधुहरूलाई समात्न लगाई पाँचशय चोरहरूका साथ राजाङ्गणमा कम्मरसम्म जाने

खाल्टोमा राखी परालले छोपी त्यसमा आगो लगाउन लगाए[१]।

अङ्गुत्तरनिकाय सत्तकनिपात पृ. १६४ को वस्सकार सूत्र अनुसार एकदिन भगवान् राजगृहको गृद्धकूटमा बसिरहनु भएको थियो। त्यसबखत राजा अजातशत्रु वृजीहरूमाथि हमला गर्न चाहन्थे। वृजीहरू चाहिं त्यसबखत बडा बलिया तथा सुसंगठित थिए। तैपनि राजा उनीहरूमाथि हमला गर्न चाहन्थे। अनि वस्सकार (- वर्षकार) महामात्यलाई बोलाई "वृजीहरूमाथि हमला गर्न सकिन्छ कि सकिन्न" भन्ने कुरा बुझ्न भगवान्कहाँ पठाए। त्यसबेला भगवान्ले पछिल्तिर उभिई पंखा हम्काइरहेका आनन्दलाई सम्बोधन गर्नुहुँदै "आनन्द ! जबसम्म वृजीहरू एक मेल भई बस्छन् तबसम्म उनीहरूलाई केही गर्न सक्दैन" भनी सप्त अपरिहानीको कुरा भन्नुभयो।

यो कुरा वस्सकारले अजातशत्रु राजालाई सुनाए। अनि केही चालबाजी खेली वस्सकारद्वारा तीन वर्षको समयमा वृजीहरूलाई फूट गराउन सफल भए। अनि राजालाई खबर पठाई वृजिहरूमाथि कब्जा गराउन लगाए।

त्यसबखत गंगाको किनारमा भएको पत्तन भन्ने गाउँको कारणमा वृजी र मगधको बीच समय समयमा झगडा हुन्थ्यो। यो

---

१. धम्म. प. अ. क. पृ. ४६७: महामोग्गल्लानत्थेरवत्थु, दण्डवग्गो; जा. अ. क. IV. पृ. १५: सरभङ्गजातक, नं. ५५२. यस जातकको अनुवाद लेखकको जा. सं. भा-४, पृ. १६२ मा उल्लेख भएको छ।

पत्तन गाउँको आधा भागमा वृजीपुत्रीहरूको र अर्को आधा भागमा अजातशत्रुको आज्ञा चल्थ्यो[१]।

अजातशत्रुले आफ्ना पितालाई हत्या गरी आठौं वर्ष पुग्दा उता भगवान् बुद्ध कुशीनगरमा महापरिनिर्वाण हुनुभयो।

भगवान् परिनिर्वाण भएको समाचार अजातशत्रु राजाको राजदरबारमा पुग्यो। यो समाचार सुनेर अमात्यहरूले सोच्नथाले— "शास्ता परिनिर्वाण हुनुभयो। अब वहाँलाई फर्काउन सकिने छैन। पृथक्जन श्रद्धा हुनेहरू मध्येमा हाम्रा राजा जस्ता श्रद्धा हुने अरू कोही छैनन्। यदि यो समाचार वहाँले यत्तिकैमा सुन्नुभयो भने वहाँको मुटु पनि फुट्न सक्नेछ। अतः हामीले राजाको रक्षा गर्नुपर्छ।"

यति सोचेर उनीहरूले तीनवटा सुनको द्रोणी ल्याई त्यसमा चतुमधुर युक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं। त्यसको कुफल हटाउनको निमित्त तपाईं गर्धनसम्मको पानीमा डुबी स्नानगर्नुहोस्" भनी भने। अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने।

अनि एक अमात्यले अलंकारहरू फुकाली केश फिजाई जुन

---

१. अं. नि. अ. क. II. पृ. ७०५-०६ र दी. नि. अ. क. II. पृ. २१४–२४: महापरिनिब्बानसुत्तवण्णना। यस बारेका विस्तृत कुरा लेखकको बु. ब्रा. भा–२ को पृ. २:७ मा उल्लेख भएको छ।

दिशातिर शास्ता परिनिर्वाण हुनुभएको हो सो दिशातिर हेरी दुइहात जोरी राजालाई बिन्तिगरे—

"देव ! मरणबाट बच्नसक्ने कुनै छैनन् । हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा वहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

यति सुन्नेबित्तिकै राजा बेहोस भई चतुमधुर युक्त पानी भएको द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को द्रोणीमा लेटाए । होस आएपछि उनले "तात ! के भनेका हौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

फेरि पनि राजा बेहोस भई चतुमधुर युक्त पानी भएको द्रोणीमा लडे । अनि उनलाई त्यहाँबाट उचाली तेश्रो द्रोणीमा लेटाए । होस आएपछि फेरि राजाले "तात ! के भनेका हौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

राजा फेरि बेहोस भए । अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी हालिदिए ।

होस आएपछि राजा आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हालले छाती पिट्दै छातीमा हात राखी रोए । यत्तिकैमा बहुला जस्तो भई राजा बाटो लागे । अनि अलंकृता नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवानले धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान् ! यस ठाउँमा

वस्नुभई तपाईंले धर्मोपदेश गर्नुभएको होइन ? मेरो शोकशल्यलाई दूर गरिदिनु भएको होइन ? तपाईंले मेरो शोकशल्यलाई झिकिदिनु भयो। अनि म तपाईंको शरणमा परें। अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न !" यसरी बार बार रोई "अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घ सहित भगवान् जम्बुद्वीपमा चारिकार्थ जानुभयो" भन्ने सुन्दथें। अहिले चाहिं कुनै अनुरूप खबर सुनिदैन। यस्तो भन्दै साठीवटा जति गाथाद्वारा भगवान्को अनुस्मरण गरी "अब रुवाइबाट केही सिद्ध हुने छैन। बरू दशबलको अस्थिधातुहरू ल्याउन लगाउन पऱ्यो" भन्ने सोचे[1]।

यसरी भगवान् परिनिर्वाण भएको समाचार सुनी बेहोसमा परी पछि राजाले भगवान्का अस्थिधातुहरू ल्याउनको निमित्त कुशीनगरमा दूतहरू र पत्र पठाए। यति पठाइसकेपछि राजाले फेरि यस्तो सोचे "यदि धातु दिए ठिकैछ। होइन भने ल्याउने उपाय गर्नेछु।" यति सोची चतुरंगिणी सेनाका साथ आफू पनि निस्के[2]।

त्यसैले महापरिनिब्बान सूत्रमा "अस्सोसि खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो—'भगवा किर कुसिनारायं परिनिब्बुतो' ति।' अथ खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो कोसिनारकानं मल्लानं दूतं पाहेसि—भगवा पि खत्तियो अहं पि खत्तियो।

---

१. दी. नि. अ. क. II. पृ. ३२०–२२: महापरिनिब्बानसुत्तवण्णना।

२. दी. नि. अ. क. II. पृ. ३२२: महापरिनिब्बानसुत्तवण्णना।

अहं पि अरहामि भगवतो सरीरानं भागं। अहं पि भगवतो सरीरानं थूपं च महं च करिस्सामी'ति[1]।"

अर्थ—

"मगधका राजा वैदेहीपुत्र अजातशत्रुले— भगवान् कुशीनगरमा परिनिर्वाण हुनुभयो" भन्ने खबर सुने। अनि मगधका राजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरका मल्लहरूकहाँ दूत पठाए—'भगवान् पनि क्षत्री हुनुहुन्छ र म पनि क्षत्री हुँ। मैले पनि भगवान्को शरीरको भाग पाउनुपर्छ। म पनि भगवान्को शरीरको स्तूप बनाई महोत्सव गर्नेछु'।"

यस्तै गरी वैशालीका लिच्छवीहरूले, कपिलवस्तुका शाक्यहरूले, अल्लकप्पका बुलयहरूले, रामग्रामका कोलियहरूले, वेठद्वीपका ब्राह्मणहरूले र पावाका मल्लहरूले पनि भगवान्को शरीरधातु माग्न पठाएका थिए[2]।

जब यी सबका सबैले "या त भगवान्को शरीर धातु देऊ या त युद्ध" भनी भन्नथाले तब त्यहाँ केहीछिन ठूलो खलबल हुनथाल्यो। अनि जम्बुद्वीपका सबै जसो राजाहरूका गुरु हुने द्रोण ब्राह्मण त्यसबखत कुशीनगरमा थिए। अनि उनले सम्झाएपछि सबै शान्त भए र

---

१. दी. नि. II. पृ. १२६.

२. दी. नि. II. पृ. १२७: महापरिनिब्बानसुत्त।

द्रोण ब्राह्मणकै सुझाउ अनुसार अस्थिधातुहरू आठ भागमा विभाजन गरिदिए[1]।

× × ×

१. दी. नि. II. पृ. १२७: महापरिनिब्बानसुत्तं, अ. क. II. पृ. ३२३; यस सम्बन्धमा लेखकको बु. ब्रा. भा–१, पृ. १५३ मा पनि केही कुरा उल्लेख भएको छ।

धातु पूजा र स्तूप निर्माण

अगाडि "स्तूप बनाए" भन्ने शीर्षकको मूल सूत्रमा '...... राजगृहमा भगवान्‌का शरीर धातुहरू राखी स्तूप पनि बनाए ......' भन्ने सम्बन्धमा अर्थकथाले यसरी वर्णन गरेको छ।

कुशीनगरबाट राजगृह सम्म २५ योजन छ। यस बीचमा आठ उसभ[1] सम्मको बाटो सम्याई जस्तो मल्ल राजाहरूको मकुटबन्धन र संस्थागारको बीचमा पूजा गरे त्यस्तैगरी २५ योजन बाटोमा पूजा गराई लोकवासीहरूलाई शान्त्वना दिंदै सबै बजारहरूमा सुवर्णमय द्रोणीमा राखिएको धातुहरूलाई तीरको परिक्षेपद्वारा आरक्षा गरी आफ्नो राज्यको ५०० योजन मण्डलभित्र मानिसहरू भेला गराए।

धातुहरूलाई कुशीनगरदेखि साधुक्रीडा गर्दै निस्की जहाँ जहाँ सुवर्ण वर्ण फूलहरू देख्छन् त्यहाँ त्यहाँ तीरको परिक्षेप भित्र राखेका धातुहरूको पूजा गरे। त्यहाँ चढाइएका फूलहरू ओइलाएपछि उनीहरू त्यहाँबाट प्रस्थान गर्छन्। देशको मुख्य भागमा र अन्तिम भागमा पुग्दा एकसातासम्म साधुक्रीडा गर्छन्। यसप्रकारले धातुहरू लिई आउनेहरूलाई ७ वर्ष ७ महीना र ७ दिन लाग्यो[2]।

---

१. एक उसभ भनेको कति रहेछ भन्ने कुरा जान्नको लागि लेखकको बु. म. भा–१, पृ. ३९ को पादटिप्पणीमा हेर्नु।

२. दी. नि. अ. क. II. पृ. ३२५: महापरिनिब्बानसुत्तवण्णना।

मिथ्यादृष्टिकहरू "श्रमण गौतमको परिनिर्वाण भएदेखि बल जबर्जस्ती गरी साधुक्रीडा गराउन लगाएबाट हाम्रा काम-धाम सबै विनाश भयो" भन्दै कराउनथाले । यसरी कुरा गरी चित्त प्रसन्न गर्नुपर्ने ठाउँमा चित्त बिगारी अपायमा गएका मानिसहरू ८४ हजार थिए भने चित्त प्रसन्न गरी स्वर्गजाने मानिसहरू असंख्य अप्रमेय थिए भनी पेतवत्थु अर्थकथाले' उल्लेख गरेको छ । क्षीणास्रवी भिक्षुहरूले आवर्जन गर्दा "मानिसहरू मन बिगारी अप्रसन्न भई अपायमा गएका" देखेर "शक्र देवेन्द्रलाई भनेर चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गराउनुपऱ्यो" भनी शक्र देवेन्द्रकहाँ गई शक्रलाई "महाराज ! चाँडै धातुहरू ल्याइपुऱ्याउने उपाय गर्नुपऱ्यो" भनी भने । यो सुनेर शक्रले भन्दछन्— "भन्ते ! पृथक्जन मानिसहरू मध्येमा अजातशत्रु जस्ता श्रद्धा हुने अरू कोही छैनन् । उनले मेरो कुरा सुन्ने छैनन् । बरू हामीले भयावह गरी आवाजहरू सुनाउनेछौं । महाशब्द सुनाउनेछौं । यक्ष आदिको दृश्य देखाउनेछौं । अनि तपाईंहरूले 'महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउनुहोस्' भनी भन्नुहोस् । यसरी उनले चाँडै ल्याउनेछन् ।" शक्र देवेन्द्रले आफूले भने जस्तै गरे ।

राजाकहाँ गई स्थविरहरूले "महाराज ! अमनुष्य यक्षहरू रिसाउँदैछन् धातुहरू चाँडै ल्याउन लगाउनुहोस्" भनी भने ।

"भन्ते ! जबसम्म मेरो चित्त सन्तोष हुने छैन तबसम्म ल्याउने छैन" भनी भने । फेरि राजाले उनीहरूको कुरामा सोचविचार गरी

---

१. पृ. १५१: धातुपेतवत्थुअट्ठकथा ।

"हुन्छ धातुहरू चाँडै ल्याउनू" भन्ने आज्ञादिए। सातदिनपछि धातुहरू ल्याइपुऱ्याए।

यसरी ल्याइपुऱ्याएका धातुहरू राखी राजगृहमा स्तूप बनाई महोत्सव पनि गरे। अरूहरूले पनि आ-आफ्नो ठाउँमा स्तूप बनाई महोत्सव गरे भनी अट्ठकथाले[1] उल्लेख गरेको छ।

अजातशत्रु राजाद्वारा राजगृहमा बनाइएको यो स्तूपको कारणबाट दुइजना आइभाईहरू दिव्यलोकमा पुगेका कुरा विमानवत्थु अट्ठकथामा[2] उल्लेख भएको पाइन्छ।

अब जम्बुद्वीपमा शरीरधातुहरू भएका स्तूपहरू आठवटा र शरीरधातुहरू नापेको 'तुम्ब' राखी बनाएको एउटा र चिताका अङ्गारहरू राखेर बनाएको एउटा गरी जम्मा दशवटा (१०) स्तूपहरू भए[3]।

---

१. दी. नि. अ. क. II. पृ. ३२५–२८: महापरिनिब्बानसुत्तवण्णना।

२. पृ. १३६: विसालक्खी विमान अट्ठकथा र पृ. १६०: पीतिविमान अट्ठकथा।

३. (१) राजगृहमा एउटा, (२) वैशालीमा एउटा, (३) कपिलबस्तुमा एउटा, (४) अल्लकप्पमा एउटा, (५) रामग्राममा एउटा, (६) वेठद्वीपमा एउटा, (७) पावामा एउटा, (८) कुशीनगरमा एउटा, (९) द्रोण ब्राह्मणले 'तुम्ब' राखी बनाएको एउटा तथा (१०) पिप्पलीवनीय मौर्यहरूले 'अङ्गार' राखी बनाएको एउटा गरी जम्मा दशवटा स्तूपहरू हुन्। दी. नि. अ. क. II. पृ. १२८: महापरिनिब्बानसुत्तवण्णना।

एकदिन महाकाश्यप महास्थविरले भविष्यमा यी धातुहरूको विघ्न हुने कुरा जानी राजा अजातशत्रुकहाँ गई "महाराज ! धातु-निधान गर्नुपर्छ" भनी भन्नुभयो ।

"हुन्छ भन्ते ! धातुनिधान गर्ने काम मेरो जिम्मा भयो । तर भन्ते ! बाँकी धातुहरू कसरी ल्याउने त ?"

"महाराज ! धातुहरू ल्याउने कामको जिम्मा तपाईंको होइन । त्यो त हामीहरूको हो ।"

"हुन्छ त भन्ते ! त्यसोभए तपाईंहरूले धातुहरू ल्याउनुहोस् म निधान कार्य गर्नेछु ।"

अनि महास्थविर त्यस त्यस राजकुलमा गई पूजाआजा गर्नको निमित्त चाहिने मात्र राख्न लगाई बाँकी धातुहरू ल्याउनुभयो । रामग्राममा चाहिं नागहरूले धातुहरू लिइराखेको हुँदा त्यहाँ विघ्न हुने छैन । त्यहाँका धातुहरू भविष्यमा लंकास्थित महाविहारको महाचैत्यमा रहनेछन् भनी त्यहाँका धातुहरू चाहिं नलिई बाँकी सात नगरहरूबाट धातुहरू ल्याई राजगृहको पूर्वदक्षिण दिशातिर उभिई "यो ठाउँमा जुन ढुंगाहरू छन् ती सबै लोप होउन् । धूलो सफा होस् । पानी ननिस्कियोस्" भनी महास्थविरले अधिष्ठान गर्नुभयो ।

राजाले त्यस ठाउँमा खन्न लगाई त्यसबाट आएको माटोको ईंट बनाउन लगाई असीतिमहाश्रावकहरूको निमित्त चैत्यहरू बनाए । "यहाँ राजा के गर्दैछन् ?" भनी सोध्दा "महाश्रावकहरूको निमित्त चैत्यहरू बनाउँदै छन्" भनी भन्दछन् । धातुनिधान गर्ने भनी कसैलाई

मन्दैनन् । असी हात (८०) जति गहिरो खनिसकेपछि त्यहाँ फलाम बिछ्याई त्यसमाथि थूपारामको (लकाको) घर जत्रै घर बनाउन लगाई आठ आठवटा हरिचन्दनका सन्दूक र स्तूपहरू बनाउन लगाए । अनि भगवान्का धातुहरू ती हरिचन्दनका सन्दूकमा राखी ती सन्दूकहरू अर्का हरिचन्दनका सन्दूकहरूमा राखी यस्तै प्रकारले आठवटा हरि-चन्दनका सन्दूकमा राखे । अनि ती आठवटा सन्दूकहरू आठवटा स्तूपमा राखे । यी आठवटा हरिचन्दनका स्तूपहरू अर्का आठवटा लोहितचन्दनका सन्दूकमा राखे । यी आठवटा लोहितचन्दनका सन्दूकहरू अर्का आठवटा लोहितचन्दनका स्तूपहरूमा राखे । यी आठवटा लोहितचन्दनका स्तूपहरू अर्का आठवटा दन्तमय सन्दूकमा राखे । यी आठवटा दन्तमय सन्दूकहरू आठवटा दन्तमय स्तूपहरूमा राखे । यी आठवटा दन्तमय स्तूपहरू अर्का आठवटा रत्नमय सन्दूकमा राखे । यी आठवटा रत्नमय सन्दूकहरू आठवटा रत्नमय स्तूपमा राखे । यी आठवटा रत्नमय स्तूपहरू अर्का आठवटा सुवर्णमय सन्दूकमा राखे । यी आठवटा रत्नमय सन्दूकहरू आठवटा सुवर्णमय स्तूपमा राखे । यी आठवटा सुवर्णमय स्तूपहरू अर्का आठवटा चाँदीका सन्दूकमा राखे । यी आठवटा चाँदीका सन्दूकहरू आठवटा चाँदीका स्तूपहरूमा राखे । यी चाँदीका आठवटा स्तूपहरू अर्का आठवटा मणिमय सन्दूकमा राखे । यी आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे । यी आठवटा मणिमय स्तूपहरू अर्का आठवटा राता मणिका सन्दूकमा राखे । यी आठवटा राता मणिका सन्दूकहरू आठवटा राता मणिका स्तूपमा राखे । यी आठवटा राता मणिका स्तूपहरू अर्का आठवटा मसारगल्लका सन्दूकमा राखे । यी

आठवटा मसारगल्लका सन्दूकहरू आठवटा मसारगल्ल स्तूपमा राखे। यी आठवटा मसारगल्लका स्तूपहरू अर्का आठवटा मणिमय सन्दूकमा राखे। यी आठवटा मणिमय सन्दूकहरू आठवटा मणिमय स्तूपमा राखे।

सबभन्दा माथिल्लो मणिमय स्तूप थूपाराम (लंकाको) चैत्य जत्रै थियो। त्यसको माथि रत्नमय घर बनाए। त्यसको माथि सुनको, त्यसको माथि चाँदीको, त्यसको माथि तामाको र त्यसमाथि फलामको घर बनाए। अनि रत्नमय बालुवा छरी जलज स्थलज हजारौं फूलहरू छरी ५५० जातकहरू, असीति महाश्रावकहरू, शुद्धोदन महाराजा, महामायादेबी र सिद्धार्थ कुमारसँग जन्मेका र उत्पन्न भएका सात वस्तुहरू सबै सुवर्णमय बनाई पाँच पाँच शय सुन र चाँदीका पूर्णघडाहरू राख्न लगाए। पाँचशय सुवर्णमय ध्वजाहरू फैलाए। पाँचशय सुनका पाला र पाँचशय चाँदीका पालाहरू बनाउन लगाई त्यसमा सुगन्धित तेल राखी कपडाको बत्ती बाले। यसपछि महाकाश्यप महास्थविरले "फूलमाला नओइलाउन् र सुगन्ध नहराउन् तथा बत्ती ननिभोस्" भनी अधिष्ठान गरी "भविष्यमा प्रियदास भन्ने कुमार छत्र धारण गरी अशोक धर्मराजा हुने छन्। उनले यी धातुहरू फैलाउने छन्" भनी सुनको पातामा अक्षर लेखाउनु भयो।

सर्वप्रकारका आभूषणहरूद्वारा पूजा गरी अजातशत्रु राजा शुरूदेखि दैलो थुन्दै बाहिर निस्के। तामा र फलामका दैलाहरू थुनेर चुकुलको डोरीमा ताल्चा कुण्चाई त्यहींनिर एक ठूलो मणिको डल्लो

राखी "भविष्यमा हुने दरिद्र राजाले यो मणिको डल्लो लिई धातुहरूको पूजा सत्कार गरून्" भनी अक्षर लेखाउन लगाए ।

शक्र देवराजाले विश्वकर्मालाई बोलाई "तात ! अजातशत्रुले धातुनिधान गरे । त्यहाँ आरक्षा गर" भनी पठाए । त्यहाँ आई उनले बाजावजने यन्त्र राखे । धातुगर्भमा स्फटिकको तरवार लिएका काठका रूपहरू वायुवेगले घुम्ने यन्त्र राखी एउटै चक्कामा बाँधिदिए । अनि चारैतिरबाट ढुंगाको परखाल लगाई एउटा ढुंगाले माथि छोपी माटो छरी जमिन जस्तै सम्म गरी त्यसमाथि ढुंगाको चैत्य राखिदिए ।

यसरी धातुनिधानको काम सिद्धिएपछि आयु छउन्जेल बसी महाकाश्यप महास्थविर परिनिर्वाण हुनुभयो । अजातशत्रु पनि कर्मानुसार गए । मानिसहरू पनि मरे[1] ।

× × ×

१. दी. नि. अ. क. II. पृ. ३२६–२८: महापरिनिब्बानसुत्तवण्णना ।

धर्मसङ्गायनमा मद्दत

अजातशत्रुले राज्य गरेको आठौं वर्षमा भगवान् बुद्ध कुशीनगरमा परिनिर्वाण भएको कुरा माथि उल्लेख भइसकेको छ ।

अनि भगवान् परिनिर्वाण भएर एक हप्ता साधुक्रीडा र एक हप्ता धातुपूजा गरी दुइहप्ता बितिसकेपछि गृष्म ऋतुको डेढ महीना बाँकी छँदा वर्षावास बस्ने समय पनि निकट आएपछि सातलाख (७,०००००) भिक्षुसङ्घका नायक[1] हुनुभएका महाकाश्यप महास्थविरले केही दिन अघि राजगृहमा वर्षावास गरी उहीं धर्मसङ्गायना गर्ने भन्ने निर्णय गर्नु भए अनुसार भिक्षुहरूलाई सम्बोधन गर्नुभई "आवुसो ! राजगृहमा जाऔं" भनी भन्नुभई आधा परिषद्लिई आफू राजगृह जानको निमित्त एउटा बाटो लाग्नुभयो । अनुरुद्ध महास्थविर पनि आधा परिषद् लिई राजगृह जानको निमित्त एउटा बाटो लिनुभयो । आनन्द महास्थविर चाहिं श्रावस्ती भएर राजगृह जानेछु भन्ने विचार गरी भगवान्का पात्र चीवर लिई भिक्षुसङ्घ सहित श्रावस्तीमा जानुभयो[2] ।

महाकाश्यप र अनुरुद्ध महास्थबिरहरू राजगृह पुगिसकेपछि "भगवान्ले पनि विहार प्रतिसंस्करण गर्नेमा प्रशंसा गर्नुभएको छ"

---

१. सम. पा. I. पृ. ६: बाहिरनिदानकथा ।

२. सम. पा. I. पृ. ९: बाहिरनिदानकथा ।

भन्दै वहांहरूले सबभन्दा पहिले विहारहरू सुग्घर सफा तथा जीर्णोद्धार गर्ने निश्चय गर्नुभयो। त्यसबखत राजगृहमा अट्ठार (१८) वटा महाविहारहरू थिए'।

अनि दोस्रो दिनमा स्थविरहरू राजद्वारमा उभिन जानुभयो। राजा अजातशत्रु आई अभिवादन गरी "भन्ते! के कामले आउनु भएको हो र मैले के गर्नुपर्‍यो?" भनी सोधेपछि स्थविरहरूले अठार महाविहारहरू प्रतिसंस्करण र सफा सुग्घर गर्नको निमित्त हस्तकर्म चाहियो भनी सूचित गरे।

"हुन्छ, हवस्" भनी राजाले हस्तकर्मको निमित्त मानिसहरू पठाइदिए। पहिलो महीनाभरी सबै विहारहरू प्रतिसंस्करण गरिसकेपछि राजालाई भने—

"महाराज! प्रतिसंस्करणको काम सिद्धिसकियो। अब धर्म र विनयको संग्रह गर्नेछौं।"

"हुन्छ भन्ते! विश्वस्त भई गर्नुहोस्। मेरो आज्ञाचक्र होस्, तपाईंहरूको धर्मचक्र होस्। भन्ते! आज्ञादिनुहोस् मैले के गर्नुपर्‍यो।"

"महाराज! धर्मसंग्रह गर्नेहरूको निमित्त बस्ने ठाउँ चाहियो।"

"भन्ते! कहाँ बनाउँ त?"

"महाराज! वेभार पर्वतको सप्तपर्णी गुफाद्वारमा बनाउन योग्य हुनेछ।"

---

१. सम. पा. I. पृ. १०: बाहिरनिदानकथा।

"हवस भन्ते" भनी अजातशत्रु राजाले विश्वकर्माले बनाए जस्तै गरी अति सुन्दर सुरम्य तथा सुविभक्त भित्ता, भन्याङ र स्तम्भहरू भएको पाँचशय भिक्षुहरू अटाउने ब्रह्मविमान जस्तै महामण्डप बनाई भव्यरूपले फूलमाला आदिहरूले सिंगारपटार गरी चँदुवा टाँगी भिक्षुहरूले बस्न योग्य (कप्पिय) आसनहरू बछचाई मण्डपको बीचमा दक्षिणतिर अडेस लिई उत्तराभिमुख हुने गरी थेरासन राखे। मण्डपको बीचमा पूर्वाभिमुख हुने गरी बुद्ध भगवान्‌लाई योग्य हुने गरी आसन राखी दन्तमा जडिएको पंखा पनि राखे। अनि राजाले "भन्ते ! मेरो काम सम्पन्न भयो" भनी भिक्षुसङ्घलाई निवेदन गराए[1]। त्यसैले इतिवुत्तक अट्ठकथाको निदानवण्णनामा[2] "अजातशत्रुले बनाउन लगाएको सद्धर्म मण्डपमा बसी महाकाश्यप प्रमुख भिक्षुसङ्घहरूले धर्मसङ्गायना गरे..." भनी उल्लेख भएको हो।

जातक अट्ठकथा[3] अनुसार अजातशत्रु राजाकी महारानी प्रसेनजित् कोशल राजाकी छोरी वजिर भन्ने कुमारी थिइन् र उनको तरफबाट उदयभद्र कुमार[4] भन्ने एकजना छोरा थिए भन्ने कुरा पालिसाहित्यबाट प्रष्ट हुन्छ।

---

१. सम. पा I. पृ. १०-११: बाहिरनिदानकथा।

२. पृ. ४०.

३. जा. अ. क. I-II. पृ. ६४६: वड्ढकीसूकरजातक, नं. २८३ र जा. अ. क. V. पृ. ५१: तच्छसूकरजातक, नं. ४९२.

४. दी. नि. II. पृ. ४४: सामञ्ञफलसुत्तं।

मूलपालि र अट्ठकथाहरू अध्ययन गर्दा अजातशत्रु राजाको पालामा बुद्ध परिनिर्वाण भइसकेपछि पाटलीग्राममा नगर बसाल्ने काम गरेका थिए। जुन नगर पछि पाटलिपुत्र भयो भन्ने कुरा दीघनिकाय भाग–२, पृ. ७०: महापरिनिब्बान सूत्रको 'पाटलिपुत्त नगरमापनं' शीर्षकको कुराबाट; उदानपालि पृ. १७०: पाटलिगामिय सूत्र र महावग्गपालि पृ. २४६: सुनीधवस्सकारवत्थुबाट तथा यिनका अर्थकथाहरूबाट स्पष्टसँग बुझ्न सकिन्छ। यो नगर निर्माणको मूल सूत्रको अनुवाद यसै संग्रहको अन्त्यमा 'सुनीधवर्षकार' को कुरामा समुल्लेख गरेको छु।

सुनीध र वर्षकारको[१] अलावा गोपकमोग्गल्लान[२] र उपनन्द[३] पनि अजातशत्रु राजाका मन्त्रीहरू र सेनापतिहरू थिए भन्ने कुरा पालिसाहित्यको अध्ययन गर्दा बुझिन्छ।

पालि त्रिपिटकका अर्थकथाहरू तथा मूलपालिमा खोजी गरी भेटिएका कारणहरू अनुसार लेखिएको अजातशत्रु राजाको परिचय यति नै हो।

अजातशत्रु राजाले बुद्ध परिनिर्वाणपछि २४ वर्षसम्म राज्य गरे[४]।

× × ×

१. दी. नि. II. पृ ७०: महापरिनिब्बानसुत्तं।

२. म. नि. III. पृ. ६८: गोपकमोग्गल्लानसुत्तं।

३. म. नि. III. पृ. ७४: गोपकमोग्गल्लानसुत्तं।

४. सम. पा I. पृ ६३: बाहिरनिदानकथा।

मूल पालि –

१–देवदत्तसँगको भेट

(देवदत्तवत्थु[1])

अनि भगवान् अनुप्रियामा इच्छानुसार विहार गर्नुभई कौशम्बीको निमित्त चारिका गर्नुभयो। चारिका गर्नुहुँदै भगवान् क्रमशः कौशम्बीमा पुग्नुभयो। त्यसपछि भगवान्ले कौशम्बीको घोषितारामा विहार गर्नुभयो।

त्यसवखत त्यहाँ (कौशम्बीमा) एकान्तमा बसिरहेका देवदत्त (भिक्षु) को मनमा यस्तो वितर्कना उठ्यो—

"कसलाई मैले प्रसन्नपारूँ जसलाई प्रसन्न पार्दा मलाई धेरै लाभसत्कार प्राप्त हुनसकोस्।"

त्यसपछि देवदत्तको मनमा यस्तो लाग्यो—"यी अजातशत्रु राजकुमार तन्नेरी छन्। यिनको भविष्य पनि राम्रै छ। अतः अजातशत्रु राजकुमारलाई किन प्रसन्न नपारूँ। उनी प्रसन्न भएमा मैले धेरै लाभसत्कार पाउनेछु।"

१. चुल्ल. व. पा. पृ. २८३: सङ्घभेदक्खन्धक।

यति सोची शयनासन सच्याई पात्र-चीवर ग्रहण गरी देवदत्त राजगृहतिर गए। क्रमशः राजगृह (नगरमा) पुगेपछि आफ्नो रूपलाई लोप गरी कुमारको स्वरूप निर्मित गरी सर्पमेखला लगाई (अहिमेखलिकाय) अजातशत्रुको काखमा प्रकट भए। यसबाट अजातशत्रु राजकुमार अत्यन्त भयभीत तथा संत्रस्त भए। अनि देवदत्तले अजातशत्रु राजकुमारलाई यसो भने—

"राजकुमार! मलाई देखेर डराउनु भयो के?"

"हो, म डराएँ। तिमी को हौ?"

"म देवदत्त हुँ।"

"यदि तपाईं देवदत्त हुनुहुन्छ भने आफ्नो भेष देखाउनुहोस्।"

अनि देवदत्तले कुमारको रूपलाई लोप गरी सङ्घाटी पात्र-चीवर धारी भई अजातशत्रु राजकुमारको अघिल्तिर उभिइरहे। यस्तो ऋद्धिप्रातिहार्यद्वारा अति प्रसन्न तथा प्रभावित भई अजातशत्रु राजकुमार पाँचसय (५००) रथहरू लिई बिहान र साँझ देवदत्तको उपस्थानको निमित्त जानथाले। पाँचसय (५००) थाली पक्वान्न भोजनहरू पनि (दिनहुँ) पठाउन थाले। यसरी लाभसत्कारद्वारा मदमत्त भएका देवदत्तले एकदिन यस्तो सोचे - "मैले भिक्षुसङ्घ परिहरण गर्नुपर्‍यो (अहं भिक्खुसङ्घं परिहरिस्सामि) अर्थात् म भिक्षुसङ्घको नायक बन्नुपर्‍यो।" यस्तो कल्पना गर्ने बित्तिकै देवदत्तको त्यो ऋद्धिशक्ति हराएर गयो।

त्यसबखत आयुष्मान् महामौद्गल्यायनको उपस्थाक ककुध भन्ने कोलियपुत्रको हालसालै मृत्यु भएको थियो र उनी एक मनोमय लोकमा (ब्रह्मलोकमा) उत्पन्न भएका थिए। उनको यस्तो आत्मभाव थियो कि मानो दुइ तीन मागधी गाउँहरू जत्रै। त्यस आत्मभावद्वारा उनले न आफूलाई न त अर्कालाई नै पीडा दिन्थे। अनि ककुध देवपुत्र जहाँ आयुष्मान् महामौद्गल्यायन हुनुहुन्थ्यो त्यहीं गए। त्यहाँ पुगेपछि आयुष्मान् महामौद्गल्यायनलाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका ककुध देवपुत्रले आयुष्मान् महामौद्गल्यायनलाई यस्तो विन्तिगरे—

"भन्ते! लाभसत्कारद्वारा मदमत्त भएका देवदत्तले 'म भिक्षु-सङ्घको नायक बन्नेछु भन्ने इच्छा गर्दछन्। भन्ते! यस्तो विचार गर्ने बित्तिकै देवदत्तको त्यो ऋद्धिशक्ति हराएर गयो'।"

यति विन्तिगरी ककुध देवपुत्र आयुष्मान् महामौद्गल्यायन-लाई अभिवादन तथा प्रदक्षिणा गरी उहीं अन्तर्धान भए।

त्यसपछि आयुष्मान् महामौद्गल्यायन जहाँ भगवान् हुनुहुन्थ्यो त्यहीं जानुभयो। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बस्नुभयो। एक छेउमा बस्नुभएका आयुष्मान् महामौद्गल्यायनले भगवान्लाई यस्तो विन्ति गर्नुभयो—

"भन्ते! ककुध भन्ने मेरा उपस्थाकको हालसालै मृत्यु भयो र उनी एक मनोमय लोकमा उत्पन्न भए। उनको आत्मभाव मानो मागधी दुइ तीन गाउँहरू जत्रै छन्। अनि भन्ते! ककुध देवपुत्र

भाई मलाई अभिवादन गरी एक छेउमा उभिए। एक छेउमा उभिएका ककुध देवपुत्रले--'लाभसत्कारद्वारा मदमत्त भएका देवदत्तले आफू भिक्षुसंघको नायक बन्ने इच्छा गर्दैछन् र यस्तो इच्छा गर्ने बित्तिकै उनको त्यो ऋद्धिशक्ति 'हराएर गयो' भनी मलाई सुनाए। यति भनी मलाई अभिवादन तथा प्रदक्षिणा गरी उहीं अन्तर्धान भए।"

"मौद्‌गल्यायन! उनले भनेका कुराहरू सबै त्यस्तै हुन्छन् र अन्यथा हुन्नन् भन्ने कुरा तिमीले आफ्नो चित्तले ककुध देवपुत्रको चित्तलाई थाहापायौ त?"

"भन्ते! मैले आफ्नो चित्तले ककुध देवपुत्रको चित्तलाई पनि थाहापाएँ। जुन कुराहरू ककुध देवपुत्रले भन्दछन् ती (कुराहरू) सबै त्यस्तै हुन्छन् र अन्यथा हुने छैनन् भन्ने कुरा पनि मैले थाहापाएँ।"

"मौद्‌गल्यायन! आफ्नो वचनलाई सभाली राख। मौद्‌गल्यायन! आफ्नो वचनलाई समाली राख। अहिले सो मोघपुरुषले (=देवदत्तले) आफैंले आफूलाई प्रकट गर्नेछन्।"

× × ×

मूल सूत्र—

२—पाँचशय रथहरु
(पञ्चरथसुत्तं[1])

(भगवान्) राजगृह स्थित वेणुवनको कलन्दकनिवापमा बसिरहनुभएको थियो। त्यसबखत अजातशत्रु कुमार पाँचशय रथहरु लिई बिहान र बेलुकी देवदत्तको उपस्थानको निमित्त जान्थे र पाँचशय थाली[2] पक्वान्न भोजनहरु पनि पठाउँथे। अनि केही भिक्षुहरु जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरुले भगवान्लाई यस्तो भने—"भन्ते ! अजातशत्रु कुमार देवदत्तको उपस्थानको निमित्त पाँचशय रथहरु लिई बिहान र बेलुकी जान्छन् र पाँचशय थाली पक्वान्न भोजनहरु पनि पठाउँछन्।"

---

१. सं. नि. II. पृ. २०१: लाभसक्कारसंयुत्तं, अ. क. II. पृ. १५७.

२. एउटा थालीमा दशजना पुरुषको लागि पुग्ने भात अटाउँछ भनी सं. नि. अ. क. II. पृ. १५७: पञ्चरथसुत्तवण्णनाले उल्लेख गरेको छ।

"भिक्षुहो ! देवदत्तको लाभसत्कार र यशकीर्ति प्रति ईर्ष्या नगर । भिक्षुहो ! जो यो अजातशत्रु कुमार देवदत्तकहाँ उपस्थानको निमित्त बिहान र बेलुकी पाँचशय रथहरू लिई जान्छन् र पाँचशय थाली पक्वान्न भोजनहरू पठाउँछन् भिक्षुहो ! यसबाट देवदत्तको कुशल धर्ममा हानी नै अपेक्षा गर्नुपर्छ वृद्धि होइन ।

"भिक्षुहो ! जस्तै चण्ड कुकुरको नाकमा (भालूको वा माछाको) पित्त राखिदिंदा उ झन चण्ड हुन्छ भिक्षुहो ! त्यस्तै जो यो अजातशत्रु कुमार देवदत्तकहाँ बिहान र बेलुकी उपस्थानको निमित्त पाँचशय रथहरू लिई जान्छन् र पाँचशय थाली पक्वान्न भोजनहरू पठाउँछन् भिक्षुहो ! यसबाट देवदत्तको कुशल धर्ममा हानी नै अपेक्षा गर्नुपर्छ वृद्धि होइन । भिक्षुहो ! यसरी लाभसत्कार र यशकीर्ति भनेको दरुण तथा खरो छ...। भिक्षुहो ! यसरी तिमीहरूले सिक्नुपर्छ ।"

× × ×

मूल पालि—

३-राजहत्याको प्रयत्न

(अजातसत्तुकुमारवत्थु[१])

एकदिन देवदत्त (भिक्षु) जहाँ अजातशत्रु राजकुमार थिए त्यहाँ गई अजातशत्रु राजकुमारलाई यस्तो भने—

"हे कुमार! अघि मनुष्यहरू दीर्घायु हुन्थे र आजकल अल्पायु हुन्छन्। शायद तिमी कुमार छँदा नै मृत्यु हुन पनि सक्छौ। हे कुमार! त्यसैले तिमीले आफ्ना पितालाई हत्या गरी राजा होऊ। म भगवान्‌लाई हत्या गरी बुद्ध हुनेछु।"

भनि अजातशत्रु राजकुमार "आर्य देवदत्त महान ऋद्धिवान् र महान आनुभाव सम्पन्न हुनुहुन्छ। आर्य देवदत्तले जान्दछन् होला" भन्ने विचार गरी तिघ्रामा शस्त्र बाँधी मध्याह्न समयमै भयभीत उद्वेग सशंकित र उत्रस्त भएझैं गरी (बिम्बिसारको) अन्तःपुरमा पसे। अन्तःपुरका अङ्गरक्षक हाकिमहरूले अजातशत्रु राजकुमारलाई

---

१. चुल्ल. व. पा. पृ. २९०: सङ्घभेदक्खन्धकं।

मध्याह्न समयमै भयभीत उद्वेग सशंकित र उत्रस्त भएझैं गरी एक्कासी अन्तःपुरमा पसेको देखेर समाते । खोज तलास गर्दा तिघ्रामा शस्त्र बाँधी राखेको देखेपछि उनीहरूले अजातशत्रु राजकुमारसँग सोधे—

"हे कुमार ! तपाईं के गर्न चाहनुहुन्छ ?"

"बाबुलाई मार्न चाहन्छु ।"

"कसले प्रोत्साहित पार्‍यो ?"

"आर्य देवदत्तले ।"

(क) अनि यो कुरा सुनी केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—"कुमारलाई पनि मार्नुपर्छ देवदत्तलाई पनि मार्नुपर्छ र सबै भिक्षुहरूलाई पनि मार्नुपर्छ ।"

(ख) केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—"भिक्षुहरूलाई मार्न हुन्न । भिक्षुहरूले कुनै अपराध गरेका छैनन् । कुमारलाई र देवदत्तलाई मार्नुपर्छ ।"

(ग) केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—"न कुमारलाई मार्नहुन्छ न देवदत्तलाई मार्नहुन्छ न त भिक्षुहरूलाई नै मार्नहुन्छ । किन्तु राजालाई बिन्ति गर्नुपर्छ । राजाबाट जस्तो आज्ञा हुनेछ त्यस्तै गर्नुपर्छ ।"

अनि अजातशत्रुलाई साथमा लिई ती महामात्यहरू जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गए । त्यहाँ पुगेपछि मगधराजा सेनीय बिम्बिसारलाई यो कुरा बिन्ति गरे ।

"हे भणे ! महामात्यहरूको के राय छ नि ?"

"महाराज ! (क) केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—'कुमारलाई पनि देवदत्तलाई पनि तथा सबै भिक्षुहरूलाई मार्नुपर्छ ।' (ख) केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—'भिक्षुहरूलाई मार्न हुन्न । भिक्षुहरूले कुनै अपराध गरेका छैनन् । कुमारलाई र देवदत्तलाई मार्नुपर्छ ।' (ग) केही महामात्यहरूले यस्तो राय व्यक्त गरे—'न कुमारलाई मार्नहुन्छ न देवदत्तलाई मार्नहुन्छ न त भिक्षुहरूलाई नै मार्नहुन्छ । किन्तु राजालाई बिन्ति गर्नुपर्छ । राजाबाट जस्तो आज्ञा हुनेछ त्यस्तै गर्नुपर्छ' ।"

"हे भणे ! बुद्ध, धर्म तथा सङ्घले के गरेका छन् र ? के दोष छ र ? भगवान्‌ले राजगृहमा देवदत्तको बारेमा पहिले नै प्रकाश गरी सक्नु भएको छ, होइन ? 'अघि देवदत्तको अर्कै स्वभाव थियो अहिले चाहिं अर्कै स्वभाव छ । देवदत्तले काय, वचन तथा मनले जो काम गर्छन् त्यो बुद्ध, धर्म तथा सङ्घ भनी सम्झनुहुन्न । त्यसबाट केवल देवदत्त नै सम्झनुपर्छ[1] ।' अनि जुन महामात्यहरूले—'कुमारलाई पनि देवदत्तलाई पनि तथा सबै भिक्षुसङ्घलाई पनि मार्नुपर्छ' भनी राय व्यक्त गरे—त्यस्तालाई निकम्मा पारिदिए अर्थात् अपदस्थ गरिदिए । जुन महामात्यहरूले—'भिक्षुहरूलाई मार्न हुन्न भिक्षुहरूले कुनै अपराध गरेका छैनन् किन्तु राजकुमार र देवदत्तलाई मार्नुपर्छ' भनी राय

---

१. यसरी देवदत्तको सम्बन्धमा प्रकाश गरिएको कुरा लेखकको बु. धा. च. भा-२, पृ. २१६ मा उल्लेख भएको छ । जान्न चाहनेले उहीं हेर्नू ।

व्यक्त गरे त्यस्तालाई नीचस्थानमा राखिदिए अर्थात् श्रेणी घटाइदिए। जुन महामात्यहरूले –'न कुमारलाई मार्न हुन्छ न देवदत्तलाई मार्न हुन्छ न त भिक्षुहरूलाई नै मार्न हुन्छ किन्तु राजालाई बिन्ति गर्नुपर्छ। राजाबाट जे आज्ञा हुनेछ त्यस्तै गर्नुपर्छ' भने। राय व्यक्त गरे त्यस्तालाई उच्चस्थानमा राखे अर्थात् पद बढाइदिए। यसपछि मगधराजा सेनीय बिम्बिसारले कुमारसँग सोधे –

"हे कुमार! किन तिमीले मलाई मार्न चाहेको?"

"देव! म राज्य चाहन्छु।"

"हे कुमार! यदि तिमी राज्य चाहन्छौ भने यो राज्य लेऊ" भनी अजातशत्रु कुमारलाई राज्य सुम्पिदिए।

× × ×

मूल पालि—

४–देवदत्तलाई सहयोग
(अभिमारपेसनं[१])

अनि देवदत्त (भिक्षु) जहाँ अजातशत्रु कुमार थिए त्यहाँ गए। त्यहाँ गई अजातशत्रु कुमारलाई यस्तो भने—"महाराज! मानिसहरूलाई आज्ञादिनुहोस् जसले श्रमण गौतमलाई मार्नेछन्।"

अनि अजातशत्रु कुमारले मानिसहरूलाई आज्ञादिए—"भणे! आर्य देवदत्तले जस्तो भन्नुहुनेछ त्यस्तै गर।"

अनि देवदत्तले एक पुरुषलाई आज्ञादिए—"आवुसो! अमुक ठाउँमा श्रमण गौतम वसेकाछन्। त्यहाँ गएर उनलाई मारेर यो बाटोबाट आऊ।"

सो बाटोमा दुइ पुरुषहरू राखे। जो एक पुरुष यो बाटोबाट आउनेछ उसलाई मारेर यो बाटोबाट आऊ।

---

१. चुल्ल. व. पा. पृ. २९१: सङ्घभेदक्खन्धकं।

सो बाटोमा चारजना पुरुषहरू राखे। जो दुइजना पुरुषहरू यो बाटोबाट आउनेछन् उनीहरूलाई मारेर यो बाटोबाट आऊ।

त्यो बाटोमा आठजना पुरुषहरू राखे। जो चारजना पुरुषहरू यो बाटोबाट आउनेछन् उनीहरूलाई मारेर यो बाटोबाट आऊ।

सो बाटोमा सोह्रजना पुरुषहरू राखे। जो आठजना पुरुषहरू यो बाटोबाट आउनेछन् उनीहरूलाई मारेर आऊ।

अनि त्यो एकजना पुरुष ढाल तरवार लिई वाँणको ठोक्रो भिरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ गएर भगवान्‌को नगिचमा भयभीत, उद्वेग, सशंकित त्रस्त तथा स्तब्ध भई उभिइरह्यो। (त्यस किसिमले उभिइरहेको) सो पुरुषलाई देखेर (भगवान्‌ले) यस्तो भन्नुभयो—

"आवुसो ! आऊ, नडराऊ।"

अनि सो पुरुषले ढाल र तरवार एकातिर राखी वाँणको ठोक्रो फ्किको जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गयो। त्यहाँ गएर भगवान्‌को पाउमा शीर राखी भगवान्‌लाई यस्तो बिन्तिगर्‍यो—

"भन्ते ! मूर्खले जस्तै मूढले जस्तै अकुशलले जस्तै मैले अपराध गरें। जो कि म दुष्टचित्त लिएर बधचित्त लिएर यहाँ आएँ। भन्ते ! सो मलाई क्षमागर्नुहोस् ! भविष्यमा यस्तो गर्नेछैन।"

"आवुसो ! ठीक छ। जो कि तिमीले मूर्खले जस्तै मूढले जस्तै अकुशलले जस्तै अपराध गर्‍यौ। जो कि तिमी दुष्टचित्त लिई बधचित्त

लिई यहाँ आयौ । आवुसो ! जब कि तिमीले आफ्नो दोषलाई 'दोष हो' भनी जानी धर्मानुकूल क्षमा माग्यौ । त्यो तिम्रो दोषलाई हामी क्षमा गर्छौं । आवुसो ! आर्यविनयमा यसलाई अभिवृद्धि नै भनिन्छ जसले आफ्नो दोषलाई 'दोष हो' भनी जानी धर्मानुकूल क्षमा माग्छ र भविष्यमा त्यस्तो नगर्ने प्रतिज्ञा गर्छ ।"

अनि भगवान्‌ले सो पुरुषलाई आनुपूर्वीकथा सुनाउनु भयो । जस्तै दानकथा...[1] । अनि सो पुरुषले भगवान्‌लाई यस्तो भन्यो— "धन्य हो भो गौतम ! ...[2] आजदेखि आजीवन शरणमा आएको उपासक हो भनी तपाईं गौतमले मलाई स्वीकार गर्नुहोस् ।"

अनि भगवान्‌ले सो पुरुषलाई यस्तो भन्नुभयो— "आवुसो ! तिमी यो बाटोबाट नजाऊ । यो बाटोबाट जाऊ" भनी अर्कै बाटोबाट पठाउनु भयो ।

अनि ती दुइजना पुरुषहरूले किन त्यो पुरुष अहिलेसम्म नआएको होला भन्ने सोची फर्केर बाटोतिर जाँदा भगवान्‌लाई एक वृक्षमुनि बसिरहनु भएको देखे । अनि उनीहरू जहाँ भगवान् बसिरहनु

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१ को पृ. ३६ मा, बु. ब्रा. भा–२, पृ. १६१ मा, बु. गृ. भा–२, पृ. १०० मा अथवा बु. गृ. भा–३, पृ. ४२२ मा हेर्नू ।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. रा. भा–१, पृ. ३८, बु. ब्रा. भा–२, पृ. ३७ अथवा बु. गृ. भा–२, पृ. ३७ मा हेर्नू ।

भएको थियो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। भगवान्‌ले उनीहरूलाई आनुपूर्वीकथा सुनाउनु भयो...। अनि उनीहरूले भगवान्‌लाई यस्तो भने—"धन्य हो भो गौतम! ...आजदेखि आजीवन शरणमा आएका उपासकहरू हुन् भनी तपाईं गौतमले हामीलाई स्वीकार गर्नुहोस्।"

अनि भगवान्‌ले ती दुइजना पुरुषहरूलाई यस्तो भन्नुभयो—"आवुसो! तिमीहरू यो बाटोबाट नजाऊ। यो बाटोबाट जाऊ" भनी अर्कै बाटोबाट पठाउनु भयो।

अनि ती चारजना पुरुषहरूले...आठजना पुरुषहरूले...सोह्र-जना पुरुषहरूले "किन ती आठजना पुरुषहरू अहिलेसम्म नआएका होलान्" भन्ने सोची फर्केर बाटोतिर जाँदा भगवान्‌लाई एक रुखमनि बसिरहनु भएको देखे। अनि उनीहरू जहाँ भगवान् बसिरहनु भएको थियो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। भगवान्‌ले उनीहरूलाई आनुपूर्वीकथा सुनाउनु भयो...। अनि उनीहरूले भगवान्‌लाई यस्तो भने—"धन्यहो भो गौतम! ... आजदेखि आजीवन शरणमा आएका उपासकहरू हुन् भनी तपाईं गौतमले हामीलाई स्वीकार गर्नुहोस्।"

अनि ती पुरुषहरूलाई भगवान्‌ले यस्तो भन्नुभयो—"आवुसो! तिमीहरू यो बाटोबाट नजाऊ। यो बाटोबाट जाऊ" भनी अर्कै बाटोबाट पठाउनु भयो।

अनि त्यो एकजना पुरुष जहाँ देवदत्त थिए त्यहाँ गयो । त्यहाँ पुगेपछि देवदत्तलाई यस्तो भन्यो—"भन्ते ! म वहाँ भगवान्‌लाई मार्न सक्दिन । वहाँ भगवान् महान ऋद्धिवान् र महाप्रभावशाली हुनुहुन्छ ।"

"आवुसो ! भइहाल्यो । तिमीले श्रमण गौतमलाई नमार । म नै श्रमण गौतमलाई मार्नेछु ।"

× × ×

मूल सूत्र—

५-प्रसेनजित् कोशल राजासँग युद्ध

(पठमसंगामसुत्तं[१])

एकदिन मगधराजा वैदेहीपुत्र[२] अजातशत्रुले चतुरङ्गिणी[३] सेना तयार गरी प्रसेनजित् कोशल राजाको विरोधमा काशी गाउँमा[४]

---

१. सं. नि. I. पृ. ८२: कोसलसंयुत्तं, अ. क. I. पृ. १२०.

२. 'वैदेहीपुत्र' भन्ने शब्दको अर्थ अगाडि पृ. ९१, "श्रामण्यफल" भन्ने शीर्षकको पादटिप्पणीमा उल्लेख भएको छ।

३. 'चतुरङ्गिणी सेना' भनेको हस्तीसैन्य, अश्वसैन्य, रथसैन्य र पैदल-सैन्यलाई भन्दछन्। सं. नि. अ. क. I. पृ. १२०: पठमसंगामसुत्त-वण्णना।

४. यो काशी गाउँ अजातशत्रु राजाकी आमाको दाइजो हो। अजातशत्रुकी आमा महाकोशलकी छोरी हुन्। यिनकै तरफबाट अजातशत्रुको जन्म भएको थियो। यस सम्बन्धी अरू विशेष कुरा जान्न चाहनेले लेखकको बु. रा. भा-१, पृ. ३ 'परिवार' भन्ने शीर्षकमा हेर्नू।

हमला गरे । प्रसेनजित् कोशल राजाले सुने—"मगधराजा वैदेहीपुत्र अजातशत्रुले चतुरङ्गिणी सेना तयार गरी मेरो विरोधमा काशी गाउँमा हमला गरे ।" अनि प्रसेनजित् कोशल राजाले पनि चतुरङ्गिणी सेना तयार गरी मगधराजा वैदेहीपुत्र अजातशत्रुको विरोधमा काशी गाउँमा प्रति हमला गरे। अनि मगधराजा वैदेहीपुत्र अजातशत्रु र प्रसेनजित् कोशलराजा आपसमा लडे। यो युद्धमा मगधराजा वैदेहीपुत्र अजातशत्रुले प्रसेनजित् कोशलराजालाई पराजित गरे। पराजित प्रसेनजित् कोशलराजा आफ्नै राजधानी श्रावस्तीमै फर्के ।

अनि केही भिक्षुहरू पूर्वाह्न समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी श्रावस्तीमा भिक्षाटनार्थ गए। श्रावस्तीमा भिक्षाटन गरिसकेपछि भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्-लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई यस्तो बिन्तिगरे—

"भन्ते ! यहाँ मगधराजा वैदेहीपुत्र अजातशत्रुले चतुरङ्गिणी सेना तयार गरी प्रसेनजित् कोशलराजाको विरुद्धमा काशी गाउँमा हमला गरे। भन्ते ! अनि प्रसेनजित् कोशलराजाले सुने—"मगधराजा वैदेहीपुत्र अजातशत्रुले चतुरङ्गिणी सेना तयार गरी मेरो विरोधमा काशी गाउँमा हमला गरे ।" भन्ते ! अनि प्रसेनजित् कोशलराजाले पनि चतुरङ्गिणी सेना तयार गरी मगधराजा वैदेहीपुत्र अजातशत्रुको विरोधमा काशी गाउँमा प्रति हमला गरे । भन्ते ! अनि मगधराजा

वैदेहीपुत्र अजातशत्रु र प्रसेनजित् कोशलराजा आपसमा लडे। भन्ते ! त्यस संग्राममा मगधराजा वैदेहीपुत्र अजातशत्रुले प्रसेनजित् कोशलराजालाई पराजित गरे। पराजित प्रसेनजित् कोशलराजा आफ्नै राजधानी श्रावस्तीमै फर्के।"

"भिक्षुहो ! मगधराजा वैदेहीपुत्र अजातशत्रु पापमित्र[1] पाप-सहाय र पापमा मन लगाउँछन्। प्रसेनजिन् कोशलराजा कल्याणमित्र[2] कल्याण सहाय र कल्याणमा मन लगाउँछन्। भिक्षुहो ! पराजित भएको कारणले प्रसेनजित् कोशलराजा आज राति दुःखीभई सुत्नेछन्।"

यति कुरा भन्नुभई पुनः यस्तो भन्नुभयो—

"जयं वेरं पसवति, दुक्खं सेति पराजितो।
उपसन्तो सुखं सेति, हित्वा जयपराजय'ति ॥"

---

१. देवदत्तादिहरूसँग मित्रता राख्ने भएकाले यहाँ 'पापमित्र र पाप-सहाय' भनी उल्लेख भएको हो भनी सं. नि. अ. क. I. पृ. १२१: पठमसङ्गामसुत्तवण्णनाले उल्लेख गरेको छ।

२. सारिपुत्र आदि स्थविरहरूसँग मित्रता राख्ने भएको हुँदा 'कल्याणमित्र' भनिएको हो भनी सं. नि. अ. क. I. पृ. १२१: पठमसङ्गामसुत्तवण्णनाले उल्लेख गरेको छ।

अर्थ—

"विजयको कारणले वैरी उत्पन्न हुन्छ पराजित पुरुष दुःखपूर्वक सुत्छ । जय-पराजय त्याग्ने शान्तपुरुष सुखपूर्वक निदाउँछ ।"

× × ×

मूल सूत्र—

६-प्रसेनजित् राजासँग दोस्रो युद्ध

(दुतियसङ्गामसुत्त[1])

एकदिन मगधराजा वैदेहीपुत्र अजातशत्रुले चतुरङ्गिणी सेना तयार गरी काशी गाउँमा हमला गरे।

प्रसेनजित् कोशलराजाले पनि "मगधराजा वैदेहीपुत्र अजातशत्रुले...[2] काशी गाउँमा हमला गरे" भन्ने सुने। अनि प्रसेनजित कोशलराजाले पनि...[3] मगधराजा वैदेहीपुत्र अजातशत्रुको विरोधमा काशी गाउँमा प्रति हमला गरे। अनि मगधराजा वैदेहीपुत्र अजातशत्रु र प्रसेनजित् कोशलराजा आपसमा लडे। त्यस सङ्ग्राममा प्रसेनजित् कोशलराजाले मगधराजा वैदेहीपुत्र अजातशत्रुलाई पराजित

---

१. सं. नि. I. पृ. ८३: कोसलसंयुत्तं, अ. क. पृ. १२१.

२. यहाँका बाँकी कुराहरू माथि पृ. ८२ मा 'प्रसेनजित् कोशल राजासँग युद्ध' मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

३. यहाँका बाँकी कुराहरू माथि पृ. ८३ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

गरी जिउँदै समाते। त्यस समय प्रसेनजित् कोशलराजाको मनमा यस्तो लाग्यो—"यद्यपि यी मगधराजा वैदेहीपुत्र अजातशत्रु विद्रोह नगर्नेसँग विद्रोह गर्छन् तैपनि यिनी आफ्नै भानिज नै हुन्। अतः यिनका सबै हस्तीसैन्यहरू, अश्वसैन्यहरू, रथसैन्यहरू र पैदलसैन्यहरू जफत गरी किन यिनलाई जिउँदै छाडि नदिऊँ।"

यति सोची प्रसेनजित् कोशलराजाले मगधराजा वैदेहीपुत्र अजातशत्रुका सबै हस्तीसैन्य सबै अश्वसैन्य सबै रथसैन्य तथा सबै पैदलसैन्य हरण गरी जिउँदै छाडिदिए।

त्यस समय केही भिक्षुहरू पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भिक्षाटनार्थ श्रावस्तीमा गए। श्रावस्तीमा भिक्षाटन गरिसकेपछि भोजनोपरान्त जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्-लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका ती भिक्षुहरूले भगवान्लाई निम्न कुरा बिन्तिगरे—

"भन्ते! यहाँ मगधराजा वैदेहीपुत्र अजातशत्रुले चतुरङ्गिणी सेना तयार गरी काशी गाउँमा हमला गरे। प्रसेनजित् कोशलराजाले पनि......मगधराजा वैदेहीपुत्र अजातशत्रुको विरोधमा काशी गाउँमा प्रति हमला गरे। अनि मगधराजा वैदेहीपुत्र अजातशत्रु र प्रसेनजित् कोशलराजा आपसमा लडे। त्यस सङ्ग्राममा प्रसेनजित् कोशलराजाले मगधराजा वैदेहीपुत्र अजातशत्रुलाई पराजित गरी जिउँदै समाते। त्यस समय प्रसेनजित् कोशलराजाको मनमा यस्तो लाग्यो—'यद्यपि यी मगधराजा वैदेहीपुत्र अजातशत्रु विद्रोह नगर्नेसँग विद्रोह गर्छन् तैपनि

यिनी आफ्नै भानिज नै हुन् । अतः यिनका सबै हस्तीसैन्यहरू...जफत गरी किन यिनलाई जिउँदै छाडि नदिऊँ ।' यति सोचेर प्रसेनजित् कोशलराजाले मगधराजा वैदेहीपुत्र अजातशत्रुका सबै हस्तीसैन्यहरू... हरण गरी (अजातशत्रुलाई) जिउँदै छाडिदिए ।"

यो कुरा सुनी त्यसबेला भगवान्ले निम्न गाथा भन्नुभयो—

१. "विलुम्पतेव पुरिसो, यावस्स उपकप्पति ।
यदा चञ्ञे विलुम्पन्ति, सो विलुत्तो विलुम्पति[1] ।।

२. "ठानं हि मञ्ञति बालो, याव पापं न पच्चति ।
यदा च पच्चति पापं, अथ[2] दुक्खं निगच्छति ।।

३. "हन्ता[3] लभति[3] हन्तारं, जेतारं लभते[4] जयं ।
अक्कोसको च अक्कोसं, रोसेतारं च रोसको ।
अथ कम्मविवट्टेन, सो विलुत्तो विलुम्पती'ति ।।"

अर्थ—

१—"आफ्नो सामर्थ्य छउञ्जेलसम्म पुरुषले अर्काको लुट्छ । जब अरुहरूले पनि लुट्नथाल्छ तब सो लुटिराखेको पनि लुटिन्छन् ।

---

१. बर्मीमा : 'विलुप्पति' ।
२. सिंहल र रोमनमा : 'अथ बालो' ।
३–३. सिंहलमा र स्याममा : 'लभति हन्ता' ।
४. रोमनमा : 'लभति' ।

२–"जबसम्म पापको फल पाउँदैन तबसम्म मूर्ख ठान्दछ कि 'मैले खूब गरें'। जब पापको फल भोग्नेबेला आउँछ तब अति दुःखी भई बस्छ।

३–"मार्नेलाई मार्ने भेटिन्छ। विजेतालाई विजेता भेटिन्छ। गालिगर्नेलाई गालिगर्ने भेटिन्छ। क्रोधीलाई क्रोधी नै भेटिन्छ र आफूले गरेको कर्तुतको फल भोग्नुपर्दा लुटिराखेको समेत लुटाइन्छ।"

× × ×

मूल सूत्र –

७–श्रामण्यफल
(सामञ्ञफलसुत्त[१])

यस्तो मैले सुनें—

एक समय भगवान् राजगृहको जीवक कौमारभृत्यको[२] आम्रवनमा[३] साँढे बाह्रसय भिक्षुसङ्घका साथ बसिरहनुभएको थियो।

त्यस समय मगधराजा अजातशत्रु वैदेहीपुत्र[४] (वेदेहिपुत्तो) पूर्णिमाको[५] उपोसथको[६] पन्ध्रौंदिन चातुर्मासिनीको कौमुदि (= कार्तिक पूर्णिमा) ले पूर्ण चन्द्र भएको रातमा राजामात्यहरूद्वारा परिवृत्त भई उत्तम प्रासादको माथिल्लो भागमा बसिरहेका थिए। अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले त्यस पूर्णिमाको रातमा उदान प्रकट गरे—

---

१. दी. नि. I. पृ. ४१, अ. क. I. पृ. १५२.

२. जीवक कौमारभृत्य भनेका के हुन् भन्ने बारेमा लेखकको बु. गृ. भा- १, पृ. ३४७ को जीवकपरिचय हेर्नू।

३. यो आम्रवन कहाँनिर छ भन्ने कुरा लेखकको बु. गृ. भा–१, पृ. ३५६ मा हेर्नू।

४. यी राजा महाकोशल राजाकी छोरीका पुत्र हुन् । विदेह राजाका होइनन् । पण्डितहरूलाई 'वैदेही' भन्दछन् । जस्तै—वैदेहिक गृहपतिहरू (वेदेहिका गहपतानि, म. नि. I. पृ. १६७: ककचूपम-सुत्तं); आर्यं आनन्द वैदेहमुनि (अय्यो आनन्दो वेदेहमुनि, सं. नि. II. पृ. १८३: चीवरसुत्तं, कस्सपसंयुत्तं) । वैदेहि शब्दको अर्थ यसरी लगाइएको छ—

'वेदन्ति एतेनाति = वेदो । ञाणस्सेतं अधिवचनं । वेदेन ईहति वटति वायमतीति = वेदेहो । वेदेहिया पुत्तो = वेदेहि पुत्तो ।' अर्थात् जसद्वारा बुझिने हो त्यो 'वेद' हो । ज्ञानलाई नै 'वेद' भनिएको हो । वेदद्वारा उत्साहित हुने 'वैदेही' हो । वैदेहीको पुत्र = वैदेहीपुत्र हो भनी सुमं. वि. I. पृ. १५८: सामञ्ञफलसुत्त-वण्णनाले उल्लेख गरेको छ । यस्तै गरी सार. प. II. पृ. १३२: उपस्सयसुत्तवण्णना, कस्सपसंयुत्तले पनि उल्लेख गरेको छ । पपं. सू. II. पृ. ८१: ककचूपमसुत्तवण्णनाले पनि ।

यो वेदेही शब्द 'विद ञाणे' भन्ने धातु शब्दद्वारा बनेको हो ।

५. 'पूर्णिमा' शब्दको अर्थ उल्लेख गर्दै सुमं. वि. I. पृ. १५९: सामञ्ञ-फलसुत्तवण्णनाले यसरी दिएको छ --

"महीना पूर्ण हुने, ऋतु पूर्ण हुने अथवा वर्ष पूर्ण हुनेलाई 'पूर्ण' भन्दछन् । 'मा' भनेको चन्द्रमा हो । अतः चन्द्रमा पूर्ण भएको हुनाले 'पूर्णिमा' भनिएको हो ।"

"अहा ! कति निर्मल रमणीय यो रात ! अहा ! कति अभिरूप यो निर्मल रात ! अहा कति दर्शनीय यो निर्मल रात ! अहा ! कति प्रसादनीय यो निर्मल रात ! अहा ! कति लक्षणीय यो निर्मल रात ! आज कुन श्रमण वा ब्राह्मणको[1] सत्संगत गरूँ जसको सत्संगत गर्दा प्रफुल्लित चित्त हुनसकोस् !"

(१) यस्तो भन्दा एक राजामात्यले मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने—"देव ! यी पूरणकश्यप[2] सङ्घी, गणी, गणाचार्य, प्रसिद्ध, यशस्वी, तीर्थंकर (= सम्प्रदाय स्थापक), धेरैजनाले साधुसम्मत, रात्रज्ञ, चिरप्रव्रजित, धेरै समय बिताइसकेका तथा वंश

---

६. यहाँ 'उपोसथ' भनेको शील ग्रहण गरी अथवा निराहार भई व्रत बस्ने दिनलाई भनिएको हो। दी. नि. अ. क. I. पृ. १५९: सामञ्ञफलसुत्तवण्णना ।

भिक्षुहरूको प्रातिमोक्ष उद्देशण गर्नेलाई पनि 'उपोसथ' भन्दछन् भने अष्टाङ्गशील समादान गरी बस्नेलाई र उपवास बस्नेलाई पनि 'उपोसथ' नै भन्दछन् भनी दी. नि. अ. क. I. पृ. १५९ ले उल्लेख गरेको छ ।

१. यहाँ 'ब्राह्मण' भनिएको ब्राह्मण जातिलाई भनिएको होइन । अरहन्त आदि श्रेष्ठ पुरुषलाई भनिएको हो ।

२. यी पूरणकश्यप को हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. १ को पूरणकश्यप परिचयमा हेर्नू ।

पुगिसकेका हुन् । देव ! ती पूरणकश्यपको सत्संगत गर्नुहोस् । पूरणकश्यपसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तोभन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

(२) अर्को राजामात्यले मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने—"देव ! यी मक्खलिगोशाल[1] सङ्घी, गणी, गणाचार्य,... तथा बंश पुगिसकेका हुन् । देव यी मक्खलिगोशालसँग सत्संगत गर्नुहोस् । मक्खलिगोशालसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु चुपलागेर बसे ।

(३) अर्को राजामात्यले पनि मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई यस्तो भने—"देव ! यी अजित केशकम्बल[2] सङ्घी, गणी, गणाचार्य,...तथा बंश पुगिसकेका हुन् । देव ! अजित केशकम्बलसँग सत्संगत गर्नुहोस् । अजित केशकम्बलसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

---

१. यी मक्खलिगोशाल कस्ता हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ७३ मा मक्खलिगोशालपरिचय हेर्नू ।
२. यी अजित केशकम्बल को हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ९६ को अजित केशकम्बलपरिचय हेर्नू ।

(४) अर्का राजामात्यले पनि मगधराजा अजातशत्रु वैदेही-पुत्रलाई यस्तो भने—"देव ! यी पकुधकच्चान[१] (= प्रकुध कात्यायन) सङ्घी, गणी, गणाचार्य, . तथा वँश पुगिसकेका हुन् । देव ! यी पकुध कच्चानसँग सत्संगत गर्नुहोस् । पकुध कच्चानसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

(५) अर्का राजामात्यले पनि यस्तो भने—"देव ! यी सञ्जय वेलट्ठपुत्र[२] सङ्घी, गणी गणाचार्य,...तथा वँश पुगिसकेका हुन् । देव ! यी सञ्जय वेलट्ठपुत्रसँग सत्संगत गर्नुहोस् । सञ्जय वेलट्ठपुत्रसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

(६) अर्का राजामात्यले पनि यस्तो भने—"देव ! यी निगण्ठ-नाटपुत्र[३] सङ्घी, गणी, गणाचार्य, . तथा वँश पुगिसकेका हुन् । देव ! यी निगण्ठ-नाटपुत्रसँग सत्संगत गर्नुहोस् । निगण्ठ-नाटपुत्रसँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ ।" यस्तो भन्दा मगधराजा अजातशत्रु वैदेहीपुत्र चुपलागेर बसे ।

---

१. यी पकुध कच्चान कस्ता हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. १०८ को पकुध कच्चानपरिचय हेर्नू ।

२. यी सञ्जय वेलट्ठपुत्र को थिए भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. १२० को सञ्जय वेलट्ठपुत्रपरिचयमा हेर्नू ।

३. यी निगण्ठ-नाटपुत्रको सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. १३२ को निगण्ठ-नाटपुत्रपरिचय हेर्नू ।

जीवकको आम्रवनमा गए

त्यस समय जीवक कौमारभृत्य मगधराजा अजातशत्रु वैदेहीपुत्रको नगिचमा चुपलागेर बसिरहेका थिए। अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले जीवक कौमारभृत्यलाई यस्तो भने—"सौम्य जीवक ! किन तिमी चुपलागेर बसिरहेको ?"

"देव ! वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध हाम्रो आम्रवनमा साँढे बाह्रशय महान भिक्षुसङ्घका साथ बसिरहनुभएको छ। वहाँ भगवान्को यस्तो कल्याण कीर्तिशब्द फैलिरहेको छ—'वहाँ भगवान् अरहत् हुनुहुन्छ,...[1] तथा वहाँ बुद्ध भगवान् हुनुहुन्छ।' देव ! वहाँ भगवान्सँग सत्संगत गर्नुहोस्। वहाँ भगवान्सँग सत्संगत गर्दा अवश्य पनि देवको चित्त प्रफुल्लित हुनेछ।"

"सौम्य जीवक ! त्यसोभए हस्तीयानहरू तयार पार्न लगाऊ[2]।"

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–२, पृ. १४७ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

२. अनेक रथहरू वा अश्वहरू छँदा छँदै किन हात्तीयान तयार गर भनी नियुक्त गरे होलान् भन्ने बारेमा सुमं. वि. I. पृ. १६७: सामञ्ञफलसुत्त वर्णनाले यसरी उल्लेख गरेको छ—

अश्वयान वा अरू रथहरूमा जाँदा आवाज आउँछ। त्यसैले शान्त हुनु भएका बुद्धकहाँ जानको निमित्त हात्तीमा जाँदा आवाज नआई शान्त हुनेछ भन्ने मनमा राखी यसो भनेका हुन्।

"हवस् देव !" भनी मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई प्रत्युत्तर दिई जीवक कौमारभृत्यले पाँचशय ढोईहरू र राजाले चढ्ने हात्ती पनि तयार पार्न लगाई मगधराजा अजातशत्रु वैदेहीपुत्रलाई निवेदन गरे— "देव ! हस्तीयानहरू तयार भइसके । अब जस्तो उचित सम्झनुहुन्छ ।"

अनि प्रत्येक पाँचशय हात्तीहरूमा एक एक स्त्री राखी[1] आफूले चढ्ने हात्तीमा चढी चिरागहरू समात्नलगाई महत् राजानुभावले मगधराजा अजातशत्रु वैदेहीपुत्र राजगृहबाट जहाँ जीवकको आम्रवन हो त्यतँतिर प्रस्थान गरे ।

अनि आम्रवनको नगिचमा पुगेपछि मगधराजा अजातशत्रु वैदेहीपुत्र भय[2] र त्रासले जिरिङ्गिए । अनि भयभीत तथा संविग्न र लोमहर्षण[3] भएका मगधराजा अजातशत्रु वैदेहीपुत्रले जीवक कौमारभृत्यसँग यस्तो भने—"सौम्य जीवक ! के तिमीले मलाई छकाएका त होइनौ ? सौम्य जीवक ! के तिमीले धोका दिएका त होइनौ ? सौम्य जीवक के तिमीले शत्रुको हातमा पार्न लगाएका त होइनौ ? त्यत्रो ठूलो साँढे बाह्रशय महान भिक्षुसङ्घको न खकारको आवाज सुनिन्छ न त खोकेको आवाज नै सुनिन्छ न त अरू कुनै आवाज नै सुनिन्छ !"

---

१. यी स्त्रीहरूलाई पुरुष भेष बनाई ढाल तरवार लिन लगाई हात्तीमा राखेका थिए भनी सुमं. वि. I. पृ. १६८ ले उल्लेख गरेको छ ।

२. भय चार प्रकारका छन् — (१) चित्त त्रासको भय, (२) ज्ञान भय, (३) आरम्मण भय र (४) ओत्तप्प भय ।

(१) ती मध्ये "जातिं पटिच्च भयं भयानकं" (=जातिको कारणले भयानक भय हुन्छ) भन्ने जस्ता ठाउँमा चित्तत्रास भयलाई 'भय' भनिएको हो ।

(२) "ते पि तथागतस्स धम्मदेसनं सुत्वा येभुय्येन भयं संवेगं सन्तासं आपज्जन्ती" (=उनीहरु तथागतको धर्मदेशना सुनेर धेरैजसोले भय, संवेग र त्रास गर्छन्) भन्ने जस्ता ठाउँमा ज्ञानभयलाई 'भय' भनिएको हो। (सं. नि. II. पृ. ३११: सीहसुत्तं, खन्धसंयुत्तं ।)

(३) "एतं नून तं भयभेरवं आगच्छति" (=यो होकि क्याहो त्यो भयभैरव आउने) भन्ने जस्ता ठाउँमा आरम्मण भयलाई 'भय' भनिएको हो। (म. नि. I. पृ. २८: भयभेरव-सुत्तं ।)

(४) "भीरुं पसंसन्ति न हि तत्थ सूरं,
भया हि सन्तो न करोन्ति पापं"

(=त्यहाँ डरमान्नेलाई प्रशंसा गर्छन् तर शूरलाई होइन; डर-

मान्नेहरू पाप गर्दैनन्) भन्ने जस्तो ठाउँमा ओतप्पभयलाई 'भय' भनिएको हो। (सं. नि. I. पृ. २१: साधुसुत्तं, देवतासंयुत्तं।)

यहाँ यस सूत्रमा चाहिं चित्तत्रासको भयलाई 'भय' भनिएको हो भनी सुमं. वि. I. पृ. १७०: सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'लोमहर्षण' भनेको आङ्का रौंहरू ठाडा हुन्छन्। यो लोमहर्षण चाहिं धर्मश्रवण आदिको बेलामा प्रीतिको कारणले पनि हुन्छ। पिसाच आदि देख्दा डरपोकहरूलाई भयको कारणले पनि हुन्छ। यहाँ पनि चित्तत्रासको कारणले लोमहर्षण भएको हो भनी सुमं. वि. I. पृ. १७० ले उल्लेख गरेको छ।

किन यी अजातशत्रु राजा भयभीत भएका होलान् भन्ने बारेमा सुमं. वि. I. पृ. १७० ले यसरी उल्लेख गरेको छ—

'किन भयभीत भएको हो ?' भन्ने कुराको उत्तर केहीले अन्धकार भएकोले हो भनी भन्दछन्। राजगृहमा ३२ वटा महाद्वारहरू र ६४ वटा स्याना स्याना द्वारहरू छन्। जीवकको आम्रवन चाहिं राजगृहको परखाल र गृद्धकूट पर्वतको बीचमा पर्दछ। अनि उनी पश्चीमद्वारबाट निस्केर पर्वतको छाया भएको ठाउँमा पुगे। त्यहाँनिर पर्वतको टुप्पोले चन्द्रमा ढाकिएको थियो।

पर्वतको छाया र रुखहरूको छायाले गर्दा त्यहाँ अँध्यारो भएको थियो। यो कुरा चाहिं खास कारण होइन। किनभने त्यसबखत हजारौं चिरागहरू थिए। निःशब्दताको कारणले गर्दा आफ्नो ज्यानको बारेमा आशंका भएर नै यी राजा भयभीत भएका हुन्। जीवकले चाहिं अजातशत्रुलाई प्रासादमाथि नै भनिसकेका थिए कि भगवान् निःशब्दकामी हुनुहुन्छ। त्यसैले निःशब्दतापूर्वक जानुपर्छ। त्यसैले राजाले तूर्य शब्दहरू बन्द गराएका थिए। तूर्यहरू केवल लिएर मात्र गएका थिए। यति मात्र होइन कुराकानी पनि ठूलो स्वरले गर्न दिएका थिएनन्। आम्रवनमा पनि कसैले खोकेको आवाजसम्म पनि सुनिदैनथ्यो। राजाहरू चाहिं शब्दहरूमा अभिरमण गर्छन्। अतः उनी निःशब्दताको कारणले गर्दा उत्कण्ठित मात्र भएका होइनन् तर उनले जीवकमाथि आशंका पनि गरेका थिए। "मेरो आम्रवनमा साँढे बाह्रशय भिक्षुहरू छन् भनी यी जीवक भन्दछन्" तर यहाँ भने खोकेको आवाजसम्म पनि सुनिदैन। कूटो कुरा गरेर आफूले छत्र लिन्न चाहन्छन् जस्तो लाग्छ। यिनमा चाहिं पाँच हात्तीको बल छ र मेरो नगिचबाट पनि जाँदैछन्। यहाँ मेरो नगिचमा हातमा शस्त्र भएका कुनै पुरुष पनि छैनन्। "अहो मेरो अनर्थ हुनलाग्यो" भनी डराएका थिए। डराएर पनि नडराए जस्तै बस्न नसकी आफू भयभीत भएको कुरा उनलाई भनी नै हाले। त्यसैले सूत्रमा 'भय त्रास र लोमहर्षण भयो' भनी उल्लेख गरेको हो।

"महाराज ! नडराउनुहोस्, महाराज ! नडराउनुहोस्[1] ! देव मैले तपाईंलाई छकाएको छैन। देव ! न मैले तपाईंलाई धोका नै दिएको छु। देव ! न मैले तपाईंलाई शत्रुको हातमा पारेको छु। महाराज ! अगाडि बढ्नुहोस्, महाराज ! अगाडि बढ्नुहोस् ! ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ[2]।'

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र जतिसम्म हात्तीबाट जाने बाटो हो त्यतिसम्म हात्तीबाट गई त्यसपछि हात्तीबाट ओर्ली[3] पैदल नै जहाँ मण्डलमालको द्वार हो त्यहाँ गए। त्यहाँ पुगेपछि जीवक कौमारभृत्यलाई यस्तो भने—"सौम्य जीवक ! भगवान्‌कहाँ हुनुहुन्छ त[4] ?"

"महाराज ! भगवान् यहाँ हुनुहुन्छ। महाराज ! भगवान् यहाँ माफको स्तम्भमा अडेसलिई भिक्षुसङ्घलाई अगाडितिर पारी पूर्वाभिमुख गरी बसिरहनु भएको छ।"

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्र जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि एक छेउमा उभिए[5]। एक छेउमा उभिएका

---

१. मैले कसैलाई हत्या गर्दिन भन्ने कुरा यी राजा जान्दैनन्। अतः यदि मैले आश्वासन नदिएको खण्डमा मामला खराब हुनेछ भन्ने ठानी उनले 'नडराउनुहोस् नडराउनुहोस्' भनी भनेका हुन् भनी सुमं. वि. I. पृ. १७१: सामञ्जफलसुत्तवण्णनाले उल्लेख गरेको हो।

२. "ऊ त्यो मण्डलमालमा बत्ती बल्दैछ" भनी भन्नाको मतलब हो—

महाराज ! चोरका जमातहरू बत्ती बालेर बस्दैनन् । यो मण्डलमालमा बत्ती बलिरहेको छ । अतः नडराउनुहोस् र बत्ती भएको ठाउँमा जानुहोस् भनी भनिएको हो । सुमं. वि. I. पृ. १०६: सामञ्ञफलसुत्तवण्णना ।

३. 'हात्तीबाट ओर्ल्हीं' भनेको विहारको बहिद्वारको कोठा अगाडि ओर्लहें भनी भनिएको हो ।

ओर्लहेर खुट्टाले भुइमा टेक्ने बित्तिकै भगवान्को रश्मी राजाको शरारभरी फैलिएर गयो । अनि त्यतिखेरै राजाको शरीरमा पसिना निस्कनथाल्यो र लगाइराखेको वस्त्र निचोर्नं पर्ने जस्तो भयो । त्यसैबखत आफ्नो अपराधलाई ठसक्क सम्झेर राजाको मनमा महाभय उत्पन्न भयो । अनि सीधा बुद्धकहाँ जान नसकी जीवकको हात समाती आराममा घुम्ने जस्तो गरी "जीवक ! तिमीले यो खूब राम्ररी बनायौ" भन्दै विहारको बयान गर्दै जहाँ मण्डलमालको द्वार हो त्यहाँ गए भनी सुमं. वि. I. पृ. १७२ ले उल्लेख गरेको छ ।

४. राजाले भगवान्कहाँ हुनुहुन्छ भनी किन सोधेका होलान् भन्ने बारेमा केही भन्दछन् कि 'नजानेर' । केटाकेटीको बखतमा राजा बिम्बिसारसँग आउँदा यिनले बुद्धलाई देखेका थिए । पछि कुसंगतको कारणले गर्दा यिनले पितृघात गरेका थिए । देवदत्तको कुरा सुनेर धनपालक (नालागिरी) लाई छाडी दिएका थिए । यस्तै यस्ता काम गरी अपराधी भएको हुँदा उनी भगवान्कहाँ

नगएका हुन् । त्यसैले 'नजानेर' भनिएको हो । तर यो चाहिँ कुनै कारण होइन । किनभने भगवान् लक्षणहरूले सुसम्पन्न र अनुव्यञ्जनहरूले प्रतिमण्डित हुनुहुन्छ । छ वर्ण रश्मीहरूद्वारा सबै आरामहरू प्रकाश गरी ताराहरू परिवृत्त भएको चन्द्रमा जस्तै भिक्षुहरूद्वारा परिवृत्त भई मण्डलमालमा वसिरहनु भएको छ । कसले वहाँलाई चिन्न नसक्ला र ? यिनले त केवल आफ्नो ऐश्वर्यलीलाले यस्तो सोधेका हुन् । राजाहरूको लागि यो स्वाभाविक नै हो कि जो जानेर पनि नजाने जस्तै गरी सोध्दछन् ।

अनि जीवकले राजाको कुरा सुनी – "पृथ्वीमा बसेर पनि खोइ पृथ्वी भनी यी राजा सोध्दछन् । आकाशमा हेरेर पनि खोइ चन्द्रमा भनी सोध्दछन् । सुमेरुको फेदीमा बसेर खोइ सुमेरु भनी सोधे जस्तै गरी भगवान्को अगाडि बसेर पनि खोइ भगवान् भनी सोध्दछन्" भन्ने लागेर भगवान्लाई देखाइदिनु पर्‍यो भनी सोचेर जतातिर भगवान् हुनुहुन्थ्यो त्यतातिर दुइहात जोरी नमस्कार गरी "यहाँ भगवान् हुनुहुन्छ" भनी भने । सुमं. वि. I. पृ. १७३: सामञ्ञफलसुत्तवण्णना ।

५. 'एक छेउमा उभिए' भनेको भगवान्लाई र भिक्षुसङ्घलाई कुनै बाधा नहुने गरी एक अनुकूल ठाउँमा उभिई भगवान्लाई नमस्कार गरिरहे भनी सुमं. वि. I. पृ. १७३ ले उल्लेख गरेको छ ।

मगधराजा अजातशत्रु वैदेहीपुत्रले स्वच्छ तलाउ जस्तै बसिरहेका[१] भिक्षुहरूलाई हेरेर उदान प्रकट गरे[२]—"जस्तै यी भिक्षुसङ्घ उपशान्त भई बसिरहेका छन् त्यस्तै गरी मेरा उदयभद्र कुमार पनि उपशान्त भई बसुन् ।"

"महाराज ! तपाईं प्रेम अनुरूप जानुभयो[३] ।"

"भन्ते ! मेरो उदयभद्र कुमार मलाई प्यारो छ । भन्ते ! उदयभद्र कुमार पनि यसरी नै उपशान्त भएर बसे हुन्थ्यो । जसरी यहाँ भिक्षुसङ्घ उपशान्त भई बसेका छन् ।"

अनि मगधराजा अजातशत्रु वैदेहीपुत्रले भगवान्लाई अभिवादन गरी भिक्षुसङ्घलाई दुइहात जोरी नमस्कार गरी[४] एक छेउमा बसे । एक छेउमा बसेका मगधराजा अजातशत्रु वैदेहीपुत्रले भगवान्लाई यस्तो भने—"भन्ते ! भगवान्सँग म केही कुरा सोध्न चाहन्छु यदि भगवान्ले प्रश्नको उत्तर दिने अवकाश दिनुहुन्छ भने ।"

"महाराज ! सोध्नुहोस् जहिले चाहनुहुन्छ[५] ।"

---

१. जजसलाई हेरे ती ती भिक्षुहरू चुपलागेर बसिरहेका देखे । त्यहाँ एक भिक्षुले पनि हात वा खुट्टा चलाइरहेका थिएनन् । सर्वालङ्कारले प्रतिमण्डित भएका नाटक परिवारलाई वा राजालाई कुनै भिक्षुले हेरेका थिएनन् । सबैले भगवान्लाई नै हेरी बसिरहेका थिए ।

उनीहरूलाई देखेर राजा अति प्रसन्न भएका थिए। मल रहित तलाऊ जस्तै उनीहरूका शान्त इन्द्रियहरू अति प्रसन्न थिए। अनि बारम्बार उनीहरूलाई हेरी राजाले उदान प्रकट गरेका हुन्। सुमं. वि. I. पृ. १७३–७४.

२. "जस्तै यी भिक्षुसङ्घ उपशान्त भई बसिरहेका छन् त्यस्तै गरी उदयभद्र कुमार पनि उपशान्त भई बसुन्" भनी उदान प्रकट गरे। यसको अर्थ प्रष्ट पार्दै सुमं. वि. I. पृ. १७४: सामञ्ञफलसुत्त-वण्णनाले यसरी उल्लेख गरेको छ।

"अहो! मेरो पुत्र उदयभद्र पनि प्रव्रजित भई यसरी नै उपशान्त भएर बस्नसके कति असल हुने थियो।" यति कारणले मात्र त्यसो भनेको होइन। यिनले शान्तपूर्वक बसिरहेका भिक्षु-सङ्घलाई देखेर पुत्रको अनुस्मरण गरेका थिए। कुनै दुर्लभ चीज पाएर अथवा कुनै प्रिय वस्तु देखेर आफ्ना प्यारा ज्ञातिबन्धुहरूको अनुस्मरण गर्नु यो लोकका मानिसहरूको स्वभाव हो। यदचपि उनले यस्तो भने तर उनले यो कुरा आफ्नो पुत्रमाथि आशंका गरी भनेका हुन्।

राजाको मनमा यस्तो लागेको थियो– "मेरो छोराले सोध्नसक्छ कि मेरा पिता तन्नेरी छन्, मेरा बाजे कहाँछन्?" यस्तो सोध्ने उसले "तिम्रो पिताले तिम्रा बाजेलाई मारिदिए" भन्ने कुरा सुन्नसक्छ। अनि उसले पनि "मैले पनि मेरा पितालाई

मारेर राज्य गर्नेछु" भन्ने कुरा सोच्न सक्छ। यसरी पुत्रमाथि आशंका गरी उनले 'मेरो छोरा शान्त भएर बसे हुन्थ्यो' भन्ने कुरा भनेका हुन्। यस्तो इच्छा गरे तापनि पछि उनलाई उनको पुत्रले मारिनै दिएका थिए। यिनीहरूको वंशमा पाँच वंशसम्म पितृघातको परम्परा चलेको थियो। जस्तै—(१) अजातशत्रुले बिम्बिसार राजालाई मारे (२) उदयभद्रले अजातशत्रुलाई मारे (३) उनको पुत्र महामुण्डले आफ्नो पिता उदयभद्रलाई मारे (४) अनि महामुण्डलाई अनुरुद्धले मारे र (५) अनुरुद्धको छोरा नागदास भन्नेले आफ्नो पिता अनुरुद्धलाई मारे। त्यसपछि नागदास राजालाई 'यी राजाहरू वंशछेदक हुन्' भनी रिसाएका नागरिकहरूले मारिदिए। सुमं. वि. I. पृ. १७४: सामञ्ञफलसुत्त-वण्णना।

३. किन भगवान्‌ले यस्तो भन्नुभएको होला ? राजाले वचन प्रकट गर्नुभन्दा अगावै त्यसबखत भगवान्‌ले यसरी विचार गर्नुभएको थियो—'यी राजा चुपलागेर कुनै शब्द प्रकट नगरी के सोचेर बसेका होलान् ?' त्यसपछि भगवान्‌ले उनको मनोभावलाई बुझ्नुभई 'यी राजा मसँग कुरागर्न नसकी भिक्षुसङ्घलाई हेरी पुत्रको संस्मरण गर्दैछन्। मैले कुरा नउठाइकन यिनले मसँग कुरागर्न सक्ने छैनन्। अतः यिनीसँग कुरा गर्नुपर्‍यो' भनी राजाको कुरा सिद्धिने बित्तिकै भगवान्‌ले 'महाराज ! तपाईं प्रेम

अनुरूप जानुभयो' भनी भन्नुभएको हो । भनाइको मतलब जसरी अग्लो ठाउँको पानी होचो ठाउँमा जानेहो त्यसरी नै भिक्षुसङ्घलाई हेर्दै जहाँ प्रेम छ त्यहाँ तपाइँको मन गयो भनी भनिएको हो ।

यति कुरा सुनेपछि राजालाई यस्तो लाग्यो—"अहो आश्चर्य बुद्धगुण ! म जस्तो अपराधी भगवान्‌को अरू कोही छैनन् । मैले वहाँका अग्र उपस्थापक (=बिम्बिसार) लाई मारिदिएँ । देवदत्तको कुरा सुनेर मैले वहाँलाई मार्नको निमित्त मानिसहरू पठाएँ । (हेर चुल्ल. व. पा. पृ. २९६: नालागिरिपेसनं, सङ्घभेदक्खन्धकं) मेरो सहारा लिएर देवदत्तले भगवान्‌माथि ढुंगा फ्यांके । (हेर चुल्ल. व. पा. पृ. २९३: लोहितुप्पादकम्म, सङ्घ-भेदक्खन्धकं) यस्तो महाअपराधी मसँग दशबलले कुरा गर्दै हुनुहुन्छ । अहो भगवान् पाँच प्रकारका तटस्थता (तादि) गुणहरूले युक्त हुनुहुन्छ । यस्ता शास्तालाई छाडेर अब बाहिर शास्ताहरू खोज्ने छैन" भन्दै चित्त प्रसन्न गरी भगवान्‌सँग कुरा गर्दै राजाले "भन्ते ! मेरा उदयभद्र कुमार मलाई प्यारो छन्" भनी भनेका हुन् भनी सुमं. वि. I. पृ. १७४–७५: सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको हो ।

(यहाँ माथि लेखिएका पाँच प्रकारका तादिगुण भनेका के के हुन् भन्ने कुरा महा. नि. पृ. ९६ र ४०० मा उल्लेख भएको पाइन्छ ।)

४. किन भिक्षुसङ्घलाई नमस्कार मात्र गरेका हुन् त ? भन्ने प्रश्नको बारेमा अट्ठकथाले यसरी लेखेको छ—

उनलाई यस्तो लागेको थियो—"भगवान्‌लाई वन्दना गरी यता उता गई भिक्षुसङ्घलाई वन्दना गर्दा भगवान्‌लाई पछाडि पार्नुपर्ने हुन्छ। यसो गर्दा गौरव देखाएको हुन्न। राजालाई वन्दना गरी उपराजाहरूलाई वन्दना गर्दा राजालाई अगौरव गरेको हुन्छ।" त्यसैले भगवान्‌लाई वन्दना गरी उभिइरहेको ठाउँबाटै भिक्षुसङ्घलाई दुइहात जोरी नमस्कार गरी एक छेउमा बसेका हुन्। सुमं. वि. I. पृ. १७५.

५. अनि प्रश्न सोध्न प्रोत्साहित पार्दै भगवान्‌ले "महाराज! सोध्नु-होस् जहिले चाहनुहुन्छ" भनी भन्नुभएको हो।

यसको तात्पर्य यो हो कि जहिले चाहनुहुन्छ सोध्नुहोस्। उत्तर दिनमा मलाई कुनै बोझ हुने छैन। अथवा जे चाहनुहुन्छ सोध्नुहोस् सबैको उत्तर म दिनेछु भनी सर्वज्ञ ज्ञानद्वारा वचन दिनु भएको हो। यस्तो भन्नाले प्रत्येकबुद्ध र अग्रश्रावकहरू भन्दा असाधारणता देखाउँछ। उनीहरूले चाहिं 'जहिले चाहन्छौ सोध' भनी भन्दैनन्। 'प्रश्न सुनेर भन्नेछु' भनी भन्दछन्। बुद्धले चाहिं 'आवुसो! जहिले चाहन्छौ सोध' भनेर वा 'महाराज! जहिले चाहन्छौ सोध' भनी भन्न सक्नुहुन्छ। सुमं. वि. I. पृ. १७६: सामञ्ञफलसुत्तवण्णना।

श्रामण्यफल सम्बन्धी प्रश्न

"भन्ते ! जस्तै यहाँ विविध प्रकारका शिल्पीहरू छन् । जस्तै—माहुतेहरू, सवारहरू, सारथीहरू, धनुषाचार्यहरू, चेलकहरू, (=विजय ध्वजा धारीहरू), चलकाहरू (=सेनाव्यूह निर्माताहरू), पिण्डदायकहरू (=सेनाहरूलाई भात पस्काउनेहरू), उग्रराजपुत्रहरू (संग्राममा जाने शूर वीर राजपुत्रहरू), पक्खन्दिकहरू (=शत्रुका शीर छेदन गर्न सक्नेहरू), शूरहरू, चर्मयोधिनहरू (=छालाका ढाल लिई संग्राममा जानेहरू), दासपुत्रहरू, भान्छेहरू, हजामहरू, नुहाउनेहरू, सूपशास्त्रीहरू, मालाकारहरू, धोबीहरू, चप्रासीहरू, नलकारहरू, कुमालेहरू, गणकहरू (=काम छेडनेहरू), गणितज्ञहरू तथा अरू पनि विविध प्रकारका शिल्पीहरू छन् । तिनीहरूले यसै जीवनमा आफ्ना शिल्पफलहरूद्वारा जीविका गर्छन् । त्यसद्वारा उनीहरूले आफूलाई सुखी तथा आनन्दित पार्छन् । आमाबाबुहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । पुत्रदारहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । साथी मित्रहरूलाई पनि सुखी तथा आनन्दित पार्छन् । उनीहरूले श्रमण-ब्राह्मणहरू प्रति उँभोलाग्ने स्वर्गीय सुखविपाकी र स्वर्गगामी दानदक्षिणा अर्पित गर्छन् । भन्ते ! यस्तैगरी यसै जीवनमा प्रत्यक्षफल दिने श्रामण्यफल[1] (सामञ्ञफलं=श्रमणभावको फल) प्रज्ञापन गर्न सकिन्छ के ? (=देखाउन सकिन्छ के ?)

---

१. 'श्रामण्यफल' को शब्दार्थ हो—श्रमणफल । परमार्थको हिसाबले चाहिं 'मार्ग' लाई 'श्रामण्य' र 'आर्यफल' लाई 'श्रामण्यफल'

"महाराज ! यो प्रश्न अरू कुनै श्रमणब्राह्मणहरूसँग सोध्नु भएको कुरा तपाईंलाई थाहाछ के' ?"

भन्दछन् । जस्तो कि "भिक्षुहो ! श्रामण्य भनेको कस्तो हो ? यही आर्यअष्टाङ्गिकमार्ग हो । जस्तै—सम्यक्‌दृष्टि...सम्यक्-समाधि । भिक्षुहो ! यही श्रामण्य हो । भिक्षुहो ! कुनचाहिं श्रामण्यफल हो त ? स्रोतापत्तिफल,...अरहत्‌फल । यही श्रामण्य-फल हो ।" (सं. नि. IV. पृ. २२: पठम सामञ्ञसुत्तं, मग्गसंयुत्तं ।) राजालाई चाहिं यस विषयमा ज्ञान थिएन । त्यसैले उनले माथि सूत्रमा उल्लेख भए जस्तै दासपुत्रहरूले झैं यसै जीवनमा पाउने कुनै प्रत्यक्षफल पाउने कुनै धर्म छ के ? भनी सोधेका हुन् । सुमं. वि. I. पृ. १७९: सामञ्ञफलसुत्तवण्णना ।

१. भगवान्‌ले यो प्रश्न किन सोध्नुभएको होला भन्ने सम्बन्धमा अट्ठकथाले यसरी पष्टिकरण दिएको छ ।

अनि भगवान्‌ले प्रश्नको उत्तर दिनुभन्दा अगावै यस्तो सोच्नुभयो—"यी धेरै अन्यतीर्थिय श्रावकहरू राजामात्यहरू यहाँ आएका छन् । कृष्णपक्ष र शुक्लपक्षको सम्बन्धमा कुरा प्रकाश पार्दा उनीहरूले 'महत् उत्साह लिएर महाराजा यहाँ आउनुभएको छ । यहाँ आउनु भएदेखि नै श्रमणहरूको झगडा र वादविवाद सम्बन्धी श्रमण गौतमले कुरा गर्दै हुनुहुन्छ' भन्दै कराउनेछन् र आदरपूर्वक धर्मकुरा सुन्ने छैनन् । राजाले नै भनेको खण्डमा उनीहरू कराउने छैनन् र राजाकै कुराको अनुशरण गर्नेछन् ।

"भन्ते ! यो प्रश्न अरू श्रमणब्राह्मणहरूसँग सोधेको कुरा मलाई थाहाछ ।"

"महाराज ! अनि कसरी उनीहरूले तपाईँलाई उत्तर दिए त ? यदि तपाईँलाई बोझ लाग्दैन भने बताउनुहोस् ।"

"भन्ते ! मलाई कुनै बोझ लाग्दैन जहाँ कि भगवान् वा भगवान् समान कुनै (पुरुष) बसेका छन् ।"

"महाराज ! त्यसोभए भन्नुहोस् ।"

छतीर्थिय मतहरू

"भन्ते ! एक समय म जहाँ पूरणकश्यप थिए त्यहाँ गएँ । त्यहाँ पुगेपछि पूरणकश्यपसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते अनि एक छेउमा बसेको मैले पूरणकश्यपसँग यस्तो सोधें— 'भो कश्यप ! यहाँ विविध प्रकारका

यी लोकवासीहरू मालिकको अनुशरण गर्छन् । अतः राजाकै जिम्मा लगाइदिनु पर्‍यो भन्ने सोचेर भगवान्ले "यो प्रश्न अरू कुनै श्रमणब्राह्मणहरूसँग सोध्नु भएको छ के ? त्यसो सोध्नु भएको तपाईँलाई थाहा छ के ? बिर्सनु त भएको छैन ?" भनी भन्नुभएको हो । यदि कसैसँग सोध्नु भएको छ भने उनीहरूले के कस्तो उत्तर दिए भन्ने कुरा बताउन गहारो लाग्दैन भने त्यो कुरा भन्नुभए वेश हुने थियो भनी भन्नुभएको हो भनी सुमं. वि. I. पृ. १७९–८०: सामञ्ञफलसुत्तवण्णनाले उल्लेख गरेको छ ।

शिल्पीहरू छन् । जस्तै— माहुतेहरू,...[1] । भो कश्यप ! तपाईंले पनि त्यस्तैगरी यसै जीवनमा प्रत्यक्षरूपले श्रामण्यफल देखाउन सक्नुहुन्छ के ?'

"भन्ते ! यस्तो सोध्दा पूरणकश्यपले मलाई यस्तो जवाफ दिए—

पूरणकश्यपको मत

"महाराज ! [क] (१) गर्दा र गराउँदा छेदन गर्दा र छेदन गराउँदा, पिट्दा र पिट्न लगाउँदा, हरण गर्दा र हरण गराउँदा, कष्ट दिंदा र कष्ट दिन लगाउँदा, फन्दामा पार्दा र फन्दामा पार्न लगाउँदा प्राणीघात गर्दा, (२) चोरी गर्दा, घर फोर्दा, लुट-पीट् गर्दा एक्लो घरमा लुट्-पीट् गर्दा, चार दोबाटोमा बसी आउने जानेलाई लुट्-पीट् तथा काट्-मार गर्दा; (३) परदारगमन गर्दा तथा (४) झूटो बोल्दा पनि पाप लाग्दैन र पाप गर्छु भन्दा पनि पाप गरिएको हुँदैन । [ख] छुराको जस्तो धार भएको चक्रले यस पृथ्वीमा प्राणी-हरूलाई (कसैले) उनीहरूको मासुको थुप्रो अथवा पुन्ज लगाएता पनि त्यसको कारणले (उसलाई) पाप लाग्दैन र पाप हुँदैन । [ग] यसरी हनन गर्दै, घात गर्दै, छेदन गर्दै तथा छेदन गराउँदै; पिट्दै र पिट्न

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

लगाउँदै—(उत्तरगङ्गाबाट) दक्षिण[1] गङ्गाको तटसम्म गए तापनि त्यसको कारणले पाप लाग्दैन, पाप हुँदैन। [घ] (त्यस्तै) दान दिँदै र दान दिन लगाउँदै, यज्ञ गर्दै र यज्ञ गराउँदै (दक्षिण गङ्गाबाट) उत्तर[2] गङ्गाको तटसम्म गएता पनि त्यसको कारणले पुण्य पाउँदैन, पुण्य हुँदैन। [ङ] (त्यस्तै) दानद्वारा, इन्द्रिय दमनद्वारा, शील-संयमद्वारा, सत्यवादीताद्वारा पनि पुण्य पाउँदैन[3] र पुण्य हुँदैन।'

"भन्ते! पूरणकश्यपसँग मैले यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञफलको कुरो सोध्दा उनले मलाई 'गर्नु नपर्ने' (= अकिरियं = अ-क्रिया) कुराको व्याख्या गरे। जस्तै—कसैले कसैसँग आँपको कुरो सोध्दा लौकाको कुरा बताए झैं वा लौकाको कुरा सोध्दा आँपको

---

१. दक्षिणतिरका मानिसहरू चण्ड तथा रौद्र स्वभावका हुन्छन् रे त्यसैले उनीहरूलाई काटे पनि पाप लाग्दैन भन्ने पूरणकश्यप ठान्दछन्। त्यसैले 'दक्षिण' भनी लक्षित गरिएको हो रे। दी. नि. अ. क. I. पृ. १८१.

२. उत्तरका मानिसहरू श्रद्धालु स्वभावका हुन्छन् रे। त्यसैले उनीहरूलाई दान दिएता पनि पुण्य पाइँदैन भन्ने पूरणकश्यप ठान्दछन्। त्यसैले 'उत्तर' भन्ने लक्षित गरिएको हो रे। दी. नि. अ. क. I. पृ. १८१.

३. यस्तै दृष्टिका कुरा सं. नि. II. पृ. ४२०: करोतोसुत्त, अ. क. II. पृ. २४८ मा पनि हेर्नु योग्य छ; म. नि. II. पृ. २१४: सन्दक-सूत्रमा पनि।

कुरा बताए झैं पूरणकश्यपले मलाई यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञफलको कुरो सोध्दा 'अ-क्रिया' को कुरा सुनाए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो—'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

"भन्ते ! यति सोची मैले पूरणकश्यपको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै । बल्कि अभिनन्दन पनि नगरी आक्रोश पनि नगरी असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी उही वचन (उनले भनेको कुरा) 'सार हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ ।

मक्खली गोशालको मत

"भन्ते ! एक समय म जहाँ मक्खली गोशाल थिए त्यहीं गएँ । त्यहाँ पुगेपछि मक्खली गोशालसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले मक्खली गोशालसँग यस्तो सोधें—"भो गोशाल ! यहाँ विविध प्रकारका शिल्पीहरू छन् । जस्तै— माहुतेहरू[1] ... । भो

१. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

गोशाल ! के तपाईंले पनि त्यस्तैगरी यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञफल । (=सामान्यफल=आफैंले जान्नुपर्ने फल) देखाउन सक्नु हुन्छ ?"

"भन्ते ! यस्तो सोध्दा मक्खली गोशालले मलाई यस्तो जवाफ दिए—

'महाराज ! (१) सत्वहरू संक्लिष्ट हुनाको कुनै हेतु छैन, कुनै प्रत्यय छैन; विना हेतुले, विना प्रत्ययले नै सत्वहरू संक्लिष्ट हुन्छन् । (२) सत्वहरू शुद्धि हुनाको पनि कुनै हेतु छैन, कुनै प्रत्यय छैन; विना हेतुले र विना प्रत्ययले नै सत्वहरू विशुद्ध हुन्छन् । (३) आफुले गरेर पनि (विशुद्ध) हुन्न (नत्थिअत्तकारे), अर्कालि गरेर पनि (विशुद्ध) हुन्न (नत्थिपरकारे); (४) पुरुषार्थद्वारा पनि (विशुद्ध) हुन्न, (५) पुरुषको शक्तिद्वारा पनि (विशुद्ध) हुन्न, पुरुषको पराक्रमद्वारा पनि (विशुद्ध) हुन्न[१], (६) सबै सत्वहरू[२], सबै प्राणीहरू[३], सबै

---

१. यस्तै कुरा सं. नि. II. पृ. ४२२: हेतुसुत्तमा पनि छ । अ. क. II. पृ. २४८.

२. मक्खलीको सिद्धान्त अनुसार सबै पशुहरूलाई 'सत्व' भन्दछन् । दी. नि. अ. क. I. पृ. १८२.

३. मक्खलीको सिद्धान्त अनुसार एक इन्द्रिय र दुइ इन्द्रिय भएका प्राणीहरूलाई 'प्राणीहरू' भनिएको छ। दी. नि. अ. क. I. पृ. १८२, तृण वृक्षादिहरूलाई एक इन्द्रिय प्राणी भनी मान्दछन् । महा. व. पा. पृ. २०८.

भूतहरू[1] तथा सबै जीवहरू[2] आफ्ना वशमा छैनन् र स्वाभाविकरूपले जहाँ जहाँ जानु पर्ने हो त्यहाँ त्यहाँ गई छ-अभिजातिहरू[3] अन्तर्गत सुख दुःखको अनुभव गर्छन्। (७) प्रमुख योनिहरू चौध लाख छयसट्ठी शय (१४,६,६००) छन्। (८) पाँचशय कर्महरू छन्, (९) पांच कर्महरू छन्[4], (१०) तीन कर्महरू[5] छन् तथा (११) कर्म र अर्धकर्म[6] पनि छन्। (१२) बयसट्ठी प्रतिपदाहरू छन्, (१३) बयसट्ठी अन्तर कल्पहरू[7] छन्, (१४) छ अभिजातिहरू छन्, (१५) आठ पुरुषभूमिहरू[8] छन्, (१६) उनन्चास शय आजीवक व्रतहरू, (१७) उनन्चास शय परिव्राजक प्रव्रज्याहरू र (१८) उनन्चास शय नागवासहरू छन्। (१९) बीस शय इन्द्रियहरू, (२०) तीस शय नरकहरू र (२१) छत्तीस रज धातुहरू (=धुलो लाग्ने ठाउँहरू) छन्।

---

१. सबै अण्डज प्राणीहरूलाई 'भूत' भनी अन्य तैर्थीयहरू भन्दछन् रे। दी. नि. अ. क. I. पृ. १८२.

२. धान, जौ, गहुँ आदि अन्नहरूमा जीव छ भन्ने धारणा अन्य धर्मावलम्बीहरूले राखने भएको हुँदा यसैलाई 'जीव' भनिएको हो। दी. नि. अ. क. I. पृ. १८२.

३. छ-अभिजातिहरू भनेका कस्ता हुन् भन्ने बारेमा लेखकको बु. प. भा–१, पृ. ४० मा हेर्नू।

४. अन्य तैर्थीयहरूमा पनि कसैले पञ्चेन्द्रियलाई 'पाँच कर्म' भन्छन् रे। दी. नि. अ. क. I. पृ. १८३.

५. काय, वाक्, चित्तलाई तीन कर्म भनिएको रे। दी. नि. अ. क. I. पृ. १८३.

६. काय र वचनलाई 'कर्म' र मन-कर्मलाई 'अर्ध-कर्म' भनी भन्दछन् रे। दी. नि. अ. क. I. पृ. १८३.

७. एक कल्पमा चौसट्ठी अन्तर कल्पहरू हुन्छन्। तर यिनले दुइ कल्पहरू थाहा नपाई बयसट्ठी कल्पहरूमात्र उल्लेख गरे। दी. नि. अ. क. I. पृ. १८३.

८. (१) मन्दभूमि, (२) खिड्डाभूमि, (३) वीमंसनभूमि, (४) उजुगतभूमि, (५) सेखभूमि, (६) समणभूमि, (७) जिनभूमि र (८) पर्णभारभूमिलाई अन्य धर्मावलम्वीहरूले 'आठ पुरुषभूमि' भनी भन्दछन्। यसको अर्थ यसप्रकार छ—

जन्मेदेखि सातदिनसम्मलाई 'मन्द-भूमि', दुर्गतिबाट आएका जन्मेपछि धेरै रुन्छन् तथा सुगतिबाट आएका हाँस्छन्—यही रुने र हाँस्ने अवस्थालाई 'खिड्डाभूमि'; आमा-बाबुहरूले हात समाती हिंडाउने अवस्थालाई 'वीमंसनभूमि'; पैदल हिंड्न सक्ने अवस्थालाई 'उजुगतभूमि'; शिक्षा सिक्ने अवस्थालाई 'सेखभूमि'; घरछाडी प्रव्रजित हुने अवस्थालाई 'समणभूमि'; आचार्यको सत्संगत गरी ज्ञान प्राप्त गर्ने अवस्थालाई 'जिनभूमि' र भिक्षु, पर्णक तथा जिनहरूबाट कुनै कुरा सुन्न नपर्ने अवस्थालाई 'पण्णकभूमि' (=पर्णकभूमि) भनी—यिनै आठ अवस्थालाई अन्य धर्मावलम्वीहरूले 'अष्ट पुरुषभूमि' भन्दछन्। दी. नि. अ. क. I. पृ. १८४; सं. नि. अ. क. II. पृ. २५०.

(२२) सात संज्ञीगर्भहरू[१] (= सचेतन गर्भहरू), (२३) सात असंज्ञी (=अचेतन) गर्भहरू[२] र (२४) सात निर्ग्रन्थी गर्भहरू[३] छन् । (२५) सात देवहरू, (२६) सात मनुष्यहरू र (२७) सात पिशाचहरू छन् । (२८) सात दहहरू[४], (२९) सात महाग्रन्थी (पवुट) हरू र सात स्यानाग्रन्थी (पवुट) हरू छन् । (३०) सात महाप्रपातहरू र सात शय स्याना प्रपातहरू छन् । (३१) सात महास्वप्नहरू र सात शय स्याना स्वप्नहरू छन् । (३२) असीलाख साना-ठूला कल्पहरू[५] सम्म

---

१. उँट, गाई, गधा, बाख्रा, पशु, मृग आदिलाई मक्खली गोशालले 'सात संज्ञी गर्भ' भन्दछन् । दी. नि. अ. क. I. पृ. १८५.

२. चामल, जौ, गहुँ, कङ्गू, वरक र कोदो आदिलाई उनी 'सात असंज्ञी गर्भ' भन्दछन् । दी. नि. अ क. I. पृ. १८५.

३. गाँठा भएका वस्तुहरूमा हुने गर्भहरू । जस्तै—उखूको गाँठो, बाँसको गाँठो र वेतको गाँठो इत्यादि । दी. नि. अ. क. I. पृ. १८५.

४. सातवटा ठूला दहहरू, जस्तै (१) कर्णमण्ड, (२) रथकार, (३) अनोतप्त, (४) सिंहप्रपात, (५) तियग्गल, (६) मुचलिन्द तथा (७) कुणालक । दी. नि. अ. क. I. पृ. १८५.

५. कुनै एक महासरोवरबाट शय वर्षको एक पटक कुशाग्रद्वारा एक बिन्दु पानी झिकी यसै क्रमद्वारा त्यस सरोवरको पानी सात पटकसम्म सिद्धिने अवस्थालाई एक महा (=ठूलो कल्प) भन्दछन् । दी. नि. अ. क. I. पृ. १८५; म. नि. अ क. III. पृ. १५९: सन्दकसुत्तवण्णना ।

संसारमा घुमी-फिरी मूर्ख तथा पण्डितहरूले दुःखको अन्त गर्न सक्छन् । (३३) फेरि त्यहाँ यो शीलद्वारा, यो व्रतद्वारा अथवा यो ब्रह्मचर्यद्वारा म अपरिपक्व कर्मलाई परिपक्व गर्नेछु अथवा परिपक्व कर्मलाई भोग गरेर पार लगाउनेछु भन्ने पनि हुन सक्दैन । (३४) द्रोण (= पाथी) ले नापिराखेको जस्तै नापिराखेको यस संसारको सुख-दुःखलाई घटी-बढी गर्न सकिन्न न उच्च-नीच (=ठूलो-स्यानो) पार्न नै सक्छन् । जस्तै— बेरिराखेको धागोको डल्लो छाडिदिँदा धागोको प्रमाण भएसम्म मात्र जान्छ त्यस्तै—मूर्ख र पण्डितहरूले (संसारमा) घुम-फिर गरेर मात्र दुःखको अन्त गर्नेछन्[१] ।'

"भन्ते ! मैले मक्खली गोशालसँग यसै जीवनमा प्रत्यक्ष-रूपले सामञ्ञ-फलको कुरा सोध्दा उनले मलाई 'संसार-शुद्धि'को कुरा सुनाए । जस्तै कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए झैं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताए झैं मक्खली गोशालले मलाई यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फलको कुरा सोध्दा 'संसार-शुद्धि'को कुरा बताए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो—'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

"भन्ते ! यति सोची मैले मक्खली गोशालको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै । बल्कि अभिनन्दन पनि नगरी आक्रोश

---

१. यस्तै कुरा सं. नि. II. पृ. ४२३: महादिट्ठिसुत्तमा पनि छ । अ. क. II. पृ. २४९; म. नि. II. पृ. २१५: सन्दकसुत्त ।

पनि नगरी— असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी— उही वचन 'सार हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ ।"

अजित केशकम्बलको मत

"भन्ते ! एक समय म जहाँ अजित केशकम्बल[1] थिए त्यहाँ गएँ । त्यहाँ पुगेपछि अजित केशकम्बलसँग सम्मोदन गरें । सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें । भन्ते ! अनि एक छेउमा बसेको मैले अजित केशकम्बलसँग यस्तो सोधें—

'भो अजित ! यहाँ विविधप्रकारका शिल्पीहरू छन् । जस्तै— माहुतेहरू[2]... भो अजित ! के तपाइँले पनि त्यस्तै गरी यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (=सामान्य फल=आफैले जान्नुपर्ने फल) देखाउन सक्नुहुन्छ ?'

"भन्ते ! यस्तो सोध्दा अजित केशम्बलले मलाई यस्तो जवाफ दिए—

'महाराज ! (१) न दानको फल छ, न यज्ञको फल छ र न होमको फल छ । (२) सु-कृत्य र दुष्कृत्य कर्महरूको विपाक-फल पनि

---

१. रोमनमा 'केश कम्बली' ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू ।

छैन। (३) यो लोक पनि छैन र परलोक पनि छैन। (४) आमा पनि छैन र बाबु पनि छैन। (५) औपपातिक (= च्यूत भएर फेरि उत्पन्न हुने) सत्वहरू पनि छैनन्। (६) यो लोकमा त्यस्ता कुनै श्रमण वा ब्राह्मणहरू पनि छैनन् जसले सम्यक्रूपले नैर्याणिक (= मोक्ष) मार्गमा गमन गरी यो लोक र परलोकलाई साक्षात्कार गरी केही भन्न सकुन्। (७) चातुर्महाभौतिकद्वारा[१] बनेको यो पुरुषको जब मरण हुन्छ तब पृथ्वी धातु पृथ्वी समूहमा पुग्छ, जान्छ; आप (= पानी) धातु, आप-समूहमा पुग्छ, जान्छ; तेज-धातु, तेज समूहमा पुग्छ, जान्छ; वायु-धातु, वायु-समूहमा पुग्छ, जान्छ; इन्द्रियहरू (= मन सहित) आकाशतिर लाग्छन्। (८) मृत शरीरलाई आसन सहित पञ्चम पुरुषले[२] लैजान्छन् र श्मशानसम्म उसको 'पदचिन्ह[३]' देखिन्छ। परेवाको (सेतो) जस्तो वर्ण भएका उसका हाडहरू सबै आहुतिमा भष्म हुन्छन्।

---

१. पृथ्वी, आप, तेज (= शीतोष्ण), वायु—यी चार तत्वलाई 'चतुर्महाभूत' भन्दछन्।

२. मृत शरीर राखेको खाट र बोक्ने चारजना मानिसहरू सहितलाई 'आसन सहित पञ्चम पुरुष' भनिएको हो। दी. नि. अ. क. I. पृ. १८७.

३. श्मशान पुगुन्जेलसम्म मृत शरीर देखिन्छ। यसैलाई 'पदचिन्ह' भनिएको हो। मृत्यु भएपछि श्मशान लैजाने वेलासम्म मृतकको गुणागुणको कुरा गर्नेलाई पनि 'पद-चिन्ह' भन्दछन्। दी. नि. अ. क. I. पृ. १८७.

(९) दान भनेको दिने (मूर्ख) हरूले बनाइराखेका हुन् । ज-जसले दानको फल छ (अस्ति) भनी बताउँछन्, उनीहरूको कुरो खोक्रो हो, कूटो हो र उनीहरूका कुराहरू प्रलाप मात्र हुन् । (१०) मूर्ख र पण्डित दुवैका शरीरहरू विनाश भएर उच्छेद (नष्ट) हुन्छ, विनाश हुन्छ र मृत्युपछि केही हुन्न' ।'

"भन्ते ! मैले अजित केशकम्बलसँग यसै जीवनमा प्रत्यक्ष-रूपले सामञ्ञ-फल (=सामान्य-फल) को कुरा सोध्दा उनले मलाई 'उच्छेद' को कुरा सुनाए । जस्तै—कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए झैं वा लौकाको कुरा सोध्दा आँपको कुरा बताए जस्तै अजित केशकम्बलले मलाई यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फलको कुरा सोध्दा 'उच्छेद' को कुरा बताए ।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो—'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !'

"भन्ते ! यति सोची मैले अजित केशकम्बलको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै । बल्कि अभिनन्दन पनि नगरी आक्रोश पनि नगरी —असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी—उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ ।"

---

१. यस्तै कुरा सं. नि. II. पृ. ४१८: नत्थिदिन्नसुत्तं मा पनि उल्लेख भएको पाइन्छ । अ. क. II. पृ. २४७; म. नि. II. पृ. २१२: सन्दकसुत्तं ।

प्रकुध कात्यायनको मत

"भन्ते ! एक समय म जहाँ प्रकुध कात्यायन (पकुध कच्चान) थिए त्यहाँ गएँ। त्यहाँ पुगेपछि प्रकुध कात्यायनसँग सम्मोदन गरें। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें। भन्ते ! अनि एक छेउमा बसेको मैले प्रकुध कात्यायनसँग यस्तो सोधें—

'भो कात्यायन ! यहाँ विविध प्रकारका शिल्पीहरू छन्। जस्तै—माहुतेहरू...'[१] भो कात्यायन ! के तपाईंले पनि त्यस्तै गरी यसै जीवनमा प्रत्यक्षरूपले श्रामण्य-फल देखाउन सक्नुहुन्छ ?'

"भन्ते ! यस्तो सोध्दा प्रकुध कात्यायनले मलाई यस्तो उत्तर दिए—

'महाराज ! [१] यी सप्तकायहरू अकृत, अकृतविधा; [२] अनिर्मित, अनिर्मापित; [३] बन्ध्या (= बाँझो, निष्फल), कूटस्थ तथा स्तम्भ समान निश्चल छ। तिनीहरू न चलदछन, न विपरीत हुन्छन्, न परस्पर बिघ्नबाधा दिन्छन्, परस्पर सुख पनि हुन्न, दुःख पनि हुन्न; न त परस्पर सुख दुःखको लागि नै हुन्छन्।

'सप्तकाय भनेका कुन् हुन् भने—(१) पृथ्वी-काय, (२) आप-काय, (३) तेज-काय, (४) वायु-काय, (५) सुख-काय, (६)

---

१. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

दुःख-काय तथा (७) जीव-काय। यी सप्त-कायहरू अकृत, अकृत-विधा; अनिर्मित, अनिर्मापित; वन्ध्या, कूटस्थ तथा स्तम्भ समान निश्चल छन्। यी न चल्दछन् न विपरीत हुन्छन् न परस्पर विघ्नबाधा दिन्छन्, न परस्पर सुखको लागि हुन्छन्, न परस्पर दुःखको लागि हुन्छन् न त परस्पर सुख दुःखको लागि नै हुन्छन्। [४] त्यहाँ मार्ने वा मार्न लगाउने छैनन्, सुन्ने वा सुन्न लगाउने छैनन् र जान्ने वा जान्न लगाउने छैनन्। [५] कसैले कसैलाई धार भएको शस्त्रले शीर छेदन गरे तापनि कुनै जीवलाई मारेको हुन्न। सप्त-कायको बीचमा भएका छिद्रहरूका बीचमा (शस्त्र) पर्न जान्छ[१]।

"भन्ते! मैले प्रकुध कात्यायनसँग यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (=सामान्य-फल) को कुरा सोध्दा उनले मलाई 'अर्कै अर्कै' कुरा सुनाए। जस्तै कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए जस्तै वा लौकाको कुरा सोध्दा आँपको कुरा बताए झैं प्रकुध कात्यायनले मलाई यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फलको कुरा सोध्दा 'अर्कै अर्कै' कुरा बताए।'

"भन्ते! अनि मेरो मनमा यस्तो लाग्यो— 'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ।'

"भन्ते! यति सोची मैले प्रकुध कात्यायनको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै। बल्कि अभिनन्दन पनि नगरी

---

१. यस्तै कुरा सं. नि. II. पृ. ४२३: महादिट्ठिसुत्तंमा पनि छ। अ. क. II. पृ. २४९; म. नि. II. पृ. २१६: सन्दकसुत्तं।

आक्रोश पनि नगरी—असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी—उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ।"

निगण्ठको मत

"भन्ते! एक समय म जहाँ निगण्ठ (=निर्ग्रन्थ) नाटपुत्र थिए त्यहाँ गएँ। त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रसँग सम्मोदन गरें। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें। भन्ते! अनि एक छेउमा बसेको मैले निगण्ठ-नाटपुत्रसँग यस्तो सोधें—

'भो अग्गिवेस्सन! (गोत्रको नाम) यहाँ विविधप्रकारका शिल्पीहरू छन्। जस्तै माहुतेहरू[1]... स्वर्गीय सुख-विपाकी स्वर्गगामी दानदक्षिणा अर्पित गर्छन्। भो अग्गिवेस्सन! के तपाईंले पनि त्यस्तै गरी यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (=सामान्य-फल = आफैंले जान्नुपर्ने फल) देखाउन सक्नुहुन्छ?'

"भन्ते! यस्तो सोध्दा निगण्ठ-नाटपुत्रले मलाई यस्तो जवाफ दिए—

'महाराज! यहाँ निगण्ठ (=निर्ग्रन्थ) चातुर्याम-संवरले संवृत्त हुन्छ। महाराज! कसरी निगण्ठ चातुर्याम-संवरले संवृत्त हुन्छ भने?—

1. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नु।

'महाराज ! (१) यहाँ निगण्ठ सबै (चीसो) पानी वर्जित गर्छ[1], (२) सबै (पाप) वर्जनले युक्त हुन्छ, (३) सबै पापलाई शुद्ध गर्छ (पखाल्छ), तथा (४) सबै पाप वर्जित गर्नमा तत्पर रहन्छ। महाराज ! यसप्रकार निगण्ठ[2] चातुर्याम-संवरले संवृत्त हुन्छ। महाराज ! चातुर्याम-संवरले संवृत्त हुने भएकोले निगण्ठलाई 'गतात्म' (=जहाँ पुग्नु पर्ने हो त्यहाँ पुगेका) भन्दछन्, 'यतात्म' (=संयतचित्त भएका) भन्दछन् तथा 'स्थितात्म' (=सुप्रतिष्ठित चित्त भएका) भन्दछन्।'

"भन्ते ! मैले निगण्ठ-नाटपुत्रसँग यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (=सामान्यफल) को कुरा सोध्दा उनले मलाई 'चातुर्याम-संवर' का कुराहरू बताए। जस्तै कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए जस्तै वा लौकाको कुरा सोध्दा आँपको कुरा बताए झैं निगण्ठ-नाटपुत्रले मलाई यसै जीवनमा प्रत्यक्ष-रूपले सामञ्ञ-फलको कुरा सोध्दा 'चातुर्याम-संवर' का कुराहरू सुनाए।

---

१. निगण्ठ=निर्ग्रन्थ भनेको जैन सम्प्रदाय हो। यस सम्प्रदायका प्रवर्तक नातपुत्र=नाथपुत्र हुन्। जैनहरू चीसो पानीमा जीव रहन्छ भन्ने विचारका भएका हुँदा सबै चीसो पानीको व्यवहार गर्दैनन्। अ. क. I. पृ. ११७.

२. आफूलाई नै लक्षगरी नाटपुत्रले 'निगण्ठ' मात्र भनेका हुन्। निगण्ठ शब्दको अर्थ हो - ग्रन्थी रहित=बन्धन रहित।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो—'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ !"

"भन्ते ! यति सोची मैले निगण्ठ-नाटपुत्रको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै। बलिक अभिनन्दन पनि नगरी आक्रोश पनि नगरी—असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी— उही वचन 'सत्य हो' भनी ग्रहण पनि नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ।"

सञ्जयको मत

"भन्ते ! एक समय म जहाँ सञ्जय बेलट्ठपुत्र[1] थिए त्यहाँ गएँ। त्यहाँ पुगेपछि सञ्जय बेलट्ठपुत्रसँग सम्मोदन गरें। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसें। भन्ते ! अनि एक छेउमा बसेको मैले सञ्जय बेलट्ठपुत्रसँग यस्तो सोधें—

'भो सञ्जय ! यहाँ विविधप्रकारका शिल्पीहरू छन्। जस्तै— माहुतेहरू[2] प्रत्यक्षरूपले आफूलाई पनि सुखी तथा आनन्दित पार्छन्। आमा-बाबुहरूलाई पनि सुखी तथा आनन्दित पार्छन्। पुत्र-दारहरूलाई पनि सुखी तथा आनन्दित पार्छन्। उनीहरूले उँभोलागेका

---

१. कहीं कहीं बेलट्ठिपुत्र भन्ने पनि उल्लेख भएको पाइन्छ।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

श्रमण-ब्राह्मणहरूलाई स्वर्गीय सुख-विपाकी स्वर्गगामी—दान-दक्षिणा अर्पित गर्छन् । भो सञ्जय ! के तपाईंले पनि त्यस्तै गरी यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (सामान्य-फल=आफैंले जान्नुपर्ने फल) देखाउन सक्नुहुन्छ ?'

"भन्ते ! यस्तो सोध्दा सञ्जय बेलट्ठपुत्रले मलाई यस्तो उत्तर दिए—

'(१) महाराज ! यदि तपाईंले मसँग 'परलोक छ के ?' भनी सोध्नु भएमा यदि मलाई 'परलोक छ' भन्ने लागेमा म तपाईंलाई 'परलोक छ' भनी भन्नेछु । (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन र (उ) 'होइन' भनेकोलाई 'होइन' पनि भन्दिन ।

'(२) महाराज ! यदि तपाईंले मसँग 'परलोक छैन के ?' भनी सोध्नु भएमा यदि मलाई 'परलोक छैन' भन्ने लागेमा म तपाईं-लाई 'परलोक छैन' भनी भन्नेछु ।...(३) यदि तपाईंले मसँग 'परलोक छ पनि छैन पनि के ?'...(४)...'परलोक न छ न छैन के ?'...(५)...'औपपातिक सत्व छ के ?'...(६)...औपपातिक सत्व छैन के ?'...(७)...'औपपातिक सत्व न छ न छैन के ?'...(८)...'सु-कृत्य दु-ष्कृत्यको कर्मफल छ के ?'...(९)...'सुकृत्य दुष्कृत्यको कर्मफल छैन के ?'...(१०)...'सु-कृत्य दु-ष्कृत्य कर्मको फल छ पनि छैन पनि के ?'...(११)...सु-कृत्य दुष्कृत्य कर्मको फल

न त छ न त छैन के ?'...(१२)...'तथागत (= सत्व) मरणपछि हुन्छ कि के ?'...(१३)...'तथागत मरणपछि हुन्न कि के ?' .. (१४)...'तथागत मरणपछि हुन्छ पनि हुन्न पनि कि के ?'... (१५)...'तथागत मरणपछि न त हुन्छ न त हुन्न कि के ?' भनी सोध्नु भएमा यदि मलाई 'तथागत (= सत्व) मरणपछि न त हुन्छ न त हुन्न' भन्ने लागेमा मैले तपाईँलाई 'तथागत (= सत्व) मरणपछि न त हुन्छ न त हुन्न' भनी भन्नेछु। (अ) यस्तो हो पनि भन्दिन, (आ) त्यस्तो होइन पनि भन्दिन, (इ) अन्यथा हो पनि भन्दिन, (ई) होइन पनि भन्दिन र (उ) 'होइन' भनेकोलाई 'होइन पनि भन्दिन।'

"भन्ते ! मैले सञ्जय वेलट्ठपुत्रसँग यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फल (= सामान्य-फल) को कुरा सोध्दा उनले मलाई 'विक्षेप' (= यो पनि होइन र त्यो पनि होइन) को कुरा सुनाए। जस्तै कसैले कसैसँग आँपको कुरा सोध्दा लौकाको कुरा बताए जस्तै वा लौकाको कुरा सोध्दा आँपको कुरा बताए झैं सञ्जय वेलट्ठपुत्रले मलाई यसै जीवनमा प्रत्यक्षरूपले सामञ्ञ-फलको कुरा सोध्दा 'विक्षेप' को कुरा बताए।

"भन्ते ! अनि मेरो मनमा यस्तो लाग्यो—'म जस्ता (राजा) ले आफ्नो राज्यमा बस्ने श्रमण वा ब्राह्मणलाई कसरी असन्तुष्ट पारूँ।'

"भन्ते ! यति सोची मैले सञ्जय वेलट्ठपुत्रको भाषणलाई न त अभिनन्दन गरें न त आक्रोश नै। बल्कि अभिनन्दन पनि नगरी

आक्रोश पनि नगरी—असन्तुष्ट भएर पनि असन्तुष्टिताको भाव प्रकट नगरी उही वचन 'सत्य हो' भनी ग्रहण नगरी उनले भनेको कुरालाई मनमा पनि नराखी म आसनबाट उठी फर्केर आएँ।"

बुद्धवाद

पहिलो सान्दृष्टिक श्रामण्यफल

"भन्ते! सो म भगवान्सँग पनि सोध्दछु[1]। 'भन्ते! जस्तै यहाँ विविध प्रकारका शिल्पीहरू छन्। जस्तै—माहुतेहरू[2]... गणितज्ञ-हरू तथा अरू पनि विविध प्रकारका शिल्पीहरू छन्। तिनीहरूले यसै जीवनमा आफ्ना शिल्पफलहरूद्वारा जीविका गर्छन्। त्यसद्वारा उनीहरूले आफूलाई सुखी तथा आनन्दित पार्छन्।...[3]। भन्ते! यस्तै गरी यसै जीवनमा प्रत्यक्षफल दिने श्रामण्यफल प्रज्ञापन गर्न सक्नुहुन्छ के? (—देखाउन सक्नुहुन्छ के?)"

---

१. बालुवा निचोर्दा तेल नपाए जस्तै मैले तीर्थियवादहरूमा कुनै सार पाउन सकिन। अब म भगवान्सँग सोध्दछु भनी भनिएको हो। सुमं. वि. I. पृ. १८९: सामञ्ञफलसुत्तवण्णना।

२. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

३. यहाँका बाँकी कुराहरू माथि पृ. १०८ मा उल्लेख भए जस्तै दोहऱ्याई पढ्नू।

"महाराज ! सक्छु । महाराज ! त्यसो भए तपाइँसँगै सोध्नेछु । जस्तो तपाइँलाई लाग्छ त्यस्तो भन्नुहोस् । महाराज ! तपाइँ यस विषयमा के भन्नुहुन्छ ? भनौं कि यहाँ तपाइँको काम गर्ने दास छ । जो पहिले उठ्ने पछि सुत्ने, के गर्नुपर्छ भन्ने विचार गर्ने तथा प्रसन्नपूर्वक मुख ताक्ने स्वभावको हुन्छ । अनि उसलाई यस्तो लाग्छ—'पुण्यको विपाक र पुण्यको गति भनेको आश्चर्य र अद्भूत रहेछ । यी मगध-राजा वैदेहीपुत्र अजातशत्रु पनि मानिस हुन् र म पनि मानिस हुँ । तर यी मगधराजा वैदेहीपुत्र अजातशत्रु देवता झैं पञ्चकामगुणले सुसम्पन्न भई पञ्चकाम विषयको परिभोग गर्छन् । म चाहिं उनको कामगर्ने पहिले उठ्ने र पछि सुत्ने, के गर्नुपर्छ भन्ने विचार गर्ने, मन पर्ने ढंगले काम गर्ने, प्रियवचन बोल्ने तथा प्रसन्नपूर्वक स्वामीको मुख ताक्ने स्वभावको दास हुँ । अब मैले पनि पुण्य गर्नुपर्छ । (ता कि राजाले जस्तै सुख पाउन सकूँ । तर राजाले एक दिनमा दिने दान पुण्य आफ्नो जीवनभरमा पनि म गर्न सक्दिन) त्यसैले केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुनुपर्‍यो ।' त्यसपछि केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई उ प्रव्रजित हुन्छ । यसप्रकार प्रव्रजित भएपछि उ कायसंयम गरी बस्छ । वचन संयम गरी बस्छ । मन संयम गरी बस्छ । खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्तवासमा अभिरमण गरी बस्छ । अनि अरू मानिसहरू आई तपाइँलाई यस्तो भन्दछन्—'हे देव ! यो जान्नुहोस् । जो त्यो पुरुष तपाइँको दास... थियो देव ! अब सो पुरुष केश दाह्री क्षौर गरी काषायवस्त्र धारण

गरी घरबार छाडी अनगारिक भई प्रव्रजित भइसक्यो। यसरी प्रव्रजित भएको उ कायसंयम गरी बसेको छ। वचन संयम गरी बसेको छ। मन संयम गरी बसेको छ। खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्तवासमा अभिरमण गरी बसेको छ।' अनि के तपाईं यसो भन्नुहुन्छ? 'भो! सो पुरुष फेरि पनि मेरो दास नै.. हो'।"

"भन्ते! यसो भन्न सक्दिन। बरू हामी नै उसलाई अभिवादन गर्नेछौं। सेवा गर्नेछौं। आसनद्वारा निम्त्याउनेछौं। चीवर-भिक्षा भोजन-सयनाशन-ग्लान प्रत्यय भैषज्य वस्तुहरूद्वारा निम्त्याउनेछौं तथा धर्मतापूर्वक उसको आरक्षा संविधान गर्नेछौं।"

"महाराज! यदि यसो हो भने यो सान्दृष्टिक श्रामण्यफल हो कि होइन त? यसमा तपाईं के भन्नुहुन्छ?"

"भन्ते! यदि यसो हो भने साँच्चै नै यो सान्दृष्टिक श्रामण्यफल हो।"

"महाराज! यसै जीवनमा पाउने यो पहिलो सान्दृष्टिक श्रामण्यफल देखाएको छु।"

दोश्रो सान्दृष्टिक श्रामण्यफल

"भन्ते! यस्तै गरी अर्को पनि यसै जीवनमा प्रत्यक्षफल दिने सान्दृष्टिक श्रामण्यफल प्रज्ञापन गर्न सक्नुहुन्छ के?"

"महाराज! सक्छु। महाराज! त्यसोभए तपाईंसँग सोध्नेछु। तपाईंलाई जस्तो लाग्नेछ त्यस्तो भन्नुहोस्। महाराज! तपाईं यस

विषयमा के भन्नुहुन्छ ? भनौं कि यहाँ तपाईंको कृषक गृहपति छ जो कामकाज गर्छ तथा धनधान्य बटुल्छ । अनि उसलाई यस्तो लाग्छ— 'पुण्यको विपाक र पुण्यको गति भनेको आश्चर्य र अद्भूत रहेछ ! यी मगधराजा वैदेहीपुत्र अजातशत्रु पनि मानिस हुन् र म पनि मानिस हुँ । तर यी मगधराजा वैदेहीपुत्र अजातशत्रु देवता भैं पञ्चकामगुणले सुसम्पन्न भई पञ्चकाम विषयको परिभोग गर्छन् । म चाहिं उनको कामकाज गर्ने तथा धनधान्य बटुल्ने कृषक गृहपति हुँ । अब मैले पनि पुण्य गर्नुपर्छ । (ताकि राजाले जस्तै सुख पाउन सकूँ । तर राजाले जस्तै म दानपुण्य गर्न सक्दिन) अतः किन म केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित नहोऊँ ।'

"अनि पछि गएर सो पुरुष थोरै वा धेरै धनसम्पत्ति छाडी थोरै वा धेरै ज्ञातिबन्धुहरूलाई छाडी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित हुन्छ । यसप्रकार प्रव्रजित भएपछि उ कायसंयम गरी बस्छ । वचनसंयम गरी बस्छ । मनसंयम गरी बस्छ । खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्तवासमा अभिरमण गरी बस्छ । अनि अरू मानिसहरू आई तपाईंलाई यस्तो भन्दछन्—'हे देव ! यो जान्नुहोस् । जो यो पुरुष तपाईंको कृषक थियो... देव ! अब सो पुरुष केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार छाडी अनगारिक भई प्रव्रजित भइसक्यो । यसरी प्रव्रजित भएको उ कायसंयम गरी बसेको छ । वचन संयम गरी बसेको छ । मन संयम गरी बसेको छ । खाना र वस्त्रले मात्र सन्तुष्ट भई एकान्त-

वासमा अभिरमण गरी बसेको छ ।' अनि के तपाइँ यसो भन्नुहुन्छ ? 'भो ! सो पुरुष फेरि पनि मेरो कामकाज गर्ने धनधान्य बटुल्ने कृषक गृहपति नै हो' ।"

"भन्ते ! यसो भन्न सक्दिन । बरू हामी नै उसलाई अभिवादन गर्नेछौं । सेवा गर्नेछौं । आसनद्वारा निम्त्याउनेछौं । चीवर-भिक्षा भोजन-सयनाशन-ग्लान प्रत्यय भैषज्य वस्तुहरुद्वारा निम्त्याउनेछौं तथा धर्मतापूर्वक उसको आरक्षा संविधान गर्नेछौं ।"

"महाराज ! यदि यस्तो हो भने यो सान्दृष्टिक श्रामण्यफल हो कि होइन त ? यसमा तपाइँ के भन्नुहुन्छ ?"

"भन्ते ! यदि यसो हो भने साँच्चै नै यो सान्दृष्टिक श्रामण्यफल हो ।"

"महाराज ! यसै जीवनमा पाउने यो दोश्रो सान्दृष्टिक श्रामण्यफल देखाएको छु ।"

श्रेष्ठतर श्रामण्यफल

"भन्ते ! अर्को पनि यसै जीवनमा प्रत्यक्षफल दिने सान्दृष्टिक श्रामण्यफल योभन्दा सुन्दरतर र श्रेष्ठतर यसै जीवनमा प्रत्यक्षफल दिने सान्दृष्टिक श्रामण्यफल प्रज्ञापन गर्न सक्नुहुन्छ के ?"

"महाराज ! सक्छु । महाराज ! त्यसोभए सुन्नुहोस् राम्ररी मनमा राख्नुहोस् भन्नेछु ।"

"भन्ते ! हुन्छ" भनी मगधराजा वैदेहीपुत्र अजातशत्रुले भगवान्लाई प्रत्युत्तर दिए।

भगवान्ले यस्तो भन्नुभयो—"महाराज ! यहाँ तथागत, अरहत् सम्यक्सम्बुद्ध, विद्याचरण सम्पन्न, सुगत, लोकविद्, अनुत्तर, पुरुषदम्य सारथी, देवमनुष्यका शास्ता, बुद्ध भगवान् यस लोकमा[१] उत्पन्न हुन्छ। वहाँले देव-मार सहित ब्रह्मलोकलाई, श्रमण ब्राह्मण सहित प्रजालाई, देवमनुष्य सहित लोकलाई—स्वयं अभिज्ञाद्वारा साक्षात्कार गर्नुभएको धर्मोपदेश गर्नुहुन्छ। वहाँले आदिकल्याण, मध्यकल्याण तथा पर्यवशान कल्याण हुने धर्मोपदेश गर्नुहुन्छ। वहाँले अर्थयुक्त र व्यञ्जनयुक्त सबै परिपूर्ण भएको परिशुद्ध भएको ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ[२]।

"अनि त्यो धर्मलाई गृहपति वा गृहपतिपुत्रले अथवा अरू कुनै कुलमा जन्मेकाले सुन्दछ। धर्म सुनेर उसको मनमा तथागत प्रति श्रद्धा उत्पन्न हुन्छ। श्रद्धा उत्पन्न भएपछि उसले यस्तो विचार गर्छ— 'घरमा

---

१. यहाँ लोक तीनप्रकारका छन्। जस्तै—(१) अवकाशलोक (=आकाशलोक) (२) सत्वलोक र (३) संस्कारलोक। यहाँ चाहि 'सत्वलोक' लाई 'लोक' भनिएको हो।

सत्वलोकमा उत्पन्न हुँदा पनि तथागत न देवलोकमा र ब्रह्मलोकमा उत्पन्न हुन्छन्। बल्की मनुष्यलोकमै उत्पन्न हुन्छन्। मनुष्यलोकमा पनि अरू कुनै चक्रवाडमा उत्पन्न हुन्नन् बल्की यसै चक्रवाडमा अर्थात् यसै भूमण्डलमा उत्पन्न हुन्छन्। यस भूमण्डलमा पनि सबै ठाउँहरूमा होइन केवल लम्बाइ ३०० योजन,

चौडाइ २५० योजन र चारैतिरबाट ९०० योजन भएको मध्यजनपदमा (=मध्यप्रदेशमा) उत्पन्न हुन्छन् । (मध्यप्रदेश भनेको कुन ठाउँलाई भनिन्छ र यसको सिमाना कुन कुन हो भन्ने कुरा लेखकको बुद्धकालीन विमानकथाको पृ. ९५ को पादटिप्पणीमा उल्लेख भएको छ ।) यस मध्यजनपदमा तथागत मात्र उत्पन्न हुने होइनन् बल्की प्रत्येक बुद्धहरू, अग्रश्रावकहरू, असीतिमहाथेरहरू, बुद्धमाता, बुद्धपिता, चक्रवर्ती राजा तथा अरू सार प्राप्त ब्राह्मण गृहपतिहरू पनि उत्पन्न हुन्छन् । यहाँ सुजाताले दिएको भोजन ग्रहण गरी अरहत् मार्गसम्मलाई तथागत उत्पन्न भइरहेको र अरहत् फलमा पुग्नेबित्तिकै तथागत उत्पन्न भएको हुन्छ । अर्को प्रकारले महाभिनिष्क्रमण गरेदेखि अरहत् मार्गसम्म, तुषितलोकबाट आएदेखि अरहत् मार्गसम्म तथा दीपङ्कर बुद्धको पालादेखि अरहत् मार्गसम्मलाई तथागत उत्पन्न भइरहेको र अरहत् फलमा पुग्नेबित्तिकै तथागत उत्पन्न भएको हुन्छ । यहाँ चाहिं सर्वप्रथम जन्मेको अवस्थालाई उत्पन्न भइरहेको र बुद्धत्व प्राप्त भएपछि बुद्ध भगवान् उत्पन्न भएको भनिएको हो । सुमं. वि. I. पृ. १९४–९५: सामञ्ञफलसुत्तवण्णना ।

२. 'देव-मार सहित ब्रह्मलोकलाई' भन्ने आदिदेखि 'ब्रह्मचर्य प्रकाश पार्नुहुन्छ' भन्ने आदि शब्दहरूको स्पष्टिकरण लेखकको बु. ब्रा. भा–२, पृ. ८७ देखि ९५ सम्म, पृ. २२१ देखि २२६ सम्म तथा पृ. ३३६ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

बस्नु बाधापूर्ण छ। रागरूपी मल उत्पन्न हुन्छ। प्रव्रज्या हुनु खुला आकाश जस्तै हो। घरमा बसेर परिपूर्णरूपले परिशुद्धरूपले शंख जस्तै सफा गरी ब्रह्मचर्य (=श्रेष्ठचर्या) पालन गर्न सजिलो छैन। अतः किन म केश दाह्री क्षौर गरी घरबाट निस्की अनगारिक भई प्रव्रजित नहूँ।' अनि पछि गएर उ थोरै वा धेरै भोगसम्पत्तिलाई छाडी थोरै वा धेरै ज्ञाति परिवारहरूलाई त्यागी केश दाह्री क्षौर गरी काषायवस्त्र धारण गरी घरबार त्यागी अनगारिक भई प्रव्रजित हुन्छ।

"यसरी प्रव्रजित भएको उ प्रातिमोक्ष संवरशीलले युक्त भई आचार-गोचरले सम्पन्न भई अणुमात्र दोषमा पनि भयदर्शी भई तथा शिक्षापदहरू समादान गरी बस्छ। कुशल कायकर्म र वचीकर्मले सम्पन्न भई परिशुद्ध आजीविकाले युक्त हुन्छ। अनि इन्द्रियलाई रक्षा गर्छ तथा स्मृतिसम्प्रजन्यले युक्त भई सन्तुष्ट भई बस्छ।

स्यानो शील

"महाराज! कसरी भिक्षु शील सम्पन्न हुन्छ?

१-"महाराज! यहाँ भिक्षु प्राणी हिंसालाई त्यागी प्राणी हिंसाबाट विरत भई बस्छ। दण्डरहित शस्त्ररहित लज्जालु दयालु तथा सबै प्राणीहरू प्रति हितानुकम्पी भई बस्छ। यो पनि शील नै हो।

(यहाँदेखि अगाडिका कुराहरू लेखकको बुद्धकालीन ब्राह्मण भाग-२ को पृ. २२८ देखि पृ. २३५ मा उल्लेख भएका नं. २६ सम्मका कुरा बमोजिम हो भन्ने बुझ्नू।)

मध्यम शील

१-"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मूलबीज, स्कन्धबीज, फलबीज, अग्रबीज तथा पञ्चमबीज[१] आदि बिऊहरू र हरियाली घाँस इत्यादि बिगार्ने जस्ता काममा लागेका हुन्छन् त्यसरी भिक्षु बिऊहरू र हरियाली घाँस इत्यादि बिगार्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

२-"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अन्न, पान[२], वस्त्र, यान, सयनाशन तथा सुगन्धादि वस्तुहरूको सन्निधिकार[३] (=थुपार्ने र बचाइराख्ने) गर्ने जस्ता काममा लागेर बस्छन् त्यसरी (भिक्षु) सन्निधिकार गर्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

३-"श्रद्धाले दिएका भोजनहरू खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरू नाच, गान, वादय नृत्य, लीला (=रामलीला) आदि हातको थपडी, वैताल, गाग्रो बजाउने, गीत मण्डल, फलामे गेडीको

---

१. यी 'मूलवीज' आदि शब्दको स्पष्टिकरण लेखकको बु. ब्रा. भा-२, पृ. २२९ को पादटिप्पणीमा उल्लेख भएको छ ।

२. अम्बपान, जम्बुपान, चोचपान (=बिऊ भएको केरा), मोचपान (=बिऊ नभएको केरा), मधुपान, दाखपान, सालुकपान (=रक्तनील उत्पल) र फारुसकपान । यी अष्टपानलाई 'पान' भनिएको हो । सम. पा. III. पृ. ११६७ भेसज्जक्खन्धकं ।

३. कुनै खानपान वस्तुहरू 'भोलिको लागि' भनी बचाइराख्नुलाई भिक्षुहरूको नियममा 'सन्निधिकार' भनिन्छ। यस्तो गर्नाले भिक्षुहरूलाई दोष लाग्छ।

एकचोटि ग्रहण गरी मध्यान्ह समयभित्रै खानुपर्ने खादच-भोज्य वस्तुलाई 'यावकालिक' भन्दछन्। मध्यान्ह समयभित्रै खाने कुरा समयभित्र नखाई पछि खाएमा 'सन्निधिकार' दोष लाग्छ।

दूधदही बाहेक फलफूलको सर्वत आदि बेहान एकचोटि ग्रहण गरी बेलुकीसम्म पिउन हुन्छ। यस्तोलाई 'यामकालिक' भन्दछन्। यसो नगरी याम अर्थात् निर्धारित समय बिताई पिएमा 'सन्निधिकार' दोष लाग्छ।

औषधि आदि वस्तुहरू चाहिं एकचोटि ग्रहण गरेपछि एक सातासम्म खान रुकिन्छ। यस्तालाई 'सप्ताहकालिक' भन्दछन्। एक हप्ता बितेपछि फेरि ग्रहण नगरी खाएमा 'अन्निधिकार' दोष लाग्छ।

पानी जस्ता वस्तुहरू जीवनभरसम्म कसैबाट ग्रहण नगरिकनै पिउन सक्छ। यस्तालाई 'यावजीविक' भनी भन्दछन्।

अरू श्रमण ब्राह्मणहरूले चाहिं खाने वस्तुहरू 'भोलिको लागि' भनी बचाइराख्छन् वा थुपारी राख्छन्। भिक्षुहरूले यस्तो गर्दैनन् भनिएको हो।

खेल, बाँसको खेल, मानिसको हाडको खेल (धोपनं), हात्तीजुध्ने, घोडा जुध्ने, भैंसीजुध्ने, कुखुरा जुध्ने, बट्टाइ जुध्ने, लट्ठी लडाउने, मुडकी लडने, पहाडमा लडने, मारपीट खेल, सेनाहरूको खेल तथा सेना व्यूहको खेल आदि विविध दृश्य हेर्ने जस्ता काममा लागेर बस्छन् त्यसरी (भिक्षु) विविध दृश्य हेर्ने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

४–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अष्टपद[1], दशपद, आकाश, परिहारपथ[2], सन्तिक[3], खलिक (=खालमा पासा खेल्ने), घटिका (=लामो लट्ठीले हिर्काउने खेल), पङ्कचीर (=पातहरूको नसा बजाउने खेल), वङ्कक (=खेलाउने हलो), मोक्खचिक (=पल्टिने खेल), चिङ्गुलिक (=तालपत्रहरूले बनाएको चक्का जो हावाद्वारा घुम्छ), पत्ताल्हक (=पातको माना बनाई नाप्ने खेल), रथक (=खेलाउना रथ), धनक (=खेलाउना धनूष), अक्खरिक (=पिठ्यूमा वा आकाशमा लेखेको अक्षर चिन्ने खेल), मनेसिक (=मनमा चिताएको कुरा जान्ने खेल) तथा यथावज्ज

---

१. एक एक पंक्तिमा आठ आठवटा घोडा राखेर खेल्ने जूवा । दी. नि. अ. क. I. पृ. १०३: ब्रह्मजालसुत्तवण्णना । यसै गरी दशपथ शब्दको अर्थ पनि बुझ्नुपर्छ ।

२. भुइमा मण्डल आदि बनाएर त्यसमा वस्तु राखेर लिने खेल । दी. नि. अ. क. I. पृ. १०४: ब्रह्मजालसुत्तवण्णना ।

३. गिर्खाको थुप्रो राखी त्यसबाट गिरखा नचल्ने गरी गिरखा झिक्ने खेल । दी. नि. अ. क. I. पृ. १०४: ब्रह्मजालसुत्तवण्णना ।

(=काना लंगडा आदिहरूको नक्कल पार्ने खेल) आदि आदि प्रकारका प्रमाद हुने जस्ता जूवा आदि खेलको काममा लागेर बस्छन् त्यसरी (भिक्षु) प्रमाद हुने जूवा आदि खेलको काममा लागेको हुन्न । यो पनि शील नै हो ।

५-"श्रद्धाले दिएका भोजनहरू खाएर जसरी यहाँ केही श्रमण ब्राह्मणहरू ठूलो आसनपलङ्ग, लामा लामा रौं भएको आसन चित्रित आसन, उर्णमय अस्तरण, फुलदार बुट्टा भएको अस्तरण, कपासको ओढ्ने, सिंहादि चित्र भएको अस्तरण, दुबैतिर झल्लर भएको अस्तरण, एकातिर झल्लर भएको अस्तरण, जरी भरिएको रेशमी अस्तरण, रत्नहरू भरिएको रेशमी अस्तरण, सोह्र नर्तकी स्त्रीहरू नाच्न सक्ने दरी, हात्ती घोडा रथमाथि बिच्छ्याउने लम्पटहरू, बाख्राका छालाद्वारा बनेको ओछ्यान, कदलिमृगछालाको अस्तरण, झल्लर भएको चँदुवा, टाउको र खुट्टातिर राता तकिया राखेका आदि आदि जस्ता उच्चासयन तथा महासयनमा सुत्ने गर्छन् त्यसरी (भिक्षु) उच्चासयन तथा महासयनमा सुत्दैन । यो पनि शील नै हो ।

६-"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू आङमा पाउडर लगाउने, शरीर मिचाउने, नुहाउने, सुडौल बनाउनको निमित्त मुग्रो आदिले शरीरपीटन लगाउने, ऐना हेर्ने अञ्जन लगाउने, मालागन्धविलेपन लगाउने, मुखचूर्ण (=मुखको पाउडर) लगाउने, मुख-लेपन लगाउने, हातमा आभूषण लगाउने, शिखाको आभूषण लगाउने, छडी लिएर हिंड्ने, स्त्री-पुरुषको बुट्टा

भएको टोपी लगाउने, तरबार भिर्ने, छाता ओढ्ने, बुट्टा भएको जुत्ता लगाउने, कपालमा मणी लगाउने, चमर हम्कने, लामा लामा सफा सेता कपडाहरू लगाउने आदि आदि जस्ता मण्डन तथा विभूषण लगाउने इत्यादि काममा लागेका हुन्छन् त्यसरी (भिक्षु) मण्डन तथा विभूषण लगाउने काममा लागेको हुन्न । यो पनि शील नै हो ।

७–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू तिरश्चीनकथामा[1] लागेका हुन्छन् त्यसरी (भिक्षु) तिरश्चीन-कथामा लागेको हुन्न । यो पनि शील नै हो ।

८–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू 'तिमी यो धर्मविनय जान्दैनौ, यो धर्मविनय म जान्दछु । तिमी यो धर्मविनय के जानौला र ? तिमी गलत बाटोमा छौ । म ठीक बाटोमा छु । मेरो कुरा सार्थक छ तिम्रो कुरा निरर्थक छ । अघि भन्नुपर्ने पछि भन्छौ पछि भन्नुपर्ने अघि भन्छौ । तिमीले धेरै दिनदेखि सिकेर (अभ्यास) आएको कुरा मेरो वादको अगाडि व्यर्थ छ । तिमी माथि वाद आरोप गर्छु । तिमी निग्रहित छौ । (मेरो वादबाट) मुक्त हुन तिमी बाहिर घुम । यदि सक्छौ भने मेरो कुराको जवाफ देऊ' भन्ने आदि जस्ता विग्रहकथामा लागेका हुन्छन् त्यसरी (भिक्षु) विग्रह-कथामा लागेको हुन्न । यो पनि शील नै हो ।

---

१. तिरश्चीनकथा भनेको कस्तो हो भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. ४२० मा र बु. गृ. भा–३, पृ. २८३ मा उल्लेख भइसकेका छन् ।

९–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू-राजाहरूले, महामन्त्रीहरूले, क्षत्रीहरूले, ब्राह्मणहरूले र गृहपतिहरूले, कुमारहरूले 'फलाना ठाउँमा जाऊ, फलाना ठाउँमा आऊ, यो लैजाऊ, फलाना ठाउँमा यो ल्याऊ' भन्ने आदि जस्ता काममा लगाएको दूतेय्य काममा लागेका हुन्छन् त्यसरी (भिक्षु) दूतेय्य काममा लागेको हुन्न। यो पनि शील नै हो।

१०–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू कुहक (=आफूमा नभएको गुण देखाउने बानी=पाखंडिता) हुन्छन्, लाभसत्कारको निमित्त कुरा गर्छन्, यसैको कारणमा लक्षणका कुराहरू बताउँछन्, यसैको कारणमा अर्कालाई गाली पनि गर्छन् तथा लाभले लाभको खोजी गर्छन् त्यसरी (भिक्षु) कुहक हुन्न। यो पनि शील नै हो।

महाशील

१–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू अङ्गविदया[१], निमित्तविदया[२], उत्पादविदया[३], स्वप्नविदया[४], लक्षणविदया[५], मुसाले काटेको विदया[६], अग्निहोम, दारुहोम[७], भुसहोम, कणिका होम, तण्डुलहोम, घिऊहोम, तेलहोम, मुखहोम[८], रगतहोम[९],

१. हात खुट्टा आदिको लक्षण हेरी यस्तो अङ्गले युक्त हुने दीर्घायु तथा यशवान् हुन्छ भनी जान्ने विदया।

२. 'निमित्तविदया' भनेको बाहिरको कुनै कारणलाई देखेर त्यस अनुसार भन्ने विदया। जस्तै—

पण्डराजाले तीनवटा मोती मुट्ठीमा राखी निमित्तविदचा जान्नेसँग सोधे—'मेरो हातमा के छ ?' उसले यताउता हेर्दा एउटा माकुराले झिंगा समात्छु भनी दगुरेर जाँदा झिंगा मुक्त भएर गयो । यो देखेर उसले 'मुक्ता = मोती' भनी भन्यो । फेरि राजाले 'कतिवटा छ त ?' भनी सोधे । फेरि यताउता हेर्दा उसले नगिचमा तीनचोटि कुखुरा बासेको सुनेर 'तीनवटा' भनी भन्यो । यस्तालाई 'निमित्तविदचा' भन्दछन् । दी. नि. अ. क. I. पृ. ११०: ब्रह्मजालसुत्तवण्णना ।

३. 'उत्पादविदचा' भनेको बिजुली चम्केर बज्र खसेको देखेर यसबाट यस्तो हुनेछ भनी भन्ने विदचा ।

४. 'स्वप्नविदचा' भनेको फलाना फलाना समयमा यस्तो यस्तो स्वप्न देखेमा यस्तो यस्तो हुनेछ भन्ने विदचा ।

५. 'लक्षणविदचा' भनेको यस्तो यस्तो लक्षणले युक्त हुने राजा हुन्छ अथवा उपराजा हुन्छ भन्ने विदचा ।

६. कुनै वस्तु वा वस्त्र मुसाले काटेको देखेर यसबाट यस्तो यस्तो हुनसक्छ भनी भन्ने विदचा ।

७. यस्तो यस्तो किसिमको दारुले होम गर्दा यस्तो यस्तो फल पाइन्छ भन्ने विद्या हो ।

८. 'मुखहोम' भनेको मुखमा राखेको अन्न आदि यज्ञशालामा थुकेर गरिने होम । अथवा मंत्र उच्चारण गरी गरिने होम ।

९. दाहिने काँधतिरको रगतले गर्ने होम ।

अंगविदचा, वास्तुविदचा[1], क्षत्रविदचा, मसानविदचा[2], भूतविदचा, भूरिविदचा[3], सर्पविदचा[4], विषविदचा[5], बिच्छीविदचा, मुसाको विदचा, पक्षिविदचा, लाटोकोसेरोको विदचा, परिपक्वविदचा[6], तीरविदचा[7], मृगचक्रविदचा[8] आदि आदि जस्ता तिरश्चीन विदचाद्वारा मिथ्याजीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीनविदचाद्वारा मिथ्या जीवनले जीविका गर्दैन। यो पनि शील नै हो।

२–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू मणीलक्षण, वस्त्रलक्षण, दण्डलक्षण, शस्त्रलक्षण, तरबार लक्षण, तीरलक्षण, धनुषलक्षण, आयुलक्षण, स्त्रीलक्षण, पुरुषलक्षण, कुमारलक्षण, कुमारीलक्षण, दासलक्षण, दासीलक्षण, हात्तीलक्षण, घोडालक्षण, भैंसीलक्षण, साँढेलक्षण, गाईलक्षण, बोकालक्षण, भेडालक्षण, कुखुरालक्षण, बट्टाईलक्षण, गोहीलक्षण, कर्णिका (कानको गहना) लक्षण,

---

१. घरबारीको माटो हेरेर गुण दोष विचार गर्ने विदचा।

२. मसानमा बसेर शान्ति सुरक्षा गर्ने विदचा।

३. घरमा बस्नेहरूले पढ्नु पर्ने मन्त्र।

४. सर्पले टोकेकोलाई निको पार्ने मन्त्र विदचा।

५. पुरानो विषलाई झिक्नसक्ने र नयाँ विषलाई थप्नसक्ने विदचा।

६. यो यति बाँचने छ यो यति बाँचने छ भनी भन्नसक्ने विदचा।

७. आफूतिर आएको तीरलाई हटाउनसक्ने विदचा।

८. सबै पशुपक्षि सम्बन्धी विदचा। दी. नि. अ. क. I. पृ. ११०–१२: ब्रह्मजालसुत्तवण्णना।

कछुवालक्षण र मृगलक्षण जान्ने आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

३–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू फलाना बेलामा राजा बाहिर निस्कनु पर्छ, फलाना बेलामा राजा फर्कनु पर्छ, भित्रका राजा अगाडि बढ्नुपर्छ, बाहिरका राजा पछाडि हटेर जानुपर्छ, बाहिरका राजा अगाडि बढ्नुपर्छ, भित्रका राजा पछाडि हटेर जानुपर्छ, भित्रका राजाको जय हुनेछ, बाहिरका राजाको पराजय हुनेछ, बाहिरका राजाको जय हुनेछ र भित्रका राजाको पराजय हुनेछ । यसरी यसको जय हुनेछ र यसको पराजय हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

४–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू चन्द्र ग्रहण हुनेछ, सूर्य ग्रहण हुनेछ, नक्षत्र ग्रहण हुनेछ, चन्द्र सूर्यहरू आ-आफ्नो बाटोमा रहनेछन्, चन्द्र सूर्यहरू आ-आफ्नो बाटो छाडेर अर्को बाटोमा लाग्नेछन्, नक्षत्रहरू आ-आफ्नो बाटोमा रहनेछन्, नक्षत्रहरू आ-आफ्नो बाटो छाडेर अर्को बाटोमा लाग्नेछन्, उल्कापात हुनेछ, दिशा डाह हुनेछ, भूकम्प हुनेछ, सुक्खा बादल गर्जिने छ, चन्द्रसूर्य नक्षत्रहरूको उदय अस्त मलिन तथा परिशुद्ध हुनेछ, यो चन्द्रग्रहणद्वारा यस्तो फल हुनेछ, यो सूर्यग्रहणद्वारा यस्तो फल हुनेछ,

यो नक्षत्र ग्रहणद्वारा यस्तो फल हुनेछ, यी चन्द्रसूर्यहरू आ-आफ्नो बाटोमा रहनाको फल यस्तो हुनेछ, यी चन्द्रसूर्यहरू आ-आफ्नो बाटो छाडेर अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यी नक्षत्रहरू आ-आफ्नो बाटोमा रहनाको फल यस्तो हुनेछ, यी नक्षत्रहरू आ-आफ्नो बाटो छाडी अर्को बाटोमा लाग्नाको फल यस्तो हुनेछ, यो उल्कापातको फल यस्तो हुनेछ, यो दिशाडाहको फल यस्तो हुनेछ, यो भूकम्पको फल यस्तो हुनेछ, यो सुक्खा बादल गर्जनको फल यस्तो हुनेछ, यी चन्द्रसूर्य नक्षत्रहरूको उदय अस्त मलिन तथा परिशुद्ध हुनाको फल यस्तो हुनेछ भन्ने आदि आदि जस्ता तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीन विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

५–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू सुवृष्टि हुनेछ, दुर्वृष्टि हुनेछ, सुभिक्ष हुनेछ, दुर्भिक्ष हुनेछ, निर्भय हुनेछ, भय हुनेछ, रोग हुनेछ, निरोग हुनेछ भन्ने विद्या तथा हस्तरेखाविद्या, गणनविद्या, संख्यानविद्या[1], कवितापाठ र वितण्डवाद आदि आदि जस्ता तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीनविद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

---

१. यो विद्या जान्नेले कुनै रुख देख्दा पनि 'यस रुखमा यति पातहरू छन्' भन्ने कुरा भन्नसक्छ । दी. नि. अ. क. I. पृ. ११३: ब्रह्मजाल-सुत्तवण्णना ।

६–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू आवाह (=कन्या ल्याउने) विवाह (=कन्या दिने) गर्नको लागि साइत बताउने, उधारो उठाउने साइत बताउने, उधारो दिने साइत बताउने, भाग्यवानी बनाउने, दुर्भाग्य बनाउने, गर्भपुष्टि गर्ने, मन्त्रबलले जिब्रो बाँध्ने, मन्त्रबलले बंगरा बाँध्ने, मन्त्रबलले अर्काको हात उल्ट्याइदिने, मन्त्रबलले बंगरा नचल्ने गराइदिने, मन्त्रबलले बहिरो गराइदिने, ऐनामा देवता बोलाई प्रश्नसोध्ने, कुमारीको शरीरमा देवता प्रवेशगराई प्रश्न सोध्ने, देवदासीको शरीरमा देवता प्रवेश गराई प्रश्न सोध्ने, जीविकाको लागि सूर्य र महाब्रह्माको पूजा गर्ने, मुखबाट अग्निज्वाला निकाल्ने र श्री आह्वान गर्ने आदि आदि जस्ता तिरश्चीन-विद्याद्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीन-विद्याद्वारा मिथ्या जीवनले जीविका गर्दैन । यो पनि शील नै हो ।

७–"श्रद्धाले दिएका भोजनहरू खाई जसरी यहाँ केही श्रमण ब्राह्मणहरू शान्तिकर्म[1], प्रणीधिकर्म[2], भूतकर्म भूरिकर्म[3], पुरुषलाई

---

१. 'शान्तिकर्म' भनेको कुनै देवस्थानमा गई 'यदि मेरो यस्तो यस्तो कामना सिद्ध भएको खण्डमा तपाईंलाई यो यो वस्तुद्वारा पूजा गर्नेछु' भनी भाकल गर्ने काम हो ।

२. 'प्रणीधिकर्म' भनेको उपरोक्ताकारले प्रार्थना गरेको काम सिद्ध भएपछि भाकल गरे बमोजिम पूजा गर्ने काम हो ।

३. सिकेको मन्त्रलाई घरमा बसी अभ्यास गर्ने काम ।

नपुंसक बनाउने कर्म, नपुंसकलाई पुरुष बनाउने कर्म, भूमिकर्म[1], भूमिपरिकर्म[2], आचमनकर्म, नुहाउनेकर्म, होमकर्म, उल्टी गराउने कर्म, विरेचन कर्म, उर्ध्वविरेचन कर्म, अधोविरेचन कर्म, शीर्षविरेचन कर्म, कानको तेल बनाउने कर्म, नेत्र तर्पण कर्म, नस् राख्ने कर्म अञ्जन कर्म, शीतल अञ्जन दिने कर्म, शस्त्रअस्त्रद्वारा गरिने वैदचकर्म, शल्यचिकित्सा कर्म, बालचिकित्सा कर्म, जरीबुटीबाट औषधी दिने कर्म र क्षार औषधीको प्रभाव दूर गर्ने औषधी दिने कर्म आदि आदि जस्ता तिरश्चीनविदचा-द्वारा मिथ्या जीवनले जीविका गर्छन् त्यसरी (भिक्षु) तिरश्चीनविदचा-द्वारा मिथ्या जीवनले जीविका गर्दैन। यो पनि शील नै हो।

"महाराज! अनि यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि कुनै भय[3] आउने कुरो देख्दैन। महाराज! जस्तै शत्रुलाई दमन गरी अभिषेक प्राप्त क्षत्रीले कतैबाट पनि शत्रुको भय आउने कुरो देख्दैन। महाराज! त्यस्तै गरी यसरी शीलसम्पन्न भएको सो भिक्षुले शीलसंवरको कारणबाट कतैबाट पनि

---

१. घर बनाउनको निमित्त भूमिभाग शुद्धि गर्ने काम।

२. 'यो यो वस्तु ल्याऊ' भनी वस्तुहरू राखी घर बनाउनु भन्दा अगाडि पूजा गर्ने काम। दी. नि. अ. क. I. पृ. ११५: ब्रह्मजाल-सुत्तवण्णना।

३. असंयमताको कारणबाट जुन भय र त्रास मनभित्र लाग्छ त्यस्तो भय र त्रास उसको मनभित्र हुँदैन भनिएको हो। दी. नि. अ. क. I. पृ. २०४: सामञ्ञफलसुत्तवण्णना।

कुनै भय आउने कुरो देख्दैन । यो आर्यशीलस्कन्धले सम्पन्न भएको उसले आफूभित्र निरवदद्य सुखको अनुभव गर्छ । महाराज ! यसरी भिक्षु शीलसम्पन्न हुन्छ ।

इन्द्रियसंवर

"महाराज ! कसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ ?

१–"महाराज ! यहाँ भिक्षु चक्षुले[1] रूप हेर्दा निमित्तग्राही हुन्न (- आकार प्रकारलाई आसक्त चित्तले हेर्दैन), न व्यञ्जनग्राही हुन्छ (= अङ्गप्रत्यङ्ग हाउभाउलाई आसक्त चित्तले हेर्दैन), बरु चक्षुरिन्द्रिय असंयमी हुँदा जुन अभिध्या (लोभ) दौर्मनस्य पापक अकुशल धर्महरू (– चित्तहरू) उत्पन्न हुने हुन् तिनीहरूको निवारणको निमित्त प्रयत्न गर्छ, चक्षुरिन्द्रिय रक्षा गर्छ र चक्षुरिन्द्रिय संयम गरी बस्छ ।

---

१. यो 'चक्षु' शब्दको अर्थ विभिन्न ठाउँमा विभिन्न प्रकारले पाइएको छ । जस्तै "बुद्ध चक्खुना लोकं ओलोकेसि" (महा. व. पा. पृ. ९: ब्रह्मयाचनकथा) अर्थात् "बुद्धचक्षुद्वारा लोकमा हेर्नुभयो" भन्ने जस्ता ठाउँमा 'बुद्धचक्षु' लाई 'चक्षु' भनिएको हो ।

"तथूपमं धम्ममयं सुमेध,

पासादमारुय्ह समन्त चक्खु" (महा. व. पा. पृ. ९: ब्रह्मयाचनकथा) अर्थात् "त्यस्तै गरी धर्ममय हुनु भएका तपाईं सुमेधले पनि प्रासादमा आरोहण गरी समन्तचक्षुले हेर्नुहोस्" भन्ने

जस्ता ठाउँमा सर्वज्ञ ज्ञानरूपी 'समन्तचक्षु' लाई 'चक्षु' भनिएको हो।

"विरजं वीतमलं धम्मचक्खुं उदपादि" (महा. व. पा. पृ. १५: धम्मचक्कपवत्तनं) अर्थात् "विरज वीतमल भएको धर्मचक्षु उत्पन्न भयो" भन्ने जस्ता ठाउँमा तीन आर्यमार्ग सम्बन्धी 'धर्मचक्षु' लाई 'चक्षु' भनिएको हो।

"चक्खुं उदपादि ञाणं उदपादि" (महा. व. पा. पृ. १३: धम्मचक्कपवत्तनं) अर्थात् "चक्षु उत्पन्न भयो ज्ञान उत्पन्न भयो" भन्ने जस्ता ठाउँमा पूर्वेनिवासादि ज्ञानरूपी 'प्रज्ञाचक्षु' लाई 'चक्षु' भनिएको हो।

"दिब्बेन चक्खुना" (म. नि. I. पृ. २२०: पासारासिय-सुत्तं) अर्थात् "दिव्यचक्षुद्वारा" भन्ने जस्ता ठाउँमा 'दिव्यचक्षु' लाई 'चक्षु' भनिएको हो।

"चक्खुं च पटिच्च रूपे" (सं. नि. II. पृ. ६१: दुक्ख-सुत्तं) अर्थात् "चक्षुको कारणले रूपमा' भन्ने जस्ता ठाउँमा 'मांसचक्षु' लाई 'चक्षु' भनिएको हो।

यहाँ चाहिं मांसचक्षुको व्यवहारिक दृष्टिले 'चक्षुविज्ञान' लाई 'चक्षु' भनिएको हो। अर्थात् 'चक्षुविज्ञानले रूपलाई हेर्दा' भन्ने अर्थ बुझ्नुपर्छ। दी. नि. अ. क. I. पृ. २०५: सामञ्ञफल-सुत्तवण्णना।

२-"श्रोतले शब्द सुन्दा निमित्तग्राही हुन्न,...

३-"घ्राणले गन्ध सुँघदा निमित्तग्राही हुन्न,...

४-"जिह्वाले रसास्वाद लिंदा निमित्तग्राही हुन्न,...

५-"कायले स्पर्श गर्दा निमित्तग्राही हुन्न,...

६-"मनले मनको विषय (=धर्म) जान्दा निमित्तग्राही हुन्न। अ व्यञ्जनग्राही हुन्छ। बरू मनेन्द्रिय असंयमी हुँदा जुन अभिध्या दौर्मनस्य पापक अकुशल धर्महरू उत्पन्न हुने हुन् तिनीहरूको निवारणको निमित्त प्रयत्न गर्छ, मनेन्द्रिय रक्षा गर्छ र मनेन्द्रिय संयम गरी बस्छ। उ यी आर्य इन्द्रिय संवरले युक्त भई आफूमा निर्मल सुखको अनुभव गर्छ। महाराज ! यसरी भिक्षुले आफ्नो इन्द्रियलाई वशमा राख्छ।

स्मृतिसम्प्रजन्य

"महाराज कसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ ?

"महाराज ! यहाँ भिक्षु जाँदा वा आउँदा सचेत भई होस राखेर हिंड्छ। अगाडि वा पछाडि यताउता हेर्दा सचेत भई होस राखेर हेर्छ। हात खुट्टा खुम्च्याउँदा वा पसार्दा सचेत भई होस राखेर चलाउँछ। सङ्घाटि र पात्र-चीवर धारण गर्दा सचेत भई होस राखेर लगाउँछ। खाँदा वा पिउँदा अथवा चाटेर खाँदा सचेत भई होस राखेर खान्छ। झाडा पिसाब गर्दा सचेत भई होस राखेर झाडा पिसाब गर्छ। हिंड्दा, उठ्दा, बस्दा, सुत्दा, बिउँझिदा, कुरा गर्दा र चुप लागेर बस्दा

सचेत भई होस राखेर (सम्पजानकारी) बस्छ। महाराज! यसरी भिक्षु स्मृतिसम्प्रजन्यताद्वारा सम्पन्न भएको हुन्छ।

सन्तुष्टिता

"महाराज! कसरी भिक्षु सन्तोषी हुन्छ ?

"महाराज! यहाँ भिक्षु शरीर ढाक्ने भरको चीवरले सन्तुष्ट हुन्छ[१]। पेटभरको भोजनले सन्तुष्ट हुन्छ[२]। जहाँ जहाँ उ जान्छ पात्र-चीवर साथमा लिएर जान्छ। महाराज! जस्तै—चरा पक्षीहरू जहाँ जहाँ जान्छन् त्यहाँ त्यहाँ आफ्नो पक्षभार (=पखेटा) लिएर नै उड्छन्। महाराज! यस्तै गरी भिक्षु पनि शरीर ढाक्ने भरको चीवरले सन्तुष्ट हुन्छ। पेटभरको भोजनले सन्तुष्ट हुन्छ र जहाँ गए पनि आफ्नो पात्र-चीवर साथमा लिएर हिंड्छ। महाराज! यसरी भिक्षु सन्तोषी हुन्छ।

---

१. कस्तालाई चीवरको बारेमा सन्तोषी हुने भन्दछन् भन्ने कुरा लेखकको बु. श्रा. भा–२, पृ. २३७ को पादटिप्पणीमा विस्तृतरूपले उल्लेख भइसकेको छ। चाहनेले त्यहाँ हेर्नू।

२. चीवरको बारेमा जस्तै भोजनको बारेमा पनि तीन प्रकारले सन्तोष हुन्छ। जस्तै—(१) यथालाभ सन्तोष, (२) यथाबल सन्तोष र (३) यथासारुप्य सन्तोष।

(१) यहाँ भिक्षुले रुक्ष वा उत्तम भोजन पाउँछ। अनि

नीवरण प्रहाण

"उ यी आर्यशीलस्कन्धले युक्त भई यी आर्य इन्द्रिय संवरले युक्त भई यी आर्य स्मृतिसम्प्रजन्यताले युक्त भई यी आर्य सन्तुष्टिताले युक्त भई एकान्त निर्जन शयनासन (=सुत्ने र बस्ने ठाउँ) मा बस्छ। अथवा उ जङ्गल, रुखमनि, पर्वत, कन्दरा (=पानीको झरना भएको ठाउँ) पहाडी गुफा, मसान, जङ्गलको बाटो, खुला ठाउँ तथा पराले

त्यसद्वारा यापन गर्छ। अर्को खोज्दैन। पाए पनि ग्रहण गर्दैन। यसैलाई 'यथालाभ सन्तोष' भन्दछन्।

(२) यहाँ भिक्षुलाई आफ्नो स्वभावलाई प्रतिकूल हुने अथवा ब्याधिलाई प्रतिकूल हुने भोजन पाउँछ अथवा जुन भोजन खाँदा उसलाई बिसञ्चो हुन्छ त्यस्तो भोजन उसले आफूसमान भिक्षुलाई दिएर उसबाट अनुकूल भोजन ग्रहण गरी श्रमण धर्म पालन गर्दै सन्तोष लिन्छ। यो हो 'यथाबल सन्तोष'।

(३) अर्कोले चाहिं धेरै उत्तम भोजनहरू पाउँछ। उसले ती भोजनहरू चीवरको विषयमा झैं आफूभन्दा वयोवृद्ध, बहुश्रुत अथवा अल्पलाभी तथा रोगी हुनेलाई दिई उनीहरूको अवशेष भोजन खाएर अथवा भिक्षाटन् गरी मिश्रित भोजन गरेर भए पनि सन्तोष नै हुन्छ। यो हो 'यथासारुप्य सन्तोष'। दी. नि. अ. क. I. पृ. २२७–२८: सामञ्ञफलसुत्तवण्णना।

छाप्रोमा बस्छ। उ भिक्षाटन्बाट फर्केर भोजनपछि पलेटीभारी शरीर सोधापारी मुख अगाडि स्मृति राखी[१] बस्छ।

"उसले (१) पञ्चोपादानस्कन्ध माथि (लोके) को अभिध्यालाई हटाई अनभिध्याले युक्त भई बस्छ र अभिध्याबाट चित्त परिशुद्ध पार्छ। (२) व्यापाद प्रदोषलाई हटाई अव्यापाद चित्त लिएर सबै प्राणीहरूप्रति हितकामी भई बस्छ र व्यापाद प्रदोषबाट चित्त परिशुद्ध पार्छ। (३) थीनमिद्ध अर्थात् शारीरिक र मानसिक आलस्यपनलाई हटाई थीनमिद्धलाई दूर गरी बस्छ र आलोकसंज्ञी[२] भई तथा स्मृति-सम्प्रजन्य भई आलस्यपनबाट चित्त परिशुद्ध पार्छ। (४) उद्धच्च-कुक्कुच्च अर्थात् शारीरिक र मानसिक अस्थिर र अशान्तपनलाई हटाई शारीरिक र मानसिक स्थिरपन र शान्तपनलाई बढाई बस्छ र अभ्यन्तरमा परम शान्त पारी शारीरिक तथा मानसिक अस्थिरता र अशान्तपनबाट चित्त परिशुद्ध पार्छ। (५) विचिकित्सा[३] अर्थात् शंका

---

१. श्वास प्रश्वासमा होस् राखेर बस्नु।

२. उज्यालोपन देखिने एक प्रकारको ध्यान।

३. यो विचिकित्सा भनेको आठ प्रकारको हुन्छ। जस्तै— (१) शास्ता प्रति सन्देह गर्छ, (२) धर्म प्रति सन्देह गर्छ, (३) सङ्घ प्रति सन्देह गर्छ, (४) शिक्षा प्रति सन्देह गर्छ, (५) पूर्वान्त सम्वन्धमा सन्देह गर्छ, (६) अपरान्त सम्वन्धमा सन्देह गर्छ, (७) पूर्वान्त-अपरान्त सम्वन्धमा सन्देह गर्छ र (८) यो यो कारणले प्रतित्यसमुत्पाद हुन्छ भन्ने कुरा प्रति सन्देह गर्छ। विभं. पा. पृ. ४३६: तिकमातिकानिद्देसो।

संदेहलाई हटाई निस्सन्देही भई बस्छ र कुशल धर्ममा निश्चिन्त भई (अकथंकथी) शंकाबाट चित्त परिशुद्ध पार्छ।

१–"महाराज! जस्तै कुनै पुरुषले ऋण लिएर काम चलाउँछ। उसको त्यो काम सफल हुन्छ। जो त्यो उसको पुरानो ऋण थियो त्यसलाई उसले चुक्ता गरिदिन्छ र दार भरणार्थ उसँग (धन) पनि बचेको हुन्छ। अनि उसलाई यस्तो लाग्छ—'अघि मैले ऋण लिएर काम चलाएँ। मेरो सो काम सफल भयो। जो मेरो पुरानो ऋण थियो सो पनि मैले तिरिसकें। दार भरणार्थ मसँग (धन) पनि बचेको छ।' यसबाट उसलाई प्रामोद्य र सौमनस्य प्राप्त हुन्छ।

२–"महाराज! जस्तै कुनै पुरुष रोगी तथा अतिरोगी भई दुःखी हुन्छ। भात पनि रुचाउँदैन। शरीरमा बल पनि हुन्न। पछि गएर उ सो रोगबाट मुक्त हुन्छ। भात पनि रुचाउँछ। शरीरमा बल पनि हुन्छ। अनि उसलाई यस्तो लाग्छ—'अघि म रोगी तथा अति रोगी भई दुःखी थिएँ। भात पनि रुचि हुन्नथ्यो। मेरो शरीरमा बल पनि थिएन। अब म सो रोगबाट मुक्तछु। भात पनि रुचाउँछु। मेरो शरीरमा बल पनि छ।' यसबाट उसलाई प्रामोद्य र सौमनस्य प्राप्त हुन्छ।

३–"महाराज! जस्तै कुनै पुरुष क्यालखानामा थुनिन्छ। पछि उ त्यो क्यालखानाबाट सकुशल तथा कुनै भयविना मुक्त हुन्छ। उसको कुनै धन पनि हानी हुन्न। अनि उसलाई यस्तो लाग्छ –'अघि म क्यालखानामा थुनिएको थिएँ। अब म सो क्यालखानाबाट सकुशल

तथा कुनै भयविना मुक्त भएँ । मेरो कुनै धन पनि हानी भएको छैन ।' यसबाट उसलाई प्रामोद्य र सौमनस्य प्राप्त हुन्छ ।

४–"महाराज ! जस्तै कुनै पुरुष आफ्नो अधीनमा रहन नपाई पराधीन भई जहाँ चाह्यो त्यहाँ जान नसक्ने दास हुन्छ । पछि गएर सो पुरुष आफ्नो अधीनमा बस्ने भई पराधीन नभई स्वतन्त्ररूपले जहाँ चाह्यो त्यहाँ जानसक्ने भई त्यो दासत्वबाट मुक्त हुन्छ । अनि उसलाई यस्तो लाग्छ—'अघि म आफ्नो अधीनमा रहन नपाई पराधीन भई जहाँ चाह्यो त्यहाँ जान नसक्ने दास भएको थिएँ । अब म आफ्नो अधीनमा रही अपराधीन भई स्वतन्त्ररूपले जहाँ चाह्यो त्यहाँ जानसक्ने भई त्यो दासत्वबाट मुक्त भएँ ।' यसबाट उसलाई प्रामोद्य र सौमनस्य प्राप्त हुन्छ ।

५–"महाराज ! जस्तै कुनै धनी महाभोगी पुरुष भय सहित दुर्भिक्ष कान्तार बाटोमा लागेको हुन्छ । पछि उ त्यो कान्तार बाटोलाई सकुशल पार गर्छ । भय रहित सुरक्षित गाउँको अन्तमा पुग्छ । अनि उसलाई यस्तो लाग्छ—'अघि म धनी महाभोगी पुरुष भएर पनि भय सहित दुर्भिक्ष भएको कान्तारको बाटोमा लागेको थिएँ । अब म सो कान्तार बाटोलाई सकुशल पार गरी भय रहित सुरक्षित गाउँको अन्तमा आइपुगें ।' यसबाट उसलाई प्रामोद्य र सौमनस्य प्राप्त हुन्छ ।

"महाराज ! यस्तै गरी भिक्षुले ऋण जस्ता, रोग जस्ता, झ्यालखाना जस्ता, दासत्व जस्ता र कान्तारको बाटो जस्ता भएका यी पञ्चनीवरणहरू आफूबाट मुक्त नभएको कुरालाई देख्दछ ।

"महाराज ! जस्तै अऋण झैं, आरोग्य झैं, झ्यालखानाबाट मुक्त झैं र सुरक्षित भूमि झैं यी पञ्चनीवरणहरू आफूबाट मुक्त भएको कुरा आफूमा देख्दछ ।

'यी पञ्चनीवरणहरू प्रहीण भएको कुरा आफूमा देख्दा उसमा प्रामोद्य उत्पन्न हुन्छ । प्रमुदित हुनेको प्रीति उत्पन्न हुन्छ । प्रीतिचित्त भएको शरीर शान्त हुन्छ । शान्त भएको कायले सुखानुभव गर्छ । सुखी भएको चित्त समाधिष्ठ हुन्छ ।

प्रथमध्यान

"अनि उ कामविजयबाट अलग भई अकुशलबाट अलग भई वितर्क विचार युक्त भएको विवेकजः (=ध्यानजः) प्रीतिसुख भएको प्रथमध्यान प्राप्त गरी बस्छ । उसले विवेकजः प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्शित पार्छ । उसको कुनै पनि शरीरको भाग विवेकजः प्रीति र सुखले नछोएको हुन्न । महाराज ! जस्तै कुनै दक्ष नहापक (=नुहाइदिने) ले वा उसको अन्तेवासीले स्नानीय चूर्णलाई काँसको थालमा राखी अलि अलि पानी हाल्दै भिजाउँदै मुछ्दै डल्लो पार्छ । अनि त्यो स्नानीय चूर्णको डल्ला स्नेहित भएपछि भित्र बाहिर जम्मै भिजिसकेपछि बग्ेर जान्न । महाराज ! त्यस्तै भिक्षुले विवेकजः प्रीति र सुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्शित पार्छ । उसको शरीरको कुनै पनि भाग ध्यानजः प्रीतिसुखले

नछोएको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफल भन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

द्वितीयध्यान

"महाराज ! फेरि भिक्षु वितर्क विचारलाई उपशान्त गरी अभ्यन्तर सम्प्रसादलाई चित्तमा एकाग्र गरी वितर्क विचार रहित विवेकजः प्रीतिसुख भएको द्वितीयध्यान प्राप्त गरी बस्छ । उसले विवेकजः प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्पर्शित पार्छ । उसको शरीरको कुनै पनि भाग विवेकजः प्रीति र सुखले नछोएको हुन्न । महाराज ! जस्तै— भनौं कि यहाँ माझमा मूल भएको एक गम्भीर जलाशय छ । त्यो जलाशयको पूर्वपट्टि पनि पानीको मूल छैन पश्चिमपट्टि पनि.. उत्तरपट्टि पनि... दक्षिणपट्टि पनि पानीको मूल छैन । समय समयमा बर्षाद् पनि हुन्न । अनि त्यही गम्भीर जलाशयकै माझबाट फुटेर आएको शीतल पानीको धारले सोही जलाशयलाई स्नेहित पार्छ, सर्वत्र स्नेहित पार्छ, परिपूर्ण पार्छ र सर्वत्र स्नेहित पार्छ । अनि त्यस जलाशयको कुनै पनि भाग शीतल पानीले स्पर्शित नभएको हुन्न । महाराज ! त्यस्तै भिक्षुले विवेकजः प्रीतिसुखद्वारा यही शरीरलाई स्नेहित पार्छ,...उसको शरीरको कुनै पनि भाग विवेकजः प्रीतिसुखले नछोएको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफल भन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

तृतीयध्यान

"महाराज ! फेरि भिक्षु प्रीतिलाई पनि त्यागी उपेक्षित भई स्मृतिसम्प्रजन्य भई शरीरद्वारा सुखानुभव गरी बस्छ । जसलाई आर्यहरू 'उपेक्षावान् स्मृतिवान् सुखपूर्वक बस्ने' भनी भन्दछन् । त्यसप्रकारको तृतीयध्यान प्राप्त गरी बस्छ । उसले नैष्प्रीतिक सुखद्वारा यही शरीर-लाई स्नेहित पार्छ, सर्वत्र स्पर्शित पार्छ । उसको शरीरको कुनै पनि भाग नैष्प्रीतिक सुखले नछोएको हुन्न । महाराज ! जस्तै - उत्पल समुदाय, पद्म समुदाय, पुण्डरिक समुदाय अथवा केही उत्पल पद्म पुण्डरिकहरू जो पानीमा उत्पन्न भई पानीमै बढी पानीबाट माथि नआई पानीको भित्री भागमा डुबिरहेका हुन्छन्— तिनीहरूका टुप्पा पनि डाँठ पनि शीतल पानीले स्नेहित हुन्छ,...सर्वत्र स्पर्शित हुन्छ । अनि त्यस उत्पल...पुण्डरिकको कुनै पनि भाग शीतल पानीले स्पर्शित नभएको हुन्न । महाराज ! त्यस्तै भिक्षुले नैष्प्रीतिक सुखद्वारा यही शरीरलाई स्नेहित पार्छ,...सर्वत्र स्पर्शित पार्छ । उसको शरीरको कुनै पनि भाग नैष्प्रीतिक सुखले नछोएको हुन्न । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफल भन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

चतुर्थध्यान

"महाराज ! फेरि भिक्षु सुखलाई पनि त्यागी दुःखलाई पनि त्यागी पहिले नै सौमनस्य (=मानसिक सुख) दौर्मनस्य (=मानसिक

दु:ख) को अन्त गरी सुख दु:ख नभएको स्मृति र उपेक्षा परिशुद्ध भएको चतुर्थध्यान प्राप्त गरी बस्छ। उ यही शरीरमा परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बसिरहन्छ। उसको शरीरको कुनै पनि भाग परिशुद्ध ज्योतिर्मय चित्तले स्पर्शित नभएको हुन्न। महाराज! जस्तै – कुनै पुरुष शरीरदेखि लिएर आफ्नो शरीर जम्मै सेतो कपडाले ढाकेर बस्छ भने उसको शरीरको कुनै पनि भाग सेतो कपडाले नढाकिएको हुन्न। महाराज! त्यस्तै भिक्षु यही शरीरमा परिशुद्ध ज्योतिर्मय चित्त फैलाई बसिरहन्छ। उसको शरीरको कुनै पनि भाग परिशुद्ध ज्योतिर्मय चित्तले स्पर्शित नभएको हुन्न। महाराज! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफल भन्दा पनि सुन्दरतर र उत्तमतर छ।

विपश्यनाज्ञान

"यसरी समाहित चित्त भएपछि, परिशुद्ध स्वच्छ निर्मल क्लेश-रहित भएपछि, मृदु तथा कर्मण्य भएपछि तथा निश्चलतामा पुगेपछि उसले ज्ञानदर्शनार्थ[1] चित्त अघि बढाउँछ र चित्त झुकाउँछ। अनि उसले यसरी जान्दछ – 'यो मेरो शारीरिक रूप चातुर्महाभौतिक हो, आमा बाबुको कारणले भएको हो, भात दालद्वारा संवर्धित बालक कालमा छेदन परिमार्जन भेदन विध्वंशन भएको तथा अनित्य स्वभावको हो। यो मेरो

---

१. यो 'ज्ञानदर्शन' भन्ने शब्दको प्रष्टिकरण लेखकको बु. श्रा. भा–२, पृ. १५८ को पादटिप्पणीमा उल्लेख भइसकेको छ। चाहनेले उहीं हेर्नू।

विज्ञान (=चेतना) यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।' महाराज! जस्तै अष्टांश गरी राम्ररी कुँदेको सफा निर्मल चमक्दार मलिनता नभएको असल जातको वैदूर्यमणिमा नीलो वा पहेँलो, सेतो वा पाण्डुरङ्गको धागो राखेको आँखा देख्ने पुरुषले त्यसलाई हातमा राखी राम्ररी हेर्दा उसले 'यो असल जातको वैदूर्यमणि हो यसलाई आठकुने पारी कुँदेको छ सफा निर्मल चमक्दार मलिन नभएको हो। यसमा नीलो वा पहेँलो, सेतो वा पाण्डुरङ्गको धागो राखेको छ' भनी थाहा पाउँछ। महाराज! त्यस्तै गरी समाहित चित्त भएपछि परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि भिक्षुले ज्ञानदर्शनार्थ चित्त अघि बढाउँछ, चित्त झुकाउँछ। अनि उसले यसरी जान्दछ—'यो मेरो शारीरिक रूप...अनित्य स्वभावको हो। यो मेरो विज्ञान यसैमा सम्बन्धित छ, यसैमा प्रतिबद्ध छ।' महाराज! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफल भन्दा पनि सुन्दरतर र उत्तमतर छ।

मनोमय ऋद्धिज्ञान

"यसरी समाहित चित्त भएपछि परिशुद्ध स्वच्छ निर्मल क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि उसले मनोमय-काय निर्माणको निमित्त चित्त अगाडि बढाउँछ चित्त झुकाउँछ। अनि उसले यो शरीरबाट अलग्गै शरीर निर्माण गर्छ। जो अङ्गप्रत्यङ्गले युक्त इन्द्रिय सहित मनोमय भौतिक रूप हुन्छ।

महाराज ! जस्तै कुनै पुरुषले मुञ्ज (=बोक्रो) बाट ईषिक (=डाँठ) निकाल्छ । अनि उसलाई यस्तो लाग्छ—'यो मुञ्ज हो यो ईषिक हो । भिन्नै मुञ्ज हो भिन्नै ईषिक हो । मुञ्जबाटै डाँठ निकालिएको हो ।' अथवा महाराज ! जस्तै कुनै पुरुषले मियानबाट तरवार निकाल्छ । अनि उसलाई यस्तो लाग्छ—'यो तरवार हो यो मियान हो । तरवार अर्कै हो मियान अर्कै हो । मियानबाटै तरवार निकालिएको हो ।' अथवा महाराज ! कुनै पुरुषले पेटारीबाट सर्प निकाल्छ । अनि उसलाई यस्तो लाग्छ—'यो सर्प हो यो पेटारी हो । सर्प अर्कै हो पेटारी अर्कै हो । पेटारीबाट सर्प निकालिएको हो ।' महाराज ! त्यस्तै भिक्षुले यसरी समाहित चित्त भएपछि...। उसले यो शरीरबाट अलग्गै शरीर निर्माण गर्छ । जो अङ्गप्रत्यङ्गले युक्त इन्द्रिय सहित मनोमय भौतिक रूप हुन्छ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

ऋद्धिविधज्ञान

"यसरी समाहित चित्त भएपछि...निश्चलतामा पुगेपछि उसले ऋद्धिविधज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ । अनि उसले अनेक प्रकारका ऋद्धिविध (=ऋद्धि चमत्कार) अनुभव गर्छ—एक भइकन पनि धेरै हुन्छ धेरै भइकन पनि एक हुन्छ । प्रकट पनि हुन्छ अन्तरधान पनि हुन्छ । भित्तामा नछोई परखालमा नछोई पर्वतमा नछोई आकाशमा हिँडे जस्तै गरी वारपार गर्छ । पानीमा डुब्की

लगाए जस्तै गरी पृथ्वीमा पनि डुब्छ माथि पनि आउँछ। पृथ्वीमा हिँडे जस्तै गरी पानीमा पनि नभिजने गरी हिँड्छ। पलेटिमारी पंक्षि फैं आकाशमा पनि जान्छ। त्यस्तो महान तेजस्वी महापराक्रमी चन्द्रसूर्यलाई पनि हातले परामर्श र परिमार्जन गर्छ। ब्रह्मलोकसम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ। महाराज! जस्तै कुनै सिपालु कुमालेले वा उसको अन्तेवासीले राम्ररी मुछेको माटोले जस्ता भाँडाहरू बनाउन चाहन्छ उस्ता भाँडाहरू तयार पार्छ। अथवा महाराज! जस्तै कुनै सिपालु दन्त (=हात्तीको दाँत) कारले वा उसको अन्ते-वासीले राम्ररी बनाएको दन्तमा जस्तो (बुट्टा) बनाउन चाहन्छ उस्तै बनाउँछ। अथवा महाराज! जस्तै कुनै सिपालु सुनारले वा उसको अन्तेवासीले परिशोधन गरेको सुनद्वारा जस्तो (गहनाहरू) बनाउन चाहन्छ उस्तै बनाउँछ। महाराज! त्यस्तै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि उसले ब्रह्मलोकसम्मलाई पनि आफ्नो कायद्वारा वशमा राख्छ। महाराज! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ।

दिव्यश्रोतज्ञान

"यसरी समाहित चित्त भएपछि...निश्चलतामा पुगेपछि उसले दिव्यश्रोतधातु प्राप्तिको निमित्त चित्त अगाडि बढाउँछ चित्त झुकाउँछ। अनि उसले अलौकिक विशुद्ध दिव्य-श्रोत धातुद्वारा देवताहरूको पनि मनुष्यहरूको पनि टाढाको पनि नजिकको पनि दुवै शब्दहरू सुन्छ।

महाराज ! जस्तै कुनै पुरुष लामो बाटो गइरहेको बेलामा (कसैले बजाएको) भेरी शब्द, मृदङ्ग शब्द र डमरु शब्द पनि सुन्दछ । यो शब्दहरू सुनेर उसको मनमा यस्तो लाग्छ—'यो भेरी शब्द हो,...यो प्रणवक शब्द हो । महाराज ! त्यस्तै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि...उसले अलौकिक विशुद्ध दिव्य-श्रोतधातुद्वारा...दुबै शब्दहरू सुन्छ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

परचित्तज्ञान

"यसरी समाहित चित्त भएपछि.. निश्चलतामा पुगेपछि उसले परचित्तज्ञान (=अर्काको मनको कुरा जान्ने) को निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ । अनि उसले परसत्व र परपुद्गलको चित्तलाई आफ्नो चित्तले—'सराग चित्तलाई 'सरागचित्त'[१] भनी वीतराग चित्तलाई 'वीतरागचित्त' भनी सदोष चित्तलाई 'सदोषचित्त' भनी वीतदोष चित्तलाई 'वीतदोषचित्त' भनी समोह चित्तलाई 'समोहचित्त' भनी वीतमोह चित्तलाई 'वीतमोहचित्त' भनी संक्षिप्त चित्तलाई 'संक्षिप्तचित्त' भनी विक्षिप्त चित्तलाई 'विक्षिप्तचित्त' भनी महद्गत चित्तलाई 'महद्गतचित्त' भनी अमहद्गत चित्तलाई 'अमहद्गतचित्त' भनी सउत्तर

---

१. 'सरागचित्त' आदि भनेका कस्ता हुन् भन्ने कुराको स्पष्टिकरण लेखकको बु. श्रा. भा-२, पृ. १९३ देखि पृ. १९८ सम्मको पादटिप्पणीमा उल्लेख भएका छन् । चाहिनेले त्यहाँ हेर्नू ।

चित्तलाई 'सउत्तरचित्त' भनी अनुत्तर चित्तलाई 'अनुत्तरचित्त' भनी समाहित चित्तलाई 'समाहितचित्त' भनी असमाहित चित्तलाई 'असमाहितचित्त' भनी विमुक्त चित्तलाई 'विमुक्तचित्त' भनी र अविमुक्त चित्तलाई 'अविमुक्तचित्त' भनी जान्दछ ।' महाराज ! जस्तै कुनै नक्कल पार्न पर्ने स्वभावका स्त्री पुरुष वा युवाले ऐनामा वा परिशुद्ध निर्मल स्वच्छ पानीको पात्रमा आफ्नो मुख हेर्दा मैलो परेको भए 'मैलो परेको छ' भनी मैलो परेको छैन भने 'मैलो परेको छैन' भनी जान्दछ । महाराज ! त्यस्तै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि... उसले परसत्व र परपुद्गलको चित्तलाई आफ्नो चित्तले सराग चित्तलाई 'सरागचित्त' भनी .. अविमुक्त चित्तलाई 'अविमुक्तचित्त' भनी जान्दछ ।' महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

पूर्वानुस्मृतिज्ञान

"यसरी समाहित चित्त भएपछि... निश्चलतामा पुगेपछि उसले पूर्वानुस्मृतिज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ । अनि उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ । जस्तै एक जन्मको कुरा दुइ जन्मको कुरा तीन जन्मको कुरा चार जन्मको कुरा पाँच जन्मको कुरा दश जन्मको कुरा बीस जन्मको कुरा तीस जन्मको कुरा चालीस जन्मको कुरा पचास जन्मको कुरा शय जन्मको कुरा हजार जन्मको कुरा शय हजार जन्मको कुरा । अनेक संवर्तकल्प

(=प्रलय) का कुराहरू अनेक विवर्त कल्प (=सृष्टि) का कुराहरू अनेक संवर्त-विवर्त कल्पहरूमा—'फलाना ठाउँमा थिएँ यस्तो नाउँ यस्तो गोत्र यस्तो वर्ण यस्तो आहार यस्तो सुख दुःख प्रतिसंवेदी र यति आयु थियो। त्यहाँबाट च्युत भई अमुक स्थानमा उत्पन्न भएँ। त्यहाँ पनि यस्तो नाउँ यस्तो गोत्र यस्तो वर्ण यस्तो आहार यस्तो सुख दुःख प्रतिसंवेदी र यति आयु थियो। त्यहाँबाट पनि च्युत भई यहाँ उत्पन्न भएँ।' यसरी आकार सहित उद्देश्य सहित (=नाम र गोत्र सहित) अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। महाराज! जस्तै कुनै पुरुष आफ्नो गाउँबाट अर्को गाउँमा जान्छ त्यहाँबाट पनि अर्को गाउँमा जान्छ त्यहाँबाट पनि अर्को गाउँमा जान्छ र त्यस गाउँबाट ऊ फेरि आफ्नै गाउँमा फर्केर आउँछ। अनि उसले यस्तो अनुस्मरण गर्छ—'म आफ्नो गाउँबाट फलाना गाउँमा गएँ त्यहाँ यसरी उभिएँ यसरी बसेँ यस्तो कुरा गरेँ यसरी चुपलागेँ। त्यहाँबाट म फलाना गाउँमा गएँ त्यहाँ पनि यसरी उभिएको थिएँ यसरी बसेको थिएँ यस्तो कुरा गरेको थिएँ यसरी चुपलागेको थिएँ। त्यहाँबाट फेरि म आफ्नै गाउँमा फर्केर आएँ।' महाराज! त्यस्तै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि .. उसले पूर्वानुस्मृतिज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ। अनि उसले अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। जस्तै एक जन्मको कुरा...। यसरी आकार सहित उद्देश्य सहित अनेक प्रकारका पूर्वजन्मका कुराहरू अनुस्मरण गर्छ। महाराज! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्य-फलभन्दा पनि सुन्दरतर र उत्तमतर छ।

दिव्यचक्षुज्ञान

"यसरी समाहित चित्त भएपछि... निश्चलतामा पुगेपछि उसले सत्वहरूको च्युति र उत्पत्ति सम्बन्धी ज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ। अनि उसले विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका उत्पन्न भएका सत्वहरूलाई देख्दछ (=जान्दछ) र आ-आफ्ना कर्मानुसार नीच उच्च, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देख्दछ—'यी सत्वहरू कायदुश्चरितले युक्त भई वाक्‌दुश्चरितले युक्त भई मनःदुश्चरितले युक्त भई आर्यहरूको निन्दा गर्ने भई मिथ्यादृष्टिक भई मिथ्यादृष्टि युक्त काम गर्ने भई मरणोप्रान्त अपायदुर्गति विनिपात तथा नरकमा उत्पन्न भए। यी सत्वहरू कायसुचरितले युक्त भई वाक्‌सुचरितले युक्त भई मनःसुचरितले युक्त भई आर्यहरूको निन्दा नगर्ने भई सम्यक्‌दृष्टिक भई सम्यक्‌दृष्टि युक्त काम गर्ने भई मरणोप्रान्त सुगति स्वर्गलोकमा उत्पन्न भए।' यसरी विशुद्ध अमानुषीय दिव्यचक्षुद्वारा च्युत भएका उत्पन्न भएका सत्वहरूलाई देख्दछ (=जान्दछ) र आ-आफ्ना कर्मानुसार नीच उच्च, सुवर्ण दुर्वर्ण, सुगति दुर्गतिमा उत्पन्न भएका सत्वहरूलाई देख्दछ। महाराज! जस्तै चौबाटोको बीचमा भएको घरमा आँखा देख्ने कुनै पुरुष उभिइरहँदा मानिसहरू घरभित्र पसेका पनि निस्केका पनि सडकको बाटोमा यताउता हिँडिरहेका पनि चौबाटोको बीचमा बसिरहेका पनि देख्दछ। अनि उसलाई यस्तो लाग्छ—'यी मानिसहरू घरभित्र पस्दछन् निस्कन्छन् सडकको बाटोमा यताउता हिँडिरहन्छन् चौबाटोको बीचमा बस्दछन्।'

महाराज ! त्यस्तै गरी भिक्षुले यसरी समाहित चित्त भएपछि... आ-आफ्ना कर्मानुसार नीच उच्च...सुगति दुर्गतिमा उत्पन्न भएका सत्त्वहरूलाई देखदछ । महाराज ! यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ ।

आस्रवक्षयज्ञान

"यसरी समाहित चित्त भएपछि परिशुद्ध स्वच्छ निर्मल र क्लेशरहित भएपछि मृदु तथा कर्मण्य भएपछि निश्चलतामा पुगेपछि उसले आस्रवहरूको[1] क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ । अनि उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःख समुदय हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःखनिरोध हो' भनी यथार्थतः बोध गर्छ । 'यो दुःखनिरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रवहरू हुन्' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रव-समुदय हो' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रव निरोध हो' भनी यथार्थतः बोध गर्छ । 'यो आस्रव निरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ । यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त

---

१. आस्रवहरू भनेका कति छन् भन्ने कुरा लेखकको बु. प. भा-१, पृ. ३२८ को पादटिप्पणीमा र बु. श्रा. भा-३, पृ. १२७ को पादटिप्पणीमा उल्लेख भएका छन् ।

कामास्रवबाट[1] र भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ[2]' भन्ने ज्ञान पनि हुन्छ। 'जाति (=जन्म) क्षीण भयो ब्रह्मचर्यवास पूरा भयो गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनुपर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ।

"महाराज ! जस्तै पहाडले घेरिएको स्वच्छ प्रसन्न तथा निर्मल जलाशय हुन्छ। वहाँ कुनै आँखा देख्ने पुरुष जलाशयको किनारमा बसी उसले पानीमा सिपी शंख कंकड काठ तथा माछाहरूको समूहलाई यताउता डुलिरहेका बसिरहेका देख्छ। अनि उसको मनमा यस्तो लाग्छ—'यो जलाशय स्वच्छ प्रसन्न तथा निर्मल छ। यहाँ सिपी शंख कंकड काठ र माछाहरूको समूह यताउता डुलिरहेका छन् बसिरहेका छन्।' महाराज ! त्यस्तै गरी समाहित चित्त भएपछि ..निश्चलतामा पुगेपछि भिक्षुले आस्रवहरूको क्षय हुने ज्ञानको निमित्त चित्त अघि बढाउँछ चित्त झुकाउँछ। अनि उसले 'यो दुःख हो' भनी यथार्थतः बोध गर्छ।...'यो आस्रवनिरोध हुने मार्ग हो' भनी यथार्थतः बोध गर्छ।

---

१. 'कामास्रव' आदि भनेका कस्ता हुन् भन्ने सम्बन्धमा लेखकको बु. प. भा–१, पृ. ३८५ को पादटिप्पणीमा र बु. गृ. भा–३, पृ. १२७ को पादटिप्पणीमा हेर्नू।

२. 'विमुक्त भएँ' भनिएको मतलब के हो र 'जातिक्षीण भयो' भनिएको कुराको स्पष्टिकरण लेखकको बु. ब्रा. भा–२, पृ. २८० को पादटिप्पणीमा उल्लेख भएको छ।

यसरी देखेपछि यसरी अवबोध भएपछि उसको चित्त कामास्रवबाट र भवास्रवबाट र अविद्यास्रवबाट पनि विमुक्त हुन्छ। विमुक्त भएपछि 'विमुक्त भएँ' भन्ने ज्ञान पनि हुन्छ। 'जति क्षीण भयो ब्रह्मचर्यवास पूरा भयो गर्नुपर्ने गरिसकें अब उप्रान्त यहाँ आउनु पर्ने हेतु छैन' भन्ने ज्ञान पनि हुन्छ। यो सान्दृष्टिक श्रामण्यफल अघिल्लो सान्दृष्टिक श्रामण्यफलभन्दा पनि सुन्दरतर र उत्तमतर छ। महाराज! यो सान्दृष्टिक श्रामण्यफलभन्दा उत्तरितर वा प्रणीततर सान्दृष्टिक श्रामण्यफल अर्को छैन।"

उपासकत्व ग्रहण

यस्तो भन्नुहुँदा मगध राजा वैदेहीपुत्र अजातशत्रुले भगवान्लाई यस्तो भने—"धन्यहो भन्ते! धन्यहो भन्ते!! जस्तै कुनै पुरुषले घोप्टेकोलाई उत्तानो पारिदिंदा वा ढाकेकोलाई उघारिदिंदा वा बाटो भुलेकोलाई बाटो देखाइदिंदा अथवा अन्धकारमा तेलको दियो राखिदिंदा आँखा हुनेले रूप देख्दछ त्यस्तै गरी भन्ते! भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो। भन्ते! अब म भगवान्को शरणमा पर्छु धर्म र भिक्षुसङ्घको पनि। आजदेखि भगवान्ले मलाई आजीवन शरणमा आएको उपासक हो भनी स्वीकार गर्नुहोस्। भन्ते! जो मैले आफ्नो मूर्खताको कारणले, मूढताको कारणले तथा अकुशलताको कारणले एक ठूलो अपराध गरें जो कि मैले ऐश्वर्यको कारणमा धार्मिक

धर्मराजा आफ्नो पिताको हत्या गरें। भन्ते ! सो मेरो अपराधलाई भगवान्ले क्षमा गर्नुहोस्। अबदेखि मैले त्यस्तो अपराध गर्ने छैन।"

"महाराज ! अवश्य पनि जो तपाईंले आफ्नो मूर्खताको कारणले, मूढताको कारणले तथा अकुशलताको कारणले एक ठूलो अपराध गर्नुभयो। जो कि तपाईंले ऐश्वर्यको कारणमा धार्मिक धर्मराजा आफ्नो पिताको हत्या गर्नुभयो। महाराज ! जब कि तपाईंले सो अपराधलाई 'अपराध हो' भनी जानेर धर्मानुकूल क्षमा याचना गर्नुहुन्छ त्यो तपाईंको अपराधलाई हामी क्षमा गर्छौं। महाराज ! आर्यको विनयमा यसलाई अभिवृद्धि नै भनिन्छ। जसले अपराधलाई 'अपराध हो' भनी जानेर धर्मानुकूल क्षमा याचना गर्छ र भविष्यमा त्यस्तो नगर्ने प्रतिज्ञा गर्छ।"

यस्तो भन्नुहुँदा मगध राजा वैदेहीपुत्र अजातशत्रुले भगवान्लाई यस्तो भने—"भन्ते ! हवस् त अब हामीहरू जानेछौं। हामीहरूको धेरै काम र धेरै गर्नुपर्ने छ।"

"महाराज ! जस्तो समय तपाईं ठान्नुहुन्छ त्यस्तो गर्नुहोस्।"

अनि मगध राजा वैदेहीपुत्र अजातशत्रु भगवान्को भाषणलाई अभिनन्दन र अनुमोदन गरी आसनबाट उठी भगवान्लाई अभिवादन र प्रदक्षिणा गरी फर्के।

अनि मगध राजा वैदेहीपुत्र अजातशत्रु गएको केही छिनमै भगवान्ले भिक्षुहरूलाई सम्बोधन गर्नुभयो—"भिक्षुहो ! यदि राजाले

धार्मिक धर्मराजा आफ्नो पिताको हत्या नगरेका भए यसै आसनमा बस्दा बस्दै उनमा विरज वीतमल धर्मचक्षु उत्पन्न हुने थियो।" भगवान्ले यति भन्नु भएपछि सन्तुष्ट भई भिक्षुहरूले भगवान्को भाषणलाई अभिनन्दन गरे।

× × ×

मूल सूत्र—

८–वृजीमाथि हमला गर्ने विचार

(वस्सकारसुत्त[१])

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो । त्यस समय वैदेहीपुत्र मगधराजा अजातशत्रुले वज्जीमाथि (=वृजीमाथि) हमला गर्न चाहेका थिए । अनि उनी यस्तो भन्थे—"यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु । वज्जीहरूको विनाश पार्नेछु । वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु ।"

अनि वैदेहीपुत्र मगधराजा अजातशत्रुले मगध महामात्य वस्सकार (=वर्षकार) ब्राह्मणलाई बोलाए—"ब्राह्मण ! यता आऊ । तिमी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऊ । त्यहाँ गएर मेरो वचनले

१. अं. नि–७, पृ. १६४: वज्जिसत्तकवग्गो, अ. क. II. पृ. ७०५ यस सूत्रका कुराहरू दी. नि. II. पृ. ५८: महापरिनिब्बानसुत्तमा पनि उल्लेख भएको पाइन्छ; अ. क. II. पृ. २१५.

भगवान्‌को चरणकमलमा शीरले वन्दना गर। अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध— भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रु भगवान्‌को चरणकमलमा शीरले वन्दना गर्छन्। अल्पाबाध अल्पातङ्क लहुट्ठान बल तथा कुशल विहारको बारेमा पनि सोध्दछन्। यस्तो पनि भन— 'भन्ते ! वैदेहीपुत्र मगधराजा अजातशत्रुले वज्जीमाथि हमला गर्न चाहन्छन्। उनी यस्तो भन्दछन्—त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरूलाई म उच्छिन्न पार्नेछु। वज्जीहरूको विनाश पार्नेछु। वज्जीहरूलाई व्यसनमा पुऱ्याइदिनेछु।' तिमीलाई भगवान्‌ले जस्तो भन्नुहुनेछ त्यो राम्ररी अध्ययन गरी मलाई भन्न आऊ। तथागतले असत्य बताउनु हुन्न।"

"हवस् भो !" भनी वैदेहीपुत्र मगधराजा अजातशत्रुलाई प्रत्युत्तर दिई मगधमहामात्य वस्सकार ब्राह्मण जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌सँग सम्मोदन गरे। सम्मोदनीय कुशलवार्ता गरिसकेपछि एक छेउमा बसे। एक छेउमा बसेका मगध-महामात्य वस्सकार ब्राह्मणले भगवान्‌लाई यस्तो भने—...

(यो सूत्र लेखकको बु. श्रा. भा–३ मा पनि अनुदित भएको छ। त्यसैले यहाँदेखि अगाडिका कुराहरू उक्त पुस्तकको पृ. २३८ मा हेर्नू।)

× × ×

मूल सूत्र—

९–शरीरधातु माग्न पठाए
(शरीरधातु विभाजनं[1])

मगधराजा वैदेहीपुत्र अजातशत्रुले सुने[2]—"भगवान् कुशीनगरमा परिनिर्वाण हुनुभयो।" अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरका मल्लहरूकहाँ दूत पठाए—"भगवान् पनि क्षत्री हुनुहुन्छ म पनि क्षत्री हुँ। भगवान्‌को शरीरधातुको निमित्त म पनि योग्य छु। मैले पनि भगवान्‌को शरीरधातुको स्तूप (=चैत्य) बनाउनेछु र महोत्सव पनि गर्नेछु।"

× × ×

---

१. दी. नि. पा. II. पृ. १२६: महापरिनिब्बानसुत्त, अ. क. II. पृ. ३२०: महापरिनिब्बानसुत्तवण्णना।

२. कसरी यो समाचार सुने भने? पहिले राजाका अमात्यहरूले सुने—"भगवान् परिनिर्वाण हुनुभयो। फेरि ल्याउन सक्ने छैन।" अनि उनीहरूले सोचे "पृथक्‌जनिक श्रद्धामा हाम्रा राजा जस्ता

श्रद्धा हुने अरू कोही छैनन् । यदि वहाँले अहिले तुरन्तै यो खबर सुनेमा वहाँको हृदय फुट्न सक्छ । अतः हामीले राजाको आरक्षा गर्नुपर्छ ।" यती सोची उनीहरूले सुवर्ण द्रोणीमा चतुमधुरसयुक्त पानी राखी राजाकहाँ गई "देव ! हामीले स्वप्न देख्यौं । त्यसको कुफल हटाउनको निमित्त तपाईं गर्धनसम्मको पानीमा डुबी स्नान गर्नुपर्छ" भनी भने । अर्थचारी अमात्यहरूको कुरा सुनी राजाले "हुन्छ" भनी भने ।

अनि एक अमात्यले अलंकारहरू फुकाली केश फिजाई जुन दिशातिर शास्ता परिनिर्वाण हुनु भएको हो सो दिशातिर हेरी दुइ हात जोरी राजालाई बिन्ति गरे—

"देव ! मरणबाट बच्नसक्ने कुनै छैनन् । हामीहरूको अभिवृद्धि हुने पूज्य स्थानमा वहाँ भगवान् शास्ता कुशीनगरमा परिनिर्वाण हुनुभयो ।"

यति सुन्नेबित्तिकै राजा वेहोश भई चतुमधुर द्रोणीमा लडे । अनि राजालाई उचाली अर्को द्रोणीमा लेटाए । होश आएपछि उनले "तात ! के भनेका ह्वौ ?" भनी सोधे ।

"महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।"

फेरि पनि राजा बेहोश भई चतुमधुर द्रोणीमा लडे । अनि उनलाई त्यहाँबाट उचाली तेश्रो द्रोणीमा लेटाए । होस आएपछि फेरि राजाले "तात ! के भनेका ह्वौ ?" भनी सोधे । "महाराज ! शास्ता परिनिर्वाण हुनुभयो ।" राजा फेरि पनि

बेहोस भए। अनि उनलाई उचाली नुहाई टाउकोमा घडाको पानी राखिदिए।

होस आएपछि आसनबाट उठी सुगन्धित पारिएको केश फिजाई हातले छाती ठोक्दै छातीमा हात राखी राजा रुनथाले। यत्तिकैमा बहुला जस्तो भई बाटो लागे। अनि अलङ्कृत नर्तकी स्त्रीहरूद्वारा परिवृत्त भई नगरबाट निस्की जीवकको आम्रवनमा गई जहाँ बसी भगवान्ले धर्मदेशना गर्नुभएको थियो त्यहाँ गई "सर्वज्ञ भगवान्! यस ठाउँमा बस्नुभई तपाईंले धर्मदेशना गर्नुभएको होइन? मेरो शोकशल्यलाई दूर गर्नुभएको होइन? तपाईंले मेरो शोकशल्यलाई झिकिदिनु भयो। अनि म तपाईंको शरणमा गएँ। अहिले चाहिं भगवान् कुनै उत्तर दिनुहुन्न।" यसरी बार बार रोई "अरू दिनमा भए यस्तो अवस्थामा भिक्षुसङ्घ सहित भगवान् जम्बुद्वीपमा चारिकार्य जानुभयो" भन्ने सुन्दछु। अहिले चाहिं कुनै अनुरूप खबर सुनिदैन। यस्तो भन्दै साठीवटा जति गाथाहरूद्वारा भगवान्को गुण संस्मरण गरी "अब रुवाइबाट केही सिद्ध हुने छैन। बरु दशबलको धातुहरू ल्याउन लगाउनपर्‍यो" भनी सोचे। यसप्रकार भगवान् परिनिर्वाण भएको खबर सुनी पछि धातु ल्याउनको निमित्त दूतहरू पठाए। त्यसैले सूत्रमा "अनि मगधराजा वैदेहीपुत्र अजातशत्रुले कुशीनगरका मल्लहरूकहाँ दूत पठाए" भनी भनिएको हो। दी. नि. अ. क. II. पृ. ३२०–३२: महापरिनिब्बानसुत्तवण्णना।

मूल सूत्र—

१०–स्तूप बनाए
(धातुथूपपूजा[१])

"अथ खो राजा मागधो अजातसत्तु वेदेहीपुत्तो राजगहे भगवतो सरीरानं थूपं च महं च अकासि ।"

अर्थ—

"अनि मगध राजा वेदेहीपुत्र अजातशत्रुले राजगृहमा भगवान्‌का शरीर धातुहरू राखी स्तूप पनि बनाएर महोत्सव पनि गरे ।"

× × ×

१. दी. नि. II. पृ. १२८: महापरिनिब्बानसुत्त', अ. क. II. पृ. ३२५.

मूल पालि—

११–धर्मसङ्गायना
(धम्मसङ्गायनं[१])

अनि आयुष्मान् महाकाश्यपले सङ्घलाई ज्ञापन गर्नुभयो—

"आवुसो सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई स्वीकृत छ भने (पत्तकल्लं) म आयुष्मान् आनन्दसँग धर्मसम्बन्धी कुरा सोध्नेछु ।"

आयुष्मान् आनन्दले पनि सङ्घलाई ज्ञापन गर्नुभयो—

"भन्ते सङ्घ ! मेरो कुरा सुन्नुहोस् । यदि सङ्घलाई स्वीकृति छ भने (पत्तकल्लं) आयुष्मान् महाकाश्यपले सोधिने धर्मसम्बन्धी कुरा बताउने छु ।"

अनि आयुष्मान् महाकाश्यपले आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—

आवुसो आनन्द ! ब्रह्मजाल (सूत्र) कहाँ देशना गर्नुभएको हो ?"

---

१. चुल्ल. व. पा. पृ. ४०९: पञ्चसतिकक्खन्धकं ।

"भन्ते ! राजगृह र नालन्दाको बीच अम्बलट्ठिक (उद्यान) को राजागारमा हो ।"

"कसको कारणमा ?"

"सुप्रिय परिव्राजक र ब्रह्मदत्त माणवको कारणमा हो ।"

त्यसपछि आयुष्मान् महाकाश्यपले आयुष्मान् आनन्दसँग ब्रह्मजाल (सूत्र) को निदान पनि व्यक्ति पनि सोध्नुभयो ।

"आवुसो आनन्द ! सामञ्ञफल (सूत्र) कहाँ देशना गर्नुभएको हो ?"

"भन्ते ! राजगृहस्थि जीवकको आम्रवनमा ।"

"कसलाई बताउनु भएको हो ?"

"वैदेहीपुत्र अजातशत्रुलाई ।"

अनि आयुष्मान् महाकाश्यपले आयुष्मान् आनन्दसँग सामञ्ञफल (सूत्र) को निदान पनि व्यक्ति पनि सोध्नुभयो । यस्तै किसिमले पाँचै निकायको सम्बन्धमा सोध्नुभयो । आयुष्मान् आनन्दले पनि सोधे सोधेका कुरा बताउनु भयो ।

× × ×

मूल सूत्र—

१२–मार्ग उत्पादन गर्ने बुद्ध
(गोपकमोग्गल्लानसुत्तं[१])

यस्तो मैले सुनें—

एक समय आयुष्मान् आनन्द—भगवान् परिनिर्वाण भएको चिरकाल नबित्दै[२]—राजगृहस्थित वेणुवनको कलन्दकनिवापमा बस्नुभएको थियो। त्यस समय मगधराजा वैदेहीपुत्र अजातशत्रु राजा प्रद्योत प्रति आशंका गरी[३] राजगृह प्रतिसंस्करण गरिरहेका थिए। अनि आयुष्मान् आनन्द पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी राजगृहमा भिक्षाटनार्थ जानुभयो। अनि त्यसबेला आयुष्मान् आनन्दलाई यस्तो लाग्यो—"राजगृहमा भिक्षाटनार्थ जानको निमित्त अझै समय छ। अतः किन म (त्यतिन्जेलसम्म)

१. म. नि. III. पृ. ६८; अ. क. IV. ४९.

२. भगवान् बुद्ध परिनिर्वाण भएर धातुसंविभाजन पनि गरिसकेपछि

धर्मसङ्गायना गर्नको निमित्त राजगृहमा आइरहनुभएको वेलामा पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णना।

३. चण्डप्रद्योत राजा बिम्बिसार राजाका साथी थिए। बिम्बिसार राजाले जीवक वैदचलाई पठाई औषधी गराइदिएदेखि चण्डप्रदचोत राजा बिम्बिसार राजाका अति विश्वासी भएका थिए। जब 'देवदत्तको कुमन्त्रण सुनी अजातशत्रुले आफ्ना पिता बिम्बिसार राजालाई हत्या गरे' भन्ने कुरा सुने तब एकदिन प्रदचोत राजाले एक राजपरिषद्मा 'यी अजातशत्रुले मेरा प्रिय साथी बिम्बिसार राजालाई हत्या गरी राज्य चलाउँछु भन्ने ठान्दछन्। किन्तु उनलाई मेरा साथीका साथी म रहेको कुरा जनाउनेछु' भनी भनेका थिए। यो कुरा सुनेर अजातशत्रुको मनमा प्रदचोत राजामाथि आशंका उठेको थियो। त्यसैले सूत्रमा 'प्रदचोत प्रति आशंका गरी राजगृह प्रतिसंस्करण गरिरहेका थिए' भनी उल्लेख भएको हो भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्तवण्णनाले उल्लेख गरेको हो।

(चण्ड प्रदचोत राजाको सम्बन्धमा केही कुराहरु लेखकको बु. गृ. भा–१, पृ. ३६७ र बु. रा. भा–१, पृ. ९, ४२, ४२२ तथा ४२३ मा हेर्नू।)

गोपक मोग्गल्लान (गोपक मौद्गल्यायन) ब्राह्मणको कर्मान्तमा[1] (=काम गरिरहेको ठाउँमा), जहाँ गोपक मोग्गल्लान छन् त्यहाँ नजाऊँ[2]।"

अनि आयुष्मान् आनन्द जहाँ गोपक मोग्गल्लान ब्राह्मणको कर्मान्त हो जहाँ गोपक मोग्गल्लान ब्राह्मण थिए त्यहाँ जानुभयो। अनि गोपक मोग्गल्लान ब्राह्मणले आयुष्मान् आनन्दलाई टाढैदेखि आइरहनुभएको देखे। देखेपछि आयुष्मान् आनन्दसँग यस्तो भने—

"आउनुहोस् तपाईं आनन्द! तपाईं आनन्दको स्वागत छ। धेरै समयपछि तपाईं आनन्दले यहाँ आउने काम गर्नुभयो। बस्नुहोस् तपाईं आनन्द, यहाँ आसन बिच्छ्याइराखेको छ।"

आयुष्मान् आनन्द पनि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। गोपक मोग्गल्लान ब्राह्मण पनि एक होचो आसनलिई एक छेउमा

---

१. नगर प्रतिसंस्करण गराउनको लागि नगर बाहिर काम गराइ-रहेको ठाउँमा। पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्त-वण्णना।

२. हामीहरू धर्मसङ्गायना गर्नको निमित्त राजगृहमा आएका छौं। यी ब्राह्मण महाप्रभावशाली तथा अजातशत्रु राजाका वल्लभ (=प्यारा) हुन्। यिनको संग्रह गरेमा वेणुवनको आरक्षा राम्ररी हुनसक्छ भन्ने लागेर आयुष्मान् आनन्द उनकहाँ जानुभएको हो भनी पपं. सू. IV. पृ. ४९: गोपकमोग्गल्लानसुत्त-वण्णनाले उल्लेख गरेको छ।

बसे। एक छेउमा बसेका गोपक मोग्गल्लान ब्राह्मणले आयुष्मान् आनन्दसँग यस्तो भने—

"भो आनन्द! जुन धर्महरूले युक्त भई वहाँ आदरणीय गौतम अरहन्त सम्यक्सम्बुद्ध हुनु भएको थियो ती सबैका सबै (सब्बेनसब्बं) धर्महरूका आकारहरूले, सबैका सबै अङ्गहरूले (सब्बत्थासब्बं) युक्त हुने कुनै एक भिक्षु (तपाईंहरूमा) छ के?"

"ब्राह्मण! छैन। ती सबैका सबै धर्महरूका आकारहरूले, सबैका सबै अङ्गहरूले युक्त हुने कुनै एक भिक्षु (हामीहरूमा) छैन जुन धर्महरूले युक्त भएर वहाँ भगवान् अरहन्त सम्यक्सम्बुद्ध हुनु भएको थियो। ब्राह्मण! वहाँ भगवान् अनुत्पाद मार्गको उत्पादक हुनुहुन्छ। अज्ञात बाटोलाई ज्ञात गराइदिने हुनुहुन्छ। नबताइएको बाटोलाई बताइदिने हुनुहुन्छ। वहाँ भगवान् मार्गज्ञ, मार्गविद् तथा मार्गकोविद हुनुहुन्छ। पछि सम्मिलित भएका (हामी) श्रावकहरू (=शिष्यहरू) सोही मार्गमा अनुगमन गर्ने भई अहिले (हामीहरू) विहार गर्छौं।"

(यस सूत्रको अनुवाद लेखकको बु. ब्रा. भा-२, पृ. १८१ मा भइसकेको हुँदा सम्पूर्ण सूत्रको कुरा यहाँ उल्लेख गरेको छैन। यसभन्दा अगाडिका कुराहरू उक्त पुस्तकको पृ. १८४ "वर्षकार ब्राह्मण आनन्द-सँग" भन्ने शीर्षकदेखि पढ्नू।)

२. अभय राजकुमार

प रि च य

अभय राजकुमारका आमा बाबुहरू

बुद्धको पालामा अङ्ग-मगध भन्ने दुइ राज्यमा राज्य गर्ने मगधदेशका पराक्रमी बिम्बिसार भन्ने राजा थिए।

एकदिन यिनले उज्जैनवासी एउटी अति सुन्दरी पद्मावती भन्ने गणिकाको लावण्यता बारे बयान सुने। यो सुनेर बिम्बिसारको उनकहाँ जाने प्रबल इच्छा भएपछि उनले यो कुरा आफ्ना पुरोहितलाई बताए। पुरोहितले "हुन्छ" भनी आफ्नो मन्त्रबलको प्रभावद्वारा कुम्भीर भन्ने यक्षको आह्वान गरी उसको सहायताद्वारा राजालाई तुरन्त उनकहाँ लगे। राजा उनीसँग एक रात मात्र बसे। यसबाट पद्मावती गणिका गर्भवती भइन्। अनि यिनले आफू गर्भवती भएको सूचना राजालाई दिइन्। यो सुनेर राजाले "यदि पुत्र भएमा ठूलो गराई मकहाँ पठाउनू" भनी आफ्नो एउटा औंठी उनलाई दिए। दश महीनापछि उनले पुत्र जन्माइन्। नाउँ राख्ने दिनमा आफ्नो छोरालाई "अभय" भन्ने नाम

राखिन्। बालक सात वर्ष भएपछि "तिम्रा बाबु बिम्बिसार राजा हुन्" भनी छोरालाई राजाकहाँ पठाइन्। बालकलाई देखेर राजाको मनमा पुत्र स्नेह उत्पन्न भई उनलाई राजकीय ढंगले पालन पोषण गरे। राजकीय ढंगले पालन पोषण भएको हुनाले उनलाई "अभय राजकुमार" भनियो[1]।

अभय राजकुमार बिम्बिसार राजाका छोरा हुन् भन्ने कुरा मूलपालि[2] र अट्ठकथाहरूद्वारा[3] पुष्टि हुन्छ।

अभय राजकुमारको छोरा

क्रमशः अभय राजकुमार ठूलो भए। त्यसबखत राजगृहमा शालवती भन्ने गणिका थिइन्। उनी सुन्दरी तथा दर्शनीया थिइन्। उनी नृत्यगीत र बाजाहरू बजाउनेमा पनि पटु थिइन्। उनकहाँ जानेसँग उनी एक रातको एक शय लिन्थिन्[4]।

---

१. थेरी. गा. अ. क. पृ. ३१: अभयमातुथेरगाथाअट्ठकथा।

२. अप. दा. पा. II. पृ. १५५: अभयत्थेर अपदानं; महा. व. पा. पृ. २९०: बिम्बिसारराजवत्थु, चीवरक्खन्धकं।

३. म. नि. अ. क. III. पृ. ७४: अभयराजकुमारसुत्तवण्णना; थेर. गा. अ. क. I. पृ. ८३: अभयत्थेरगाथट्ठकथा; अप. दा. अ. क. II. पृ. ४५३: अभयत्थेरस्स अपदानट्ठकथा।

४. महा. व. पा. पृ. २८६-८७: जीवकवत्थु, चीवरक्खन्धकं। यस कुराको अनुवाद अगाडि "जीवक कथा" शीर्षकमा भएको छ।

यी अभय राजकुमार उनकहाँ गएको कुरा शालवतीले छोरा पाएको कुराबाट प्रष्ट हुन्छ। नभन्दै अभय राजकुमारको संसर्गको कारणले शालवती गणिका केही दिनमै गर्भिणी भइन्। अनि उनले यस्तो सोच्न थालिन्—"गर्भिणी स्त्रीहरूलाई पुरुषहरू मनपराउँदैनन्। यदि म गर्भिणी भएको कुरा अरूले थाहापाएको खण्डमा मेरो लाभ-सत्कार कम हुनेछ।" यति सोचेर उनले आफ्नो पालेलाई "कुनै मानिसलाई आउन नदिनू। कसैले सोधेमा बिरामी छे भनी भन्नू" भनी भनिन्[1]।

भनिन्छ कि गणिकाहरू छोरी जन्मेमा मात्र पालन-पोषण गर्छन् र छोरा जन्मेमा फ्याक्न लगाउँछन् रे। यही कुरालाई पुष्टि गर्दै शालवती गणिकाले आफ्नो छोरा दूधे बालकलाई नाङ्लोमा राखी कसिंगर फ्याक्ने ठाउँमा फाल्न लगाएको कुरा महावग्गपालि पृ. २८७ चीवरक्खन्धकको जीवकवत्थुमा उल्लेख भएको छ।

जुन दिन शालवती गणिकाले आफ्नो दूधे-बालकलाई नाङ्लोमा हाली फाल्न लगाएकी थिइन् ठीक उसै दिनमा दिनहुँ राजाकहाँ चाकरीमा जाने अभय राजकुमारले बाटोको छेउमा कौवाहरूको बथान देखेर "के रहेछ ?" भनी मानिसहरूसँग सोध्दा "एउटा दूधे-बालक" भन्ने सुनी "जीवित छ के ?" भनी सोध्दा "जीवित नै छ" भन्ने सुनेपछि अभय राजकुमारले बालकलाई आफ्नो अन्तःपुरमा

---

१. महा. व. पा. पृ. २८७: जीवकवत्थु, चीवरक्खन्धकं।

लगी पालन-पोषण गर्ने आज्ञा दिए[1]।

यस बालकको पालन-पोषण अभय राजकुमारको अन्त:पुरमा राजकीय ढंगले भयो। अत: "जीवित छन्" भन्ने अर्थले "जीवक" र राजकुमारको ढंगले पालन-पोषण भएको हुनाले यिनलाई "कुमारभृत्य" पनि भने। त्यसैले पालिसाहित्यमा यिनलाई "जीवक कुमारभच्च"[2] भनिएको हो।

जीवक अभय राजकुमारका छोरा हुन् भन्ने बारेमा मूलपालिमा[2] यसरी उल्लेख भएको पाइन्छ। जीवक ठूलो भएपछि राजदरबारका मानिसहरूले उनलाई "आमा बाबु नभएको केटो" भनी भन्दथे। यो सुनेर उनको मनमा सारै दु:ख लाग्दथ्यो। एकदिन उनले अभय राजकुमारसँग सोझै यस्तो प्रश्न सोधे—

"हे देव ! मेरा आमा र पिता को हुन् ?"

यसको उत्तरमा अभय राजकुमारले भनेका कुरा महावग्गपालि चीवरक्खन्धक पृ. २८७ मा यस्तो उल्लेख भएको छ।

"मलाई पनि तिम्री आमा को हुन् भन्ने कुरा थाहाछैन। परन्तु म तिम्रो पिता हुँ। तिम्रो पालन-पोषण मैले गरेको छु।"

अङ्गुत्तर अट्ठकथा एककनिपातवण्णना पृ. २१६: जीवक कथाले यस्तो उल्लेख गरेको छ—

---

१. महा. व. पा. पृ. २८७: जीवकवत्थु, चीवरक्खन्धकं।

२. महा. व. पा. पृ. २८७.

"राजगृह नगरमा अभय राजकुमारको कारणले शालवती गणिकाको कोखबाट जीवक जन्मेका हुन् ।"

जीवकले पनि आफूलाई बिम्बिसार राजाको नाती र अभय राजकुमारको पुत्र हुँ भनी समन्तपासादिका III. पृ. ११८२ जीवकवत्थु, चीवरक्खन्धकमा उल्लेख गरेको छ ।

धार्मिक विश्वास

बुद्धकालमा जति धार्मिक स्वतन्त्रता थियो शायद त्यति स्वतन्त्रता आजकल नहुन सक्छ । त्यसवखत बाबुले मानेको धर्मलाई छोराले मान्नुपर्छ भन्ने कर नभएको कुरा यी अभय राजकुमारले नै प्रमाणित गरी देखाएका छन् । अभय राजकुमारका पिता बिम्बिसार राजा बुद्धका अनन्य भक्त भए पनि यी अभय राजकुमार निगण्ठ-नाटपुत्रका भक्त थिए भन्ने कुरा अगाडि अनुदित "निगण्ठ शिष्य" शीर्षकमा उल्लिखित मज्झिमनिकायको अभय राजकुमार सूत्रबाट प्रष्ट हुन्छ । यस्तै कुरा थेरगाथा अट्ठकथाले[1] पनि उल्लेख गरेको पाइन्छ ।

निगण्ठका शिष्य भएको हुनाले नै एकदिन निगण्ठ-नाटपुत्रकहाँ जाँदा उनले राजकुमारलाई बोधारे प्रश्न सिकाई बुद्धकहाँ वाद गर्नको निमित्त पठाएका कुरा अगाडि अनुदित मूल सूत्रबाट प्रष्ट भएको छ ।

जब अभय राजकुमार निगण्ठको कुरा सुनी बुद्धकहाँ गए तब पहिलो प्रश्नको उत्तरमा नै राजकुमारले निगण्ठ पराजित भएको कुरा

---

१. I. पृ. ८३: अभयत्थेरगाथा अट्ठकथा ।

महसूस गरी पछि उनी उहीं बुद्धको शरणमा परि उपासकत्व ग्रहण गरेको कुरा पनि सूत्रबाटै प्रष्ट भएको छ । त्यहाँदेखि उनी बुद्धको परम भक्त भएको कुरा निम्न घटनाको आधारमा प्रष्ट हुन्छ ।

एक समय प्रत्यन्तमा शान्त गरी आएका अभय राजकुमार-माथि अति खुशी भई बिम्बिसार राजाले उनलाई नृत्यगीतमा सिपालु एउटी नर्तकी स्त्री समेत दिई सात दिनसम्म राज्य गर्न दिएका थिए । अनि सात दिनसम्म बाहिर ननिस्की राज्यश्रीको सुखानुभव गरी आठौं दिनमा राजकुमार नदीमा गई नुहाइधुवाइ गरी उद्यानमा गई प्रसेनजित् राजाका सन्तति महामात्यले[1] झैं सो स्त्रीको नाचगान सुन्दै बसिरहे । अनि सो स्त्री उतनाघरीमै सन्तति महामात्यकी स्त्री झैं पेट दुखी मृत्यु भइन् । अनि राजकुमारलाई यसबाट सार्है मनमा शोक भएपछि "भगवान्ले बाहेक यो मेरो मनको शोकलाई अरू कसैले दूर गराउन सक्नेछैन" भनी बुद्धकहाँ गए । भगवान्ले पनि "राजकुमार ! यी स्त्रीको कारणमा शोक गरी जति आँसु तिमीले यो अनादि संसारमा बघाइसक्यौ त्यो नदीको पानीभन्दा पनि बढी होला" भनी सम्झाउनु भई अगाडि भगवान्ले धम्मपदमा "एथ पस्सथीमं लोकं[2]" भन्ने गाथा सुनाउनु भई राजकुमारको मनलाई शान्त पारिदिनुभयो[3] ।

---

१. यी सन्तति महामात्यको कुरा यहाँ धम्म. प. अ. क. पृ. ४७४: दण्डवर्गमा उल्लेख भएको छ ।

२. धम्म. प. पा. पृ. ३३ गा. नं. १७१ लोकवर्ग ।

३. धम्म. प. अ. क. पृ. ५२९: अभयराजकुमारस्सवत्थु, लोकवर्ग ।

एकदिन बिम्बिसार राजाले अभय राजकुमारलाई "हे अभय ! मलाई त्यस्तो रोग भएको छ जसले गर्दा मेरो कपडा पनि रगतै रगतले भिज्छ । अतः मेरो लागि तिमीले त्यस्तो वैद्य खोज जसले मलाई औषधी गर्न सक्नेछ" भनी भने । यो सुनेर अभय राजकुमारले "देव ! यी हाम्रा जीवक वैद्य तन्नेरी तथा सिपालु छन् । उनले तपाईंलाई औषधी गर्नेछन्" भनी भने । यति भनी अभय राजकुमारले जीवकलाई पठाइदिए[1] ।

× × ×

जब अजातशत्रुले देवदत्तको कुमन्त्रण सुनी बिम्बिसार राजालाई निर्मम हत्या गरे तब यसबाट अभय राजकुमारलाई सारै विरक्त लागेको कुरा थेरगाथा अट्ठकथा पृ. ८३ ले उल्लेख गरेको छ । यसरी विरक्तिएपछि उनी बुद्धशासनमा गई प्रव्रजित भई 'तालच्छिग्गलूपम'[2] सूत्रको उपदेश सुनी स्रोतापन्न भई पछि विपश्यना बढाई अरहत् भएका थिए[3] ।

---

१. महा. व. पा. पृ. २९०: बिम्बिसार राजवत्थु, चीवरक्खन्धकं । यस सम्बन्धी विस्तृत कुरा लेखकको बु. रा. भा–१, पृ. ४५ र बु. गृ. भा–१, पृ. ३७१ मा उल्लेख भएका छन् ।

२. यहाँ उल्लेख भएको 'तालच्छिग्गलूपम' सूत्रलाई सं. नि. IV-पृ. ३८७ मा 'वालसुत्तं' भनी समुल्लेख भएको छ ।

३. थेर. गा. अ. क. पृ. ८३: अभयत्थेरगाथा अट्ठकथा ।

अरहन्त भएपछि उनले थेरगाथापालिमा यस्तो उल्लेख गरेका छन्—

"सुत्वा सुभासितं वाचं, बुद्धस्सादिच्चबन्धुनो।
पच्चब्यधिं हि निपुणं, वालग्गं उसुना यथा'ति[१] ॥"

अर्थ—

"आदित्यबन्धु बुद्धको सुभाषित वचन सुनेर जस्तै घोडाको पुच्छरको रौंलाई सात पयाक पारी चिरेको रौंलाई दक्ष बाँण हान्नेले नबिराइकन हान्छ त्यस्तै गरी मैले वहाँको सूक्ष्म तथा निपुण धर्मलाई अवबोध गरें।"

आफ्नो जीवनको कथा बताउँदै उनले अपदानपालिमा यस्तो उल्लेख गरेका छन्—

"पच्छिमे च भवे दानि, गिरिब्बजपुरुत्तमे।
रञ्ञोहं बिम्बिसारस्स, पुत्तो नामेन चाभयो ॥

"पापमित्तवसं गन्त्वा, निगण्ठेन विमोहितो।
पेसितो नाटपुत्तेन, बुद्धसेट्ठमुपेच्चहं ॥

"पुच्छित्वा निपुणं पञ्हं, सुत्वा ब्याकरणुत्तमं।
पब्बजित्वान नचिरं, अरहत्तमपापुणिं[२] ॥"

---

१. थेर. गा. पा. पृ. २४०: अभयत्थेरगाथा।

२. अप. दा. पा. पृ. १५५: अभयत्थेर अपदानं।

अर्थ—

"यो अन्तिम जन्ममा उत्तम गिरिव्रज भन्ने राजगृहका बिम्बिसार राजाको म अभय भन्ने पुत्र भएको थिएँ ।

"निगण्ठले मोहितपारी म पापमित्रको बशमा गएँ । अनि निगण्ठले पठाएकोले म श्रेष्ठ हुनुभएका बुद्धकहाँ गएँ ।

"सोधिएको प्रश्नको उत्तर सुनिसकेपछि म प्रव्रजित भएँ र केही समयमै मैले अरुहत्व पनि प्राप्त गरें ।"

⊠ ⊠ ⊠

मूल पालि—

१–जीवक कथा

(जीवकवत्थु[1])

त्यसबखत बुद्ध भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बस्नु भएको थियो ।

त्यस समयमा वैशाली नगर समृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष थियो । ७७०७ प्रासादहरू ७७०७ कूटागारहरू (पगोडा ढाँचाका घरहरू) ७७०७ आराम (बगैंचा) हरू र ७७०७ पोखरीहरू थिए । आम्रपाली गणिका अभिरूपा दर्शनीया प्रासादिका तथा परमरूपवती थिइन् । उनी नाचगान र बाजा बजाउनमा सिपालु थिइन् । रातको पचास कार्षापण (त्यस बखतका रुपैयाँ) लिई आफूलाई चाहिने मानिससँग जाने गर्थिन् । यसले गर्दा वैशाली नगर प्रसन्न तथा चहकिलो देखिन्थ्यो ।

राजगृह निगमवासीहरू केही कामले वैशाली नगरमा गए । राजगृह निगमवासीहरूले वैशाली नगर सुसमृद्ध, उन्नत, बहुजनाकीर्ण तथा

१. महा. व. पा. पृ. २८६: चीवरखन्धकं, अ. क. III. पृ. १०८१.

सुभिक्ष भएको देखे। ७७०७ प्रासादहरू...र ७७०७ पोखरीहरू पनि देखे। अभिरूपा दर्शनीया प्रासादिका तथा परमरूपवती आम्रपाली गणिकालाई पनि देखे। उनी नाचगान तथा बाजा बजाउनमा निपुण रहिछन् भन्ने कुरा पनि थाहापाए। एक रातको पचास कार्षापण लिई आफूले चाहेको मानिससँग जाने कुरा पनि थाहापाए। यसले वैशाली नगर प्रसन्न तथा चहकिलो रहेको पनि बुझे।

वैशालीमा आएको काम सिध्याई राजगृह निगमवासीहरू पुनः राजगृहमै फर्केर गए। उनीहरू जहाँ मगधराजा सेनीय बिम्बिसार थिए त्यहाँ गई मगधराजा सेनीय बिम्बिसारलाई यस्तो बिन्ति गरे—

"हे देव! वैशाली नगर सुसमृद्ध, उन्नत, बहुजनाकीर्ण तथा सुभिक्ष छ। त्यहाँ ७७०७ प्रासादहरू...र ७७०७ पोखरीहरू पनि छन्। अभिरूपा दर्शनीया प्रासादिका तथा परमरूपवती आम्रपाली गणिका पनि छन्। उनी नाचगान तथा बाजा बजाउनमा सिपालु छिन्। एक रातको पचास कार्षापण लिई उनलाई चाहने मानिससँग जान्छिन्। यसले वैशाली नगर प्रसन्न तथा चहकिलो छ। हे देव! हामीले पनि गणिकाहरू खडा गरौं।"

"हे भणे! त्यसोभए त्यस्ता कुमारी खोज जसलाई तिमीहरूले गणिका बनाउन सक्नेछौ।"

त्यसबखत राजगृह नगरमा अभिरूपा दर्शनीया प्रासादिका तथा अत्यन्त रूपवती शालवती नामक कुमारी थिइन्। अनि राजगृह निगमवासीहरूले शालवती कुमारीलाई गणिकाको रूपमा खडा गरे। केही समयमै शालवती गणिका नाचगान तथा बाजा

बजाउनमा चतुर भइन् । उनलाई चाहने मानिसहरूसँग रातको एकशय कार्षापण लिई जानथालिन् । तर केही दिनपछि नै शालवती गणिका गर्भिणी भइन् । अनि उनले विचार गरिन्—"गर्भिणी स्त्रीलाई पुरुषहरू मनपराउँदैनन् । यदि मलाई कसैले शालवती गणिका गर्भिणी छे भन्ने थाहापाएको खण्डमा मेरो सबै मानसत्कार हराएर जानेछ । अतः किन म रोगी भएकीछु भनी नजनाऊँ ।" यति सोची द्वारपाललाई आज्ञा दिइन्—

"हे भणे ! द्वारपाल ! यदि कसैले मलाई सोध्यो भने म बिरामी छे भनी भनिदेऊ ।"

"आर्या ! हवस्" भनी त्यो द्वारपालले शालवती गणिकाको कुरा मान्यो ।

शालवती गणिकाको गर्भ पूर्ण भएपछि उनले छोरा जन्माइन् । शालवती गणिकाले दासीलाई आज्ञा दिइन्—

"हन्दजे ! यो दूधे बालकलाई पुरानो नाङलोमा राखी बाहिर लगी कसिगर फ्याक्ने ठाउँमा फ्याकिदेऊ ।"

"आर्या ! हवस्" भनी सो दासीले शालवती गणिकाको कुरा सुनी त्यो बालकलाई पुरानो नाङलोमा राखी बाहिर लगी कसिगर फ्याक्ने ठाउँमा फ्याकिदिई ।

त्यसबखतमा अभय राजकुमार समयमै राजाको चाकरीमा जाँदै थिए र उनले सो बालकलाई कौवाहरूले घेरीराखेको देखेर मानिसहरूसँग सोधे—

"हे भणे ! कौवाहरूले घेरीराखेको यो के हो ?"

"हे देव ! दूधे बालक हो ।"

"हे भणे ! जिउँदै छ ?"

"हे देव ! जिउँदै छ ।"

"हे भणे ! यो बालकको पोषण गर्नको लागि हाम्रो अन्तःपुरमा लगी धाइहरूलाई देऊ !"

"हवस् देव !" भनी ती मानिसहरूले अभय राजकुमारको कुरा सुनी त्यो बालकलाई अभय राजकुमारको अन्तःपुरमा लगी 'यसलाई पोषण गर' भनी धाईहरूलाई सुम्पिदिए ।

त्यो बालक 'जिउँदैछ' भन्ने अर्थले 'जीवक' र राजकुमारद्वारा पोषण गराइएको हुनाले 'कौमारभृत्य' भन्ने नाम राखे । चिरकाल नहुँदैमा जीवक कौममारभृत्य जान्ने बुझ्ने भए । एकदिन जीवक कौमारभृत्य जहाँ अभय राजकुमार थिए त्यहाँ गई राजकुमारसँग निम्न कुरा सोधे—

"हे देव ! मेरी आमा को हुन् र मेरा पिता को हुन् ?"

"हे भणे ! मलाई पनि तिम्री आमा थाहा छैन । किन्तु म तिम्रो पिता हुँ । मैले तिमीलाई पोषण गराएको छु ।"

यो कुरा सुनी जीवकको मनमा यस्तो लाग्यो—"यो राजकुलमा कुनै शिल्प विना जीविका गर्नु सजिलो हुने छैन । किन म सीप नसिकूँ ।"

त्यसबखत तक्षशिलामा एक दिशाप्रमुख वैद्य बसेका थिए। एकदिन जीवक कौमारभृत्य अभय राजकुमारसँग नसोधी जहाँ तक्षशिला हो त्यहाँ गई त्यो वैद्यकहाँ पुगे। वैद्यकहाँ पुगेपछि निवेदन गरे—

"हे आचार्य ! म सीप सिक्न चाहन्छु।"

'हे भणे ! त्यसोभए सिक।"

जीवक कौमारभृत्यले त्यहाँ धेरै पढे, चाँडै पढेर राम्ररी धारण गरेर पढेका कुराहरू पनि बिर्सिन्नथे। सातवर्ष बितिसकेपछि एकदिन जीवव कौमारभृत्यको मनमा यस्तो लाग्यो—

"म धेरै पढ्दछु, चाँडै पढ्दछु, राम्ररी मनमा धारण पनि गर्दछु र पढेको कुरा पनि बिर्सिन्न। सातवर्षसम्मले पनि यो सीपको अन्त भएको देखिदन। कहिले यो सीपको अन्त देखनसक्ने होला!"

यति सोची जीवक कौमारभृत्य जहाँ वैद्याचार्य थिए त्यहाँ गई सोधे—

"हे आचार्य ! म धेरै पढ्छु, चाँडै पढ्छु, राम्ररी मनमा राखदछु र पढेको कुरा पनि बिर्सिन्न। कहिले यो सीपको अन्त देखनसक्ने होला ?"

"हे भणे ! जीवक ! त्यसोभए तिमी खन्तो लिई तक्षशिलाको चारैतिर योजन योजनसम्म घुमी जे जति औषधीमा काम नलाग्ने यवार्थ देखनेछौ ती सबै लिएर आऊ।"

"हवस् आचार्य !" भनी जीवक कौमारभृत्य ती वैद्यका कुरा सुनी खन्ती लिई तक्षशिलाको चारैतिर योजन योजनसम्म घुम्दा पनि कुनै पदार्थ औषधीमा काम नलाग्ने देखेनन्। अनि जीवक कौमारभृत्य जहाँ ती वैद्य थिए त्यहाँ गई वैद्यलाई यस्तो भने—

"हे आचार्य ! तक्षशिलाको चारैतिर योजन योजनसम्म घुमें। तर कुनै पनि पदार्थ औषधीमा काम नलाग्ने मैले देखिन।"

"हे भणे जीवक ! राम्ररी जान्यौ। तिम्रो जीविकाका लागि यत्तिले पर्याप्त छ" भनी जीवक कौमारभृत्यलाई अलिकति बाटो खर्च दिए।

दिएको अलिकति बाटो खर्च लिई जीवक कौमारभृत्य राजगृहतिर लागे। जीवक कौमारभृत्यको सो बाटो खर्च (यात्राको) बीचमा साकेत नगर पुग्दा पुग्दै सिद्धियो। अनि जीवक कौमारभृत्यको मनमा यस्तो लाग्यो—

"यो बाटो (जानथाँको बाटो) कान्तारमय छ। यहाँ पानी दुर्लभ छ। खानेकुराको पनि अभाव छ। बाटो खर्च नभई यात्रागर्नु मुस्किल हुने छ। अतः किन म बाटो खर्च नखोजूँ।"

(यसभन्दा अगाडिका कुरा जान्न चाहनेले लेखकको बु. गु. भा–१, को पृ. ३६७ मा हेर्नू।)

× × ×

मूल सूत्र—

२—निगण्ठ-शिष्य
(अभयराजकुमारसुत्त[१])

यस्तो मेले सुनें ।

एक समय भगवान् राजगृहस्थित वेणुवनको कलन्दक-निवापमा बस्नु भएको थियो ।

त्यस समय अभय राजकुमार जहाँ निगण्ठ-नाटपुत्र थिए त्यहाँ गए । त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रलाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका अभय राजकुमारलाई निगण्ठ-नाटपुत्रले यसो भने—

"आऊ, राजकुमार ! श्रमण गौतमलाई तिमीले वाद आरोप लगाऊ । अनि 'अभय राजकुमारले त्यस्ता महान्-ऋद्धिसम्पन्न तथा प्रभावशाली श्रमण गौतमलाई वाद आरोप गरे' भन्ने तिम्रो कल्याण कीर्तिशब्द आकाशमा फैलिने छ ।"

---

१. म. नि. II. पृ. ६७: म. क. III. पृ. ७४.

"भन्ते ! कसरी त्यस्ता महान् ऋद्धिसम्पन्न, त्यस्ता प्रभावशाली श्रमण गौतमलाई मैले वाद आरोप गर्ने ?"

"आऊ राजकुमार ! जहाँ श्रमण गौतम छन् त्यहाँ तिमी जाऊ त्यहाँ गई श्रमण गौतमलाई यसो भन—

१–'भन्ते ! के तथागतले त्यस्तो वचन बोल्नुहुन्छ ! जुन वचन अर्कालाई अप्रिय तथा अमनाप (=मन नपर्ने) हुन्छ ?'

"यदि यस्तो सोध्दा श्रमण गौतमले तिमीलाई यस्तो भन्दछन् भने—'राजकुमार ! तथागतले त्यस्तो वचन बोल्न सक्छन् जुन वचन अर्कालाई अप्रिय तथा अमनाप हुन सक्छ ।' अनि तिमीले उनलाई यस्तो भन—

'भन्ते ! त्यसोभए यहाँ पृथकजनसँग तपाईंको के विशेषता रह्यो त ? पृथक्जनले पनि त्यस्तो वचन बोल्छ जुन वचन अर्कालाई अप्रिय तथा अमनाप हुन्छ ।'

"यदि यस्तो सोध्दा श्रमण गौतमले—'राजकुमार ! तथागतले त्यस्तो वचन बोल्दैन जुन वचन अर्कालाई अप्रिय तथा अमनाप हुन्छ' भनी भन्छन् भने अनि तिमीले उनलाई यस्तो भन—

२–'भन्ते ! त्यसोभए तपाईंले—'देवदत्त आपायिक[१] (=अपायगामी) हुन् देवदत्त कल्पस्थायी (=कल्पसम्म नर्कमा रहने)

---

१. यस्तो कुरा भगवान्ले चुल्ल. व. पा. पृ. ३०३: सङ्घभेदकथा, सङ्घभेदकखन्धकंमा प्रकाश गर्नु भएको छ ।

हुन् देवदत्त अचिकित्स्य (=प्रतिकार गर्न नसक्ने) हुन्' भनी देवदत्तको बारेमा किन भविष्यवाणी गर्नु भएको त ? यी वचनहरूद्वारा देवदत्त रिसाएका थिए असन्तुष्ट भएका थिए ।'

"राजकुमार ! यो दोधारे प्रश्नहरू सोध्दा श्रमण गौतमले त्यसलाई न निल्न सक्नेछन् न उकेल्न नै सक्नेछन् । जस्तै—कुनै मानिसको घाँटीमा चारकुने फलामको टुक्रा राखिदिंदा उसले त्यसलाई न निल्न सक्छ न उकेल्न नै सक्छ । राजकुमार ! त्यस्तै—तिम्रो यस दोधारे प्रश्नलाई श्रमण गौतमले न निल्न सक्नेछन् न त उकेल्न नै ।"

भगवान्‌ले अप्रिय-वचन बोल्नु हुन्छ ?

"हवस् भन्ते !" भनी निगण्ठ-नाटपुत्रलाई प्रत्युत्तर दिई निगण्ठ-नाटपुत्रलाई अभिवादन तथा प्रदक्षिणा गरी जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ अभय राजकुमार गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका अभय राजकुमारले सूर्यलाई (=समय) हेरी यस्तो विचार गरे—

"आज भगवान्‌लाई वाद आरोप गर्ने समय छैन । भोलि मेरै घरमा भगवान्‌लाई वाद आरोप गर्नेछु ।"

यति सोची उनले भगवान्‌सँग विन्ति गरे—

"भन्ते ! भोलिको निमित्त भगवान् सहित चारजनाले मेरो भोजन स्वीकार गर्नुहोस् ।"

भगवान्‌ले तूष्णीभावद्वारा स्वीकार गर्नुभयो।

अनि भगवान्‌ले निम्तो स्वीकार गर्नु भएको बुझी अभय राजकुमार आसनबाट उठी भगवान्‌लाई अभिवादन तथा प्रदक्षिणा गरी फर्केर गए। त्यस रात वितिसकेपछि भगवान् पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी जहाँ अभय राजकुमारको घर थ्यो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। त्यसपछि अभय राजकुमारले भगवान्‌लाई प्रणीत खाद्य-भोज्य अर्पित गरी सन्तृप्त गराए। अनि भगवान्‌ले भोजन सिध्याई पात्रबाट हात हटाइसकेपछि अभय राजकुमार एक होचो आसन लिई एक छेउमा बसे। एक छेउमा बसेका अभय राजकुमारले भगवान्‌सँग बिन्ति गरे—

"भन्ते! के भगवान्‌ले त्यस्तो वचन बोलनु हुन्छ? जुन वचन अर्कालाई अप्रिय तथा अमनाप (=मन नपर्ने) होस्।"

"राजकुमार! यहाँ एकांशले (=सर्वथा, अपवाद विना) बताउन सक्दिन।"

"भन्ते! यहीं नै निगण्ठको नाश भयो।"

"राजकुमार! किन तिमीले यस्तो भन्दैछौ?—'यहीं नै निगण्ठको नाश भयो'।"

"भन्ते! म निगण्ठ-नाटपुत्रकहाँ गएँ। त्यहाँ पुगेपछि निगण्ठ-नाटपुत्रलाई अभिवादन गरी एक छेउमा बसें। भन्ते! एक छेउमा बसेको मलाई निगण्ठ-नाटपुत्रले यस्तो भने—

'आऊ राजकुमार ! तिमीले श्रमण गौतमलाई वाद आरोप गर। अनि 'अभय राजकुमारले त्यस्ता महान्-ऋद्धि-सम्पन्न त्यस्ता प्रभावशाली श्रमण गौतमलाई वाद आरोप गरे' भन्ने तिम्रो कल्याण कीर्तिशब्द आकाशमा फैलिने छ।'

"भन्ते ! यस्तोभन्दा मैले निगण्ठ-नाटपुत्रसँग सोधें—भन्ते ! कसरी त्यस्ता महान्-ऋद्धिसम्पन्न त्यस्ता प्रभावशाली श्रमण-गौतमलाई मैले वाद आरोप गरूँ ?"

(अनि निगण्ठ-नाटपुत्रले मलाई यस्तो भने)—'आऊ राजकुमार, तिमी जहाँ श्रमण गौतम छन् त्यहाँ जाऊ, त्यहाँ गई श्रमण गौतमसँग—'भन्ते ! के तथागतले त्यस्तो वचन बोल्नु हुन्छ ? जुन वचन अर्कालाई अप्रिय तथा अमनाप होस्।' भनी सोध। यदि यस्तो सोध्दा तिमीलाई श्रमण गौतमले 'राजकुमार ! तथागतले त्यस्तो वचन बोल्न सक्छ जुन वचन अर्कालाई अप्रसन्न तथा अमनाप हुन सक्छ' भनी भन्छन् भने अनि तिमीले उनलाई यस्तो भन—'भन्ते ! त्यसोभए यहाँ पृथक्जनसँग तपाईंको के विशेषता रह्यो त ? पृथक्जनले पनि त्यस्तो वचन बोल्छ जुन वचन अर्कालाई अप्रसन्न तथा अमनाप हुन्छ।' यदि यस्तो सोध्दा तिमीलाई श्रमण गौतमले 'राजकुमार ! तथागतले न त्यस्तो वचन बोल्छ जुन वचन अर्कालाई अप्रसन्न तथा अमनाप हुन्छ' भनी भनेमा अनि तिमीले उनलाई यसो भन—'भन्ते ! त्यसोभए तपाईंले 'देवदत्त आपायिक हुन्, देवदत्त कल्पस्थायी हुन् र देवदत्त अचिकित्स्य हुन्' भनी देवदत्तको बारेमा किन भविष्यवाणी गर्नु भएको

त? यी वचनहरूद्वारा देवदत्त रिसाएका थिए र असन्तुष्ट भएका थिए।' राजकुमार! यो दोधारे प्रश्नहरू सोध्दा श्रमण गौतमले त्यसलाई न निल्न सक्नेछन् न उकेल्न नै सक्नेछन्। जस्तै—कुनै मानिसको घांटीमा चारकुने फलामको टुक्रा राखिदिंदा उसले त्यसलाई न निल्न सक्छ न उकेल्न नै सक्छ। राजकुमार! त्यस्तै तिम्रो यस दोधारे प्रश्नलाई श्रमण गौतमले न निल्न सक्नेछन् न त उकेल्न नै।"

अप्रिय पनि बोल्न सक्छ

त्यसबखत अभय राजकुमारको काखमा उत्तानोपारी सुताउनपर्ने स्यानो बालक थियो। अनि भगवान्‌ले अभय राजकुमारसँग सोध्नुभयो—

"राजकुमार! यदि तिम्रो प्रमादले वा धाइको प्रमादले यो बालकले कुनै काठको छेस्का वा कुनै गोर्खा मुखमा राख्यो भने त्यसबखत तिमीले के गर्छौं? यसमा तिमी के भन्छौ त?"

"भन्ते! (मुखबाट) बाहिर निकाल्ने छु। यदि पहिले नै बाहिर निकाल्न सकिन भने—बांया हातले (बालकको) शीर समाती दाहिने हातको औंला (चोर औंला) बङ्ग्याएर रगत आए ता पनि बाहिर निकाल्ने छु।"

"त्यस्तो गर्नाको कारण के त?"

"भन्ते ! कुमार प्रति मेरो दया भएकोले ।"

"राजकुमार ! त्यस्तै—(१) जुन वचन अभूत, असत्य तथा अनर्थसंहित छ भन्ने तथागतलाई थाहा छ र—त्यस्तो वचन बोल्दा अर्कालाई अप्रिय अमनाप हुन्छ भन्ने- त्यस्तो वचन तथागतले बोल्दैन। (२) जुन वचन भूत, सत्य तर अनर्थसंहित छ भन्ने तथागतलाई थाहा छ र—त्यस्तो वचन बोल्दा अर्कालाई अप्रिय अमनाप हुन्छ भने—त्यस्तो वचन पनि तथागतले बोल्दैन। (३) जुन वचन भूत, सत्य तथा अर्थसंहित छ भन्ने तथागतलाई थाहा छ तर—त्यस्तो वचन बोल्दा अर्कालाई अप्रिय अमनाप हुन्छ भने—त्यस्तो वचन बोल्नमा तथागत कालज्ञ (=उचित र अनुचित समय विचार गर्ने) हुन्छ। (४) जुन वचन अभूत, असत्य तथा अनर्थसंहित छ भन्ने तथागतलाई थाहा छ तर— त्यस्तो वचन बोल्दा अर्कालाई प्रिय मनाप (=मनपर्ने) हुन्छ भने—त्यस्तो वचन पनि तथागतले बोल्दैन। (५) जुन वचन भूत, सत्य तथा अनर्थसंहित छ भन्ने तथागतलाई थाहा छ तर—त्यस्तो वचन बोल्दा अर्कालाई प्रिय मनाप हुन्छ भने—त्यस्तो वचन पनि तथागतले बोल्दैन। (६) जुन वचन भूत, सत्य तथा अर्थसंहित छ भन्ने तथागतलाई थाहा छ र—त्यस्तो वचन बोल्दा अर्कालाई प्रिय मनाप पनि हुन्छ भने—त्यस्तो वचन बोल्नमा तथागत कालज्ञ हुन्छ।

"सो किन भने ?—

"राजकुमार ! सत्व प्रति तथागतको दया भएकोले ।"

प्रश्न बनाई सोध्छन्

"भन्ते यहाँ क्षत्रीय पण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहपति पण्डितहरू तथा श्रमण पण्डितहरूले प्रश्नहरू बनाई तथागतकहाँ आई सोध्छन्। भन्ते ! के त्यसको उत्तरको निमित्त—ज-जसले मकहाँ आई जुन जुन प्रश्नहरू सोध्नेछन् उनीहरूलाई मैले 'यस्तो यस्तो उत्तर दिनेछु' भनी भगवान्ले पहिले नै मनमा परिवितर्कना गर्नुहुन्छ कि अथवा त्यसै अवस्थामा (उत्तरको) ज्ञान हुन्छ ?"

"राजकुमार ! त्यसोभए म तिमीसंग एक प्रश्न सोध्नेछु। तिमीलाई जस्तो लाग्छ त्यस्तो जवाफ दिनू। राजकुमार ! के तिमी रथको अङ्ग-प्रत्यङ्गको बारेमा चतुर छौ ? यसमा तिमी के भन्छौ ?"

"छु, भन्ते ! म रथको अङ्ग-प्रत्यङ्गको बारेमा चतुर छु (जान्दछु)।"

"राजकुमार ! तिमीले भन कि यदि तिमीसंग कसैले—'रथको अङ्ग-प्रत्यङ्ग भनेको के हो ?' भनी सोधेमा तिमीले—'जसले मकहाँ आई यस्तो सोध्नेछ उसलाई मैले यस्तो उत्तर दिनेछु' भनी पहिले नै मनमा परिवितर्कना गर्छौ कि अथवा त्यसै अवस्थामै (तिमीलाई) ज्ञान हुन्छ ?"

"भन्ते ! म रथिक हुँ। मलाई रथ सम्बन्धी अङ्ग-प्रत्यङ्गको बारेमा जम्मै ज्ञान छ। रथ सम्बन्धी सबै अङ्ग-प्रत्यङ्गको बारेमा मलाई राम्रै संग ज्ञान छ। त्यसो हुनाले त्यसै अवस्थामै मलाई ज्ञान हुन्छ।"

"राजकुमार! त्यस्तै—जो ती क्षत्रीय पण्डितहरू, ब्राह्मण पण्डितहरू, गृहस्थी पण्डितहरू तथा श्रमण पण्डितहरूले प्रश्नहरू बनाई तथागतकहाँ आई प्रश्न सोध्छन्—(त्यसको उत्तर) त्यसै अवस्थामै ज्ञान हुन्छ।

"किन भने ? —

"राजकुमार! तथागतलाई धर्म-धातु (चित्त विषय) सम्बन्धी राम्ररी सुप्रतिवेध छ (=ज्ञान छ)। धर्म-धातु सम्बन्धी सुप्रतिवेध भएको हुनाले नै तथागतलाई त्यसै अवस्थामै (उत्तरको) ज्ञान हुन्छ।"

शरणागमन

यस्तो भन्नुहुँदा—अभय राजकुमारले भगवान्सँग विन्ति गरे—

"धन्य! धन्य!! भन्ते, जस्तै—घोप्टेकोलाई उत्तानो पारिदिँदा ढाकेकोलाई उघारिदिँदा बाटो भुलेकोलाई बाटो देखाइदिँदा अन्धकारमा तेलको बत्ती बालिदिँदा—आँखा हुनेहरूले रूप देखे झैं भगवान्ले मलाई अनेक प्रकारले धर्म प्रकाश पारिदिनु भयो। भन्ते! अब म भगवान्को शरणमा पर्छु धर्म तथा भिक्षुसङ्घको पनि। आजदेखि जीवनभर शरणमा आएको उपासक हो भनी भगवान्ले मलाई स्वीकार गर्नुहोस्।"

× × ×

मूल सूत्र—

३–अज्ञानताको हेतु छैन
(अभयसुत्तं[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नुभएको थियो ।

त्यसबखत अभय राजकुमार जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए । त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे । एक छेउमा बसेका अभय राजकुमारले भगवान्‌सँग यस्तो बिन्ति गरे—

"भन्ते ! पूरण काश्यप यस्तो भन्छन्—

'अज्ञानको निम्ति र अदर्शन (=न देख्नु) को निम्ति कुनै हेतु छैन र कुनै प्रत्यय छैन । हेतुविना प्रत्ययविना नै अज्ञान हुन्छ र अदर्शन (=न देख्नु) हुन्छ । ज्ञानको निम्ति र दर्शन (=देख्नु) को निम्ति पनि कुनै हेतु छैन र कुनै प्रत्यय छैन । हेतुविना प्रत्ययविना नै ज्ञान र दर्शन हुन्छ ।'

---

१. सं. नि. IV. पृ. १११: बोज्झङ्गसंयुत्तं, अ. क. III. पृ. १४७.

"यस विषयमा भगवान् के भन्नु हुन्छ ?"

अज्ञानताको हेतु छ

"राजकुमार! अज्ञानको निम्ति र अदर्शनको निम्ति हेतु पनि छ र प्रत्यय पनि छ। हेतुद्वारा प्रत्ययद्वारा नै अज्ञान पनि हुन्छ र अदर्शन पनि हुन्छ। राजकुमार! ज्ञानको निम्ति र दर्शनको निम्ति पनि हेतु छ र प्रत्यय पनि छ। हेतुद्वारा प्रत्ययद्वारा नै ज्ञान पनि हुन्छ र दर्शन पनि हुन्छ।"

"भन्ते! अज्ञानको निम्ति र अदर्शनको निम्ति के हेतु के प्रत्यय हो त? कसरी हेतुद्वारा प्रत्ययद्वारा अज्ञान र अदर्शन हुन्छ नि ?"

पञ्चनीवरण—१-"राजकुमार! यहाँ जुनबेला चित्त कामरागको वशमा हुन्छ। जुनबेला चित्तले कामरागको अनुगमन गर्छ तथा उत्पन्न भएको कामरागबाट मुक्त हुने उपायलाई पनि यथार्थत जान्दैन र देख्दैन—राजकुमार! अज्ञानको निम्ति र अदर्शनको निम्ति यही हेतु हो र यही प्रत्यय हो। यसरी सहेतुद्वारा सप्रत्ययद्वारा अज्ञान र अदर्शन हुन्छ।

२-"राजकुमार! फेरि यहाँ जुनबेला चित्त व्यापाद (=द्वेषभाव) को वशमा हुन्छ जुनबेला चित्तले व्यापादको अनुगमन गर्छ तथा उत्पन्न भएको व्यापादबाट मुक्त हुने उपायलाई पनि यथार्थत जान्दैन र देख्दैन—राजकुमार! अज्ञानको निमित्त र अदर्शनको निमित्त

यही हेतु हो र यही प्रत्यय हो। यसरी सहेतुद्वारा सप्रत्ययद्वारा अज्ञान र अदर्शन हुन्छ।

"३-राजकुमार! फेरि यहाँ जुनबेला चित्त थीनमिद्ध (=शारीरिक र मानसिक आलस्यपन) को वशमा हुन्छ जुनबेला चित्तले थीनमिद्धको अनुगमन गर्छ तथा उत्पन्न भएको थीनमिद्धबाट मुक्त हुने उपायलाई पनि यथार्थत जान्दैन र देख्दैन—राजकुमार! अज्ञानको निम्ति र अदर्शनको निम्ति यही हेतु हो र यही प्रत्यय हो। यसरी सहेतुद्वारा सप्रत्यद्वारा अज्ञान र अदर्शन हुन्छ।

४-"राजकुमार! फेरि यहाँ जुनबेला चित्त उद्धच्चकुक्कुच्च (=शारीरिक र मानसिक अस्थिरपन Restless) को वशमा हुन्छ जुनबेला चित्तले उद्धच्चकुक्कुच्चको अनुगमन गर्छ तथा उत्पन्न भएको उद्धच्चकुक्कुच्चबाटमुक्त हुने उपायलाई पनि यथार्थत जान्दैन र देख्दैन—राजकुमार! अज्ञानको निम्ति र अदर्शनको निम्ति यही हेतु हो र यही प्रत्यय हो। यसरी सहेतुद्वारा सप्रत्ययद्वारा अज्ञान र अदर्शन हुन्छ।

५-"राजकुमार! फेरि यहाँ जुनबेला चित्त बिचिकित्सा (=शंका सन्देह) को वशमा हुन्छ जुनबेला चित्तले विचिकित्साको अनुगमन गर्छ तथा उत्पन्न भएको विचिकित्साबाट मुक्त हुने उपायलाई पनि यथार्थत जान्दैन र देख्दैन राजकुमार! अज्ञानको निम्ति र अदर्शनको निम्ति यही हेतु हो र यही प्रत्यय हो। यसरी सहेतुद्वारा सप्रत्ययद्वारा अज्ञान र अदर्शन हुन्छ।"

"भन्ते! यस धर्म-पर्यायलाई के भन्दछन्?"

"राजकुमार ! यस धर्म-पर्यायलाई 'नीवरण' (=आवरण) भन्दछन् ।"

"भगवान् ! साँच्चैकै निवरण रहेछ ? सुगत ! साँच्चैकै निवरण रहेछ !! भन्ते एउटै नीवरणले अभिभूत भए पनि यथार्थत जान्न सक्दिन्न देख्न सक्दिन्न भने—पांच-पाँचवटा नीवरण हुँदा त झन् कुरै छैन ।

ज्ञानको निम्ति हेतु छ

"भन्ते ! ज्ञानको निम्ति र दर्शनको निम्ति के हेतु के प्रत्यय हो त ? कसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान र दर्शन हुन्छ नि ?"

सप्तबोध्यङ्ग—१-"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी स्मृतिसम्बोध्यङ्गको भावना गर्छ । स्मृतिसम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देख्दछ । ज्ञानको निम्ति र दर्शनको निमित्त यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।

२-राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी धर्मविचय (=धर्मको खोज) सम्बोध्यङ्गको भावना गर्छ । धर्मविचय सम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देख्दछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ दर्शन हुन्छ ।

३–"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी वीर्यसम्बोध्यङ्गको भावना गर्छ । वीर्यसम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देख्दछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।

४–"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी प्रीतिसम्बोध्यङ्गको भावना गर्छ । प्रीतिसम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देख्दछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।

५–"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी प्रश्रब्धिसम्बोध्यङ्गको भावना गर्छ । प्रश्रब्धिसम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देख्दछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।

६–"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी समाधिसम्बोध्यङ्गको भावना गर्छ । समाधिसम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र

देखदछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।

७-"राजकुमार ! यहाँ भिक्षुले विवेकनिश्रित, विरागनिश्रित, निरोधनिश्रित तथा उत्सर्गगामी उपेक्षासम्बोध्यङ्गको भावना गर्छ । उपेक्षासम्बोध्यङ्गलाई भाविता गरेको उसको चित्तले यथार्थत जान्दछ र देखदछ—ज्ञानको निम्ति र दर्शनको निम्ति यो पनि हेतु हो र यो पनि प्रत्यय हो । राजकुमार ! यसरी हेतुद्वारा प्रत्ययद्वारा ज्ञान हुन्छ र दर्शन हुन्छ ।"

"भन्ते ! यस धर्म-पर्यायलाई के भन्दछन् ?"

"राजकुमार ! यस धर्म-पर्यायलाई 'बोध्यङ्ग' भन्दछन् ।"

"भगवान् ! साँच्चैकै बोध्यङ्ग रहेछ ! सुगत ! साँच्चैकै बोध्यङ्ग रहेछ !! भन्ते एउटै बोध्यङ्गले सम्पन्न भए पनि यथार्थ-ज्ञान हुन्छ र दर्शन हुन्छ भने—सात-सातवटा बोध्यङ्गले सम्पन्न हुँदा त कुरै के ! भन्ते ! गृद्धकूट पर्वत चढेर आउँदा मलाई जुन मानसिक र शारीरिक थकावट् भएको थियो त्यो पनि शान्त भएर गयो र मैले धर्म पनि बोध गर्न पाएँ ।"

३. अभय लिच्छवी

परिचय

यो अभय लिच्छवी वैशालीवासी हुन्। यो लिच्छवी वैशालीको महावनको कूटागार शालामा भगवान् बसिरहनुभएको बेलामा एकपटक भगवान् हुनुभएको ठाउँमा गएको कुरा सूत्रमा उल्लेख भएको पाइन्छ। उनी त्यहाँ साल्ह लिच्छवीसँग गएका थिए[१]।

अर्को एक समय भगवान् वैशालीको महावनको कूटागार शालामा बसिरहनुभएको बेलामा पण्डित कुमार लिच्छवी साथमा लिई यिनी आनन्द महास्थविरकहाँ गएका थिए।

लिच्छवीहरू धेरै जसो निगण्ठ-नाटपुत्रका अनुयायी थिए। त्यसैले यिनले आनन्द महास्थविरसँग "भन्ते आनन्द! निगण्ठ-नाटपुत्र भन्छन्—'म सर्वज्ञ हुँ, सर्वदर्शी हुँ तथा ममा अपरिशेष ज्ञान छ। उनी यो पनि भन्छन् कि हिड्दा पनि बस्दा पनि सुत्दा पनि—सबै बेलामा ज्ञान दर्शन भएको हुन्छ। उनी पुरानो कर्मलाई तपस्याद्वारा हटाउने र नयाँ कर्म नगर्ने कुरा गर्छन्। यसरी कर्मक्षय भएपछि दुःखक्षय र दुःख-

१. अ. नि–४, पृ. २१३: साल्हसुत्तं, महावग्गो।

क्षयबाट वेदनाक्षय हुन्छ । वेदनाक्षय भएपछि सबै दुःखहरू जीर्ण हुन्छन् । अनि यसैबाट यस जीवनको दुःखबाट पार हुन्छ' भनी भन्दछन् । भन्ते ! यस विषयमा भगवान् के भन्नुहुँदो रहेछ ?" भनी सोधे ।

आनन्द स्थविरले निगण्ठ सर्वज्ञ हुन् वा होइनन् भन्ने विषयमा केही भन्नु नभई केवल भगवान्ले कर्मक्षय गरी दुःखबाट यसै जीवनमा मुक्त हुनको निमित्त शील, समाधि तथा प्रज्ञा चाहिन्छ भन्नुहुन्छ भनी भन्नुभयो ।

यसो भन्नुहुँदा साथमा गएका पण्डित कुमार लिच्छवीले अभय लिच्छवीलाई यसो भने—"सौम्य अभय ! के तिमीले यो सुभाषितलाई अनुमोदन गर्दैनौ ?"

यो सुनी अभय लिच्छवी भन्दछन्—"सौम्य कुमार ! यदि यो सुभाषित कुरालाई कसैले अनुमोदन गर्दैन भने उसको शीर पनि फुट्‌न सक्छ ।"

यति भनी दुबैजना फर्केर गए ।

× × ×

विभिन्न अभय नामहरू

(१) अभय स्थविर—यी ती स्थविर हुन् जसको नाम परिवार-पालि पृ. ५ मा उल्लेख भएको गाथामा उल्लेख भएको छ। यी स्थविर लंकाका हुन् र यिनी त्रिपिटकमा कोविद छन्।

(२) अभय स्थविर—श्रावस्तीमा अभय नामक एक ब्राह्मण थिए। ठूला भएपछि जेतवनमा गई उनले धर्म सुने। अनि प्रसन्न भएर उनी प्रव्रजित भएपछि विपश्यना ध्यान गर्न थाले।

एकदिन उनी गाउँमा भिक्षाटन् जाँदा एउटी अलंकृत सुन्दरी स्त्री देखेर अज्ञानतापूर्वक (अयोनिसो) विचार गर्दा उसमाथि उनको रागचित्त उत्पन्न भयो। पछि विहारमा गई स्मृति थातमा राख्दा आफ्नो मनमा नराम्रो विचार उठेको कुरा बुझी आफ्नो चित्तलाई निग्रह गरी उत्तिखेरै विपश्यना बढाई अरहत् भए। यही ती अभय स्थविर हुन्। थेर. गा-अ. क. I. पृ. २०१: अभयत्थेरस्स गाथावण्णना।

(३) अभय स्थविर—यी स्थविरको नाम चाहिं तिस्सदत्त थेरसँग जोडिएको छ। जस्तै 'तिस्सदत्तत्थेर अभयादि' म. नि. अ. क. I. पृ. २६० र दी. नि. अ. क. III. पृ. १०१: सतिपट्ठान-सुत्तवण्णना तथा अं. अ. क. I. पृ. २३७: अपर अच्छरासङ्घात वग्गको वर्णनामा उल्लेख भएका छन्। स्मृति थातमा राख्ने

सम्बन्धमा यी स्थविरहरू जस्तो हुनुपर्छ भन्ने दृष्टान्तमा उल्लेख भएका छन् ।

(४) अभयत्थेर गाथा—यो गाथा बिम्बिसार राजाका छोरा अभय स्थविरको हो । थेर. गा. पा. पृ. २४०, अ. क. I. पृ. ८३.

(५) अभयत्थेर गाथा—यो गाथा माथि २ नं. मा लेखिएका अभय स्थविरको हो । थेर. गा. पा. पृ. २५६, अ. क. I. पृ. २०१.

(६) अभयत्थेर अपदानं—यो अपदान बिम्बिसारका छोरा अभय स्थविरको हो । अप. दा. पा. II. पृ. १५३, अ. क. II. पृ. ४५३.

(७) अभयत्थेरी गाथा—यो गाथा उज्जेनवासी पद्मावती गणिकाकी एक सहायिकाको हो । पद्मावती भिक्षुणी भएपछि उनीमाथि भएको स्नेहको कारणले यिनी पनि प्रव्रजित भई भिक्षुणी भएकी थिइन् । थेरी. गा. पा. पृ. ४०९, अ. क. पृ. ३३.

(८) अभय स्थविर—यिनलाई अंगुत्तर अट्ठकथाले 'महागतिम्ब अभय स्थविर' भनी उल्लेख गरेको छ । अंगुत्तरनिकाय पंचकनिपात पृ. २९९ को सुमन सूत्रको वर्णनामा (अं. अ. क. II. पृ. ५९६) दान दिने र दान नदिनेको के विशेषता छ भन्ने

फुराको सिलसिलामा उपसम्पत्तिमा 'महागतिम्ब अभय स्थविर' भैं भन्ने ठाउँमा उल्लेख भएका अभय स्थविर हुन् ।

(९) अभय—यी चाहिं अर्थदर्शी बुद्धका उपस्थाक हुन् । त्यसैले बु. वं. पा. पृ. ३५३ मा "अभयो नामुपट्ठाको अत्थदस्सिस्स सत्थुनो" भनी उल्लेख भएको हो ।

(१०) अभयमातु थेरीगाथा—बिम्बिसार राजाका छोरा अभय राजकुमारकी माता उज्जैनवासी पद्मावती गणिका थिइन् । अभय राजकुमार भिक्षु भएपछि यिनी पनि उनकहाँ गई भिक्षुणी भएकी थिइन् । यो गाथा यिनकै हो । थेरी. गा. पा. पृ. ४०९; अ. क. पृ. ३१.

(११) अभय राजकुमार—यिनी बिम्बिसार राजाको तरफबाट पद्मावती गणिकाको कोखबाट जन्मेका छोरा हुन् । बिम्बिसार राजालाई अजातशत्रुले मारेपछि विरक्तिएर यिनी भिक्षु भएका थिए र पछि यिनी अरहन्त पनि भए । थेर. गा. अ. क. I. पृ. ८३: अभयत्थेरस्सगाथा वण्णना ।

(१२) अभय लिच्छवी—यिनी वैशालीवासी हुन् । यिनकै फुरा यहाँ लेखिएको छ । यिनी निगण्ठ-नाटका अनुयायी हुन् । एक पटक यिनी भगवान् बुद्धकहाँ र अर्को पटक आनन्द महास्थविरकहाँ गएका कुरा सूत्रमा पाइन्छ ।

(१३) अभयसुत्तं—यो सूत्र अं. नि-९, पृ. ८९ खेमवग्गमा समुल्लेख भएको छ ।

(१४) अभयसुत्तं—यो सूत्र सं. नि. IV. पृ. १११ बोज्झङ्गसंयुत्तमा समुल्लेख भएको छ। यसको अनुवाद यसै संग्रहमा 'अभय राजकुमार शीर्षक' मा उल्लेख भएको छ।

(१५) अभयसुत्तं - यो सूत्र जानुश्रोणी ब्राह्मणलाई बताउनु भएको हो। यसको अनुवाद लेखकको बु. श्रा. भा–२, पृ. २८६ मा 'मृत्युदेखि नडराउने पनि छन्' भन्ने शीर्षकमा उल्लेख भएको छ। यो सूत्र अं. नि–४, पृ. १८४ ब्राह्मणवर्गमा छ। डा. मललसेकरले आफ्नो D. P. P. I. पृ. १३४ मा यसलाई 'अभय समानसुत्तं' भनी उल्लेख गरेका छन्।

(१६) अभय राजकुमारसुत्तं—यो सूत्र म. नि. II. पृ. ६७ मा समुल्लेख भएको छ। यसको अनुवाद यसै संग्रहमा 'अभय राजकुमार' शीर्षकमा उल्लेख भएको छ।

(१७) अभयप्पत्तसुत्तं—यो सूत्र अं. नि–९, पृ. ८९ खेमवर्गमा उल्लेख भएको छ।

(१८) अभय राजकुमारवत्थु—यो कथा अभय राजकुमार सम्बन्धी हो। यो धम्म. प. अ. क. पृ. ५७२: लोकवर्गमा छ।

(१९) अभय स्थविर—यी स्थविरलाई धम्मसंगणि अट्ठकथा पृ. ३१६ मा 'बोघभाणक अभय' स्थविर भनी उल्लेख भएको छ।

× × ×

मूल सूत्र—

निगण्ठ-नाटपुत्र सर्वज्ञ हुँ भन्दछन्

(निगण्ठसुत्त[1])

एक समय आयुष्मान् आनन्द वैशालीस्थित महावनको कूटागार शालामा बस्नुभएको थियो। अनि अभय लिच्छवी र पण्डित कुमार लिच्छवी जहाँ आयुष्मान् आनन्द हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि आयुष्मान् आनन्दलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका अभय लिच्छवीले आयुष्मान् आनन्दलाई यस्तो भने—

"भन्ते! निगण्ठ-नाटपुत्र सर्वज्ञ सर्वदर्शी अपरिशेष ज्ञानदर्शन जान्दछु—'हिँड्दा पनि उठ्दा पनि, सुतेको बेलामा पनि उठेको बेलामा पनि सबै अवस्थामा ज्ञानदर्शन उपस्थित छ' भनी भन्दछन्। उनी पुराना कर्महरू तपस्याद्वारा हटने र नयाँ कर्महरू नबनाउने कुरा भन्दछन्। यसरी कर्मक्षयबाट दुःखक्षय, दुःखक्षयबाट वेदनाक्षय र वेदनाक्षयबाट सबै दुःखहरू जीर्ण हुनेछन्। यसरी यसै जीवनमा दुःखहरू

---

१. अं. नि–३, पृ. २०४: आनन्दवग्गो, अ. क. I. पृ. ४३३.

दूर भई विशुद्धि भएर पारंगत हुनेछ भनी भन्दछन्। भन्ते! यस विषयमा भगवान् के भन्नुहुन्छ?"

"अभय! यी तीन क्लेशबाट विशुद्ध हुने कुरा जान्नु भएका देख्नु भएका भगवान् अरहत् सम्यक्सम्बुद्धले राम्ररी बताउनु भएको छ—सत्वहरूको विशुद्धको निमित्त, शोक परिदेवबाट पारंगत हुनेको निमित्त, दुःख दौर्मनस्यको अन्तगर्नको निमित्त र ज्ञेय धर्म प्राप्त गरी निर्वाण साक्षात्कार गर्नको निमित्त।"

"कुन तीन?"

१–"अभय! यहाँ भिक्षु शीलवान् हुन्छ। प्रातिमोक्ष संवरले सुसंयमी भई आचारगोचरले सुसम्पन्न भई अणुमात्र दोषमा पनि भयदर्शी भई शिक्षापदहरूमा शिक्षित हुन्छ। उ नयाँ कर्महरू गर्दैन र पुरानो कर्मको फल भोगेर अन्त गर्छ। यसै जीवनमा अन्त गर्ने र समय नबिताई 'आऊ हेर' भनी भन्न योग्य, नजिक लैजाने तथा विज्ञद्वारा आफैले अनुभव गर्ने हुन्छ।

२–"अभय! यसरी शील सम्पन्न हुने सो भिक्षुले काम अकुशलबाट अलग भई चतुर्थध्यान प्राप्त गरी बस्छ। उसले नयाँ कर्महरू गर्दैन र पुरानो कर्मको फल भोगेर अन्त गर्छ। यसै जीवनमा अन्त गर्ने र समय नबिताई 'आऊ हेर' भनी भन्न योग्य, नजिक लैजाने तथा विज्ञद्वारा आफैले अनुभव गर्ने हुन्छ।

३–"अभय! यसरी समाधि सम्पन्न हुने सो भिक्षुले आस्रवक्षय गरी अनास्रवी भई चित्तविमुक्ति प्रज्ञाविमुक्ति भई यसै जीवनमा स्वयं

अभिज्ञाद्वारा साक्षात्कार गरी बस्छ । उसले नयाँ कर्महरू गर्दैन । पुरानो कर्मको फल भोगेर अन्त गर्छ । यसै जीवनका अन्त गर्ने र समय नबिताई 'आऊ हेर' भनी भन्न योग्य, नजिक लैजाने तथा विज्ञद्वारा आफैंले अनुभव गर्ने हुन्छ ।

"अभय ! यिनै तीन क्लेशबाट विशुद्ध हुने कुरा जान्नुभएका देख्नुभएका भगवान् अरहत् सम्यक्सम्बुद्धले राम्ररी बताउनु भएको छ—सत्वहरूको विशुद्धको निमित्त...र ज्ञेयधर्म प्राप्त गरी निर्वाण साक्षात्कार गर्नको निमित्त ।"

यस्तोभन्दा पण्डित कुमार लिच्छवीले अभय लिच्छवीलाई यस्तो भने—"सौम्य अभय ! के तिमी आयुष्मान् आनन्दको यो सुभाषितलाई सुभाषित हो भनी अनुमोदन गर्दैनौ ?"

"सौम्य पण्डित कुमार ! आयुष्मान् आनन्दको सुभाषितलाई सुभाषित हो भनी किन मैले अनुमोदन नगर्नु नि । उसको शीर फुट्ने छ जसले आयुष्मान् आनन्दको सुभाषितलाई सुभाषित हो भनी अनुमोदन गर्ने छैन ।"

४. उग्गराज महामात्य

परिचय

यी उग्ग राजमहामात्य कोशल राज्यका प्रसेनजित कोशल राजाका महामात्य हुन् भनी अंगुत्तर अर्थकथा पृ. ६९७ ले उल्लेख गरेको छ। पालि साहित्यमा यसभन्दा बढी अरू कुरा उल्लेख भएको पाइँदैन।

एकदिन यिनी श्रावस्तीको जेतवनाराममा बसिरहनुभएका भगवान्‌कहाँ गई श्रावस्तीकै मृगार भन्ने सेठ कति धनाढ्य छन् जसको एक करोड त सुनै सुन छ भनी आश्चर्य प्रकट गरी यिनले भगवान्‌लाई सुनाएका थिए।

त्यसबखत भगवान्‌ले यिनलाई यी धनहरू नभएका होइनन् छन्; तर यी धनहरूभन्दा पनि सप्त-आर्यधनहरू श्रेष्ठ छन् भनी उपदेश गर्नुभएको थियो।

× × ×

विभिन्न उग्ग नामहरू

(१) उग्ग—यिनी कोणागमन बुद्धका अग्र उपस्थाक थिए। बु. वं. पा. पृ. ३७४: कोणागमन बुद्धवंसो, गा. नं. २४.

(२) उग्ग—यिनी चाहिं अंगुत्तरनिकाय चतुक्कनिपात, वस्सकार सूत्रमा उल्लिखित एळेय्य राजाका परिचारक हुन्। अं. नि–४, पृ. १९२: वस्सकारसुत्तं, ब्राह्मणवर्ग।

(३) उग्ग—यी चाहिं वैशालीवासी हुन्। यिनको बारेमा लेखकको बु. गृ. भा–१, पृ. ३१० मा सबै कुरा उल्लेख भएको छ। बुद्धकालीन गृहस्थीमा यिनलाई 'उद्गत' भनिएको छ। यी वैशालीवासी उग्ग सेठ चाहिं मनापदायकहरूमध्येमा अग्र हुन्। अं. नि–१, पृ. २६: एतदग्गवग्गो; अं. नि-८, पृ. ३१५: पठम उग्गसुत्तं, गहपतिवग्गो; अं. नि–६, पृ. १४९.

(४) उग्ग—यी उग्ग चाहिं धम्म. प. अ. क. पृ. ७०५: चूलसुभद्दाय-वत्थु, पकिण्णकवग्गमा उल्लिखित 'उग्ग' हुन्। यिनी चाहिं अनाथपिण्डकका साथी थिए। यिनको छोरालाई अनाथ-पिण्डकको माहिली छोरी चूलसुभद्रालाई दिएको थियो भनी उपरोक्त अर्थकथाले उल्लेख गरेको छ।

मैले चाहिं यस विषयमा मेरो बु. म. भा–२, पृ. ५२ मा अर्कै ढंगले उल्लेख गरेको छु। पाठकवर्गले त्यहीं हेर्नू।

(५) उग्ग—यो एक निगमको नाम हो। यो निगम कोशल राज्यमै थियो। यस निगममा भद्दाराम भन्ने विहार पनि थियो। थेर. गा. अ. क. I. पृ. १७४: उग्गत्थेरस्स गाथा अट्ठकथा।

(६) उग्ग—यो एक नगरको नाम हो। यो नगर महासुभद्राको पतिकुल थियो। महासुभद्राको निम्तोको सलाक सबभन्दा पहिले कुण्डधान स्थविरले लिएका थिए। यस्तै गरी चूल-सुभद्राको निम्तोको सलाक पनि सबभन्दा पहिले यिनै स्थविरले लिएका थिए भनी अं. अ. क. I. पृ. १४६: एकक-निपात वण्णनाले उल्लेख गरेको छ। चूलसुभद्राको पतिकुल साकेत नगर हो भनी उहीं उल्लेख भएको पाइन्छ।

(७) उग्ग वा उग्गत—यी उग्गत गृहपति वृजीदेशको हस्तीग्रामवासी हुन्। यिनका कुरा लेखकको बु. गृ. भा–१, पृ. २३० मा समुल्लेख भएको छ। त्यहाँ मैले 'उग्गत' लाई संस्कृत रूपान्तर गरी 'उद्गत' भनी उल्लेख गरेको छु। यी गृहपति संघ उपस्थान गर्नेहरूमध्येमा श्रेष्ठ थिए। अं. नि–१, पृ. २६: एतदग्गवग्गो; अं. नि–८, पृ. ३१८: दुतिय उग्गसुत्तं, गहपति-वग्गो; अं. नि–६, पृ. १४९.

(८) उग्ग (महामात्य)—यिनी चाहिं प्रसेनजित् कोशल राजाका महामात्य हुन्। यिनकै कुरा यहाँ उल्लेख भएको छ।

(९) उग्ग (थेर)—यी स्थविर कोशल राज्यको उग्ग निगमवासी एक सेठका छोरा हुन्। एक समय भगवान् त्यस निगमको

भद्दाराममा बसिरहनु भएको बेलामा यी सेठका छोरा त्यहाँ गई भगवान्को उपदेश सुनी प्रसन्न भएर प्रव्रजित भएका थिए। पछि यिनी अरहन्त पनि भए। थेर. गा. पा. पृ. २५३: उग्गत्थेरगाथा; अ. क. I. पृ. १७४.

(१०) उग्गसुत्तं—यो सूत्र अं. नि-७, पृ. १५५: धनवग्गोमा उल्लेख भएको छ। यसको अनुवाद अगाडि उग्गमहामात्यको कुरामा उल्लेख भएको छ।

(११) (पठम) उग्गसुत्तं—यो सूत्र अं. नि-८, पृ. ३१५: गहपति-वग्गोमा उल्लेख भएको छ। यो सूत्रमा वैशालीवासी उग्ग सेठका आठ आश्चर्य गुणहरू प्रकाश पारेका छन्। यसको अनुवाद लेखकको बु. गृ. भा-१, पृ. ३१३ मा समुल्लेख भएको छ।

(१२) (दुतिय) उग्गसुत्तं—यो सूत्रमा हस्तीग्रामवासी उग्ग गृह-पतिका आठ आश्चर्य गुणहरू प्रकाश पारेका छन्। यसको अनुवाद लेखकको बु. गृ. भा-१, पृ. ३३२ मा समुल्लेख भएको छ।

× × ×

मूल सूत्र—

आर्यधर्म

(उग्गसुत्त[1])

भनि उग्ग राजमहामात्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गए। त्यहाँ पुगेपछि भगवान्‌लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका उग्ग राजमहामात्यले भगवान्‌लाई यस्तो भने—

"भन्ते ! आश्चर्य हो अद्भूत हो। यी रोहणका नाति मृगार (मिगार) सेठ कति आढ्य कति महाधनी र "कति महाभोगी हो !"

"उग्ग ! रोहणका नाति मृगार सेठ कति आढ्य कति महाधनी र कति महाभोगी छ र ?"

"भन्ते ! एक करोड त सुनै सुन छ भने रुपैयाँहरूको त के कुरा !"

---

१. अं. नि–७, पृ. १५५, धनवग्गो; अ. क. II. पृ. ६९७.

"उग्ग ! यी धनहरू छन्; छैँन भनी भन्दिन । उग्ग ! तर यी धनहरू आगो पानी राजा चोर र अप्रिय अनधिकारीहरूको निमित्त साधारण छ । उग्ग ! यी सात धनहरू आगोको निमित्त पानीको निमित्त राजाको निमित्त चोरको निमित्त र अप्रिय अधिकारीको निमित्त असाधारण छ । कुन सात भने—(१) श्रद्धाधन (२) शीलधन (३) ह्रीधन (४) ओत्तप्प (=डर) धन (५) श्रुतधन (६) त्यागधन र (७) प्रज्ञाधन । उग्ग ! यी सात धनहरू आगोको निमित्त...र अप्रिय-अनधिकारीको निमित्त साधारण छैनन् ।"

१-"सद्धाधनं सीलधनं, हिरी ओत्तप्पियं धनं ।
सुतधनं च चागो च, पञ्ञावे सत्तमं धनं ।।

२-"यस्स एते धनाअत्थि, इत्थिया वा पुरिसस्स वा ।
स वे महद्धनो लोके, अजेय्यो देवमानुसे ।।

३-"तस्मा च सद्धं च सीलं च, पसादं धम्मदस्सनं ।
अनुयुञ्जेथ मेधावी, सरं बुद्धानं सासनं'ति ।।"

अर्थ—

१-"श्रद्धा, शील, ह्री, ओत्तप्प, श्रुति, त्याग र प्रज्ञाधन यी सातौं धन हुन् ।

२–"जो स्त्री वा पुरुषमा यी धनहरू हुन्छन् उ महाधनी हो र उसलाई देवमनुष्यहरूले पनि जित्न सक्दैनन् ।

३–"त्यसैले श्रद्धाशील तथा धर्मदेशनामा प्रसन्नता राखी बुद्ध-धर्मको स्मरण गरी अनुयुक्त भएर पण्डितहरू बस्नुपर्छ ।"

---

५. कपिलवस्तुका शाक्यहरू

परिचय

'कपिलवस्तुका शाक्य' भन्नाले सामुहिक अर्थ बोध गराउँछ। अर्थात् कपिलवस्तुका धेरैंजसो शाक्यहरू भनिएको हो।

भगवान् बुद्ध कपिलवस्तुका हुनु भएकोले अथवा वहाँले अनुपम बुद्धत्व प्राप्त गर्नु भएकोले साराका सारा कपिलवस्तुवासी शाक्यहरू बुद्धभक्त थिए भनी ठान्नु हुन्न। कपिलवस्तुका शाक्यहरू अन्य भक्तिकहरू पनि अल्पसंख्यकमा भएपनि नभएका होइनन्। पहिले पहिले बुद्धको निन्दा गरेता पनि पछिगएर बुद्धका अनुयायी भएका शाक्यहरू पनि छन्।

साधारणतया धेरैंजसो शाक्यहरूले बुद्ध तथा वहाँका भिक्षु-सङ्घलाई प्यारो गर्थे भन्ने कुरा अगाडि अनुदित सूत्रले उदाहरण प्रस्तुत गरेको छ।

एकपटक भगवान् कपिलवस्तुमा छँदा कपिलवस्तुका शाक्यहरूले एक सुन्दर तथा दिव्यविमान जस्तो मनोरम्य संस्थागार तयार गरेका

थिए[1]। अनि ती शाक्यहरूले "कसले यसको परिभोग पहिले गरेमा हामीहरूको दीर्घकालिक हित र सुख हुनसक्ला ?" भन्ने विचार गर्दा "हाम्रा ज्ञातिश्रेष्ठ हुने हाम्रा शास्ता नै यसको लागि उपयुक्त हुनुहुन्छ। दक्षिणेयको हैसियतले दिए पनि वहाँ नै योग्य हुनुहुन्छ। अतः सर्वप्रथम वहाँ शास्तालाई नै परिभोग गराउन लगाउनु पर्‍यो। शास्ता आउनु भए-पछि भिक्षुसङ्घ पनि आउनुहुनेछ। भिक्षुसङ्घ आएपछि त्रिपिटक बुद्धवचन पनि आएको हुनेछ। त्रियाम रातभरी धर्म-उपदेश पनि गराउनेछौं। यसरी तीनै रत्नद्वारा परिभोग गरिएको हुनेछ" भन्ने ठानी भगवान्‌कहाँ गई उनीहरूले भगवान्‌लाई निम्तो गरेका थिए[2]। यसबाट कपिलवस्तुका शाक्यहरूको बुद्ध प्रति अगाध आस्था भएको कुरा प्रष्ट हुन्छ।

जब रोहिणी नदीको कारणमा कोलिय र शाक्यहरूका बीच झगडा हुन लागेको थियो तब भगवान् बुद्ध त्यहाँ आउनु भएको थियो। भगवान्‌लाई देखेर कपिलवस्तुका शाक्यहरूले "अवश्य नै भगवान्‌ले हामीहरू लड्न लागेको कुरा जान्नु भएको होला। त्यसैले वहाँ यहाँ आउनु भएको होला। वहाँको अगाडि हामीले कसरी अर्कामाथि शस्त्रपात गरौं। चाहे कोलियहरूले हामीहरूलाई किन नकाटुन् र किन नमारुन् किन्तु हामीहरूले भगवान्‌को अगाडि कुनै हालतमा पनि कसैमाथि शस्त्रपात गर्न सक्दैनौं" भनी सबै हातहतियार-

---

१. म. नि. II. पृ. २०: सेखसुत्त। यो सूत्र लेखकको बु. गृ. भा-१, पृ. ४२९ मा अनुवाद भएको छ।

२. पपं. सू. III. पृ. ११: सेखसुत्तवण्णना।

हरू भुइमा राखिदिए भन्ने कुराबाट पनि शाक्यहरूको बुद्ध प्रतिको गौरव प्रष्ट हुन्छ ।

भगवान् कुशीनगरमा परिनिर्वाण भएपछि कपिलवस्तुका शाक्यहरूले पनि भगवान्को शरीरधातु माग्न पठाएबाट[1] पनि माथि उल्लिखित कुराको पुष्टयाइं हुन्छ ।

× × ×

१. दी. नि. II. पृ. १२७: महापरिनिब्बानसुत्तं ।

मूल सूत्र —

भगवान्लाई सञ्चोछ के ?

(वस्संवुत्थसुत्तं[१])

एक समय भगवान् श्रावस्तीमा अनाथपिण्डिकको जेतवनाराममा वस्नुभएको थियो। त्यसबखत एक भिक्षु श्रावस्तीमा वर्षावास विताई कुनै कामले कपिलवस्तुमा आएको थियो।

कपिलवस्तुका शाक्यहरूले "एक भिक्षु श्रावस्तीमा वर्षावास विताई कपिलवस्तुमा आएको छ" भन्ने कुरा सुने। अनि कपिलवस्तुका शाक्यहरू जहाँ सो भिक्षु थिए त्यहाँ गए। त्यहाँ पुगेपछि सो भिक्षुलाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका कपिलवस्तुका शाक्यहरूले यस्तो सोधे—"भन्ते! भगवान् सञ्चो तथा तन्दुरुस्त त हुनुहुन्छ?"

"आवुसो! भगवान् सञ्चो र तन्दुरुस्त हुनुहुन्छ।"

"भन्ते! सारिपुत्रमौद्गल्यायन सञ्चो तथा तन्दुरुस्त त हुनुहुन्छ?"

---

१. सं. नि. IV. पृ. ३४७: सोतापत्तिसंयुत्तं।

"आवुसो ! सारिपुत्रमौद्गल्यायन सञ्चो र तन्दुरुस्त हुनुहुन्छ ।"

"भन्ते ! भिक्षुसङ्घ सञ्चो तथा तन्दुरुस्त हुनुहुन्छ ?"

"आवुसो ! भिक्षुसङ्घ सञ्चो तथा तन्दुरुस्त हुनुहुन्छ ।"

"भन्ते ! यस वर्षावासको बीचमा तपाईंले भगवान् समक्ष सुन्नुभएका र ग्रहण गर्नु भएका केही कुरा छन् के ?"

"आवुसो ! मैले यो कुरा भगवान् समक्ष सुनेको र ग्रहण गरेको छु—'भिक्षुहो ! आस्रवहरू क्षय गरी अनास्रवी भई यसै जीवनमा स्वयं अभिज्ञाद्वारा साक्षात्कार गरी प्रज्ञाविमुक्त भई बस्ने भिक्षुहरू कमै छन् । भिक्षुहो ! पाँचै अधोभागीय संयोजनहरूलाई[1] क्षय गरी औपपातिक भई त्यहाँ परिनिर्वाण हुने त्यस लोकबाट यहाँ नफर्कने स्वभावका भिक्षुहरू नै धेरै छन् ।' आवुसो ! अर्को पनि मैले भगवान्को सन्मुखमा सुनेको र ग्रहण गरेको छु—'भिक्षुहो ! ती भिक्षुहरू कमै छन् जो पाँचै अधोभागीय संयोजनहरूलाई क्षय गरी औपपातिक भई त्यहाँ परिनिर्वाण हुने त्यस लोकबाट यहाँ फर्केर नआउने । बल्की तीनै संयोजनहरूलाई[2] क्षय गरी राग, द्वेष र मोहलाई दुर्बल पारी सकृदागामी हुने भिक्षुहरू नै धेरै छन् । जसले एक पटक मात्र यस लोकमा आई दुःखको अन्त गर्ने छन् ।' आवुसो ! अर्को पनि मैले भगवान्को समक्ष सुनेको र ग्रहण

---

१. 'पाँच अधोभागीय संयोजनहरू' भनेको कस्ता हुन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. ३२७ को पादटिप्पणीमा हेर्नू ।

२. 'तीन संयोजमहरू' भनेका कस्ता हुन् भन्ने कुरा लेखकको बु. प. भा–१, पृ. ३२७ को पादटिप्पणीमा हेर्नू ।

गरेको छु—'भिक्षुहो ! ती भिक्षुहरू कमै छन् जो ती नै संयोजनहरूलाई क्षय गरी राग, द्वेष तथा मोहलाई दुर्बल पारी सकृदागामी भई एक पटक मात्र यस लोकमा आई दुःखको अन्त गर्ने बल्की ती नै संयोजन-हरूलाई क्षय गरी स्रोतापन्न भई अविनिपाती भई निश्चिन्त बोधिपरायण हुने नै धेरै छन्' ।"

६. कालखेमक शाक्य

परिचय

यी कालखेमक शाक्य कपिलवस्तुवासी हुन् । यिनको नाम चाहिं 'खेमक' हो । कालो भएकोले यिनलाई 'कालखेमक' भनिएको हो । यिनले कपिलवस्तुको न्यग्रोधारामको प्राकारभित्र एक छेउमा एक विहार बनाएको कुरा पपञ्चसूदनी IV. पृ. १०६ ले उल्लेख गरेको छ ।

त्यस विहार परखालले घेरेको थियो र मूल ढोका पनि थियो । विहारभित्र भेला हुने ठूलो शाला, बस्ने ठाउँहरू र भोजनशाला पनि थियो । कोठाहरूमा खाट बिछ्यौना तकिया तथा ओढनीहरू पनि धेरै थिए । भुइँमा पराल आदि बिछ्याइएको थियो । आउने जाने भिक्षुहरू बस्नको निमित्त मेचहरू पनि धेरै थिए ।

त्यसैले अगाडि अनुदित सूत्रमा दिवा-विहारको निमित्त जानुभएका भगवान्ले "कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिछ्याइराखेको देखनुभयो" भनी उल्लेख गर्नु भएको हो ।

त्यसबखत आनन्द स्थविर सोही न्यग्रोधारामको भित्र घटाय शाक्यले बनाइराखेको बिहारमा बसी चीवर सिउनको निमित्त धेरै भिक्षुहरू एकत्रित भई बसेका थिए। जुन देखेर भगवान्‌ले अगाडि अनुचित सूत्रको उपदेश गर्नु भएको थियो।

× × ×

मूल सूत्र—

महाशून्यता
(महासुञ्ञतासुत्तं[१])

यस्तो मैले सुनें—

एक समय भगवान् शाक्यहरूको कपिलवस्तुस्थित न्यग्रोधारामम बस्नुभएको थियो। अनि पूर्वाह्ण समयमा चीवर पहिरी पात्र-चीवर ग्रहण गरी भगवान् कपिलवस्तुमा भिक्षाटनको निमित्त जानुभयो। कपिलवस्तुमा भिक्षाटन् गरिसकेपछि भिक्षाटन्बाट फर्की भोजनपछि जहाँ कालखेमक शाक्यको विहार हो त्यहाँ दिवाविहारको निमित्त जानुभयो। त्यसबखत कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिच्छ्याइराखेका थिए। भगवान्ले कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिच्छ्याइराखेको देखनुभयो। देखेर भगवान्लाई यस्तो लाग्यो—"कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिच्छ्याइराखेका छन्। यहाँ धेरै भिक्षुहरू बस्छन् कि क्या हो।"

---

१. म. नि. III. पृ. १७४, अ. क. IV. पृ. १०६.

त्यसवखत आयुष्मान् आनन्द धेरै भिक्षुहरूका साथ घटाय शाक्यको विहारमा चीवर सिउने काम गर्दै थिए। अनि संध्या समयमा भगवान् ध्यानबाट उठी जहाँ घटाय शाक्यको विहार हो त्यहाँ जानुभयो। त्यहाँ पुगेपछि बिच्छ्याइराखेको आसनमा बस्नुभयो। आसनमा बसेपछि भगवान्ले आयुष्मान् आनन्दलाई यस्तो भन्नुभयो—

"आनन्द! कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिच्छ्याइराखेका छन्। त्यहाँ धेरै भिक्षुहरू छन् कि क्याहो?"

"भन्ते! कालखेमक शाक्यको विहारमा धेरै शयनासनहरू बिच्छ्याइराखेका छन्। त्यहाँ धेरै भिक्षुहरू बस्छन्। भन्ते! हामीहरूको चीवर सिउने काम भैरहेको छ।"

"आनन्द! संगणिकाराम[1] संगणिकारत संगणिकाराममा अनुयुक्त भई गणाराम[2] गणारत र गणसम्मुदित भई बस्ने भिक्षुलाई शोभा दिन्न। आनन्द! जो भिक्षु संगणिकाराम... भएर बस्छ उसले जो त्यो नैष्क्रम्यसुख, प्रविवेकसुख, उपशमसुख र सम्बोधिसुख हो त्यस सुखको निष्कामलाभी विपुललाभी हुन सक्छ भनी भन्न सकिन्न।

---

१. 'संगणिकाराम' भनेको आफ्नो परिषद्हरूसँग जमघट भई बस्नु हो। पपं. सू. IV. पृ. १०८: महासुञ्ञतासुत्तवण्णना।

२. 'गणाराम' भनेको आफ्नो परिषद् मात्र होइन अरू पनि मानिस-हरूसँग मिलजुल गरी बस्नेलाई भनिएको हो। पपं. सू. IV. पृ. १०८: महासुञ्ञतासुत्तवण्णना।

आनन्द ! जो त्यो भिक्षु गणबाट दूर भई एक्लै बस्छ उसले नैष्क्रम्यसुख ...र बोधिसुख प्राप्त गर्न सक्छ र निष्कामलाभी...पनि हुन सक्छ ।

"आनन्द ! सो संगणिकाराम... अनुयुक्त भई बस्ने भिक्षुले सामयिक[1] वा असामयिक[2] अटलसुन्दर चित्तविमुक्ति लाभ गरी बस्न सक्छु भनी भन्न सकिन्न । आनन्द ! जो सो भिक्षु संगणिकारामबाट .. गणारामबाट दूर भई एक्लै बस्छ उसले यो सामयिक वा असामयिक अटलसुन्दर चित्तविमुक्ति प्राप्त गरी बस्न सक्छ ।

"आनन्द ! मैले त्यस्तो कुनै रूप देख्दिन जुन रूपमा रक्तहुँदा वा अभिरक्तको कारणले सो रूपबाट विपरिणाम वा शोक परिदेव दुःख उत्पन्न नहोस् ।

कसरी सम्प्रजन्य हुन्छ ?

१–"आनन्द ! तथागतले सबै प्रकारको निमित्तहरूलाई मनमा नराखी अध्यात्मको शून्यतालाई प्राप्त गरी बस्ने कुरा अभिसम्बोध

---

१. समाधि गर्ने बेलामा क्लेशबाट मुक्त हुने अवस्था । पपं. सू. IV. पृ. १०८: महासुञ्ञतासुत्तवण्णना ।

२. 'असामयिक' भनी निमित्त क्लेशबाट मुक्त भइसकेकोलाई भनिएको हो । अतः चार मार्ग र चार सामन्यफलहरूलाई नै 'असामयिक' भनिएको हो भनी पपं. सू. IV. पृ. १०८: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ ।

गरिसकेको छ। आनन्द ! यसरी विहार गर्ने तथागतकहाँ यदि भिक्षु, भिक्षुणी, उपासक, उपासिका, राजाहरू, राजमहामात्यहरू, तीर्थियहरू र तीर्थिय श्रावकहरू आएमा—आनन्द ! त्यहाँ तथागतले विवेकतिर (=ध्यानतिर) ढल्केको विवेकतिर ओइरेको विवेकतिर प्राग्भार भएको नैष्क्रम्यमा अभिरमण गरी एकान्तवासमा बस्ने र सबै आस्रव-हरूबाट मुक्त भई बस्ने जस्ता कुरा गर्ने मात्र होइन त्यस्तो गरी बस्नको लागि नियुक्त समेत गर्छ। आनन्द ! त्यसैले यदि भिक्षु अध्यात्म शून्यता प्राप्त गरी बस्न चाहन्छ भने—आनन्द ! सो भिक्षुले अध्यात्ममा मात्र चित्त राख्नुपर्छ, स्थिर गर्न सक्नुपर्छ, एकाग्र गर्न सक्नुपर्छ र समाधिष्ठ हुन सक्नुपर्छ।

२–"आनन्द ! कसरी भिक्षुले चित्तलाई स्थिर गरी एकाग्र गरी राख्छ भने ?—आनन्द ! यहाँ भिक्षु कामविषयबाट अलग्ग भई अकुशल धर्महरूबाट अलग्ग भई प्रथमध्यान प्राप्त गरी बस्छ,... द्वितीयध्यान प्राप्त गरी बस्छ,...तृतीयध्यान प्राप्त गरी बस्छ,....चतुर्थ-ध्यान प्राप्त गरी बस्छ। आनन्द ! यसरी भिक्षुले अध्यात्ममा मात्र चित्त स्थिर गरी एकाग्र गरी बस्छ। अनि उ अध्यात्मको[१] शून्यतामा मन लगाउँछ। अध्यात्मको शून्यतामा मन लगाउँदा उसको चित्त शून्यतामा लाग्दैन...। यस्तो हुँदा आनन्द ! भिक्षु यस्तो जान्दछ—'अध्यात्मको शून्यतामा मन लगाउँदा अध्यात्मको शून्यतामा मेरो मन

---

१. आफूमा भएको पञ्चस्कन्धको भनी पपं. सू. IV. पृ. ११०: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ।

लाग्दैन...।' यहाँ त्यो सम्प्रजन्य हुन्छ अर्थात् जान्दछ। बाहिरको अध्यात्मको[1] शून्यतामा मन लगाउँछ..भित्र बाहिरको[2] अध्यात्मको शून्यतामा मन लगाउँछ... आनेञ्जमा[3] मन लगाउँछ। तर आनेञ्जमा मन लगाउँदा उसको मन आनेञ्जमा लाग्दैन...। यस्तो हुँदा आनन्द! उ यस्तो जान्दछ—'आनेञ्जमा मन लगाउँदा मेरो मन आनेञ्जमा लाग्दैन।' यहाँ त्यो सम्प्रजन्य हुन्छ अर्थात् जान्दछ।

३–"आनन्द! सो भिक्षुले उही पहिलेको समाधि निमित्तको अध्यात्ममा चित्त राख्नुपर्छ...। उ अध्यात्मको शून्यतामा मन लगाउँछ। अध्यात्मको शून्यतामा मन लगाउँदा उसको मन शून्यतामा लाग्छ...।

---

१. अर्काको देहमा भएको पञ्चस्कन्धको भनी पपं. सू. IV. पृ. ११०: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ।

२. कहिले आफ्नो शरीरको पञ्चस्कन्धमा कहिले अर्काको शरीरमा भएको पञ्चस्कन्ध हेर्नेलाई 'भित्र बाहिरको अध्यात्ममा' भनिएको हो भनी पपं. सू. IV. पृ. ११०: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'उभतोभाग विमुक्त हुनेछु' भनी आनेञ्ज अर्थात् अरू समापत्तिमा मन लगाउँछ भनिएको हो भनी पपं. सू. IV. पृ. ११०: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ। 'आनेञ्ज' को अर्थ उल्लेख गर्दै उदानट्ठकथा पृ. १३०: यसोज सूत्र वर्णनाले चतुर्थध्यान र अरूपावचर चारवटा ध्यानलाई भनिएको हो भनी उल्लेख गरेको छ।

आनन्द ! यस्तो हुँदा भिक्षु यस्तो जान्दछ—'अध्यात्मको शून्यतामा मन लगाउँदा मेरो मन लाग्छ...।' आनन्द ! यहाँ त्यो सम्प्रजन्य हुन्छ। उ बाहिरको अध्यात्ममा मन लगाउँछ... भित्र बाहिरको अध्यात्मको शून्यतामा मन लगाउँछ...आनेञ्जमा मन लगाउँछ। आनेञ्जमा मन लगाउँदा उसको मन आनेञ्जमा लाग्छ ..। आनन्द ! यस्तो हुँदा भिक्षु यस्तो जान्दछ—'आनेञ्जमा मन लगाउँदा मेरो मन लाग्छ...।' आनन्द ! यहाँ त्यो सम्प्रजन्य हुन्छ।

४-"आनन्द ! यस समाधिमा बस्दा सो भिक्षुको चित्त चंक्रमणमा लाग्छ। उ चंक्रमण गर्छ। 'यसरी चंक्रमण गर्दा मेरो चित्तमा अभिध्या, दौर्मनस्य तथा पापक अकुशल धर्महरू आउँदैनन्' भन्ने थाहा-पाउँछ। यसरी यहाँ उसको सम्प्रजन्य हुन्छ। आनन्द ! यस्तो समाधिमा बस्ने सो भिक्षुको चित्त उभिइरहनेमा लाग्छ। उ उभिइरहन्छ। 'यसरी उभिइरहँदा मेरो चित्त अभिध्या, दौर्मनस्य तथा पापक अकुशल धर्महरू आउँदैनन्' भन्ने थाहा पाउँछ। यसरी यहाँ उसको सम्प्रजन्य हुन्छ। आनन्द ! त्यस्तो समाधिमा बस्ने सो भिक्षुको चित्त बस्नुमा लाग्छ। उ बस्छ। 'यसरी बस्दा मेरो चित्तमा अभिध्या, दौर्मनस्य तथा पापक अकुशल धर्महरू आउँदैनन्' भन्ने थाहापाउँछ। यसरी यहाँ उसको सम्प्रजन्य हुन्छ। आनन्द ! यस्तो समाधिमा बस्ने सो भिक्षुको चित्त लेट्नमा लाग्छ। उ लेट्छ। 'यसरी लेट्दा मेरो चित्तमा अभिध्या, दौर्मनस्य तथा पापक अकुशल धर्महरू आउँदैनन्' भन्ने थाहापाउँछ। यसरी यहाँ सम्प्रजन्य हुन्छ।

५-"आनन्द ! यस समाधिमा बस्दा सो भिक्षुको चित्त यस्तो कुरामा लाग्छ—'जुन कुरा हीन पृथक्जनिक हो, अनार्य अनर्थकारी हो तथा न निर्वेदतिर न विरागतिर न निरोधतिर न उपशान्ततिर न अभिज्ञातिर न सम्बोधितिर र न निर्वाणतिर पुऱ्याउँछ । जस्तै—राजकथा, चोरकथा, महामात्यकथा, सेनाकथा, भयकथा, युद्धकथा, अन्नकथा, पानकथा, वस्त्रकथा, शयनकथा, मालाकथा, गन्धकथा, ज्ञातिकथा, यानकथा, ग्रामकथा, निगमकथा, नगरकथा, जनपदकथा, स्त्रीकथा, शूरकथा, बाटोको कथा, कुह्मालेको कथा, पूर्वप्रेतकथा, नानात्वकथा, लोकख्यायिककथा, समुद्रख्यायिककथा र भवाभवकथा ।' यसरी त्यहाँ सम्प्रजन्य हुन्छ । आनन्द ! जुन कुरा क्लेश हटाई (अभिसल्लेखिका) चित्त शुद्धिको निमित्त अनुकूल हुन्छ, एकान्तवास, वैराग, निरोध, उपशान्ति, अभिज्ञा, सम्बोधि र निर्वाणतिर लैजान्छ त्यस्तो कुरा गर्छ । जस्तै—अल्पेच्छकथा, सन्तुष्टिकथा, एकान्तवासकथा, असंसर्गकथा, वीर्यवर्धनकथा, शीलकथा, समाधिकथा, प्रज्ञाकथा, विमुक्तिकथा र विमुक्तिज्ञानदर्शनकथा ।' यसरी यहाँ सम्प्रजन्य हुन्छ ।

६-"आनन्द ! यस समाधिमा बस्दा सो भिक्षुको चित्त वितर्कनामा लाग्छ । उ 'जो त्यो वितर्कना हीन पृथक्जनिक हो र अनर्थकारी हो अनि न निर्वेदतिर न विरागतिर न निरोधतिर न उपशान्ततिर न अभिज्ञातिर न सम्बोधितिर र न निर्वाणतिर पुऱ्याउँछ । जस्तै—कामवितर्क, व्यापादवितर्क, विहिंसावितर्क हो त्यस्तो वितर्कना गर्दिन' भनी ठान्दछ । यसरी यहाँ सम्प्रजन्य हुन्छ । आनन्द ! जो त्यो वितर्कना आर्य नैर्याणिकको निमित्त प्रयत्न गर्नेलाई सबै दुःखक्षयतिर

लैजान्छ। जस्तै – नैष्क्रम्यवितर्क, अव्यापादवितर्क, अविहिंसावितर्क हो त्यस्तो वितर्कनालाई वितर्कना गर्छु' भन्ने ठान्दछ। यसरी यहाँ सम्प्रजन्य हुन्छ।

७–' आनन्द ! यी पाँच कामगुणहरू हुन् । कुन पाँच भने ?— (१) इष्ट, कान्त मनाप प्रियरूप कामूपसंहित रजनीय चक्षुविज्ञेय रूपहरू, (२) इष्ट, कान्त... श्रोत्रविज्ञेय शब्दहरू, (३) इष्ट, कान्त... घ्राणविज्ञेय गन्धहरू, (४) इष्टकान्त जिह्वाविज्ञेय रसहरू र (५) इष्टकान्त... कायविज्ञेय स्पर्शहरू। आनन्द ! यी पाँच कामगुणहरू हुन्। जहाँ भिक्षुले हरवखत आफ्नो चित्त प्रत्यवेक्षणा गर्नुपर्छ। योमध्ये कुनै एक कामगुणमा अथवा कुनै आयतनमा मेरो चित्त समुदाचरण (=सम्पर्क) गर्छ कि गर्दैन ? आनन्द ! यदि प्रत्यवेक्षणा गर्दा भिक्षु थाहापाउँछ कि योमध्ये कुनै एक कामगुणमा वा आयतनमा मेरो चित्त समुदाचरण गर्छ। आनन्द ! यस्तो भएमा भिक्षु यस्तो जान्दछ—'जो यी पञ्चकामगुण-हरूमा छन्दराग हो सो ममा प्रहीण भएको छैन।' यसरी यहाँ सम्प्रजन्य हुन्छ। आनन्द ! यसरी प्रत्यवेक्षणा गर्ने भिक्षुलाई यस्तो थाहाहुन्छ कि यी पञ्चकामगुणहरूमध्ये कुनै कामगुणमा वा आयतनमा मेरो चित्त समुदाचरण गर्दैन। आनन्द ! यस्तो हुँदा भिक्षु यस्तो जान्दछ—'जो यो पञ्चकामगुणहरूको छन्दराग हो सो ममा प्रहीण भइसक्यो।' यसरी यहाँ सम्प्रजन्य हुन्छ।

८–"आनन्द ! यी पाँच उपादानस्कन्धहरू हुन्। जसमा भिक्षुले उदय व्यय हेर्ने भई बस्नुपर्छ—'यो रूप हो, यो रूपको समुदय हो र यो

रूपको अस्तगमन हो। यो वेदना हो...यो संज्ञा हो...यो संस्कार हो...। यो विज्ञान हो, यो विज्ञानको समुदय हो र यो विज्ञानको अस्तगमन हो। पञ्चउपादानस्कन्धहरूमा उदय व्यय हेर्नेको पञ्चउपादानस्कन्धहरूमा अस्मिमान प्रहीण हुन्छ। आनन्द ! यस्तो हुँदा भिक्षु यस्तो जान्दछ 'जो यो पञ्चउपादानस्कन्धहरूको अस्मिमान हो सो प्रहीण भयो।' यसरी यहाँ सम्प्रजन्य हुन्छ।

९—"आनन्द ! यही त्यो धर्म हो जो अवश्य पनि कुशल हुन्छ र कुशलायतिक[1] आर्य[2] लोकोत्तर पापी मारले छुन नसक्ने[3] हो।

"आनन्द ! के अर्थलाई विचार गरी शास्ताले भगाए पनि श्रावकले शास्ताको पछि पछि लाग्नुपर्छ ?"

"भन्ते ! भगवान् नै धर्मको श्रोत हुनुहुन्छ। भगवान् नै नेतृ र भगवान् नै प्रतिशरण हुनुहुन्छ। भन्ते ! यसको अर्थ भगवान्ले नै बताउनुभए बेश हुने थियो। भगवान्संग सुनेर भिक्षुहरू धारण गर्ने छन्।"

उपद्रवहरू

"आनन्द ! सुत्तं गेय्यं वेय्याकरणको[4] कारणमा श्रावक शास्ताको पछि लाग्नु ठीक छैन। त्यो किनभने ? आनन्द ! उसले दीर्घकालदेखि

---

१. 'कुशलायतिक' को शब्दार्थ हो कुशलबाट आएको। 'कुशल' चाहिं कुशल पनि हुन्छ र कुशलबाट आएको पनि। जस्तै—प्रथमध्यान

कुशल हो। द्वितीयध्यान चाहिं कुशल पनि हो र कुशलबाट आएको पनि। आकिञ्चन्यायतन कुशल हो। नैवसंज्ञानासंज्ञायतन चाहिं कुशल पनि हो र कुशलबाट आएको पनि। नैवसंज्ञानासंज्ञायतन कुशल हो। स्रोतापत्ति मार्ग चाहिं कुशल पनि हो र कुशलबाट आएको पनि।...अनागामी मार्ग कुशल हो। अरहत् मार्ग चाहिं कुशल पनि हो र कुशलबाट आएको पनि। त्यस्तै गरी प्रथमध्यान कुशल हो। त्यो ध्यान सम्प्रयुक्त धर्महरू कुशल पनि हुन् र कुशलबाट आएको पनि।... अरहत्मार्ग कुशल हो। त्यो मार्ग सम्प्रयुक्त धर्महरू कुशल पनि हुन् र कुशलबाट आएको पनि। पपं. सू. IV. पृ. १११: महासुञ्ञतासुत्तवण्णना।

२. यहाँ 'आर्य' भनेको निक्लेश विशुद्धतालाई भनिएको हो भनी पपं. सू. IV. पृ. १११: महासुञ्ञतासुत्तवण्णनाले उल्लेख गरेको छ।

३. 'पापी मारले छुन नसक्ने' को अर्थ विपश्यनापादक ध्यान गरी अष्टसमापत्ति ध्यानमा बस्ने भिक्षुको चित्तलाई 'यो कुन आरम्मण लिई बसेको छ' भनी पापी मारले देख्न सक्दैन। अर्थात् अन्त पाउन सक्दैन भनिएको हो भनी पपं. सू. IV. पृ. १११: महासुञ्ञतासुत्तवण्णनाले प्रष्ट गरेको छ।

४. यो 'सुत्त गेय्य' आदि भनेको के हो भन्ने बारेमा लेखकको बु. श्रा. भा–३, पृ. २९९-३०१ मा हेर्नू।

धर्म सुनेको छ, वचनले अभ्यास गरेको छ, मनले विचार गरेको छ र दृष्टिले सु-प्रतिविद्ध गरेको छ। आनन्द ! जो यो कथा क्लेश हटाई चित्त विशुद्धिको निमित्त अनुकूल हुन्छ ..निर्वाणतिर जान्छ। जस्तै— अल्पेच्छकथा...तथा विमुक्तिज्ञानदर्शनकथा हो। आनन्द ! त्यस्तो कथाको निमित्त शास्ताले भगाए पनि श्रावक शास्ताको पछि पछि लाग्नुपर्छ।

"आनन्द ! यस्तो हुँदा (१) आचार्य-उपद्रव हुन्छ, (२) अन्तेवासी-उपद्रव हुन्छ र (३) ब्रह्मचर्य-उपद्रव हुन्छ।

"(१) आनन्द ! कसरी आचार्य-उपद्रव हुन्छ ? आनन्द ! यहाँ कुनै आचार्य एकान्त शयनासनमा बस्छ ..[1] पराले छाप्रोमा बस्छ। त्यसरी बस्ने उसकहाँ नगरका वा गाउँका ब्राह्मण गृहपतिहरू पछि पछि लाग्छन्। यस्तो हुँदा उ ब्राह्मण गृहपतिहरूमा मोहित हुन्छ, लोभी हुन्छ, वस्तु संग्रहमा व्यस्त हुन्छ। आनन्द ! यसैलाई आचार्य-उपद्रव भनिन्छ। आचार्य-उपद्रवको कारणबाट पापक अकुशल संक्लिष्ट धर्म पुनर्भविक दुःखविपाकबाट भविष्यमा जातिजरामरणले प्रहार गर्छ। आनन्द ! यसरी आचार्य-उपद्रव हुन्छ।

"(२) आनन्द ! कसरी अन्तेवासी-उपद्रव हुन्छ ? आनन्द ! उनै आचार्यका शिष्य आचार्यको अनुकरण गर्दै एकान्त शयनासनमा बस्छ . पराले छाप्रोमा बस्छ। त्यसरी बस्ने उसकहाँ नगरका वा

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. ग्रा. भा–१, पृ. २६४ मा अथवा बु. ग्रा. भा–२, पृ. १६९ मा हेर्नू।

गाउँका ब्राह्मण गृहपतिहरू पछि पछि लाग्छन्। यस्तो हुँदा उ ब्राह्मण गृहपतिहरूमा मोहित हुन्छ...र वस्तुसंग्रहमा व्यस्त रहन्छ। यसैलाई अन्तेवासी-उपद्रव भनिन्छ। अन्तेवासी-उपद्रवको कारणबाट... जातिजरामरणले प्रहार गर्छ। आनन्द! यसरी अन्तेवासी-उपद्रव हुन्छ।

"(३) आनन्द! कसरी ब्रह्मचारी-उपद्रव हुन्छ? आनन्द! यहाँ तथागत अरहत् सम्यक्सम्बुद्ध विदचाचरण सम्पन्न सुगत लोकविद् अनुत्तर पुरुषदम्य सारथी देवमनुष्यका शास्ता बुद्ध भगवान् लोकमा उत्पन्न हुन्छन्। वहाँ एकान्तवासमा बस्नु हुन्छ...पराले छाप्रोमा बस्नु हुन्छ। त्यसरी बस्ने वहाँकहाँ नगरका वा गाउँका ब्राह्मण गृहपतिहरू पछि पछि लाग्छन्। ब्राह्मण गृहपतिहरू पछि पछि लागे पनि वहाँ त्यसमा मोहित हुनुहुन्न। वहाँके शिष्य वहाँको अनुकरण गर्दै एकान्त शयनासनमा बस्छ...पराले छाप्रोमा बस्छ। त्यसरी बस्ने उसकहाँ नगरका...ब्राह्मण गृहपतिहरू पछि पछि लाग्छन्। यस्तो हुँदा उ ब्राह्मण गृहपतिहरूमा मोहित हुन्छ...र वस्तुसंग्रहमा व्यस्त रहन्छ। आनन्द! यसैलाई ब्रह्मचारी-उपद्रव भनिन्छ। ब्रह्मचारी-उपद्रवको कारणबाट...जरा-मरणले प्रहार गर्छ। आनन्द! यसरी ब्रह्मचारी-उपद्रव हुन्छ।

"आनन्द! जो यो आचार्य-उपद्रव हो जो यो अन्तेवासी-उपद्रव हो जो यो ब्रह्मचारी-उपद्रव हो—यी मध्येमा ब्रह्मचारी-उपद्रव नै धेरै दुःखविपाकदायी हुन्छ, धेरै कटुविपाकदायी हुन्छ र विनिपातदायी पनि।

शास्ता प्रति कस्तो व्यवहार गर्ने ?

"आनन्द ! त्यसैले मसित मित्रवत् भएर व्यवहार गर शत्रुवत् भएर होइन। यही नै तिमीहरूको निमित्त दीर्घकालिक हित र सुख हुने छ।

"आनन्द ! कसरी शास्तासित श्रावकहरू शत्रुवत् व्यवहार गर्छन् र मित्रवत् गर्दैनन् ? आनन्द ! यहाँ शास्ता श्रावकहरूलाई हितैषीभावले अनुकम्पापूर्वक धर्मदेशना गर्छन्—'यो तिमीहरूको लागि हितको र सुखको निमित्त हुनेछ।' श्रावकहरू त्यसलाई कान थापेर सुन्दैनन् न जान्न बुझ्नको निमित्त मन राख्छन् बल्की दुष्कृत्य दुर्भाषित आपत्तिहरू हुने गरी शास्ताको शासनमा बस्छन्। आनन्द ! यसरी शास्तासित श्रावकहरू शत्रुवत् व्यवहार गर्छन् र मित्रवत् व्यवहार गर्दैनन्।

"आनन्द ! कसरी शास्तासित श्रावकहरू मित्रवत् व्यवहार गर्छन् र शत्रुवत् व्यवहार गर्दैनन् ? आनन्द ! यहाँ शास्ता श्रावकहरू-लाई धर्मदेशना गर्छन्—'यो तिमीहरूको लागि हित र सुखको निमित्त हुन्छ।' श्रावकहरू त्यसलाई कानथापी सुन्छन् र जान्न बुझ्नको निमित्त मन राख्छन्। दुष्कृत्य दुर्भाषित आपत्तिहरू नहुने गरी शास्ताको शासनमा बस्छन्। आनन्द ! यसरी शास्तासित श्रावकहरू मित्रवत् व्यवहार गर्छन् र शत्रुवत् व्यवहार गर्दैनन्।

"आनन्द ! त्यसैले मसित मित्रवत् व्यवहार गर र शत्रुवत्

व्यवहार नगर। यही तिमीहरूको लागि दीर्घकालिक हित र सुख हुनेछ। आनन्द ! म तिमीहरू प्रति कुह्मालेले काँचो भाँडा समात्ने जस्तो गरी व्यवहार गर्दिन[1]। परन्तु बार बार निग्रह गरी भन्नेछु (निग्गय्ह निग्गय्ह वक्खामि)। दोष दूर हुने गरी बार बार भन्नेछु (पवय्ह पवय्ह वक्खामि)। जो सार हो सो रहने छ (यो सारो सो ठस्सति)।"

भगवान्ले यस्तो भन्नुभएपछि सन्तुष्ट भई आयुष्मान् आनन्दले भगवान्को भाषणलाई अभिनन्दन गर्नुभयो।

---

१. भनाइको मतलब कुह्मालेले काँचो माटाका भाँडालाई विस्तारैं समात्छ। तर म त्यस्तो गर्दिन सारो गरी समात्छु र बार बार निग्रह गर्छु भनिएको हो। पपं. सू. IV. पृ. ११३.

७. गोध शाक्य

परिचय

यी गोध शाक्य कपिलवस्तुवासी हुन् ।

एकदिन भगवान् बुद्ध कपिलवस्तुको न्यग्रोधाराममा बस्नु-भएको थियो । त्यसबखत महानाम शाक्य गोध शाक्यकहाँ गएका थिए । अनि गोध शाक्यसंग महानाम शाक्यले कति गुणले युक्त पुरुषलाई तिमी स्रोतापन्न पुरुष भनी ठान्दछौ भनी सोध्दा उनले तीन गुणले युक्त हुने पुरुषलाई स्रोतापन्न पुरुष भन्ने ठान्दछु भनी भनेका थिए ।

यस सम्बन्धमा अरू कुराहरू सबै अगाडि अनुदित मूल सूत्रमै स्पष्ट भइसकेकै छन् ।

× × ×

केही गोध नामहरू

(१) गोध शाक्य—यी गोध शाक्य कपिलवस्तुवासी हुन् । यिनकै कुरा यहाँ उल्लेख भएको छ ।

(२) गोध जातक—यो जातक जा. अ. क. I–II. पृ. ३५६, नं. १३८ मा उल्लेख भएको पाइन्छ । यो जातकका कुरा भगवान्ले एक कुहक भिक्षुको कारणमा बताउनु भएको हो ।

अतीत समयमा हाम्रा बोधिसत्व एक थल गोही भई जन्मिनु भएको थियो । एक दुर्विनीत तपस्वीले वहाँलाई मार्ने प्रयास गरेका थिए ।

(३) गोध जातक—यो जातक जा. अ. क. I–II. पृ. ३६१, नं. १४१ मा उल्लेख भएको छ । यस जातकका कुरा भगवान्ले विपक्षीको पक्ष लिने एक भिक्षुको कारणमा बताउनु भएको हो ।

यस जातकमा पनि हाम्रा बोधिसत्व एक थल गोही भई जन्मिनु भएको थियो । बोधिसत्वको छोरा गोधपिल्लकले एक ककण्टक (Chameleon) सँग मित्रता राखेको थियो । पछि यो ककण्टकको कारणले थल गोहीहरूको विनाश भएको थियो ।

(४) गोध जातक—यो जातक जा. अ. क. III. पृ. ५९, नं. ३२५ मा उल्लेख भएको छ। यो जातकका कुरा भगवान्‌ले एक कुहक भिक्षुको कारणमा बताउनु भएको हो।

यस जातकका कुरा चाहिं माथि नं. २ को जातकमा जस्तै हो।

(५) (पक्क) गोध जातक—यो जातक जा. अ. क. III. पृ. ७४, नं. ३३३ मा उल्लेख भएको छ।

यसको अनुवाद लेखकको जा. सं. भा–२, पृ. ५६ मा उल्लेख भएको छ।

× × ×

मूल सूत्र—

कति धर्मले स्रोतापन्न हुन्छ ?

(गोधसक्कसुत्त[1])

यस्तो मैले सुनें ।

एक समय भगवान् शाक्यजनपदको कपिलवस्तु नगर स्थित न्यग्रोधाराममा बस्नुभएको थियो ।

त्यसबखत महानाम शाक्य जहाँ गोध शाक्य थिए त्यहाँ गए । त्यहाँ पुगेपछि गोध शाक्यसँग महानाम शाक्यले निम्न प्रश्न सोधे—

"हे गोध ! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको विनिपातमा नजाने र निश्चिन्तरूपले सम्बोधिपरायण भएको पुरुष भनी जान्दछौ ?"

"हे महानाम ! तीन धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको विनिपातमा नजाने र निश्चिन्तरूपले सम्बोधिपरायण

१. सं. नि. IV. पृ. ३१७: सोतापत्तिसंयुत्त, भ. क. III. पृ. २२१.

भएको पुरुष भनी जान्दछु। कुन तीन धर्म भने ?—'हे महानाम ! (१) यहाँ आर्यश्रावक बुद्ध प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध...[१] देवमनुष्यका शास्ता हुनुहुन्छ र बुद्ध भगवान् हुनुहुन्छ।' (२) धर्म प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को धर्म सु-आख्यात छ'...विज्ञजनद्वारा आफैं अवबोध गर्न पनि सक्छ।[२] (३) सङ्घ प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ...[३] हात जोरी नमस्कार गर्न योग्य छन् र लोकवासीका निमित्त सर्वोत्तम पुण्यक्षेत्र पनि हुन्।'

"हे महानाम ! यी नै तीन धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्न पुगेको विनिपातमा नजाने र निश्चिन्तरूपले सम्बोधिपरायण भएको पुरुष हो भनी जान्दछु। तिमीले कति धर्मले युक्त भएको पुरुषलाई स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछौ त ?"

"हे गोध ! चार धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको विनिपातमा नजाने र निश्चिन्तरूपले सम्बोधिपरायण भएको पुरुष भनी जान्दछु। कुन चार धर्मले भने ?—'हे गोध ! (१) यहाँ आर्यश्रावक बुद्ध प्रति अटल श्रद्धाले युक्त हुन्छ—वहाँ भगवान् अरहत् सम्यक्सम्बुद्ध... देवमनुष्यका शास्ता हुनुहुन्छ। (२) धर्म प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ—भगवान्को धर्म सु-आख्यात छ . विज्ञजन-

---

१. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–१, पृ. ६८ मा हेर्नू।

२. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–१, पृ. ६९ मा हेर्नू।

३. यहाँका बाँकी कुराहरू लेखकको बु. गृ. भा–१, पृ. ६९ मा हेर्नू।

द्वारा आफैं अवबोध गर्न पनि सक्छ। (३) सङ्घ-प्रति अटल श्रद्धाले युक्त भएको हुन्छ 'भगवान्को श्रावकसङ्घ सु-प्रतिपन्न छ...हात जोरी नमस्कार गर्न योग्य छन् र लोकवासीका निमित्त सर्वोत्तम पुण्यक्षेत्र पनि हुन्।' (४) श्रेष्ठ तथा सुन्दर शीलले युक्त भएको हुन्छ—'अखण्ड, अछिद्र, निर्दागी, क्रमसहित, स्वातन्त्र्य, विज्ञप्रशंसित, दृष्टिद्वारा अपरामर्शित र समाधिसंवर्तनीक शीलले युक्त भएको हुन्छ।"

"हे महानाम ! पख, हे महानाम ! पख। भगवान्लाई नै यी कुराहरू थाहाछ कि कुन धर्मले युक्त भएको पुरुष स्रोतापन्न हुन्छ।"

"हे गोध ! त्यसो भए हामी जहाँ भगवान् हुनुहुन्छ त्यहाँ जाऔं र भगवान्लाई यी कुराहरू सुनाऔं।"

अनि महानाम शाक्य र गोध शाक्य जहाँ भगवान् हुनुहुन्थ्यो त्यहाँ गई भगवान्लाई अभिवादन गरी एक छेउमा बसे। एक छेउमा बसेका महानाम शाक्यले भगवान् समक्ष निम्न कुरा बिन्ति गरे—

"भन्ते ! म जहाँ गोध शाक्य थिए त्यहाँ गएँ र उनीसंग मैले 'हे गोध ! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछौ ?' भनी सोधें। यसरी सोध्दा भन्ते ! मलाई गोध शाक्यले 'हे महानाम ! तीन धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको पुरुष भनी जान्दछु' भनी भने। यति भनी गोध शाक्यले मसंग सोधे—'महानाम ! कति धर्मले युक्त भएको पुरुषलाई तिमीले स्रोतापन्नमा पुगेको...पुरुष भनी जान्दछौ त ?' यसरी सोध्दा भन्ते ! मैले गोध शाक्यलाई यस्तो जवाफ दिएँ— 'हे गोध ! चार

धर्मले युक्त भएको पुरुषलाई म स्रोतापन्नमा पुगेको...पुरुष भनी जान्दछु।' भन्ते! यति कुरा सुनी गोध शाक्यले भने—'हे महानाम! पख, हे महानाम पख। भगवान्‌लाई नै यी कुराहरू थाहाछ कि कुन धर्महरूले युक्त भएको पुरुष स्रोतापन्न हुन्छ।'

१–"भन्ते! यहाँ कुनै धर्मको बारेमा चर्चा उठेको बेलामा भगवान् एकापट्टि र भिक्षुसङ्घ अर्कापट्टि भएमा मचाहिं भगवान्‌पट्टि नै रहने छु। यसरी म भगवान् प्रति अति प्रसन्न छु भनी मलाई भगवान्‌ले स्वीकार गर्नुहोस्।

२–"भन्ते! यहाँ कुनै धर्मको बारेमा चर्चा उठेको बेलामा भगवान् एकापट्टि र भिक्षु तथा भिक्षुणीसङ्घ अर्कापट्टि भएमा मचाहिं भगवान्‌पट्टि नै रहनेछु। यसरी म भगवान् प्रति अति प्रसन्न छु भनी भगवान्‌ले मलाई स्वीकार गर्नुहोस्।

३–"भन्ते! यहाँ कुनै धर्मको बारेमा चर्चा उठेको बेलामा भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ तथा उपासकहरू अर्कापट्टि भएमा मचाहिं भगवान्‌पट्टि नै रहनेछु। यसरी म भगवान् प्रति अति प्रसन्न छु भनी मलाई भगवान्‌ले स्वीकार गर्नुहोस्।

४–"भन्ते! यहाँ कुनै धर्मको बारे चर्चा उठेको बेलामा भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ, उपासकहरू तथा उपासिकाहरू अर्कापट्टि भएमा मचाहिं भगवान्‌पट्टि नै रहनेछु। यसरी म भगवान् प्रति अति प्रसन्न छु भनी मलाई भगवान्‌ले स्वीकार गर्नुहोस्।

५–"भन्ते ! यहाँ कुनै धर्मको बारेमा चर्चा उठेको बेलामा भगवान् एकापट्टि र भिक्षुसङ्घ, भिक्षुणीसङ्घ, उपासकहरू, उपासिकाहरू तथा देवसहित ब्रह्मा मार श्रमण ब्राह्मणहरू अर्कापट्टि भएमा मचाँहि भगवान्पट्टि नै रहनेछु । यसरी म भगवान् प्रति अति प्रसन्न छु भनी मलाई भगवान्ले स्वीकार गर्नुहोस् ।"

"हे गोध ! यस्तो भन्ने महानाम शाक्यलाई तिमी के भन्छौ ?"

"भन्ते ! यस्तो भन्ने महानाम शाक्यलाई म केही भन्दिन सिवाय कल्याण र सिवाय कुशल ।"

आचार्य भिक्षु अमृतानन्दद्वारा संकलित

"बुद्धकालीन राजपरिवार"

भाग–२, संग्रह–२५

नामावली

त, थ

द, ध

व

शब्दावली

इ, ई

शब्दावली

इ, ई

कु, कू, कृ

गे, गो, गं

घ

च, चा

चु

चै, चो, चौ, चं

छ, छा

जि, जी

जु, जो, जौ

झ

बु

बे, बै, बो, बं

स

सि, सु

सू, सृ, से

सो, सौ, सं

गाथा-सूची



लेखकका पुस्तकहरू

१.	संक्षिप्त बुद्धजीवनी (तृतीयावृत्ति)		...रू. ७/-
२.	धम्मपद (तृतीयावृत्ति)		...रू. १/५०
३.	गृही-विनय (द्वितीयावृत्ति)		
४.	अग्रश्रावक (अप्राप्य)		
५.	रूसको कुरा सत्य हो ?		
६.	बुद्धशासनको इतिहास भाग-१		
७.	पटाचारा स्थविरा		
८.	अम्बसक्कर प्रेतकथा		
९.	सुतनु जातक		
१०.	बुद्धकालीन ब्राह्मण	भाग-१ (अप्राप्य)	...रू. ७/-
११.	बुद्धकालीन ब्राह्मण	भाग-२	...रू. १५/-
१२.	बुद्धकालीन ब्राह्मण	भाग-३	...रू. १७/-
१३.	बुद्धकालीन गृहस्थीहरू	भाग-१ (अप्राप्य)	...रू.
१४.	बुद्धकालीन गृहस्थीहरू	भाग-२	...रू. १५/-
१५.	बुद्धकालीन गृहस्थीहरू	भाग-३	...रू. १५/-
१६.	बुद्धकालीन महिलाहरू	भाग-१	...रू. ८/-
१७.	बुद्धकालीन महिलाहरू	भाग-२	...रू. १४/-
१८.	जातक संग्रह	भाग-१	...रू. १०/-
१९.	जातक संग्रह	भाग-२	...रू. ८/-
२०.	जातक संग्रह	भाग-३	...रू. १३/-
२१.	जातक संग्रह	भाग-४	...रू. १२/-
२२.	बुद्धकालीन राजपरिवारहरू	भाग-१	...रू. १०/-

(बाँकी भित्र)